अमेरिका नेपाल सहयोगी समाज

स्मारिका





America Nepal Helping Society

अमेरिका नेपाल सहयोगी समाज

2008

अप्रिल, २०२१

A School for the Whole Community
ANHS Academy
STim Photography

merica Nepal Helping Society
FIRST PRIZE
THIRD PRIZE
FOURTH PRIZE
FIFTH PRIZE
SECOND PRIZE
NINJA
Lottery Draw

अमेरिका नेपाल सहयोगी समाज स्मारिका २०२१
प्रकाशन समिति

संयोजक

केदारप्रसाद तिम्सिना

सम्पादक

मञ्जु थापा

जयदेव गौतम

व्यवस्थापक सदस्य

मधुसूदन पन्थी

सागर कँडेल

पदमराज रेग्मी

कमला खरेल

कमल भट्टराई

मुक्त पौडेल

शिव तिम्सिना

आरती सिग्देल

हरिराम भण्डारी

America Nepal Helping Society Souvenir 2021. (Publisher : America Nepal Helping Society, Virginia)
Coordinator : Kedar Prasad Timsina | Editor : Manju Thapa & Jayadev Gautam
Management Team : Madhu Sudan Panthi, Sagar Kandel, Padamraj Regmi, Kamala Kharel,
Kamal Bhattarai, Mukta Paudel, Shiba Timsina, Aarati Sigdel & Hariram Bhandari.

अमेरिका नेपाल सहयोगी समाज स्मारिका २०२१
आर्थिक सहयोगदाताहरू

- पदमराज रेग्मी
- कमला खरेल
- साग्रर कँडेल
- कमल भट्टराई
- रञ्जीता तिम्सिना
- मुक्तिनाथ पन्त
- मुक्त पौडेल
- अर्जुन सिग्देल
- राम अधिकारी
- रोम ज्ञवाली
- डिल्ली कँडेल
- लक्ष्मण सापकोटा
- विवश अर्याल
- राजन घिमिरे
- सिसृक्षा ओझा
- ज्ञान अधिकारी
- मिनदत्त ढुंगाना
- दिनेश अधिकारी
- नेपाली रियल्टर्स एलएलसी
- काशी खड्का
- बालप्रसाद न्यौपाने
- ऋषि पौडेल
- मौसम श्रेष्ठ
- ठाकुर पुडासैनी
- लेखनाथ अधिकारी
- सन्ध्या थापा

तस्बिर सौजन्य : शिव तिम्सिना (STim Photography) र विभिन्न व्यक्तिको निजी सङ्कलन एवम् फेसबुक वालबाट ॥
प्रकाशक : अमेरिका नेपाल सहयोगी समाज, भर्जिनिया ॥
साजसज्जा : लक्ष्मण सुनुवार (कादम्बरी क्रिएसन, अनामनगर, काठमाडौं) ॥ kadambaricreation@gmail.com ॥

शुभकामना

EMBASSY OF NEPAL
2730 34th Pl, N.W.
Washington, D.C. 20007

The Ambassador

हार्दिक शुभकामना !

संयुक्त राज्य अमेरिकाको नर्दन भर्जिनियामा सन् 2008 मा स्थापना भई अनवरत रुपमा सामाजिक कार्यहरुमा सक्रिय रही आएको अग्रणी सामाजिक संस्था अमेरिका नेपाल सहयोगी समाज (एएनएचएस) ले समाजको हालसम्मको समग्र गतिविधि, हासिल गरेका उपलब्धि तथा सामना गरेका चुनौतीहरुबारे समाजका सदस्यहरु, नेपाली समुदाय र सबै सरोकारवाला तथा शुभचिन्तकहरुलाई सूचना प्रवाह गर्ने उद्देश्यले "स्मारिका" प्रकाशन गर्न लागेको जानकारी पाउँदा अत्यन्त हर्षित भएको छु।

आफ्नो स्थापना कालदेखिनै नेपाली कला, संस्कृति, भाषा, साहित्य र चाडपर्वको प्रवर्द्धनमार्फत् संयुक्त राज्य अमेरिकाको नर्दन भर्जिनियामा नेपाललाई चिनाउन तथा नेपाली भाषा पाठशालामार्फत् प्रवासमा जन्मेका बालबालिकाहरुलाई नेपाली भाषासँग परिचित गराउन समाजले निर्वाह गर्दै आएको भूमिकाको उच्च प्रशंसा गर्दछु। साथै, कोभिड-19 को महामारीका बीच सम्बन्धित क्षेत्रका विज्ञहरुको परिचालनमार्फत् महामारीबाट जोगिन नेपाली समाजलाई निरन्तर सल्लाह, सुझाव दिने र स्वास्थ्य शिविरहरुको सञ्चालन गर्ने लगायतका कार्यहरुको उच्च मूल्याङ्कन गर्दै समाजलाई आगामी दिनहरुमा नेपालको पर्यटन, लगानी, व्यापार प्रवर्द्धनका क्षेत्रमा समेत आफ्नो भूमिका विस्तार गर्न प्रेरणा मिल्ने विश्वास लिएको छु। समाजका यस प्रकारका गतिविधिहरुबाट नेपाल-अमेरिका संबन्धलाई जनस्तरमा थप सुमधुर र व्यापक तुल्याउन महत्वपूर्ण योगदान पुग्ने मैले विश्वास लिएको छु।

अन्त्यमा, अमेरिका नेपाल सहयोगी समाज (एएनएचएस) लाई स्मारिका प्रकाशनको अवसरमा राजदूतावासको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दै आगामी दिनहरुमा समाजको अग्रसरतामा हुने कार्यहरुको सफलताका लागि शुभेच्छा प्रकट गर्दछु।

डा. युवराज खतिवडा

मितिः 2077/12/03
(मार्च 16, 2021)

शुभकामना

FOR NEPALI BY NEPALI नेपालीका लागि नेपाली

Non-Resident Nepali Association
National Coordination Council - USA

EIN# 62-1850599

Suneel Sah
President

Dr. Arjun Banjade
Sr. Vice President

Babu Ram (BR) Lama
Vice President

Krishna Jibi Pantha
Vice President

Buddi Subedi
Vice President

Sarbajana Wagle
Vice President

Pashupati Pandey
General Secretary

Amrit Kattel
Secretary

Netra (Bandhu) Pokharel
Treasurer

Santosh Bista
Joint Treasurer

Om Bhattrai
Spokesperson

Diksha Basnet
Woman Coordinator

Binod Ruwali
Youth Coordinator

Board of Directors

- **Chhatra K. Gurung**
- **Padam B. Thakurathi**
- **Durga P. Shrestha**
- **Basudev Adhikari**
- **Satya N. Chaudhary**
- **C. P. Poudel**
- **Chitra Karki**
- **Jeewan K. Joshi**
- **Khim B. Bhattarai**
- **Tilak KC**
- **Ammar B. Chhantyal**
- **Dharam Bishwokarma**

Regional Committee Chair
Sanjeev Shrestha
RCC-North-East
Bikash Uprety
RCC South
Gobinda Shrestha
RCC Mid-West
Roshan Adhikari
RCC West

Date: 03/18/2021

श्रीमान् अध्यक्ष ज्यू
अमेरिका नेपाल सहयोगी समाज,अमेरिका ।

शुभकामना सम्बन्धमा ।

स्थापनाको वर्षदेखि निरन्तर आफ्नो कार्यक्षेत्र भित्र रही नेपालमा रहनुभएका नेपाली र अमेरिकामा रहनुभएका नेपालीका निम्ति त्यस संस्थावाट गरिएको सहयोग प्रति म गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्, अमेरिकाको तर्फवाट हार्दिक धन्यवाद दिन चाहन्छु ।

नर्दन भर्जिनियामा दर्ता भएको त्यस संस्थाले खेलिरहेको भूमिकालाई मैले नजिकवाट नियालिरहेको र त्यस संस्थाले गरिरहेको कार्य प्रति म सम्मान व्यक्त गर्न चाहन्छु । गैर आवासीय नेपालीको साझा संस्था गैर आवासीय नेपाली संघको अभियानमा स्थानीय रुपमा सक्रिय यस प्रकारका संस्थाले महत्वपूर्ण भूमिका खेलिरहेका हुन्छन् भन्ने मलाई लाग्दछ । सबै संस्थाका निश्चित उद्देश्यहरु रहेका हुन्छन् त्यस्तै उद्देश्य मध्ये नेपाली भाषा र नेपालको संस्कृतिको प्रवद्दनका लागि त्यस संस्थाले विशेष जोड दिएर कामहरु गर्दै आएको छ ।

सन् २००८ मा स्थापित त्यस संस्थाले आफ्नो संस्थाको स्मारिका प्रकाशन गरी संस्थाको इतिहासलाई जिवन्त दस्तावेजको रुप दिन लागेकोमा हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछु । संस्थाको निरन्तर विकासको कामना समेत गर्दछु ।

जय एनआरएन । जय एनआरएनए, अमेरिका ।

Suneel

सुनील साह
अध्यक्ष
गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्,अमेरिका

"Once a Nepali Always a Nepali"

Web: https://nrnusa.org, E-mail: info@nrnusa.org
Facebook page: https://www.facebook.com/NRNANCCUSA/
Mailing address: 1255 West 15th Street, Suite:815, Plano, TX, 75075

शुभकामना

अमेरिका नेपाल सहयोगी समाजले आफ्नो स्थापनाको तेह्रौं वर्षमा संस्थाको इतिहास र समग्र गतिविधि समेटेर 'स्मारिका' प्रकाशन गर्न लागेको यस सुखद अवसरमा मलाई उच्च गौरवको अनुभूति भइरहेको छ । कुनै पनि संस्थाले १३ वर्षसम्म निरन्तर लक्ष्यित समुदायका लागि काम गर्दै अघि बढ्नु र अझ बढिरहनु आफैँमा गर्वको विषय हो । आफू स्थापनाकालदेखि नै अविच्छिन्न रूपमा संस्थाको विकास, सम्पूर्ण गतिविधि र विस्तारमा संलग्न भइरहेको एक स्वयम्सेवी सदस्यका रूपमा अहिले विगतको स्मृति गर्दै यी पंक्ति लेखिरहँदा मलाई विभिन्न समयमा भए गरिएका गम्भीर, संवेदनशील, चुनौतीपूर्ण, रमाइला र उल्लासपूर्ण कार्यहरूको एकसाथ स्मरण भइरहेको छ ।

यस संस्थाले करिब आठ वर्षपहिले सन् २०१३ देखि मलाई संरक्षकका रूपमा विशिष्ट भूमिका निर्वाह गर्ने अवसर प्रदान गर्दै आएको छ । यस विश्वासले मलाई अमेरिका नेपाल सहयोगी समाजप्रति बढी जिम्मेवार र गहन उत्तरदायित्व महसुस गराएको छ । यही जिम्मेवारीले गर्दा मैले हेमार्केट टाउन प्लानिङ कमिसनमा २०१५ मा सदस्यका रूपमा सक्रिय रहँदा होस्, अथवा, एआरबी अर्थात् 'हेमार्केट आर्किटेक्चरल रिभ्यू बोर्ड' को सदस्य मनोनीत भएर कार्यभार सम्हाल्दा होस्, अथवा, स्थानीय प्रिन्स विलियम काउन्टीअन्तर्गत हेमार्केट टाउन काउन्सिलको 'टाउन काउन्सिल मेम्बर' पदमा निर्वाचित भएर काम गर्दा होस्, स्थानीय निर्वाचित प्रतिनिधि र एएनएचएसका विभिन्न गतिविधिहरूबीच नियमित संयोजन एवम् यथाशक्य सहभागितालाई प्रवर्द्धन गर्दै आएको छु । यसैगरी, एएनएचएस नेतृत्वले स्वास्थ्य शिविर कार्यक्रम अगाडि बढाउँदा मनाससस्थित मेरो आफ्नै क्लिनिक 'अल्टमेड मेडिकल सेन्टर' मा सबै व्यवस्थापन आफैँले मिलाएर यथाशक्य स्वयम्सेवी सहयोग गर्दै आइरहेको पनि छु । समुदायको यसरी सेवा गर्न पाएको बोधले गौरव पनि गराइरहन्छ । यति मात्र नभई स्थानीय निर्वाचित पदाधिकारीहरूसितको समन्वयमा अहिले पनि एएनएचएस सदस्य र आम नेपाली समुदायका मानिसहरूलाई कोभिड-१९ प्रतिरोधी भ्याक्सिन दिने कामसमेत अगाडि बढाइरहेको छु । यसरी नीतिगत रूपमा मात्र नभएर आर्थिक एवम् अन्य सबै किसिमबाट म संस्थासित हरेक पल साथ रहँदै आएको छु । यसरी व्यक्ति र संस्थाबीच विशिष्ट सम्बन्ध बनेको छ । संस्थाले मलाई बनाएको छ र मैले यथाशक्य संस्थालाई बनाइरहेको छु । व्यक्ति एक्लोमा केही पनि होइन, संस्थामा आबद्ध भएपछि भने ऊ धेरै कुरा हो ।

एएनएचएसले नेपाली समुदायलाई प्रवासमा रहँदा स्वदेश, स्वदेशी संस्कार र संस्कृतिको स्मरण गराउँदै तीज र देउसी-भैलो जस्ता कार्यक्रम सामूहिक सहभागितामा निरन्तर गर्दै आएको छ । साथै, यसले प्रवासमा जन्मेर यहीँ हुर्कँदै गरेको नयाँ पुस्ताका बालबालिकालाई स्थानीय जीवनशैली अँगाल्दा-अँगाल्दै पनि नेपाली भाषा र संस्कृतिलाई चटक्कै नभुलून् भन्ने उद्देश्यले नेपाली भाषा पाठशाला विगत पाँच वर्षदेखि सफलतापूर्वक सञ्चालन गर्दै आएको छ । अझ, समाजको आफ्नै पहलमा ती बालबालिकाका लागि पाठ्यक्रम तथा पाठ्य-पुस्तकसमेत

शुभकामना

प्रकाशन गरी अमेरिका र अमेरिकाबाहिरका मुलुकहरूमा पनि वितरण गर्नमा सफलता पाउनु समाजमा आबद्ध हामी सबैका लागि थप गौरवको विषय हो ।

मातृभूमि नेपालमा परेको दैवी विपत्तिलगायतका विभिन्न अवस्थामा एएनएचएसले आर्थिक सहयोग तथा राहत सामग्री उपलब्ध गराएको र यहाँ प्रवासका नेपालीलाई निःशुल्क स्वास्थ्य परीक्षण तथा परामर्श उपलब्ध गराउँदै आइरहेको सन्दर्भ पनि स्मरणयोग्य छ नै ।

मलाई लाग्छ, अमेरिका नेपाल सहयोगी समाजसित बितेका यी तमाम वर्षहरूमा असफलता र असन्तुष्टिहरू न्यून मात्र छन् होला । हामीसित इमानदार, लगनशील एवम् समर्पित सदस्य-पदाधिकारीहरू हुनुहुन्छ । हाम्रो लक्ष्यित समुदाय पनि समाजप्रति उत्तिकै आशावादी, उदार, मनकारी एवम् सहयोगी छ । यसले गर्दा हामीलाई समाजको नेतृत्वमा कार्यक्रमहरू अगाडि बढाउन सगरमाथा चढिरहनु पर्दैन । तापनि, जे जस्ता भए पनि हिजोका उतार-चढावलाई शिक्षा मानेर भोलिको यात्रामा पाइला चाल्न समाजले एउटा स्पष्ट गन्तव्यको सूची बनाउनु अबका लागि त्यतिकै आवश्यक छ ।

अमेरिका नेपाल सहयोगी समाजलाई आजको अवस्थासम्म सफलतापूर्वक ल्याउन सक्रिय रूपमा संलग्न रहँदै आएका सबै स्वयम्सेवी सदस्यहरू, यस क्षेत्रका विभिन्न संघ-संस्थाहरू तथा नेपाली समुदायप्रति संरक्षकको हैसियतले हार्दिक आभार व्यक्त गर्दछु । साथै, भोलिका दिनहरूमा समेत यस समाजले अँगालेको सामाजिक दायित्वलाई अझ सफल बनाउन र समाजलाई अझै विस्तारित गर्दै अघि बढ्ने दिशामा सम्बद्ध सबै क्षेत्रबाट सदा झैं सहृदयतापूर्ण सहयोग प्राप्त भइरहने विश्वास पनि व्यक्त गर्दछु ।

समाजका यावत गतिविधिलाई यथासम्भव समेटेर उपयोगी एवम् ज्ञानवर्द्धक स्मारिका प्रकाशनजस्तो गहन अभिभारा वहन गरेकोमा निवर्तमान हुने लागेको वर्तमान कार्य समिति परिवार र स्मारिका प्रकाशन समितिको म हार्दिक प्रशंसा गर्दछु । विशेषतः स्मारिकाको सम्पादनमा अहोरात्र खट्नुहुने मञ्जु थापा र जयदेव गौतमलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै, स्मारिकाका लागि लेख-रचना उपलब्ध गराउनुहुने लेखकहरू, प्रकाशनमा सहयोग गर्नुहुने सहृदयी जनहरू तथा अन्य किसिमबाट सहयोग गर्नुहुने सबैप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

मधुसूदन पन्थी
संरक्षक
अमेरिका नेपाल सहयोगी समाज

अमेरिका नेपाल सहयोगी समाज सन् २००८ मा स्थापना भई अब १३औं वर्षमा प्रवेश गरेको छ । यस अवसरमा संस्थापक-अध्यक्षको हैसियतले संस्थाको विकासका लागि स्थापनाकालदेखि आजसम्म योगदान गर्नुहुने सम्बन्धित सबैलाई सादर स्मरण गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु । नेपाली कला, संस्कृति, वेशभूषा र भाषाको संरक्षण एवम् सम्वर्द्धन गर्दै, प्रवासी नेपालीहरूमाझ सम्पर्क, एकता, सहयोग, सद्भाव र सहिष्णुताको अभिवृद्धि गर्दै तथा प्रवासमा भए पनि हाम्रो दोस्रो पुस्तासँग सहकार्य गर्दै नेपाल र नेपालीपनसँग निरन्तर साक्षात्कार गराइरहने उद्देश्यका साथ स्थापित यो संस्था आफ्नो कार्यमा सफलता प्राप्त गर्दै अगाडि बढिरहेकोमा हर्षका साथ सन्तोष प्रकट गर्न चाहन्छु ।

स्थापनाकालदेखि नै विभिन्न आरोह-अवरोह पार गर्दै आजसम्म आइपुगेको यस संस्थाको उद्देश्य प्राप्तिनिम्ति अगाडि बढ्न अझै थुप्रै चुनौतीहरू छन् । संस्थालाई आजको अवस्थासम्म ल्याइपुऱ्याउन धेरै साथीहरूले आफ्नो अमूल्य समय र ऊर्जा लगानी गर्नुभएको छ । त्यसरी विगतबाट सिक्दै र ती सबै चुनौतीहरूलाई पार गर्दै अगाडि बढिरहन सबै कार्य समितिका साथीहरूले खेल्नुभएको उल्लेखनीय भूमिकाको हार्दिक कदर एवम् उच्च प्रशंसा गर्दछु । साथै, आगामी दिनमा अझै बढी सक्रियता र सफलताको कामना पनि गर्दछु ।

'तमसोमा ज्योतिर्गमय' को मर्मलाई आत्मसात् गर्दै हाम्रा बालबालिकाहरूलाई नेपाली भाषा-संस्कृति-संस्कार सिकाउनका लागि सुरु भएको नेपाली पाठशाला 'अमेरिका नेपाल शिक्षा सदन' को प्रभावकारिता झनै बढ्दै गएको महसुस गरेको छु । शिक्षा सदनको निरन्तरताको निमित्त सुरुदेखि लागिपर्नुहुने सम्पूर्ण समर्पित साथीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । आज पाँचौं अधिवेशनको अवसरमा लोकार्पण हुन लागेको समाजको पहिलो औपचारिक प्रकाशन 'अमेरिका नेपाल सहयोगी समाज स्मारिका' उपलब्धिमूलक र ज्ञानवर्धक हुनेछ भन्नेमा पूर्ण विश्वस्त हुँदै हार्दिकताका साथ शुभकामना व्यक्त गर्दछु ।

अमेरिका नेपाल सहयोगी समाजको यस पाँचौं अधिवेशनको पूर्ण सफलताको हार्दिक मंगलमय शुभकामना ।

सागर कँडेल
संस्थापक-अध्यक्ष
अमेरिका नेपाल सहयोगी समाज

अध्यक्षको मन्तव्य

बग्दो समयको प्रवाहमा बाह्र वर्षको अवधि त्यसो त केही पनि होइन, भए पनि केवल एउटा अति सानो बिन्दु मात्र हो भनेर मान्नुपर्ने हुन्छ । समाज विकासको क्रममा यति समय त झन् लघुत्तम थोप्ला मात्र हुनसक्छ । त्यसै गरी कुनै संघ-संस्थाको जीवनमा पनि यो अवधि खासै लामो हुँदैन, हुन पनि सक्दैन । यद्यपि, त्यसका सुरुआती वर्षहरू जति थोरै भए पनि अत्यन्त महत्वपूर्ण, चुनौतीपूर्ण एवम् दूरगामी महत्वका भने हुन्छन् नै । यसै क्रममा हाल सन् २०२१ ले हामीसित हातेमालो गरिरहँदा सन् २००८ मा स्थापना भएको हाम्रो प्रिय संस्था अमेरिका नेपाल सहयोगी समाजले आफ्नो स्थापनाका महत्वपूर्ण बाह्र वर्ष पूरा गरिसकेको छ । संस्थागत रूपमा यो समय कत्ति लामो होइन तापनि हामीले यो अवधिमा जे जति गर्न सकेका छौं संस्था र समुदायका लागि, त्यो भने उपलब्धिपूर्ण छ र गर्व गर्न लायक पनि । यही उपलब्धिलाई, यही गर्वलाई र यससित जोडिएका तमाम सकारात्मक-नकारात्मक पक्षहरूलाई अभिलेखीकरण गर्ने उद्देश्यसहित हामीले 'अमेरिका नेपाल सहयोगी समाज स्मारिका २०२१' प्रकाशन गरेका छौं । स्मारिका एक अर्थमा बितेका वर्षहरूमा हामीले आर्जन गरेका अनुभवहरूको सँगालो पनि हो । हामीलाई विश्वास छ, विगतबाट सिक्दै समाजका गतिविधि अगाडि बढाउने सिलसिलामा सबैका लागि यो स्मारिका एक सबल आधार र दीर्घकालसम्म उत्प्रेरक बन्ने छ ।

यो समाज स्थापनाको ब्याड राख्दै गरेको समय आजभन्दा धेरै फरक थियो- नयाँ वातावरण, नयाँ परिवेश, नयाँ संस्कृति, नयाँ चालचलन, नयाँ रहन-सहन, नयाँ काम, नयाँ छरछिमेकी, नयाँ परिचय र नयाँ जीवनको खोजी । प्रवासिएर यहाँ आइपुगेका नेपालीहरूको संख्या पनि थोरै । तापनि, एक्लोपन रुचाउने र एकलकाँटे भएरै अक्सर जीवन बिताउने व्यक्तिवादी जीवनशैली अँगाल्न मन पराउने अमेरिकी धर्तीमा पनि आप्रवासी नेपालीहरू एक्लोपन होइन सामूहिकताको जीवन नै रोज्न अग्रसर भए । त्यही चाहना, अनेक अपेक्षा र मौलिक नेपालीपनको तिर्सना मेटाउँदै त्यसको जगेर्ना, उपभोग अनि पुस्तान्तरणको दीर्घ आकांक्षाको उपज बन्न पुगेको परिणाम नै हो, अमेरिका नेपाल सहयोगी समाज (एएनएचएस) । सन्तोष, गर्व र खुसीको कुरा के हो भने सुरुआतीकालदेखि नै यो समाज आपसी राग-द्वेष, ईर्ष्या, अहम्, आग्रह-पूर्वाग्रह, छिद्रान्वेषण, अति महत्वाकांक्षा अथवा हीन वा उच्च मनोग्रन्थी विकार आदि इत्यादि जस्ता तमाम विकृतिबाट मुक्त रहँदै आएको छ । यस गुणले हामीलाई सहजभावका साथ सामूहिक रूपले अगाडि बढ्न प्रेरित पनि गर्दै आएको छ ।

जसरी लगन, मिहिनेत, सिर्जनशीलता, इमानदारिता, मैत्रीभाव र सहयोगीभावजस्ता गुणहरू कुनै पनि असल मानिसका विशेषता हुन्, त्यसरी नै यी सबै प्रवृत्तिहरू कुनै पनि असल संघ-संस्थाका गहना हुन् । अमेरिका नेपाली सहयोगी समाजले यी गहना पहिरिन पाएको छ । त्यसैले त निर्वाचित पदाधिकारी मात्र होइन बरु यसमा आबद्ध सदस्य र शुभचिन्तकसमेत सबैजना व्यक्तिगत लाभ-हानि वा फलको इच्छा नराखी सामूहिक योजना एवम् सामूहिक कार्यमा एकचित्त भएर लाग्ने गर्नुभएको

छ । भनौं, यो समाज निष्काम कर्मयोगीहरूको कार्यक्षेत्रका रूपमा विकसित भएको छ, त्यही रूपमा देखा पनि परिरहेको छ । योभन्दा आत्मसंतुष्टि र आत्मगौरवको कुरा अरू के हुनसक्छ ?

त्यसो त मातृदेशमा जस्तै यहाँ अमेरिकामा पनि हामी त्यहीअनुसार विविध भाषाभाषी छौं, विविध संस्कृतिका अनुयायी छौं, घरभित्र रहँदाबस्दा हामी यथाशक्य नेपालीबाहेक पनि आफ्नै मातृभाषा (नेवारी, मैथिली, मगर, गुरुङ आदि) बोलिरहेका हुन्छौं, आ-आफ्नै विशिष्ट एवम् मौलिक जातीय चाडपर्व पनि मनाइरहेका हुन्छौं । अझ यसमा पनि विशाल देश अमेरिकाको विस्तृत फिँजारिएको समाज औधि विविधतापूर्ण छ जहाँ संसारका लगभग सबैजसो देश र संस्कृतिबाट आएका मानिसहरूको बसोबास छ । त्यसैले गर्दा 'आप्रवासीहरूको देश' भनेर चिनिने संयुक्त राज्य अमेरिकामा समग्र विश्व-संस्कृति अटाएको छ । यस्तो विविध संस्कृति एवम् नितान्त फरक जीवनशैलीमा आफू र आफ्नो परिवारलाई सहज ढंगबाट समाहित गर्नु गराउनु अत्यन्त संवेदनशील र चुनौतीपूर्ण कार्य हो । तसर्थ, आप्रवासी भई यहाँ आएर 'अमेरिकन नेपाली' मा रूपान्तरित हुन पुगे पनि र जुनै भाषा बोल्ने भए पनि हामी आधारभूत रूपमा नेपाली नै हौं । हाम्रो स्वतन्त्र एवम् स्वाभिमानी अस्तित्वको आधार उही एउटै मन्त्र हो- सयौं थुङ्गा फूलका हामी, एउटै माला नेपाली... । अर्थात्, जो जहाँ रहे पनि र जुनसुकै भाषा-भाषिका बोले पनि, एकता र सामूहिकता नै हाम्रो सुखको आधार हो र उन्नतिको जग पनि ।

हामीमध्ये धेरैले देखेका-पढेका वा अनुभव गरेका छौं- आप्रवासी भएर नयाँ मुलुक आएपछि त्यहाँको रैथाने वा पछि विकसित संस्कृति, स्थापित संस्कार, रहन-सहन र तमाम आदर्शहरू हाम्रासामु ठिङ्ग उभिएका हुन्छन् । तिनका अनुसरणीय पक्षहरू आत्मसात् गर्न नसक्दा र स्थानीय जनजीवनसित घुलमिल हुन नसक्दा अन्य धेरै आप्रवासी समुदायमा तनाव एवम् द्वन्द्व उत्पन्न हुनपुग्दछ । यो अर्को गम्भीर चुनौती हो, अर्थात्,

अध्यक्षको मन्तव्य

आफ्नो मातृभूमिको संस्कार-संस्कृति र आप्रवासी भइआएको मुलुकको संस्कार-संस्कृतिबीच सन्तुलन एवम् सामञ्जस्य कायम गर्दै जीवनरथ अगाडि बढाउन नसक्दा समस्याहरू थामिन मान्दैनन्, नयाँ समस्याहरू थपिँदै जान्छन् । यसको अर्थ, हाम्रो चाहना हो- अमेरिकी जीवनशैलीमा मौलिक नेपाली संस्कार र संस्कृतिको सम्मिश्रण ! त्यसका लागि हाम्रा प्रयासहरूको दीर्घकालीन लक्ष्य यस्तै नयाँ संस्कृतिको निर्माण हुनुपर्दछ, निर्मल नेपाली सुवाससहितको नौलो संस्कृति ! यस कार्यमा फेरि पनि अमेरिका नेपाल सहयोगी समाजजस्तो संस्था नै बलियो सहयोगीका रूपमा रहनसक्छ भन्ने तथ्य निर्विवाद छ । यही समाजमार्फत हामीले वर्तमानलाई सहज र भविष्यलाई आफूहरूअनुकूल बनाउँदै लान सक्छौं ।

अमेरिका नेपाल सहयोगी समाजको मूलभूत लक्ष्य स्थानीय नेपाली समुदायबीच एकता, मेलमिलाप, सामञ्जस्य, सद्भाव र पारस्परिक सहिष्णुताको सिर्जना एवम् विकास गर्नु हो । यसका लागि समय-समयमा विविध सामाजिक एवम् सांस्कृतिक गतिविधिहरू सञ्चालन गर्नु, निःशुल्क स्वास्थ्य शिविरहरूको आयोजना गर्नु, विभिन्न अन्तरक्रिया र समसामयिक आवश्यक कार्यशाला गर्नु, योगाभ्यास र नृत्यका साथै प्रवासमा हुर्कँदै गरेका बालबालिकाका लागि नेपाली भाषा-शिक्षण कक्षा सञ्चालन गर्नु, समुदायका अशक्त वा अप्ठ्यारोमा परेका सदस्यहरूलाई यथाशक्य आर्थिक र अन्य सहयोग गर्नु, प्रवासमा बसोबास भए पनि मातृभूमि नेपालमा भुँइचालो वा बाढी-पहिरो वा यस्तै कुनै पनि किसिमका प्राकृतिक आपत्-विपद पर्दा सकेसम्म आर्थिक र जिन्सी राहत एवम् उद्धार कार्य गर्नु, नेपालमा सक्रिय समर्पित एवम् जनहितकारी संस्थालाई आर्थिक सहयोग उपलब्ध गराउनु, अथवा छिमेकी मुलुकले अन्यायपूर्ण नाकाबन्दी गर्दा होस् वा बलात् नेपाली भूमि अतिक्रमण गर्दा होस्, त्यसविरुद्ध विरोध प्रदर्शनसहित वैध आवाज उठाउनु आदि विविध कार्य अमेरिका नेपाल सहयोगी समाजले गर्दै आएको छ, भविष्यमा पनि यी र यस्ता कार्यहरूले निरन्तरता पाइरहने छन् भनेर विश्वास गर्न सकिन्छ । यीमध्ये पनि खासगरी तीज, देउसी-भैलो कार्यक्रम, नेपाल अमेरिका शिक्षा सदन कार्यक्रम र एएनएचएसले प्रकाशन गरेका विभिन्न पाँच तहका नेपाली भाषा शिक्षणसम्बन्धी किताबहरूको प्रभावकारिता अपेक्षाकृत रूपले बढी असरदार ठहरिएका छन्, यिनले सर्वत्रबाट उत्तिकै स्वागत र विशेष प्रशंसा पनि पाइरहेका छन् । समाजको नेतृत्वले यी कार्यक्रमहरूको निरन्तर प्रभावशाली सञ्चालनका साथै अन्य सबै कार्यक्रमहरूलाई पनि यथाशक्य जनसमुदायको अभिरुचिअनुकूल बनाउँदै जानु हाम्रो दायित्व हो । समयरूपी गुरुले पनि हामीलाई यी सबै कुरा सिकाउँदै जानेछ ।

समाजका निर्वाचित पदाधिकारीका साथै संरक्षक, सल्लाहकार, वित्त अधिकारी, आजीवन एवम् सक्रिय सदस्य र शुभचिन्तक सबैको साथ सहयोगले हाम्रो संस्था आजको अवस्थासम्म आइपुग्न सकेको हो । उहाँहरू सबैको बौद्धिक, वैचारिक, प्राविधिक, शारीरिक एवम् आर्थिक सहयोग सदैव वन्दनीय छ । साथै, हाम्रो कार्यकालमा अमेरिका नेपाल सहयोगी समाजका सबै गतिविधिलाई सुचारु रूपले सम्पन्न गर्न साथ दिनुहुने सम्पूर्ण सहृदयी मनहरूलाई नमन गर्दछु । उहाँहरूको यो सरसहयोग समाजले भविष्यसम्मै निरन्तर पाइरहने विश्वास छ । सबैको प्रेरणा र हुटहुटीकै प्रतिफलस्वरूप अन्य तमाम कामका साथै समाजले पहिलोपटक आफ्नो महत्वपूर्ण प्रकाशनका रूपमा स्मारिका प्रकाशन गरेको छ । यो प्रकाशन समाजको महत्वपूर्ण दस्तावेज हो, आधिकारिक अभिलेखीकरण हो र भावी नेतृत्व एवम् उत्सुकहरूका लागि बहुमूल्य नासो पनि हो ।

अहिले विगत एक वर्षभन्दा बढी समयदेखि विश्वव्यापी महामारी कोभिड-१९ ले सबैतिर गाँजेको बेला भएको र महत्वपूर्ण बैठकसमेतका साना-ठुला भेलाहरू विद्युतीय सञ्चार-प्रणाली अख्तियार गरी जुम-प्रविधिबाट आ-आफ्नो घर-कोठामा सीमित भएर आयोजना/सम्पन्न गर्नुपर्ने अभूतपूर्व परिस्थिति छ, तापनि हामीले यस्तो प्रतिकूल समयको आफ्नो अमूल्य समयको समुचित व्यवस्थापन गर्दै स्मारिका प्रकाशन गरेका छौं । यसका लागि अन्य संयोजनको कार्यमा मेरो संलग्नता रहे पनि धेरैजनाको सहयोग नरहेको भए यो काम सम्भव हुनसक्ने थिएन । खासगरी स्मारिका प्रकाशनका लागि सम्पादनको सम्पूर्ण काममा रातदिन खटनुहुने मञ्जु थापा र जयदेव गौतम विशेष धन्यवादका पात्र हुनुहुन्छ । यसैगरी स्मारिका प्रकाशनका व्यवस्थापक सदस्यहरू क्रमशः मधु पन्थी, सागर कँडेल, पदमराज रेग्मी, कमला खरेल, कमल भट्टराई, मुक्त पौडेल, शिव तिम्सिना, आरती सिग्देल र हरिराम भण्डारी मुरीमुरी प्रशंसाका हकदार हुनुहुन्छ । स्मारिकाका लागि लेख-रचना उपलब्ध गराएर, विज्ञापन दिएर, आर्थिक सहयोग गरेर र अन्य आवश्यक सल्लाह-सुझाव दिएर हामीलाई कृतज्ञ बनाउनुहुनेहरूको पनि कमी छैन । हामी उहाँहरू सबैप्रति आभारी छौं ।

आशा छ, यहाँलाई यो स्मारिका सूचनामूलक, उपयोगी र पठनीय लाग्नेछ । अमेरिका नेपाल सहयोगी समाजको प्रकृति र प्रवृत्ति बुझ्न पनि यसले सघाउने छ । यसमा प्रकाशित सामग्रीलाई त्रुटिरहित बनाउन सक्दो प्रयास गरिएको हो तापनि यसमा केही कमी कमजोरी रहेका हुनसक्छन्, तिनलाई औंल्याइदिएर समाजका यस्तै आगामी प्रकाशनका लागि अमूल्य सुझाव दिनुहुनेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, यही अप्रिल-मध्यदेखि सुरु हुन गइरहेको नेपाली नव वर्ष विक्रम सम्बत २०७८ को सुखद उपलक्ष्यमा सबै जनमा हार्दिक मंगलमय शुभकामना टक्रयाउँदछु । नयाँ वर्ष सबैका लागि उन्नति, प्रगति र सुस्वास्थ्यको वर्ष बन्न सकोस् ।

केदारप्रसाद तिम्सिना
अध्यक्ष, अमेरिका नेपाल सहयोगी समाज
संयोजक, स्मारिका प्रकाशन समिति २०२१

एएनएचएसको दर्पण

अमेरिका नेपाल सहयोगी समाज (एएनएचएस) ले स्थापनाका बाह्र वर्ष पूरा गरेको सुखद उपलक्ष्यमा आफ्नो पहिलो औपचारिक प्रकाशनका रूपमा 'अमेरिका नेपाल सहयोगी समाज स्मारिका' प्रकाशन गरेको छ । त्यसो त समाजले यसअघि पछिल्ला केही वर्षदेखि भित्ते पात्रो अर्थात् क्यालेण्डर नियमित प्रकाशन नगरेको होइन तर क्यालेण्डर केवल अनौपचारिक र सीमित उद्देश्य परिपूर्तिका लागि मात्र हो । स्मारिकाले संस्थाको मुखपत्रका रूपमा मात्र काम गर्दैन बरु यसको इतिहास, विकासक्रम, आर्थिक तस्बिर, विविध गतिविधिहरू, विभिन्न कार्ययोजना र कार्यप्रगतिको मूल्याङ्कनसमेत प्रस्तुत गर्दछ । स्मारिका संस्थाको दर्पण पनि हो र आवाज पनि हो, विगत र वर्तमानको दस्तावेज पनि हो, हिजो-आजको अभिलेखीकरण पनि हो र भविष्यका लागि बन्ने-बनाइने नीति वा कार्ययोजनाहरूको निर्माण निम्ति एक भरपर्दो आधार पनि हो ।

यो सहयोगी समाज अब बालवयलाई पछाडि छोडेर किशोरवयमा प्रवेश गरेको छ, 'टिन एजर' को स्वरूपमा खडा हुन आइपुगेको छ । उत्तर अमेरिकी राज्य भर्जिनियाको मनासस क्षेत्रमा सन् २००८ मा स्थापित यो संस्था आफ्नै गतिमा बामे सर्दै र ताते गर्दै ठमठम हिँड्ने भएर अहिले बिछट्ट नेपालीपन बोकेको र नेपाली मन भएको एउटा सशक्त सामुदायिक संस्थाका रूपमा विकसित भइसकेको छ । नेपाली भाषा, संस्कृति, रीति-रिवाज, चाडपर्व र पहिचानको संरक्षण, सम्वर्द्धन एवम् विकास अनि स्थानीय नेपाली जनसमुदायको हित गर्ने पवित्र लक्ष्य बोकेर यस सहयोगी समाज स्थापनाको मार्गचित्र कोरिएको थियो । तत्कालीन समयमा थोरै संख्यामा रहेका भए पनि इमानदार, उत्साही एवम् क्रियाशील युवाहरूले सुरु गरेपछि क्रमशः गतिशील एवम् चलायमान शुभेच्छुक सहयोगी-सदस्यहरूबाट निरन्तर होस्टेमा हैंसे पाइरहेर यो संस्था हाल कसैले उपेक्षा गर्न नमिल्ने अवस्थामा सगर्व उभिन आइपुगेको छ । तसर्थ पनि, संस्थालाई यो मुकामसम्म ल्याइपुऱ्याउन 'कर्म गर फलको इच्छा नगर' भने जसरी तन-मन-धन-समय सबै समर्पित गरी लागिपरेका अगुवाहरू सधैँ उच्च आदर एवम् प्रशंसाका पात्र हुनुहुन्छ ।

सुरुआती काल जहिले पनि जटिल, कठिन र चुनौतीपूर्ण हुन्छ । त्यो घडीमा एएनएचएसले स्थानीय नेपाली समुदायका सदस्यहरूलाई एक वा अर्को किसिमले पूर्ण सहयोग गर्ने नीति लियो भने कार्यक्रमका रूपमा नेपाली महिलाहरूको सर्वप्रिय चाड हरितालिका तीजलाई

हर्षोल्लाससाथ मनाउन सुरु गऱ्यो । एवम् रीतले गतिशील समयसँगै अन्य कार्यक्रमहरू पनि एकपछि अर्को गर्दै थपिँदै गए, नेपाली समुदायको आकार बाक्लिँदै गयो, सदस्य-संख्या पनि वृद्धि हुँदै गयो र त्यससँगै समाजको कार्यभार पनि बढ्दै गयो । आफ्नो कार्यक्षेत्र फराकिलो पार्दै समाजले सहयोगको भावना स्थानीयस्तरमा मात्र सीमित राखेन बरु यसलाई मातृभूमिसम्म विस्तार गऱ्यो र महाभूकम्पले आक्रान्त पारेका नेपालीहरूलाई नेपालमै पुगेर राहत सहयोग वितरण गरेर विशिष्ट मानवीय चरित्र प्रस्तुत गर्न पछि परेन । बाढी-पीडित नेपालीहरूलाई सहयोग गर्न पनि समाज पछि परेन । यहीँ स्थानीयस्तरमा पनि समयानुकूल आवश्यक सरसहयोग, प्रशिक्षण, अन्तरक्रिया आदि कार्यक्रम सञ्चालन पनि हुँदै रहे । खासगरी एएनएचएसले अमेरिकामै जन्मेको नेपाली पुस्तालाई मातृभाषा नेपाली सिकाउन र रीति-रिवाज एवम् संस्कारबारे यथेष्ट जानकारी गराइराख्न एएनएचएस एकेडेमी नामबाट नेपाली स्कुल सञ्चालन गरेको छ, प्रवासमै पहिलोपटक तहगत नेपाली अध्ययन-अध्यापनका लागि भनेर पाँचवटा पाठ्य-पुस्तक पनि प्रकाशित गरेको छ । गर्वको कुरा, दूरगामी महत्वका यी तमाम कार्यहरू अमेरिका नेपाल सहयोगी समाजले पूर्णतः स्वयम्सेवी रूपमा गर्दै आइरहेको छ र यो स्वयम्सेवा अद्यापि जारी छ ।

अब समय बदलिएको छ । चुनौतीहरू थपिएका छन् । अझ सन् २०१९ को अन्तिम महिना चीनमा र लगत्तै त्यसको अर्को महिनादेखि विश्वसामु देखा परेको कोभिड-१९ महामारीले संसारलाई नयाँ हाँक दिइरहेको छ, भन्न पनि सकिएको छैन- यसको समापन कहाँ कहिले कसरी हुन्छ ! समाज-वैज्ञानिकहरूको भनाइमा, अब लगभग सबै कुरा उस्तै रहने छैनन्, विश्व-समाज 'न्यू नर्मल' अवस्थामा पदार्पण गर्नेछ । तर, फेरि पनि थाहा छैन त्यो कसरी र कस्तो हुनेछ । मास्क लगाउनुपर्ने, स्यानिटाइजर लगाउनुपर्ने, निश्चित भौतिक दूरी राख्नुपर्ने, चार-पाँचजनाभन्दा धेरै मानिस एक ठाउँ भेला हुन नहुने आदि कोभिड-संक्रमण-प्रतिरोधी उपायहरू अपनाउँदै तमाम गतिविधि अगाडि बढाउनुपर्ने चुनौतीपूर्ण अवस्था विद्यमान छ । यीसमेत अन्य विभिन्न परिस्थितिको मुकाबिला गर्दै यही सन् २०२१ अप्रिल २५ मा हुने अधिवेशनबाट निर्वाचित हुने पाँचौं कार्य समितिले एएनएचएस नेतृत्वको विरासतलाई अगाडि बढाउने छ ।

समाजका प्रथम बाह्र वर्षमा भए गरेका सारा कार्य-गतिविधिहरूलाई स्मारिकाले समेट्ने पूर्ण प्रयास गरेको छ । स्मारिका प्रकाशनका लागि हुट्हुटी लगाउने स्मारिका प्रकाशन समितिका संयोजक र व्यवस्थापन समितिका सदस्यहरू, वर्तमान कार्यसमितिका सम्पूर्ण पदाधिकारी र सदस्यहरू, लेख-रचना दिएर सहयोग गर्ने सबै व्यक्तित्वहरू, विज्ञापन दिएर अनि आर्थिक तवरले सहयोग गर्ने सबैजना धन्यवादका पात्र हुनुहुन्छ । आशा छ, यस स्मारिकाले अमेरिका नेपाल सहयोगी समाजको विगत, वर्तमान र आगतलाई अभिव्यक्त गर्नुका साथै नेपाली भाषा-साहित्यको श्री-वृद्धिमा पनि केही न केही योगदान अवश्य दिएको छ ।

नयाँ वर्ष विक्रम सम्वत् २०७८ को सुखद् उपलक्ष्यमा सुख, शान्ति, समृद्धि र आरोग्यको हार्दिक मंगलमय शुभकामना ।

मञ्जु थापा/जयदेव गौतम



विषय-सूची

क्र.सं.	शीर्षक	लेखक	पृष्ठ
१	एएनएचएस संक्षिप्त परिचय		१४
२	एएनएचएस हालसम्मका सल्लाहकारहरू		१५
३	एएनएचएस पहिलो कार्य समिति		१७
४	लेख/एएनएचएसको स्थापना र सुरुआती कार्यकाल	सागर/कमल/मुक्त	१८
५	कविता/श्रद्धान्जली र संकल्प	कमला खरेल	२४
६	एएनएचएस दोस्रो कार्य समिति		२५
७	लेख/एएनएचएस एकेडेमीको सुरुआत र अन्य प्रगति	पदमराज रेग्मी	२६
८	एएनएचएसको तेस्रो कार्य समिति		२९
९	लेख/एएनएचएसको विस्तार र सदाशयता आर्जनको कार्यकाल	कमला खरेल	३०
१०	एएनएचएसको चौथो कार्य समिति		३४
११	लेख/वर्तमानमा अमेरिका नेपाल सहयोगी समाज	केदारप्रसाद तिम्सिना/हरिराम भण्डारी	३५
१२	अमेरिका नेपाल सहयोगी समाज संक्षिप्त आर्थिक विवरण		४८
१३	लेख/अमेरिका नेपाल शिक्षा सदनको अवधारणा एवम् विकास	रोम ज्ञवाली	५०
१४	कविता/म	रोजी गौतम	५४
१५	लेख/एएनएचएस एकेडेमीमा मेरो शिक्षण अनुभव	जानु ओझा	५६
१६	लेख/प्रवासका बालबालिकाका लागि नेपाली सिक्ने किताब	शिव लामिछाने	५९
१७	लेख/अमेरिका नेपाल सहयोगी समाजको विगत र भावी कार्यदिशा	मधुसूदन पन्थी	६४
१८	अमेरिका नेपाल सहयोगी समाज, सदस्य र शुभचिन्तकहरूको नजरमा		६८
१९	कविता/सपना	कविता घिमिरे	७१
२०	लेख/अमेरिकामा नेपाली आप्रवासनः प्रसङ्ग र पक्षहरू	डा.अनुप पाहारी	७२
२१	लेख/अमेरिकामा नेपाली आप्रवासी महिलाहरू	मन्जु थापा	७४
२२	कविता/फूल, जिन्दगी र जून	भरतमणि भट्टराई	७९
२३	कविता/पिता–पुत्र सम्वाद	लक्ष्मण सापकोटा	८०
२४	कविता/म को हुँ ?	अनुभव नेपाल	८०

क्र.सं.	शीर्षक	लेखक	पृष्ठ
२५	कविता/कार्पेट	प्रेम संग्रौला	८१
२६	लेख/नेपालीपनको सुवासले बाँधेको एएनएचएसँगको साइनो	आरती सिग्देल	८२
२७	लेख/अमेरिका नेपाल सहयोगी समाजको उदाहरणीय निष्पक्ष निरन्तरता	गिरिश पोखरेल	८४
२८	लेख/ एएनएचएस र उत्तर भर्जिनियाको नेपाली समुदाय	गुणराज लुइँटेल	८६
२९	कविता/जीवन र जगत	गोपाल रेग्मी	८७
३०	कविता/मनका चाहना	जयराम श्रेष्ठ	८७
३१	कथा/लकडाउन वृन्दावन	गोविन्द गिरी प्रेरणा	८८
३२	यात्रा-संस्मरण/एक डलरमा सर्पदंश	जयदेव गौतम	९२
३३	लेख/प्रवासमा नेपाली महिला जीवन	तनुजा पोखरेल	९६
३४	मुक्तक	रामकाजी कोने	९७
३५	लेख/सहयोगी मनहरूको समाज : अमेरिका नेपाल सहयोगी समाज	परशुराम भण्डारी	९८
३६	कविता/ आदिम ईश्वर	बिकु लामा	१००
३७	गजल/जिउनै पर्छ	सुशील दीक्षित	१०१
३८	गजल/निर्मल मुहान	श्रेष्ठ समनश्री	१०१
३९	गजल/बाँच्न जाने जिन्दगी	कल्पना सुवेदी	१०१
४०	लेख/डायस्पोराको पहिलो नेपाली भाषा तथा संस्कृति विद्यालय	पुरुषोत्तम सुवेदी	१०२
४१	लेख/ अमेरिकामा रहेका भूटानीहरूको मानसिक स्वास्थ्य	हरि खनाल	१०६
४२	यात्रा-संस्मरण/ त्यो जहाज र मेरो समुदी यात्रा	प्रकाश नेपाल	१०८
४३	लेख/ सांस्कृतिक पहिचानमा बालबालिकाको सहभागिता	लेखनाथ भण्डारी	११०
४४	लेख/आप्रवासनमा नेपाली सामाजिक संघ-संस्था र प्रविधि तथा पुँजीको स्थानान्तरण	मोहन निरौला	११२
४५	कविता/ठिङ्ग उभिरह्यो पीपलको बोट	राजबल्लभ कोइराला	११३
४६	कविता/तबला	सुदीपभद्र खनाल	११४
४७	लेख/ अमेरिकामा कानुनी मान्यताप्राप्त विवाह	मोहन घिमिरे	११५
४८	कविता/ परदेशी माटो, नेपाली मन	अनु पाण्डे	११६
४९	कथा/सपना र खुसी	बिमला निरौला	११७
५०	कविता/मानुषी	पारिजात	११८
५१	एएनएचएसका आजीवन तथा सक्रिय सदस्य		१२१



अमेरिका नेपाल सहयोगी समाज (एएनएचएस)

America Nepal Helping Society (ANHS)

संक्षिप्त परिचय

अमेरिका नेपाल सहयोगी समाज संयुक्त राज्य अमेरिकाको भर्जिनिया राज्यमा सन् २००८ मा स्थापित गैर–नाफामूलक सामाजिक, सांस्कृतिक तथा शैक्षिक क्षेत्रमा क्रियाशील एक अग्रणी अमेरिकी नेपाली संस्था हो। यस संस्थाको ध्येय पूर्ण रूपमा परोपकारी कार्य गर्ने हो। तसर्थ, ५०१ सी (३) र इन्टरनल रेभेन्यु कोड (आइआरसी) को परिधिभित्र रहेर विभिन्न व्यक्ति तथा व्यावसायिक संस्थाहरूको सहयोग र प्रायोजनमा प्रवासमा विभिन्न कार्यक्रमहरू तथा परियोजनामार्फत कला–संस्कृति, चाडपर्व र भाषाको प्रवर्द्धन–सम्वर्द्धन र विकास गर्दै जाने समाजको लक्ष्य रहेको छ।

यो समाज विशेष गरी डिसी महानगर क्षेत्रभित्र बसोबास गर्दै आइरहेका नेपालीहरूको समग्र हित र भलाइका निम्ति निरन्तर समर्पित छ। समाजका मूलभूत उद्देश्यहरू निम्नबमोजिम छन्–

१. प्रवासमा नेपाली पहिचान, संस्कृति, भाषा तथा सामाजिक मूल्य–मान्यताहरूको संरक्षण र प्रवर्द्धन गर्ने,
२. प्रवासमा नेपाली समुदायको हित र कल्याणकारी सामाजिक, सांस्कृतिक र आध्यात्मिक प्रवर्द्धनका गतिविधिहरू आयोजना, व्यवस्थापन र सञ्चालन गर्ने,
३. प्रवासमा जन्मे–हुर्केका बालबालिकाहरूमा मातृभाषा नेपाली सुनाइ–बोलाइ–पढाइ–लेखाइ आदि सीप अभिवृद्धि गराउँदै सांस्कृतिक र आध्यात्मिक ज्ञान अभिवृद्धि गर्ने,
४. स्थानीयस्तरमा आर्थिक वृद्धि तथा वातावरण संरक्षण र विकासमा सहयोग पुऱ्याउने,
५. प्राकृतिक विपत्तिहरूमा नेपाल तथा अमेरिकामा उपलब्ध स्रोत र साधनको आधारमा सहयोग पुऱ्याउने।

समाजको कार्य-सञ्चालन तथा सांगठनिक ढाँचा

१. अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष एक–एकजना र नौजना सदस्यसहित १५ जनाको कार्य समिति रहने छ। यसको कार्य–अवधि दुई वर्ष हुनेछ। प्रत्येक दुई वर्षमा निर्वाचनमार्फत नयाँ कार्य समितिको चयन हुनेछ। प्रत्येक वर्ष वार्षिक साधारण सभाको आयोजना गरी वर्षभरिको आर्थिक तथा प्रगति प्रतिवेदनको प्रस्तुति तथा समीक्षा गर्दै नयाँ कार्ययोजना अनुमोदन गरिने छ। सोहीअनुसार कार्य समितिले योजना बनाई कार्यान्वयन गर्ने छ।
२. सातजना सदस्य रहेको बोर्ड अफ ट्रष्टी रहने छ जसको कार्य–अवधि पाँच वर्षको हुनेछ। यस समितिले कार्य समितिको अनुगमन तथा समाजको दीर्घकालीन रणनीति तथा योजनाहरू तय गर्ने र दीर्घकालीन लक्ष्य तथा उद्देश्यहरू निर्धारण गर्ने छ।
३. प्रमुख वित्त अधिकारी, प्रमुख संरक्षक र कानुनी सल्लाहकार एक–एकजना नव–निर्वाचित कार्य समितिले मनोनित गर्नेछ।
४. अमेरिका नेपाल शिक्षा सदन व्यवस्थापन समिति गठन गरिने छ जसमा एकजना शिक्षा सदन संयोजकसहित जम्मा पाँच सदस्य रहने प्रावधान छ। यस समितिको गठन कार्य समितिले नै गर्ने प्रावधान छ।

अमेरिका नेपाल सहयोगी समाजका ट्रष्टीज

मधुसूदन पन्थी, तिलकराज खरेल, कमल भट्टराइ, पदमराज रेग्मी, सागर कँडेल, पिताम्बर भट्टराई, मुक्त पौडेल, इन्द्र श्रेष्ठ, उत्तम गौतम, विजय ओझा, बाबुराम शर्मा, दीपक जमरकट्टेल, यज्ञप्रसाद चापागाँई, मोहन बस्ताकोटी, कवीन्द्र सिटौला, केदारप्रसाद तिम्सिना र रोम ज्ञवाली।

अमेरिका नेपाल सहयोगी समाजको सदस्यताका प्रकारहरू

समाजको विधान दोस्रो संशोधन जुलाई २७, २०१९ बमोजिम यस किसिमले व्यवस्था गरिएको छ :

- साधारण एवम् सक्रिय सदस्य (दम्पती),
- आजीवन सदस्य (दम्पती),
- ट्रष्टी सदस्यता ((दम्पती),
- बेनिफ्याक्टर सदस्यता (दम्पती),
- प्लाटिनम सदस्यता (दम्पती),
- प्याट्रोन सदस्यता(दम्पती), र
- संस्थागत सदस्यता ॥

सदस्यता शुल्क किस्ताबन्दीमा बुझाउन सकिने छ। आर्थिक वर्ष जनवरी–डिसेम्बर मानिएको छ।

अमेरिका नेपाल सहयोगी समाजका बारेमा थप सूचना तथा जानकारीका लागि :

Website : www. anhsdc.org
Email ID : infoanhs2008@gmail.com & info@anhsdc.org
Facebook Page : अमेरिका नेपाल सहयोगी समाज
संस्थाको पत्राचार ठेगाना : 15013 Gossom Manor Place, Haymarket, Virginia 20169।

००

अमेरिका नेपाल सहयोगी समाजका सल्लाहकारहरू
(सन् २००८ देखि हालसम्म)

डा.अनुप पाहारी

गोपाल रेग्मी

मधुसूदन पन्थी

सागर कँडेल

कमल भट्टराई

तिलकराज खरेल

कवीन्द्र सिटौला

बाबुराम शर्मा

नारायण रायमाझी

पदमराज रेग्मी

कमला खरेल

प्रेम संग्रौला

विजय थापा

जानु ओझा

राजन घिमिरे

मन्दिरा मैनाली

राजीव मैनाली

केदारप्रसाद तिम्सिना

वासु सत्याल

उत्तम गौतम

पुरुषोत्तम सुवेदी

मोहन बस्ताकोटी

ठाकुर ढकाल

शिव तिम्सिना

विजय ओझा

मोहन निरौला

भीम रेग्मी

रोम ज्ञवाली

प्रेम पौडेल

द्रष्टव्य *: सल्लाहकार मधुसूदन पन्थी समाजका संरक्षक र सल्लाहकार तिलकराज खरेल प्रमुख वित्त अधिकारी पनि हुनुहुन्छ ।*

अमेरिका नेपाल सहयोगी समाज
पहिलो कार्य समिति
(सन् २००८–२०१५)

सागर कँडेल
अध्यक्ष

कमल भट्टराई
उपाध्यक्ष

मुक्त पौडेल
सचिव

ऋषि खनाल
सह-सचिव

लक्ष्मी भट्टराई
कोषाध्यक्ष

प्रमोद भट्ट
सदस्य

ठाकुर पुडासैनी
सदस्य

कमला खरेल
सदस्य

टेकराज ज्ञवाली
सदस्य

मञ्जु कार्की
सदस्य

विकास ओझा
सदस्य

हिमाली मल्ल
सदस्य

मीना पन्थी
सदस्य

हेमन्त अधिकारी
सदस्य

इन्द्र श्रेष्ठ
सदस्य

देवेन्द्र पराजुली
सदस्य

प्रकाश सुवेदी
सदस्य

ईश्वरी पौडेल
सदस्य

एएनएचएसको स्थापना र सुरूआती कार्यकाल



सागर कँडेल/कमल भट्टराई/मुक्त पौडेल

नेपालबाट अमेरिका बसाइँ सर्नेहरूको सङ्ख्या सन् १९९० को दशकपछि उल्लेखनीय रूपमा बढ्न थालेको हो । विशेषत: विदेशबाट अमेरिका छिर्ने स्थायी प्रमाण-पत्रका रूपमा स्थापित डिभी चिठ्ठा (डाइभर्सीफाइड लटरी) कार्यक्रममा नेपाललाई पनि समावेश गरिएपछि बर्सेनी हजारौँको सङ्ख्यामा नेपालीहरू सात समुद्रपारिको यस विशाल देशमा आउने क्रम द्रूत गतिमा बढेको हो । यसबाहेक सरकारी अथवा गैरसरकारी जुन कुनै कारण वा किसिमबाट अमेरिका प्रवेश गरिसकेपछि समय बित्दै जाँदा क्रमशः अमेरिकी जीवन-पद्धति मन पर्दै गएसँगै यतैको वैधानिक बासिन्दा बन्न पुग्ने प्रचलनले समेत नेपाली जनसङ्ख्या बढ्ने क्रम निरन्तर छ। अमेरिकी सरकारको योजनाअन्तर्गत, आधुनिक संसारकै यस सर्वशक्तिमान मुलुकमा, बसोबास गर्न आएका भूटानी नेपालीहरूको सङ्ख्या पनि हजारौँ छ । यसरी अमेरिका आउने नेपालीहरू यहाँका विभिन्न राज्यमा छरिएर बसिरहेका भए पनि मूलतः ग्रेटर वासिङ्गटन डिसी मेट्रोपोलिटान एरिया (अर्थात्, राजधानी वासिङ्गटन डिसी, भर्जिनिया र मेरील्यान्ड), न्युयोर्क, फ्लोरिडा, टेक्सास, पेन्सिलभेनिया, क्यालिफोर्निया, बोस्टन, कोलोराडो र अन्य केही सहरमा बढी घनत्वमा रहेका देखिन्छन् । निश्चित छ, अमेरिकामा यस किसिमको नेपाली जनघनत्व बढ्दै जाने छ ।

अमेरिका नेपाल सहयोगी समाज (एएनएचएस) को स्थापना यही बाक्लिँदो नेपाली जनघनत्वसित सम्बन्धित छ । यसको सुरुआत भर्जिनिया राज्यको मनासस सहर र त्यससँग जोडिएर वा वरिपरि रहेका अन्य केही काउन्टीमा बसोबास गर्ने नेपाली जनसमुदायमा आधारित रहने गरी भएको हो ।

एएनएचएस स्थापनाको पृष्ठभूमि

केही कोही अपवाद हुन सक्छन् तर मानव समाज विकासको इतिहासले यही बताउँछ- प्राकृतिक तवरले नै मानिस एक्लो बस्ने प्राणी होइन । ऊ समूहमा बस्ने सामाजिक प्राणी हो । यही सामाजिकताले नै घर-परिवार, छर-छिमेक, गाउँ-टोल, समाज र देशको विकास हुँदै आएको हो भने मानव जीवनलाई अझ सहज र सजिलो बनाउनका लागि यथासमय अनि आवश्यकताअनुसार विभिन्न संघ-संस्थाहरूको निर्माण एवम् कार्यक्रम सञ्चालन हुँदै-गरिँदै आएको यथार्थ हामी सामु जीवन्त छ। वृहत्तर मनासस क्षेत्र र त्यस वरिपरि नेपालीहरूको बसोबास क्रमशः बाक्लो हुँदै गइरहेको परिप्रेक्ष्यमा यसै क्षेत्रमा सक्रिय अमेरिका नेपाल सहयोगी समाज (एएनएचएस) को स्थापना यस कुराको अपवाद कसरी हुन सक्छ र ?

भनिन्छ- भाषा, धर्म, कला र संस्कृतिको पहिचान नभएको मानिस अपूर्ण हुन्छ । नयाँ स्थानमा बसोबास गर्दै जाने क्रममा मानिसले न त पूर्णतः नयाँ धर्म-संस्कृति अँगाल्न सक्छ न आफ्नो परम्परागत संस्कार नै छोड्न वा त्यससँग नजिकै रहिरहन सकिरहेको हुन्छ । पुस्तैनी गाउँ-सहर छाडेर बिल्कुल नौलो स्थानमा बसोबास गर्न थालेपछि बित्दो समयसँगै क्रमशः खासगरी पछिल्लो वा नयाँ पुस्तालाई आफ्नो परम्परागत जातीय भाषा, संस्कृति, कला, मूल्य, मान्यता आदि सिकाउनै पर्छ, होइन भने नयाँ पुस्ताले मातृभूमिको गौरवमय विरासत बिर्सँदै र गुमाउँदै जाने हुनसक्छ । अन्य समुदायसँग धेरै घुलमिल हुँदै जाने क्रममा आफ्नो मातृभाषा बोल्न बिर्सने मात्र नभई आफूलाई नेपाली भनेर अरूमाझ चिनाउन हिच्किचाउने सम्भावना सधैँ जीवन्त रहन्छ । यसले गर्दा अन्ततः नेपाली संस्कार नै लोप हुने खतरा बढिरहेको हुन्छ । यो सम्भावित जोखिमयुक्त परिस्थितिलाई आउन नदिनका लागि सामुदायिक संस्था आवश्यक हुन्छ । यस्तै आवश्यकताको कार्यशील अभिव्यक्ति अमेरिका नेपाल सहयोगी समाज हो ।

जतिबेला अमेरिका नेपाल सहयोगी समाज स्थापनाको प्रक्रिया अगाडि बढेको थियो, त्यतिबेला नै पनि वृहत्तर डिसी मेट्रो क्षेत्रमा विभिन्न

> अमेरिका नेपाल सहयोगी समाज वासिङ्गटन डिसीनजिक उत्तरी भर्जिनियामा स्थापित गैर-नाफामुखी संस्था हो । अमेरिकी कानुनमा रहेको ५०१ सी (३) प्रावधानअन्तर्गत ढर्ता भएको यस संस्थाको स्थापना सन् २००८ मा भएको हो । यो संयुक्त राज्य अमेरिकामा सक्रिय एक समुदाय-आधारित संस्था हो जसले नेपाल र संयुक्त राज्य अमेरिकामा सेवामूलक सामाजिक कार्यहरू गर्दछ । यसले नेपाली सामाजिक-सांस्कृतिक मूल्य प्रवर्धन गर्नुका साथै नेपाली भाषाको जगेर्ना, शैक्षिक क्षेत्रमा नेपालीका लागि सहयोग र संरक्षण गर्ने उद्देश्य लिएर निरन्तर काम गर्दछ ।

नेपाली संघ–संस्थाहरूको कमी थिएन । हप्तैपिच्छे विभिन्न स्थानमा विभिन्न कार्यक्रम भइरहन्थे । ती कार्यक्रममा सरिक हुन उत्सुक मनाससवासी नेपालीले धेरै लामो यात्रा तय गरिरहनु पर्थ्यो । प्रवासमा रहेर पनि नियमित तवरले नेपाली समुदायसित भेटघाट गर्ने र नेपाली कार्यक्रमहरूमा सामेल भइरहन पाइने अनि अथाह नेपालीपनमिश्रित आफ्ना भावनाहरू साटासाट गर्न पाइने भएकाले मनासस क्षेत्रका उत्साही युवाहरू हप्तैपिच्छे कहिले मेरील्यान्ड त कहिले फेयरफ्याक्स, कहिले आर्लिङ्गटन त कहिले सेन्टरभिल कार्यक्रमहरूमा धाइरहन्थे ।

त्यो थ्याङ्क्स गिभिङ डे भेला

यस्तो क्रमले नियमितता लिँदै गर्दा स्थानीय युवाबीच 'मनासस क्षेत्रमा नै आफैँले कार्यक्रम गर्न सम्भव हुँदैन र ?' भन्ने बहस र विचार पलाउन थाल्यो । यसका लागि छिट्टै गृहकार्य पनि सुरु भइहाल्यो । यस क्षेत्रका नेपालीहरूबीच विभिन्न माध्यम अपनाएर पहिचान बढाउने क्रम तीव्र हुँदै गयो । छुट्टीको बेला मिलाएर भेटवार्ता गर्ने र चिनजान बढाउँदै जाने अभियान अगाडि बढ्यो । यसकै परिणाम थियो– सन् २००८ नोभेम्बर २७ मा 'थ्याङ्क्स गिभिङ डे' का दिन स्थानीय व्यक्तिहरूकै आयोजनामा मनाससस्थित 'बेष्ट वेष्टर्न होटल'मा एक 'वृहत् जमघट' कार्यक्रम सम्पन्न भयो ।

भेलाले सागर कँडेलको अध्यक्षतामा अन्तरिम कार्य समिति बनाई त्यसलाई विस्तार गरी एक नयाँ संस्था खोल्ने र संगठन निर्माणलाई अभियानकै रूपमा सञ्चालन गर्ने निर्णय गऱ्यो । संस्थाको पहिलो बैठकले कार्य समितिको विस्तार गऱ्यो । संस्थालाई विधिवत मान्यता दिनका लागि संस्था दर्ता गर्ने गरी कार्य समितिको बैठकले निर्णय गऱ्यो । नयाँ संस्थाको नाम चयन गर्नका लागि जनसमुदायलाई नै आफूलाई उपयुक्त लागेको नाम पठाउन अनुरोध गरियो । अन्ततः 'अमेरिका नेपाल सहयोगी समाज' [America Nepal Helping Society (ANHS)] नाममा सबैको सहमति भयो । संस्थाको मुख्य उद्देश्यमा नेपालीहरूबीच पारस्परिक समन्वयको विस्तार, विद्यमान अन्य संघ–संस्थासँग आपसी सहयोग तथा सद्भाव कायम राख्ने, दसैँमा सामूहिक टीकाटालो, तीज महोत्सव आयोजना, नेपाली भाषागत शिक्षा, देशीय परम्परा तथा संस्कृतिलाई प्रवर्धन गर्ने र अमेरिकामा विशेषतः आफ्नो नेपाली परिचय बलियो गरी स्थापित गर्ने उद्घोष समेटिएको थियो ।

समग्रमा ६३ जना सहभागी रहेको त्यस पहिलो तथा ऐतिहासिक भेलामा उपस्थित सहभागीहरूलाई स्वागत जीवन तिवारीले गर्नुभएको थियो भने प्रमुख अतिथिका रूपमा समाजशास्त्री डा.अनुप पाहारीले र अन्य वक्ताका रूपमा क्रमशः विजय थापा, मधु पन्थी, रामप्रसाद खनाल, लक्ष्मी भट्टराई, टेकराज ज्ञवाली र ठाकुर पुडासैनीले नवगठित संस्थाले भविष्यमा गर्नुपर्ने कामबारे बोल्नुभएको थियो । कार्यक्रम कमल भट्टराईले सञ्चालन गर्नुभएको थियो । कार्यक्रम–कक्ष, कफी, खाजा र पानीको व्यवस्था–प्रायोजन सागर कँडेल र राजीव मैनालीले गर्नुभएको थियो ।

भेलाले दिएको म्यान्डेटअनुसार त्यसपछि पनि अलग–अलग भेला एवम् बैठकहरू भइरहे । अन्ततः भेलाले दिएका निर्णयहरू कार्यान्वयन गर्दै 'अमेरिका नेपाल सहयोगी समाज' कार्य समितिको गठन र विस्तार भएको थियो जसअनुसार संस्थाको पहिलो कार्य समितिमा अध्यक्ष सागर कँडेल, उपाध्यक्ष कमल भट्टराई, सचिव मुक्त पौडेल, सह–सचिव

ऋषि खनाल, कोषाध्यक्ष लक्ष्मी भट्टराई रहनुभएको थियो । यसै गरी सदस्यहरूमा क्रमशः प्रमोद भट्ट, ठाकुर पुडासैनी, कमला खरेल, टेकराज ज्ञवाली, मन्जु कार्की, विकास ओझा, हिमाली मल्ल, मीना पन्थी, हेमन्त अधिकारी, इन्द्र श्रेष्ठ, देवेन्द्र पराजुली, प्रकाश सुवेदी, इश्वरी पौडेल, बोधराज शर्मा, बाबुराम शर्मा र मन्दिरा मैनाली रहनुभएको थियो । नवनिर्वाचित कार्य समितिको प्रथम बैठकले समाजको नयाँ विधान निर्माण गर्नुका साथै कार्य समितिको कार्यावधि दुई वर्ष कायम गर्ने निर्णय गरेको थियो । काम गर्ने सिलसिलामा सोही कार्यसमितिले निरन्तरता पाउँदै रह्यो र करिब थप सात वर्ष लगातार काम गरिसकेपश्चात् सन् २०१५ अप्रिलमा संस्थाको साधारण सभा आयोजना भयो जसले पदम रेग्मीको अध्यक्षतामा नयाँ (तथा दोस्रो) कार्य समितिको चयन गऱ्यो र पुरानोबाट नयाँ कार्य समितिमा नेतृत्व-जिम्मेवारी हस्तान्तरण भएको थियो ।

अमेरिका नेपाल सहयोगी समाज वासिङ्गटन डिसीनजिक उत्तरी भर्जिनियामा स्थापित गैर-नाफामुखी संस्था हो । अमेरिकी कानुनमा रहेको ५०१ सी (३) प्रावधानअन्तर्गत दर्ता भएको यस संस्थाको स्थापना सन् २००८ मा भएको हो । यो संयुक्त राज्य अमेरिकामा सक्रिय एक समुदाय-आधारित संस्था हो जसले नेपाल र संयुक्त राज्य अमेरिकामा सेवामूलक सामाजिक कार्यहरू गर्दछ । यसले नेपाली सामाजिक-सांस्कृतिक मूल्य प्रवर्धन गर्नुका साथै नेपाली भाषाको जगेर्ना, शैक्षिक क्षेत्रमा नेपालीका लागि सहयोग र संरक्षण गर्ने उद्देश्य लिएर निरन्तर काम गर्दछ ।

प्रारम्भिक सामुदायिक कार्यक्रमहरू

संस्था स्थापना र नयाँ कार्य समिति गठनपछि डिसी क्षेत्रमा बढ्दो नेपाली समुदायलाई समेटी वार्षिक पिकनिक, तीज कार्यक्रम, देउसी-भैलो, स्वास्थ शिविर सञ्चालनसमेत विभिन्न कार्यक्रमका साथै समुदायलाई फाइदा हुने खालका सेमिनारहरू, सामाजिक व्यक्तित्वलाई चिनाउने गतिविधिहरू पनि निरन्तर भइरहे । खासगरी वार्षिक हरितालिका तीज कार्यक्रम आयोजनाहरू सहभागिताका दृष्टिले विशेष उल्लेखनीय रहँदै आएका छन् । संस्थाको यस कार्यक्रममा रातो सारी, हरिया-राता चुरा र पोते, आकर्षक गरगहना आदिसमेतको पहिरनमा सजिएका दिदीबहिनीहरू सयौंको संख्यामा भेला भएर 'बरी लै...' को परम्परागत नेपाली शैलीमा नृत्य गर्दै रमाइहेको दृश्य आफैंमा अभूतपूर्व रहने गर्दछ । बालबालिका, युवा तथा पुरुषहरूसमेतको उल्लेखनीय उपस्थिति र पूर्ण सहयोग प्राप्त भइरहने हुँदा त्यस काइक्रममा रोचकता अझ थपिएको महसुस हुन्छ । भेटघाट, गीत र नृत्यका साथै खीर, सेलरोटी र अचारको पकवान पनि सँगै उपलब्ध गराइने हुँदा तीज कार्यक्रम अमेरिकामा मनाइरहेको भए पनि विशिष्ट नेपाली मौलिक स्वरूपमा प्रकटित भइरहेको हुन्छ ।

संस्थाको एउटा नीति दुर्घटना वा गम्भीर समस्यामा परेका सदस्य-परिवारलाई आर्थिक सहयोग गर्ने पनि हो । यसअन्तर्गत, दुःखद निधन भएका स्व. विष्णुहरि भण्डारीका लागि सन् २०१५ जनवरीमा संस्थाको तर्फबाट १ हजार ८ सय ७३ डलर प्रदान गरिएको थियो । यसै गरी तत्कालीन बिबिसी नेपाली सेवाका पत्रकार रवीन्द्र मिश्रले सञ्चालन गरेको 'हेल्प नेपाल नेटवर्क' लाई पनि सामाजिक सेवाका लागि १ हजार ५ सय डलर सहयोग पठाइएको थियो ।

यस अतिरिक्त, एएनएचएसले समान उद्देश्य भएका अन्य सामाजिक संघ-संस्थाहरूसित हातेमालो पनि गर्दै आइरहेको छ । सोही क्रममा नेपाल एजुकेशनल कल्चरल सेन्टर (Nepal Educational Cultural Center) नेकको मेरील्यान्डमा नेपाली मन्दिर निर्माण गर्ने योजनालाई सहयोग गर्नका लागि नेपाली नयाँ वर्ष २०६६ को उपलक्ष्यमा सन् २००९ को अप्रिल २६ मा मनाससमा एक भव्य सांस्कृतिक कार्यक्रम र पट-लक पिक्निक सफलतापूर्वक सम्पन्न भएको थियो । त्यस अवसरमा उक्त कल्चरल सेन्टरको सहयोगार्थ उठेको रकम १३ हजार डलर ७२ सेन्ट एक कार्यक्रमको आयोजना गरी समाजका अध्यक्ष सागर कँडेलले नेक अध्यक्ष डा.महेन्द्र कार्कीलाई हस्तान्तरण गर्नुभएको थियो । नेक अध्यक्षले कार्यक्रमको सराहना गर्दै एएनएचएसलाई नेकको नयाँ 'बोर्ड अफ ट्रस्टी' का रूपमा स्वागत गर्नुभएको थियो ।

महाभूकम्पमा एएनएचएसको राहत सहयोग

नेपालमा नयाँ वर्ष २०७२ को सुरुआतमै (वैशाख १२ गते/सन् २०१५ अप्रिल २५) ७.८ रिक्टर स्केलको विनाशकारी महाभूकम्प गयो र त्यसबाट करिब नौ हजार मानिसको ज्यान गयो भने अन्य दुई लाखभन्दा बढी मानिस घरबारविहीन हुन पुगेका थिए ।

एएनएचएसले आयोजना गरेका कार्यक्रममध्ये प्रलयकारी महाभूकम्पबाट भएको धनजनको महाक्षतिबाट मर्माहत नेपाली समुदायलाई अमेरिकाबाट नेपालमै गएर सहयोग गरेर फर्किआएको 'रेस्क्यू टिम'

को सम्मानमा मनासस सन् २०१५ जुन महिनामा आयोजित कार्यक्रम अत्यन्तै सराहनीय अवसर रह्यो । महाभूकम्प र त्यसले पारेको दुःखद प्रभावसम्बन्धी खबर सुनेलगत्तै समाजको कार्य समितिको आपतकालीन बैठक डाकेर कसरी भूकम्पपीडित स्वदेशवासीलाई सहयोग गर्न सकिन्छ भन्ने सम्बन्धमा गहन विचार-विमर्श भएको थियो । त्यो पहिलो बैठकबाटै करिब पच्चीस हजार डलर सहयोग राशि उठाउन सकिएको थियो । संस्थाका अध्यक्ष सागर कँडेल र समाजसेवी पदम रेग्मीले 'वास्तविक पीडितलाई राहत वितरण गर्न तथा पुनर्वास निर्माण कार्यमा सघाउन निजी खर्चमा नै नेपाल जान तयार रहेको' प्रतिबद्धता दर्साउनुभयो र सोही मुताबिक अमेरिका नेपाल सहयोगी समाजको प्रतिनिधित्व गर्दै उहाँहरू नेपाल जानुभयो । हप्ता दिन नबित्दै एयरपोर्टमा राष्ट्रिय गीत गाएर उहाँहरूलाई नेपालका लागि विदाइ गरिएको थियो ।

यता अमेरिकामा संस्थाका सदस्यहरूले आ-आफ्नो तवरबाट सक्दो रकम सहयोग गर्न जनसमुदायमा सक्रिय अपिल गर्ने कार्यक्रम अगाडि बढाइयो । त्यस बखत सम्भव भएसम्मका सबैजनासित सहयोग

महाभूकम्पपीडितलाई एएनएचएसको राहत-सहयोगबारे नेपाली सञ्चार-माध्यम :

अमेरिका नेपाल सहयोगी समाजद्वारा सिपापोखरे गाविसलाई खाद्यान्न वितरण

सिपापोखरेलाई 'नो हंगर' घोषणा

कमाण्डर पोष्ट
सिन्धुपाल्चोक

भूकम्पबाट पीडित सिन्धुपाल्चोकको सिपापोखरे गाविसलाई 'नो हंगर' गाविस घोषणा गरिएको छ । अमेरिकामा बसोबास गर्ने नेपालीहरुको पहलमा अमेरिका नेपाल सहयोगी समाज अमेरिकाले उक्त गाविसका ९ सयभन्दा बढी घर धुरीलाई समान रुपले खाद्यान्न उपलब्ध गराई तत्कालका लागि उक्त घोषणा गरेको हो । समाजले प्रतिपरिवार ३० केजी चामल, दाल, टेन्ट, पाल, कम्मल, नुन र तेललगायतका सामग्रीहरु उपलब्ध गराएको बताएका छन् ।

समाजले प्रतिपरिवार ३० केजी चामल, दाल, टेन्ट, पाल, कम्मल, नुन र तेललगायतका सामग्री उपलब्ध गराएको छ । विनाशकारी महाभूकम्पबाट उक्त गाविसमा हालसम्म ६० जनाले ज्यान गुमाएको पुष्टि भइसकेको र ९० प्रतिशतभन्दा बढी घर पूर्ण रुपले ध्वस्त भएका छन् ।

चिकित्सक टोलीसहित सिपापोखरे पुगेको टोलीलाई स्थानीय सिन्धु उत्थान केन्द्रले राहत वितरणमा सहयोग गरेको थियो । राहत वितरण टोलीले तीन दिने स्वास्थ्य शिविर पनि सञ्चालन गरेको थियो । 'भूकम्पबाट पीडित दाजुभाई देखेर अमेरिका बस्नै मन लागेन, आफ्नै साथीभाइहरुको सहयोगमा रकम जुटाएर राहत वितरण गर्न नेपालसम्म आएका हौं, यस गाविसका भूकम्पपीडितको घाउमा थोरै भएपनि मलम लगाउन सफल भएको ठानेका छौं,' अमेरिकाबाटै राहत वितरणका लागि भनेर आएका समाजका प्रतिनिधि पदम रेग्मीले भने । स्थानीय युवाको सहयोगका कारण नै आफूहरुले राहत वितरण राम्रोसँग गर्न सकेको समाजका अध्यक्ष एवं प्रतिनिधि सागर कँडेलले बताए । कँडेलले स्थानीयस्तरमा नै पुगेर सबैलाई समानरूपले राहत वितरण गर्न सघाएकोमा सिन्धु उत्थान केन्द्रलाई धन्यवाद दिँदै समाजका तर्फबाट केन्द्रलाई १ लाख नगद दिने घोषणासमेत गरे ।

अमेरिकादेखि आएर हाम्रो गाविसलाई नै राहत वितरणका लागि छानेकोमा समाजलाई धन्यवाद दिँदै सिन्धु उत्थान केन्द्रका अध्यक्ष राज भट्टराईले समाजप्रतिको दायित्व भएका कारण नै सहयोगी हातहरूलाई सघाउन स्थानीय युवा परिचालन गरिएको बताए । उनले कतिपय गाविसमा पीडितहरूले भन्दा अन्य व्यक्तिहरूले नै राहत पाएको भन्ने सुनिएको भए पनि यहाँ कोही नदोहोरिउन्, कोही नछुटुन् भन्ने नाराका साथ राहत वितरण गरिएको बताए । उनले थपे, 'कम्तीमा २० दिनका लागि यस गाविसका कसैले पनि भोकै बस्न र खुला आकाशमा रात बिताउनुपर्ने छैन, सम्भवतः कम्तीमा २० दिनका लागि भएपनि सिपापोखरे नै नेपालको पहिलो 'नो हंगर' गाविस हो ।'

'भूकम्पबाट पीडित दाजुभाई देखेर अमेरिका बस्नै मन लागेन, आफ्नै साथीभाइहरूको सहयोगमा रकम जुटाएर राहत वितरण गर्न नेपालसम्म आएका हौं, यस गा.वि.स.का भूकम्पपीडितको घाउमा थोरै भए पनि मलम लगाउन सफल भएको ठानेका छौं,' अमेरिका नेपाल सहयोगी समाजका अर्का प्रतिनिधि पदम रेग्मीले बताए । सिन्धुपाल्चोकमा राहत वितरण गरेर फर्किएको समाजले दोलखा र धादिङका विभिन्न स्थानमा पनि नेपालका प्रतिनिधिहरूमार्फत राहत पठाइसकेको उनले बताए ।

प्रकाशन मिति- *बिहीबार, २४ वैशाख २०७२ (Thursday, 7 May, 2015/www.nayapage.com)*

विनाशकारी भूकम्पको १३औं दिनमा दीप प्रज्ज्वलन गरियो

भर्जिनिया । गत वैशाख १२ गते नेपालमा गएको विनाशकारी महाभूकम्पबाट दिवंगत भएकाहरूको स्मृतिमा भर्जिनियामा दीप प्रज्वलन गरियो ।

अमेरिका नेपाल सहयोगी समाज, डिसी नेपाली समाजको आयोजनामा गरिएको दीप प्रज्वलन कार्यक्रम एक मिनेट मौनधारण गर्दै हज़ारौं घाइतेहरूको स्वास्थ्य लाभको कामना गर्दै सुरु भएको थियो । सो कार्यक्रममा डिसी मेट्रो वरपर बस्ने समुदायको उल्लेख्य उपस्थिति रहेको थियो । पन्डित राजेन्द्र खनाल र उमानाथ पन्थीबाट मन्त्र उचारण गरेर सुरु भएको छोटो कार्यक्रम कविन्द्र सिटौलाले सन्चालन गर्नुभएको थियो ।

संस्थाको तर्फबाट कमल भट्टराईले मातृभूमि पुगेर दिनरात खटिनुभएका संस्थाका साथीहरूको महान कार्यको स्मरण गर्दै भविष्यमा अझ सहयोग गर्ने बताउनुभयो । समाजसेवी ददि ढुंगानाले पहिला हामी नेपाली भन्दै दिवंगत भएकाहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभयो । 'अस्तित्व तिम्रो जोगाइराख्छौं, दिँदैनौं टुट्नलाई, पुकार एउटै देश-विदेश बस्ने नेपाली जुट्नलाई' नेपाल आमाप्रति समर्पित कमला खरेलबाट रचित र वाचित यस कविताले उपस्थित सम्पूर्णलाई रुवाउन बाध्य बनाएको थियो ।

'हामी नेपाली हौं, चिनेनौ तिमीले (भूकम्पलाई), अब हामी प्रत्येक घाउहरूलाई मलम लगाउँछौं' भन्दै कविन्द्र सिटौलाले अर्को जोशिलो कविता सुनाउनुभयो । उक्त शोक सभामा शोक-मन्तव्य राख्दै योगगुरु ललितशंकर योगीले 'देश शोकमा डुबेको छ । लाखौं मानिस घरबारविहीन भएका छन्, हजारौं टुहुरा भएका छन्, यो समय सम्पूर्णमा दिल खोलेर सहयोग गर्नु पर्छ, सेवा नै परमो धर्म हो' भन्नुभयो । कार्यक्रमको अन्तमा मधु पन्थीले सागर कँडेल र पदम रेग्मीलाई विशेष धन्यवाद दिँदै 'संस्थाले व्यक्ति नै पठाएर प्रभावित ठाउँमै पुगेर राहत वितरण गरेकोमा' आफू र संस्था गौरवान्वित भएको बताउनुभयो ।

नागरिक न्युज डटकम (प्रकाशन मिति : ०५/०७/२०१५)

माग्न पटक्कै संकोच वा लाज-सरम मानिएको थिएन । अमेरिकन भारतीयहरूले पार्कमा कार्यक्रम गरिरहेका हुन्थे भने एएनएचएस सदस्यहरू त्यस पार्कको गेटमा सहयोग मागिरहेका हुन्थे । स्थानीय सेभेन इलेभन स्टोरहरूमा डोनेसन बक्स राख्ने काम पनि भएका थिए । यसको फलस्वरूप भूकम्प-पीडितहरूका लागि विभिन्न संघ-संस्था तथा व्यक्तिहरूबाट गरी जम्मा ७२ हजार ७ सय ७६ डलर रकम संकलन गर्न समाज सफल भएको थियो । नेपाल पुगेका समाजका प्रतिनिधिहरू काठमाडौं, सिन्धुपाल्चोक, दोलखा, नुवाकोट र गोरखा जिल्लाका विभिन्न ठाउँहरूमा पुगी चामल, नुन, दाल, तेल, टेन्ट, कम्बल आदि वितरण गर्न तल्लीन हुनुहुन्थ्यो । एएनएचएस टोलीले नेपाल रेडक्रस सोसाइटीसँग समन्वय गरी काठमाडौंमा रक्तदान कार्यक्रमको आयोजना पनि गरेको थियो जसमा समाजका प्रतिनिधि सागर कँडेल र पदम रेग्मीलगायत अन्य पैंतीसजनाले रक्तदान गर्नुभएको थियो । त्यसरी नेपालका भूकम्प-पीडितलाई प्रत्यक्ष सहयोग गर्ने काममा एएनएचएस टोलीलाई डा.मदन उप्रेती, डा.दीक्षान्त प्रसाईं, डा.सुबीन श्रेष्ठ, प्रदीप रिजाल, विष्णु पन्थी, मणिराम कँडेल, सुन्दरप्रसाद पान्डे, रोबिन दाहाल, शंकर कँडेल, निकुन्ज कँडेल, नवीन शर्मालगायतले धेरै सघाउनुभएको थियो ।

एएनएचएस टोलीले 'सिन्धु उत्थान केन्द्र' लाई सामूहिक खाद्यान्न भन्डारण केन्द्र निर्माणका लागि नगद एक लाख रूपैयाँ र 'पवित्र समाज सेवा' लाई भूकम्प-पीडित भई अभिवावकविहिन बनेका बालबालिकाको पालन, पोषण र शिक्षा दिने अभियानका लागि नगद दुई लाख प्रदान गरेको थियो ।

भूकम्पबाट सम्पूर्ण प्रभावित क्षेत्रमा पुगी राहत वितरण गर्न असम्भवप्रायः नै भएकाले अमेरिका नेपाल सहयोगी समाजको भूकम्पपीडित राहत वितरण कार्यक्रम सम्पन्न गर्नका लागि विभिन्न छवटा समूह गठन गरी सरकारी निकायको सहजीकरण र समन्वय समूहको संयोजकत्वमा त्यतिबेलासम्म राहत नपुगेका एवम् बढी प्रभावित क्षेत्रहरू समेट्दै निम्न

स्थानहरूमा राहत वितरण भएको थियो–

(क) सिपापोखरे गाविस, सिन्धुपाल्चोक
(ख) जफे गाविस वडा नं. ४, दोलखा
(ग) तलाखु गाविस, नुवाकोट
(घ) लालीगुराँस प्राबि, मेलम्ची–८, सिन्धुपाल्चोक
(ङ) रक्तदान कार्यक्रम, काठमाडौं
(च) पालुङटार–८, गोरखा
(छ) पवित्र समाज सेवा, काठमाडौं

कमला खरेल

श्रद्धान्जली र संकल्प

आँसुको तालमा डुब्दैछ आज नेपाली परिवार
शोकलाई अब शक्तिमा सारौं यस्तै छ संसार
मृतआत्माको गर्दछौं चीरशान्तिको कामना
घाइतेहरूमा गर्दछौं शीघ्र स्वास्थ्यको कामना
घाइते बनी बसेकी आमा सक्दनौं हेर्नलाई
संकल्प हामी गर्दछौं उनको मुहार फेर्नलाई
थाक्दैनौं हामी हार्दैनौं हामी हे आमा नेपाल
तिमीलाई सुन्दर बनाउने कोसिस छ हर पल
अस्तित्व तिम्रो जोगाइराख्छौं दिँदैनौं टुट्नलाई
पुकार एउटै देश-विदेश बस्ने नेपाली जुट्नलाई
ठीक पार्छौं अब रुझेका आँखा दुखेको मनलाई
एउटै छ लक्ष्य बनाउने राम्री हे आमा तिमीलाई !

००

हेमार्केट, भर्जिनिया

(नेपालको महाभूकम्पमा दिवंगत भएकाहरूको स्मृतिमा १३औं दिनमा भर्जिनियामा आयोजित दीप प्रज्वलन कार्यक्रममा वाचित कविता)

(झ) बाघभैरव उच्च मावि, ठोकर्पा, सिन्धुपाल्चोक
(ञ) मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक
(ट) तारकेश्वर नगरपालिका, काठमाडौं

डिसीबाट नेपाल गएको उक्त एएनएचएस राहत टोली करिब तीन हप्ता त्यहाँ रही भूकम्पबाट निकै क्षति भएका जिल्ला तथा गाउँमा राहत सामग्री वितरण गर्दै, स्वास्थ्य परीक्षण गर्दै र रक्तदान कार्यक्रमसमेत गरेपछि तथा अन्य सम्भव सहयोग गरी अमेरिका फर्केको थियो । उक्त एएनएचएस टोलीले अमेरिका फर्कनुअगाडि तत्कालीन राष्ट्रपति रामवरण यादव तथा प्रधानमन्त्री सुशील कोइरालासँग भेट गरी एएनएचएस टोलीले वितरण गरेको राहत र अय सहयोगका बारेमा विस्तृत जानकारी गराएको थियो ।

भूकम्प-पीडितहरूका लागि एएनएचएसको पहलमा विभिन्न संघ-संस्था तथा व्यक्तिहरूबाट उठाइएको कुल अर्थ संकलन ७२ हजार ७ सय ७६ डलर रकममध्ये उक्त टोलीले नेपाल लगेको बाहेक बाँकी रहेको रकम ३२ हजार ५ सय ९९ डलर (करिब ३२ लाख ६ हजार नेपाली रूपैयाँ) वासिङ्गटन डिसीस्थित नेपाली दूतावासलाई चेक हस्तान्तरण गरिएको थियो । यसका लागि एक संक्षिप्त कार्यक्रम आयोजना गरी एएनएचएस अध्यक्ष सागर कँडेल र संस्थापक-सदस्य मधु पन्थीले संयुक्त रूपमा दूतावासका मिनिस्टर र उप-नियोग प्रमुख ऋषिराम घिमिरेलाई संयुक्त रूपमा उक्त चेक प्रदान गर्नुभएको थियो । कार्यक्रममा मनासस क्षेत्रका लागि डेलिगेट बब मार्सल र कांग्रेसम्यान रब बिटम्यानको पनि उपस्थिति थियो । नेपाली समुदायका ९४ वर्षीय उदयराज बस्ताकोटीले उहाँहरू दुवैजनालाई नेपाली ढाका टोपी लगाई सम्मान गर्नुभएको थियो ।

नेपालीपन जगेर्नाको आकांक्षा

यस अतिरिक्त, मनासस र आसपास बसोबास गर्ने नेपाली समुदायका बालबालिकाहरूका लागि भाषा, संस्कृति, नैतिक शिक्षा तथा नेपाल परिचयसम्बन्धी कक्षा कसरी सञ्चालन गर्ने भनेर गहन छलफल चलाइएको थियो । सोही क्रममा नेपाली स्कुलका रूपमा 'अमेरिका नेपाल शिक्षा सदन' (एएनएचएस एकेडेमी) खोल्ने निर्णय गरिएको थियो । पछि, त्यसै निर्णयअनुरूप पदम रेग्मी अध्यक्ष रहेको नयाँ कार्य समितिले सन् २०१६ फेब्रुअरी १२ तारिखदेखि हप्तामा एक दिन बिहान १०:०० देखि १२:०० बजेसम्म उक्त नेपाली स्कुल सञ्चालन गर्न थालेको हो । उक्त स्कुल त्यसदेखि यता हालसम्म निरन्तर रूपमा चलिरहेको छ ।

यसैबीचमा एएनएचसलाई वैधानिक एवम् औपचारिक स्वरूप प्रदान गर्नेतर्फ पनि प्रयास अगाडि बढाइएको थियो । त्यस क्रममा खासगरी मधु पन्थी र तिलक खरेल दुईजनाको विशेष सक्रियतामा एएनएचएसलाई राज्य कानुनअन्तर्गत ५०१ सी (३) मा दर्ता गर्ने र आइआरएसअन्तर्गत सूचीकृत गरी कर दाखिला गर्ने कार्यको पनि सुरुआत भएको थियो ।

निःसंदेह, सन् २००८ मा स्थापना भएको अमेरिका नेपाल सहयोगी समाज (एएनएचएस) सन् २०१५ सकिन लाग्दा-नलाग्दै ग्रेटर वासिङ्गटन डिसी महानगर क्षेत्रको एउटा सशक्त सामाजिक संस्था बन्न सफल भएको हो । यस संस्थाको अहिलेसम्मको कुशल नेतृत्व, सबै सदस्यहरूको समर्पित सेवाभाव र यस क्षेत्रका मनकारी सहयोगी जनसमुदाय सबैको संयुक्त प्रयासमा एएनएचएसले यति छिटै यसरी लामो भन्न सकिने बाटो तय गर्न सकेको हो । हामीले सुरुआती कार्यकालमा सबै व्यक्ति तथा संस्थालाई 'सकिन्छ सहयोग गर्ने, र, यदि सकिँदैन भने कसैलाई पनि असहयोग नगर्ने' नीति पालना गरेका थियौं । यस क्षेत्रमा बढ्दो नेपाली जनसंख्यालाई मध्यनजर गर्दै यसै स्थानमा हाम्रो जातीय समुदायका लागि आफ्नै भवन भए कति राम्रो हुन्थ्यो होला भन्ने सोचाइ आएर जग्गा हासिल गर्नेतर्फ पनि त्यतिबेला केही पाइला चालिएको थियो । सबैको भावनाअनुरूप र सबैलाई पायक पर्ने किसिमका स्थलहरू रेखांकित (सर्ट-लिस्टेड) गर्ने कामको श्रीगणेश पनि गरिएको थियो ।

एएनएचएस समाजको स्थापना हुनुभन्दा अगाडि केही कुनै नेपाली कार्यक्रम आयोजना नहुने यो क्षेत्र सन् २०१५ आउँदासम्म नेपाली कार्यक्रम हुने 'हट क्षेत्र' का रूपमा विकास भैसकेको थियो भन्न पाउँदा हामीलाई कम्ती गर्वानुभूति हुँदैन । स्थानीय समुदायले नेपाली कार्यक्रमप्रति निरन्तर देखाइरहने सुझबुझपूर्ण चासो र संस्थाले समर्पित सेवाभावपूर्वक गरिरहने समुदाय-उपयोगी उदाहरणीय काम नै एएनएचएसको गोरेटोलाई राजमार्गमा परिणत गर्ने आधार हुन् । हजारौं माइल लामो यात्रामा यी त हाम्रा केही सुरुआती पाइलाहरू मात्र थिए । त्यसपछिका कार्यकालका नेतृत्वहरूले ती पाइलाहरूलाई निरन्तर र झन् प्रभावकारी रूपमा अगाडि बढाइरहनुभएको छ, बढाइरहनु हुनेछ ।

००

(लेखकमध्ये कँडेल एएनएचएसका संस्थापक-अध्यक्ष, भट्टराई संस्थापक-उपाध्यक्ष र पौडेल संस्थापक-सचिव हुनुहुन्छ)

अमेरिका नेपाल सहयोगी समाज
दोस्रो कार्य समिति
(सन् २०१५-२०१७)

पदमराज रेग्मी
अध्यक्ष

केदारप्रसाद तिम्सिना
उपाध्यक्ष

मुक्त पौडेल
उपाध्यक्ष

राजन घिमिरे
सचिव

कमला खरेल
सह-सचिव

पिताम्बर भट्टराई
कोषाध्यक्ष

रोम ज्ञवाली
सदस्य

यज्ञप्रसाद चापागाई
सदस्य

विजय ओझा
सदस्य

इन्द्र श्रेष्ठ
सदस्य

जानु ओझा
सदस्य

हेलिकन सिटौला
सदस्य

सुनीता सुवेदी
सदस्य

जगन्नाथ शर्मा
सदस्य

उत्तम गौतम
सदस्य

एएनएचएस एकेडेमीको सुरूआत र अन्य प्रगति

पदमराज रेग्मी

हिजो जस्तै लाग्छ, अमेरिका नेपाल सहयोगी समाज स्थापनाको अवधारणा विकास हुँदै गरेको बेला त्यो उद्देश्य पूरा गर्ने अभियानको एक सक्रिय अगुवा म पनि थिएँ। स्थापनाको केही वर्षपछि त्यसको एक कार्यकाल अध्यक्ष भएरसमेत काम गरिसकेको पनि अहिले त आधा दशक नै बितिसकेको छ। जहिले पनि र जहाँसुकै पनि सुरुआती कार्यकाल र सुरुआती वर्षहरू चुनौतीपूर्ण हुन्छन्। नयाँ संस्था, नयाँ योजना, नयाँ कार्यक्रम, नयाँ दृष्टिकोण र ती सबैलाई कार्यान्वयनमा रूपान्तरित गर्नुपर्ने प्रबल हाँक- सुरुआती वर्षहरूमा मूल रूपले सामना गर्नुपर्ने कुराहरू हुन्। संस्थालाई छहारीमय विशाल पीपलका रूपमा विकास गर्दै लाने अथवा एक सामान्य एवम् निर्बल वृक्षका रूपमा रहिरहन दिने भनेर निर्क्यौल गरी अगाडि बढ्ने सम्बन्धमा यो अवस्था आफैंमा एक हिम्मतिलो अवसर पनि हुने गर्छ। प्रसन्नता र गौरवको कुरा, अमेरिका नेपाल सहयोगी समाजले सुरुदेखि नै आफूलाई विशाल पीपलबोट बनाउने मार्ग अख्तियार गर्दै आयो। यस कारण समाज आफ्नो सुरुआती वर्षहरूदेखि नै समुदायमा आधारित रहँदै समुदायसितै जोडिएर समुदायका निम्ति काम गर्दै सफलतासाथ अगाडि बढ्दै आएको छ।

पदभार ग्रहण नगरेको भए पनि म समाज र त्यसका गतिविधिमा सुरुदेखि नै सक्रिय रूपले आबद्ध हुँदै आएको हुँ। संयोग कस्तो पऱ्यो भने हाम्रो कार्य समितिले पदभार ग्रहण गर्ने बेलाभन्दा ठिक केही अघि नेपालमा नयाँ वर्ष २०७२ को सुरुआतमै (वैशाख १२ गते/सन् २०१५ अप्रिल २५) ७.८ रिक्टर स्केलको विनाशकारी महाभूकम्प गयो र त्यसबाट करिब नौ हजार मानिसको ज्यान गयो भने अन्य दुई लाखभन्दा बढी मानिस घरबारविहीन हुन पुगेका थिए। समाजले त्यो प्रलयकारी महाभूकम्पबाट प्रभावित भएका नेपाली जनसमुदायलाई यथाशक्य प्रत्यक्ष रूपमै भेटेर सक्दो सहयोग गर्ने निर्णय लिएको थियो। त्यस निर्णयअनुरूप तत्कालीन अध्यक्ष सागर कँडेल र म दुईजना भई समाजको प्रतिनिधित्व गर्दै नेपाल गएका थियौं र घोषित योजनामुताबिक भूकम्प-प्रभावित विभिन्न जिल्ला पुगी पीडितहरूलाई खाद्यान्न, जिन्सी, औषधि, अत्यावश्यक नगद आदि उपलब्ध गराएका थियौं।

उक्त जिम्मेवारी पूरा गरी नेपालबाट फर्केपछि भर्जिनियाको फेयरफ्याक्स फायर रेस्क्यू टिम अनि नेपाल गई महाभूकम्पमा प्रत्यक्ष सेवा गर्ने व्यक्तिहरूलाई अमेरिका नेपाल सहयोगी समाजले जुन २०१५ मा संस्थागत तवरबाटै हार्दिक सम्मान गऱ्यो। र, त्यसै दिन हाम्रो नयाँ कार्य समितिले औपचारिक तवरबाट पदभार पनि ग्रहण गऱ्यो। वासिङ्गटन डिसीस्थित नेपाली दूतावासको प्रत्यक्ष रोहबरमा भूकम्प राहत कोषबाट नेपाल लगिएकोबाहेक बचेको राहत रकम दूतावास प्रतिनिधि ऋषि घिमिरेलाई हस्तान्तरण गरिएको थियो। संस्थाका सचिव राजन घिमिरेको विशेष सक्रियता र पहलमा आयोजित उक्त कार्यक्रममा भर्जिनिया राज्यबाट प्रतिनिधित्व गर्ने रिपब्लिकन कङ्ग्रेसम्यान रब विटम्यानको पनि विशेष उपस्थिति थियो।

टिपिएस साक्षात्कार कार्यक्रम

त्यो प्रलयकारी महाभूकम्पपछि अमेरिकी सरकारले नेपालीलाई दिएको विशेष सुविधा टिपिएस (टेम्पोरेरी प्रोटेक्टेड स्टाटस) का बारेमा स्थानीय नेपाली दाजुभाइ दिदीबहिनीहरूमा अन्योल सिर्जना भइरहेको महसुस गरी अमेरिका नेपाल सहयोगी समाजको अगुवाइमा ९ जुलाई २०१५ मा भर्जिनियाको मनाससमा एक विशेष साक्षात्कार कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा युएसआइएस (युएस सिटिजनसिप एन्ड इमिग्रेसन सर्भिसेज) पब्लिक अफेयर्स अफिसर जोनी ए फरेरा, युएसआइएस मिडिया डिभिजन अफिसर टिपिएस (टेम्पोरेरी प्रोटेक्टेड स्टाटस) मामिला हेर्ने रिजनल कम्युनिटी रिलेसन अफिसर ग्लोरिया विलियम्स-ब्रेवार्ड, भर्जिनियाका सिनेटर मार्क आर वार्नरको अफिसबाट आउटरिच रिप्रजेन्टेटिभ मिस आन्ह सी फानसमेत उपस्थित भई टिपिएसका बारेमा विशेष जानकारी दिनुभएको भयो। कार्यक्रममा यस क्षेत्रमा कार्यरत कानुन व्यवसायीहरूको पनि बाक्लो उपस्थिति थियो। त्यो कार्यक्रम स्थानीय नेपाली समुदायका लागि प्रत्यक्ष सहयोग पुग्ने गरी अत्यन्त उपयोगी प्रमाणित भएको थियो।

स्वास्थ्य शिविरको सुरूआत

हाम्रो कार्य समितिले जुलाई २०१५ देखि प्रत्यक्ष स्वास्थ्य सेवासम्बन्धी आवधिक स्वास्थ्य शिविर सेवा सञ्चालनको सुरुआत गऱ्यो। यसले गर्दा समुदायमा बसोबास गरिरहेका तर स्वास्थ्य बिमा नभएकाहरू प्रत्यक्ष रूपले लाभान्वित हुनुभएको थियो। अमेरिका नेपाल सहयोगी समाजको आयोजनामा पहिलोपटक भर्जिनियाको मनाससमा २०१६ जुलाई ३० मा भव्य स्वास्थ्य शिविर सम्पन गरिएको थियो। स्वास्थ्य

शिविरमा डिसी मेट्रो क्षेत्रका ८० जना बिरामीको निःशुल्क स्वास्थ्य परीक्षण गरी आवश्यक परामर्श दिइनुका साथै रक्त जाँचसमेत गरिएको थियो । शिविरमा विशेष गरी स्वास्थ्य बिमा नभएका, जेष्ठ नागरिक र अझ स्वास्थ्य परामर्श लिन चाहने व्यक्तिहरूले शारीरिक निस्क्रियता, मोटोपना, असन्तुलित खानपान, मदिरा तथा धूमपानको प्रवृत्ति, मानसिक तनाव, मधुमेह, उच्च रक्तचाप, हृदयाघात तथा अन्य विभिन्न समस्याहरूबारे प्रश्न सोध्नुभएको थियो ।

उक्त स्वास्थ्य शिविरका लागि भवन तथा स्वास्थ्य-सामग्री निःशुल्क उपलब्ध गराइदिनुभएकोमा संस्थाका संरक्षक मधुसुदन पन्थी र अल्टमेट मेडिकल सेन्टरलाई विशेष धन्यवाद ज्ञापन गरिएको थियो । अमेरिका नेपाल सहयोगी समाजले प्रदान गर्ने गरेका सेवामूलक कार्यक्रममध्ये यो स्वास्थ्य शिविर दोस्रो हो । यो स्वास्थ्य शिविर एक वार्षिक कार्यक्रम हो र यो निरन्तर जारी पनि छ । यहाँनिर, यसरी स्वास्थ्य शिविर सञ्चालनमा समाजका संरक्षक मधु पन्थी र सल्लाहकार तिलक खरेलको सहयोग अविस्मरणीय रहेको तथ्य पनि कृतज्ञतासहित स्मरण गर्न चाहन्छु । अवस्था प्रतिकूल नरहेको अवस्थामा प्रतिवर्ष जुलाईमा यो स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन हुने गर्दछ ।

तीज महोत्सव

नेपाली महिलाहरूको महान चाड तीज र यससम्बन्धी सांस्कृतिक जमघटको कार्यक्रम समाजको सुरूआतकालदेखि नै आयोजना हुँदै आएको हो । म अध्यक्ष रहेको कार्यकालमा पनि दुई वर्ष अर्थात् सन् २०१५ र २०१६ मा पनि तीज कार्यक्रम भव्य र सभ्य तरिकाले हर्षोल्लाससाथ सम्पन्न भएको थियो । यस क्रममा कार्यक्रममा सहभागी भएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइ अनि बालबालिका सबैलाई सेलरोटी, अचार र खीरसहितको दर खुवाई हरितालिका तीज पर्व मनाइएको थियो । समाजबाट हरेक वर्ष अगष्ट वा सेप्टेम्बरमा यसरी नै तीज कार्यक्रम निरन्तर हुने गरेको छ ।

भारतीय नाकाबन्दीविरूद्ध प्रदर्शन

विनाशकारी महाभूकम्पबाट पीडित भइरहेको समयमै सन् २०१५ मा भारतले नेपालमाथि अघोषित नाकाबन्दी लगायो । नेपालमाथि भएको त्यस्तो अन्यायपूर्ण भारतीय नाकाबन्दीको विरोधमा वासिङ्गटन डिसीस्थित अमेरिकी राष्ट्रपति भवन ह्वाइट हाउस अगाडि रहेको लाफायत पार्कमा एक वृहत् जुलुस प्रदर्शन भएको थियो जसमा एएनएचएसले पनि होस्टेमा हैंसे गरी ऐक्यबद्धता जनाएको थियो । नेपाललाई भारतीय सरकारले गरेको नाकाबन्दी अन्तर्राष्ट्रिय अपराध

थियो । त्यसविरूद्ध डिसी महानगर क्षेत्रमा रहेका समग्र नेपाली संघ-संस्थाहरू एकजुट भै गरिएको त्यस प्रर्दशनमा एएनएचएसको संस्थागत संलग्नता र आर्थिक सहयोगसमेत थियो ।

नेपाली स्कुल (एएनएचएस एकेडेमी) को सुरूआत

हाम्रो कार्यसमितिको सबैभन्दा ठुलो चुनौती नेपाली पाठशालाको सुरूआत र त्यसको व्यवस्थित सञ्चालन थियो । त्यो बेला स्रोत र साधनको अत्यन्त सीमितता अनि अनुभवहीनताले गर्दा पर्याप्त आत्मविश्वासको पनि कमी थियो । त्यसरी स्कुल सुरु गर्दा कतिपय साथीहरूमा 'असफल पो भइने हो कि ?' भन्ने स्वाभाविक भय पनि थियो । तर संस्थाका तत्कालीन उपाध्यक्ष केदार तिम्सिना र सचिव राजन घिमिरेका साथै तत्कालीन शिक्षा विभाग संयोजक रोम ज्ञवाली, विजय ओझा, लक्ष्मण सापकोटा, समाजसेवी शोभाखर घिमिरेलगायत अन्य धेरैजनाको हौसला र साहसका कारण हामी विश्वासपूर्वक अगाडि बढ्यौं । यसका लागि हामीले घरदैलो र देउसीभैलो कार्यक्रम गर्दै अर्थ संकलन अभियान सम्पन्न गर्‍यौं । यसकै फलस्वरूप सन् २०१६ फेब्रुअरी १२ का दिन सरस्वती पूजाका दिन सस्वर सरस्वती वन्दनासहित हामीले नेपाली स्कुलका रूपमा एएनएचएस एकेडेमीको विधिवत् सुरूआत गर्‍यौं । नयाँ एकेडेमी सुरुआतको उद्घाटन कार्यक्रममा इन्डियन हेड सिटी मेरील्यान्डका प्रतिनिधि किरण सिटौला, वरिष्ठ साहित्यकार होमनाथ सुवेदी, प्रो.डा.गोपी उप्रेती र अर्थविद् प्रेम संग्रौलासमेत धेरै जनहरू हाम्रो निमन्त्रणा स्वीकार गरेर उपस्थित हुनुभएको थियो । त्यसपछि हरेक वर्ष सरस्वती पूजाका दिन फेब्रुअरीमा एएनएचएस एकेडेमीको वार्षिक कार्यक्रम हुने गर्दछ । सन् २०१६ देखि नै एएनएचएस एकेडेमीका साना नानीबाबुहरूलाई मध्यनजर गरी वार्षिक बाल-मैत्री वनभोज तथा बाल कार्यक्रमहरू आयोजनाको सुरूआत पनि गरियो जुन हालसम्म पनि निरन्तर जारी छन् ।

हेमार्केट डे परेडमा सहभागिता

भर्जिनियाको स्थानीय हेमार्केट सहर प्रशासनले हरेक वर्ष अक्टोबरमा 'हेमार्केट डे परेड' भनेर वार्षिक झाँकी-कार्यक्रमको आयोजना गर्ने गर्दछ । यस झाँकीमा विभिन्न ठाउँबाट आई हेमार्केट क्षेत्र र वरिपरि बसोबास गरिरहेकाहरू आ-आफ्ना देशीय, जातीय र भाषिक विशिष्टता झल्काउने गरी विभिन्न वेशभूषासहित सम्मिलित हुने गर्दछन् । अमेरिका नेपाली सहयोगी समाजले पनि यस हेमार्केट डे परेडमा सन् २०१५ देखि सहभागिता दर्साउन थालेको हो । यस क्रममा नेपाली वेशभूषा, कला र संस्कृतिको प्रवर्द्धन गर्दै मातृभूमि नेपालबारे चिनाउने अभियानअन्तर्गत त्यस परेड कार्यक्रममा समाजको सक्रिय सहभागिता रह्यो । समाजबाट सहभागी भएकाहरूले नेपालको राष्ट्रिय पोसाकमा नेपाल र अमेरिकाका झण्डाहरूसहित परेडमा भाग लिएका थिए । नेपाली दौरा-सुरुवाल र साडी-चौबन्दीमा सजिएका नेपालीजनको उपस्थिति परेडका सहभागीहरूबीच नौलो किसिमको मानिएको थियो ।

नेपाली कलाक्षेत्रका स्रष्टाहरूको सम्मान

हाम्रो कार्य समितिको अगुवाइमा नेपाली कलाक्षेत्रका कतिपय स्रष्टाहरूको सम्मान गर्ने कार्यक्रम पनि सम्पन्न भएका थिए । त्यो बेला नेपालबाट अमेरिका आउनुभएका नाटककार हरिबहादुर थापालाई नेपाली रंगमन्चमा उहाँले पुऱ्याउनुभएको योगदानको कदर गर्दै सम्मान गरिएको थियो । यसैगरी गायक तथा संगीतकार-निर्देशक नारायण रायमाझीलाई गीत-संगीत, चलचित्र तथा लोकदोहोरी गीतको संरक्षण गरेवापत सम्मान प्रदान गरिएको थियो । उहाँहरूलाई संस्थाको 'मानार्थ संरक्षक'को पदले सम्मानित गर्दै दुवै स्रष्टालाई सम्मान-पत्र र मायाको चिनो प्रदान गरिएको थियो ।

लक्ष्मी प्रतिष्ठानको कान्दा अभियानलाई सहयोग

चितवनको दुर्गम चेपाङ बस्तीमा विद्यालय र छात्रावास सञ्चालन गरी मानवीय सेवामा जुटेको संस्था लक्ष्मी प्रतिष्ठानलाई आर्थिक सहयोग गरियो भने त्यस संस्थाका अध्यक्ष विष्णु गौतमलाई परोपकारी सहयोग एवम् मानवतावादी कार्यका लागि सम्मान गरियो ।

फेडेरल रेजुमी वर्कशप

विशेष गरी समाजका सचिव राजन घिमिरेको प्रशंसनीय सक्रियतासाथ 'फेडेरल रेजुमी वर्कशप' कार्यक्रम मनासस सहरस्थित बुलरन लाइब्रेरीमा आयोजना गरियो । यस कार्यक्रमले स्थानीय नेपाली समुदायमा केही नयाँ गरौं भन्ने भावनाको विकास गर्न सहयोग पुऱ्यायो भने नयाँ सरकारी जागिर अवसरको खोजीका लागि सहजीकरण गऱ्यो ।

अन्त्यमा

यसै गरी, एएनएचएसले नेपालमा नयाँ संविधान (२०७२) जारी भएको खुसियालीमा आयोजित दीप प्रज्वलनमा सहभागिता जनाउँदै नयाँ संविधानको स्वागत गरेको थियो ।

मलाई लाग्छ, हाम्रो कार्यकाल (२०१५-२०१७) का अन्य तीनवटा कार्यलाई थप उल्लेखनीय मानिनुपर्दछ । यी तीनवटै काम संस्थालाई अझ प्रभावकारी र दिगो रूपमा सञ्चालन गर्न सहयोग पुग्ने संरचना प्रमाणित भएका छन् । अमेरिका नेपाल सहयोगी समाजलाई थप व्यवस्थित र वैधानिक रूपमा सञ्चालन गर्न सकियोस् भनेर संस्थाको औपचारिक विधान बनाउने काम सम्पन्न गरिएको थियो । यसै गरी, संस्थाको आर्थिक गतिविधिलाई व्यवस्थित गर्न संस्थाको आफ्नै बैंक खाता खोली आर्थिक कारोबार गर्न थालियो । यसका साथै, संस्था र यसका गतिविधिहरूका सम्बन्धमा सबैलाई जानकारी दिन सकियोस् भनेर संस्थाको वेबसाइट निर्माण गरी सञ्चालन गर्न थालियो ।

निष्कर्षतः दुई वर्षे कार्यकालमा संस्थाको ढाँचागत विकासका साथै अन्य धेरै प्रत्यक्ष-अप्रत्यक्ष समुदाय-आधारित सामाजिक कार्य सम्पन्न गरियो । यस क्रममा समुदायका लागि विभिन्न कार्यक्रम आयोजना र सञ्चालन गर्ने सन्दर्भमा अन्य स्थानीय संघ-संस्थासँग पनि धेरै विधामा हातेमालो गर्ने अवसर मिल्यो । डिसी नेपाली समाज, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, एएनएस तथा एनआरएएलगायत त्यस्ता सबै संघ-संस्थासँग कमोबेश सहकार्य गर्ने संयोग मिलेकामा म सधन्यवाद ती सबै संस्थाप्रति आभार व्यक्त गर्दछु । कार्य समितिमा रहेर मसँगै जिम्मेवारी निर्वाह गर्ने सबै मित्रहरू, समाजका संरक्षक, सल्लाहकार, सहयोगी, हितैषी, शुभचिन्तक, सम्पूर्ण सदस्य एवम् सामुदायिक जनहरूसमेत हामीलाई नेतृत्व तहमा रहेर काम गर्ने अवसर दिनुभएकोमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । र अन्त्यमा यति मात्र भन्न चाहन्छु- अमेरिका नेपाल सहयोगी समाज एक गतिशील संस्था हो । समयक्रममा यसमा आबद्ध हुने सदस्य संख्या निरन्तर बढ्दै जाने छ । त्यससँगै चुनौतीहरू पनि थपिँदै जाने छन् । परिस्थितिले हामीसित हौसला, साहस, धैर्य र दृढ निश्चयको माग गर्नेछ । हामी अगाडि बढिरहनुपर्ने छ । सदस्यहरूको भरपर्दो साथ र समुदायको विश्वासिलो भरोसा रहेसम्म अमेरिका नेपाल सहयोगी समाजका पाइला रोकिने छैनन् ।

००

(लेखक रेग्मी एएनएचएसको दोस्रो कार्य समिति (२०१५-२०१७) को अध्यक्ष हुनुहुन्छ)

अमेरिका नेपाल सहयोगी समाज
तेस्रो कार्य समिति
(सन् २०१७-२०१९)

कमला खरेल
अध्यक्ष

मुक्त पौडेल
उपाध्यक्ष

विवश अर्याल
सचिव

आरती सिग्देल
सह-सचिव

लक्ष्मण सापकोटा
कोषाध्यक्ष

रोम ज्ञवाली
सदस्य

किशोर ढुंगाना
सदस्य

शान्ता न्यौपाने
सदस्य

मौसम श्रेष्ठ
सदस्य

विष्णु शर्मा
सदस्य

विष्णु केसी
सदस्य

लक्ष्मी रेग्मी
सदस्य

उमेश अधिकारी
सदस्य

एएनएचएसको विस्तार र सदाशयता आर्जनको कार्यकाल

कमला खरेल

अहिले हामीसित हातेमालो गर्दै हिँडिरहेको सन् २०२१ मा उभिएर हेर्दा अमेरिका नेपाल सहयोगी समाज (एएनएचएस) सित म जोडिएको एक दशकभन्दा धेरै समय बितिसकेछ। सन् २००८ मा समाज स्थापनाको अवधारणा विकसित हुँदै गरेको बेलादेखि नै यसमा मेरो अविच्छिन्न संलग्नता रहँदै आएको हो। यो अवधि आफैँमा लामो पनि हो र अत्यन्त छोटो पनि। व्यक्तिको जीवनमा यो अवधि तुलनात्मक तवरले लामो हुन सक्ला तर सामाजिक संस्थाको हकमा यो समयावधि निश्चय पनि अत्यल्प हो। यति समयावधि त संस्थाका नयाँ योजना र कार्यक्रमहरू रेखाङ्कन गर्दा अनि तिनलाई अधिकतम सदस्यहरूसमक्ष लैजाँदा-लैजाँदै बितेको थाहा हुँदैन। तसर्थ मलाई लाग्छ, संस्थाको यो संक्षिप्त अवधि भनेको त्यसको समष्टिगत कार्यमूल्याङ्कन मात्र भन्दा पनि त्यसले आफ्नो लक्षित समुदायमा के कस्तो प्रभाव पार्न सक्यो, आफूलाई कति हदसम्म विस्तारित गर्न सक्यो र कुन किसिम एवम् स्तरसम्मको सदाशयता (गुडविल) आर्जन सक्यो भन्ने आधारमा हेरिनु अनि बुझिनु पर्दछ।

एएनएचएसमा मेरो कार्यकाल सन् २०१७ अप्रिलदेखि सन् २०१९ अप्रिलसम्म रह्यो। मेरो अध्यक्षतामा संस्थाको तेस्रो कार्य समिति बनेको थियो जसमा मलाई सहयोग गर्ने पदाधिकारीहरूमा उपाध्यक्ष मुक्त पौडेल, सचिव विवश अर्याल, सह-सचिव आरती सिग्देल, कोषाध्यक्ष लक्ष्मण सापकोटा र सदस्यहरूमा क्रमशः रोम ज्ञवाली, किशोर ढुंगाना, शान्ता न्यौपाने, मौसम श्रेष्ठ, विष्णु शर्मा, विष्णु केसी, लक्ष्मी रेग्मी र उमेश अधिकारी हुनुहुन्थ्यो। संस्थाका काम र योजनाहरूलाई अगाडि बढाउने सिलसिलामा हाम्रो यो कार्य समिति अग्रभागमा देखिने र देखाउने संयन्त्र मात्र थियो, सबै कार्यक्रमलाई कार्यान्वयन गर्ने उत्तरदायित्व त समाजका संरक्षक र सल्लाहकार अनि तमाम सहयोगी एवम् मनकारी सदस्य जनहरूबाट नै पूरा भएको थियो। सबैको उदात्त चित्त र सहयोगी हातहरूबिना संस्थाका गतिविधि न त अगाडि बढ्न सक्ने थिए न कुनै सफलता हात लाग्ने थियो। तसर्थ, म यतिबेला आफ्नो कार्य समितिका पदाधिकारी मित्रहरूका साथै हाम्रा योजना र कार्यहरूमा होस्टेमा हैसे गर्ने तमाम आजीवन तथा सक्रिय सदस्य र सहयोगी शुभेच्छुक व्यक्तित्वहरूलाई सादर स्मरण गर्न चाहन्छु।

अमेरिका नेपाल सहयोगी समाजको अध्यक्षमा मेरो निर्वाचन एउटा संयोग पनि थियो र अवसर पनि। अमेरिकामा सन् २०१५ को राष्ट्रपति निर्वाचनमा रिपब्लिकन उम्मेदवार डोनाल्ड ट्रम्पका विरुद्ध डेमोक्र्याटिक पार्टीको तर्फबाट हिलारी क्लिन्टन उम्मेदवार हुनुहुन्थ्यो। दुई सय पचास वर्षभन्दा लामो अमेरिकी इतिहासमा राष्ट्रपति पदका निम्ति कुनै महिला उम्मेदवार उठेको त्यो नै नितान्त पहिलोपटक थियो। मत परिणाम सार्वजनिक हुँदा हिलारीले पपुलर भोटमा जित्नुभयो तर इलेक्टोरल भोटमा उहाँ ट्रम्पभन्दा पछि पर्नुभयो। तर, अन्ततः इलेक्टोरल मत परिणाम नै निर्णायक ठहरिने अमेरिकी कानुनी प्रावधानअनुसार हिलारी पराजित हुनुपरेको थियो। यसरी नयाँ इतिहास निर्माणको संघारमा पुगेर पनि हिलारी क्लिन्टन पछाडि हट्न विवश हुनुभयो। हिलारी क्लिन्टन पराजित हुनुभएको सत्र महिनापछि भर्जिनिया राज्यको मनासस सहरमा अप्रिल २०१७ मा अमेरिका नेपाल सहयोगी समाजको वार्षिक साधारण सभा सम्पन्न भयो र त्यस सभाले संस्थाको तेस्रो एवम् नयाँ अध्यक्षका रूपमा सर्वसम्मतिबाट मलाई चयन गऱ्यो। महिलाले पनि पुरुषले जस्तै नेतृत्व गर्न सक्छन् भन्ने सत्य-तथ्यलाई अन्तरमनदेखि स्वीकार गरेर यो जिम्मेवारी दिइएको हो भन्ने मलाई लाग्दछ। त्यसो त, त्यतिबेला भर्जिनिया वरपर रहेका अन्य नेपाली सामाजिक संघ-संस्थामा पनि महिलाहरूले कुशलतापूर्वक नेतृत्व गरिरहेको अवस्था थियो। आफ्नो

मातृभूमिबाट सात समुद्र टाढा प्रवासमा बसोबास गरिरहेका सयौँ नेपाली जनका माझमा पुगेर नेपालीपनको जगेर्ना गर्ने लक्ष्यका साथ समाजका गतिविधि अगाडि बढाउनुपर्ने चुनौतीपूर्ण दायित्व पनि हाम्रो कार्य समितिले विरासतमा पायो । यो त्यही विरासतको निरन्तरता थियो जसलाई हामीभन्दा पहिले सागर कँडेल र पदमराज रेग्मी अध्यक्ष रहनुभएका कार्य समितिहरूले निर्वाह गर्दै आएका थिए ।

सदस्यता वृद्धि र तीज कार्यक्रम

समाजको अध्यक्ष पदमा निर्वाचित हुनुभन्दा पहिले अगिल्लो कार्य समिति (सन् २०१५- ०१७) मा पनि म सह-सचिव पदमा थिएँ । सन् २०१६ को जुलाईमा सदस्यता बढाउने केही काम विस्तारै सुरु भएको थियो । सन् २०१७ अप्रिलमा म अध्यक्ष बनेको समयमा शुल्क तिरेर समाजका सदस्य बन्नेहरूको सङ्ख्या जम्मा ६८ जना थियो । मसमेत हाम्रो कार्य समितिलाई यो सदस्य सङ्ख्या निकै कम भएको र यसलाई यथाशक्य बढाउन सकेमा संस्था अझै बलियो बन्न सक्छ भन्ने महसुस भयो । त्यसपछि हामी समाजका अन्य कार्यहरूका साथै सदस्यता वृद्धि अभियानमै लाग्यौं । त्यसका लागि मनासस, बिस्ट्रो, गेन्सभिल, हेमार्केटलगायत वरिपरिका क्षेत्रमा बसोबास गर्ने अमेरिकी नेपालीहरूलाई भेटेर, फोन गरेर अथवा दोस्रो माध्यम प्रयोग गरेरै भए पनि समाजको सदस्य बनीदिन आग्रह गर्न थाल्यौं । यस क्रममा धेरैजनासित व्यक्तिगत भेटघाट र नयाँ चिनाजानी पनि हुने अवसर जुऱ्यो । क्रमशः हाम्रो परिश्रमको फल प्राप्त हुन थाल्यो । हामीले सोचे झैँ र प्रयास गरे जसरी नै समाजको सदस्य सङ्ख्या बढ्दै जान थाल्यो । समाजमा दुई किसिमले सदस्य बनाउने व्यवस्था छ- एकैपटक पाँच सय डलर तिरेर आजीवन सदस्य बन्ने, अथवा, पटक-पटक गरी निश्चित डलर तिर्दै आजीवन सदस्य नबनेसम्मका लागि सक्रिय सदस्यका रूपमा रहने । यस क्रममा अवस्था कहाँसम्म पुग्यो भने दुई वर्षपछि म अध्यक्ष रहेको कार्य समितिले छाडेर नयाँ समितिलाई पदभार हस्तान्तरण गर्दाको समयमा एएनएचएसमा सक्रिय र आजीवन गरी कुल सदस्य २११ जना पुग्नुभएको थियो ।

नेपाली महिलाहरूको महान चाड हरितालिका तीज एएनएचएसको पनि एउटा महत्वपूर्ण कार्यक्रम रहँदै आएको छ । सन् २०१६ देखि नै केही नयाँ गर्ने सोचअनुसार त्यस वर्षको तीज कार्यक्रमलाई विशेष भव्य बनाइएको थियो । समाजले आयोजना गरेको तीज महोत्सवमा नेपाली समुदायका दिदीबहिनीहरूले एउटै रंग र डिजाइनका साडी लगाएर भव्यतापूर्वक तीज मनाएका थियौँ । ती एकनासका साडी विशेष व्यवस्था गरी नेपालबाट झिकाइएको थियो । पुनः सन् २०१८ मा पनि एक अर्को कार्यक्रम आयोजना गरी थप झन्डै दुई सय जति एउटै रङ्ग र डिजाइनका साडी नेपालबाट झिकाएर महिला सदस्यका बीच बिक्री-वितरण गरियो । सन् २०१७ र २०१८ दुवै वर्षमा महिलाहरू एवम् सहयोगी पुरुष सदस्यहरूको भव्य उपस्थितिबीच तीज कार्यक्रम हेमार्केटस्थित एक सभा हलमा सफलतापूर्वक सम्पन्न गरिएको थियो । उपस्थित सहभागीहरूलाई सेलरोटी र अचारसहित नेपाली परिकारहरूको पकवान (दर) व्यवस्था गरिएको थियो । एएनएचएसले आयोजना गरेका यी तीज कार्यक्रमहरूमा वयस्क महिला र पुरुषहरू मात्र हैन, जेष्ठ नागरिक, युवायुवती र बालबालिकाहरूसहित सबै उमेर समूहका व्यक्तिहरूले सक्रियतापूर्वक सहभागी भएर मनोरञ्जन लिनुभएको थियो । यसले विदेशमा रहँदा पनि हाम्रा तमाम सदस्य शुभेच्छुकहरूलाई एकै थलोमा ल्याएर रमाइलो गर्ने वातावरण सिर्जना गरेको थियो ।

क्यालेण्डर प्रकाशन

संस्थाको काम अगाडि बढाउँदै लैजाने सिलसिलामा हामीलाई के महसुस भयो भने अमेरिकामा बसोबास गरिरहेको भए पनि नेपाली जनहरूका लागि नेपाली तिथि-मितिसहितको भित्तेपात्रो अर्थात् क्यालेण्डर अत्यन्त आवश्यक छ । अमेरिकामा सबैजसो चालचलन एवम् संस्कारहरू केवल क्रिश्चियन पात्रोअनुसार नै सञ्चालन हुने गरेका छन्, जस्तो- भ्यालेन्टाइन डे, इस्टर, सेन्ट प्याट्रिक डे, क्रिसमस आदि । नेपाली जनलाई यी चाडबाडहरू रमाइलो लागे पनि र कतिपय स्तरमा सहभागी भए पनि हामीलाई आफ्नो दसैँ, तिहार, तीज, ऋषि-पञ्चमी, छठ, ल्होसार, गठे मङ्गल, योमरी पूर्णिमा, माघी, वसन्त-पञ्चमी, जनै पूर्णिमा, कृष्णाष्टमी, स्वस्थानी व्रत-कथा, चैते दसैँ, विभिन्न नाच र जात्राहरू आदि अनेक चाडपर्वहरूको हजार माया र उत्तिकै सम्मान लागिरहेकै हुन्छ । नेपाल छँदा आफन्तीहरूसँगै आफैँले सपरिवार मान्दै आएका यी चाडबाडहरू हरेक नयाँ वर्षको कुन मिति र कुन दिन अनि कुन

बार परेका छन् भनेर जान्ने जिज्ञासा जहाँ रहे बसे पनि नेपाली जनलाई सधैँ रहने गर्दछ । यसर्थ पनि विक्रमीय सम्ब्तअनुसारको नेपाली पात्रो र क्यालेण्डरको आफ्नै किसिमको महत्व छ । इन्टरनेटको विकसित प्रविधिले कम्प्युटरका अतिरिक्त मोबाइलमा समेत सम्पूर्ण जानकारी पाउन सकिने अवस्था सिर्जना गरेको भए पनि भित्तामा झुन्ड्याउन मिल्ने अथवा कुनै एक ठाउँ विशेषमा राखेर आवश्यक परेको बेला झिकेर हेर्न मिल्ने क्यालेण्डरको महत्व अझै त त्यति घटिसकेको छैन ।

यही महत्व र आवश्यकतालाई दृष्टिगत गरी एएनएचएसले नेपाली क्यालेण्डरको नियमित प्रकाशन गर्न थालेको हो । संस्थालाई अतिरिक्त आर्थिक भार नपर्ने गरी हाम्रो कार्य समितिले आफ्नो दुई वर्षे कार्यकालमा दुईपटक नै सहज ढङ्गले नै क्यालेण्डर प्रकाशन गऱ्यो । क्यालेण्डरमा प्रत्येक एक पेजमा एउटा महिनाको तिथि-मिति-तारिख र चाडबाड वा विदा हुने-नहुने दिवस विशेषसमेत उल्लेख गर्दै छ पाना अथवा बाह्र पेज रहने गरी निकालियो । क्यालेण्डर दुवै वर्ष एक-एक हजार प्रति छापियो र पिकनिक आयोजना भएको बेलामा धेरै अनि पछि व्यक्तिगत सम्पर्क गर्दै पनि वृहत् रूपमा वितरण गरियो । नेपाली तिथिमिति र अमेरिकी चाडवाड एवम् सार्वजनिक विदाहरू समेत समेटेको क्यालेण्डरको प्रकाशन एवम् वितरणले नेपाली समुदायमा पूर्ण रूपले सकारात्मक प्रभाव तरंगित भयो ।

स्कुल सञ्चालन

संस्थामा म सह-सचिव भई सक्रिय रहेकै अवधिमा 'एएनएचएस एकेडेमी' नाम राखेर अमेरिका नेपाल सहयोगी समाजले सन् २०१६ फेब्रुअरीदेखि नै नेपाली बालबालिकाका लागि स्कल सुरु गरिसकेको थियो । म अध्यक्ष भइसकेपछि स्कुललाई थप व्यवस्थित र व्यवधानरहित किसिमबाट नियमित सञ्चालन भइरहने व्यवस्था मिलाइएको हो । एएनएचएस एकेडेमीको पढाइ र अन्य कार्यक्रमहरूलाई आकर्षक बनाउनका लागि हामीले केही पृथक् पहल गऱ्यौँ । नियमित आयोजना हुने गरी स्कुलको सांस्कृतिक कार्यक्रमका लागि भनेर पञ्चकन्या र जनजातिहरूको ड्रेस विशेष रूपले नेपालबाट मगाइयो । यस व्यवस्थाले सम्बन्धित विद्यार्थीमा बेग्लै किसिमको उमंग देखियो भने अभिभावकहरूमा पनि उत्साहपूर्ण आकर्षण देखियो ।

स्कुलका सन्दर्भमा हामीले थप एउटा काम पनि गऱ्यौँ । स्कुलमा अध्ययन गर्ने बालबालिकाहरूका लागि विद्यालय पोसाक (स्कुल ड्रेस) को व्यवस्था गरियो । एएनएचएस लेखिएको एकनासको टी-सर्टको युनिफर्म बनाएर विद्यार्थीहरूलाई वितरण गरियो ।

हाम्रो कार्य समितिले स्कुलको सन्दर्भमा अर्को एउटा महत्वपूर्ण निर्णय लियो । त्यो निर्णयअनुसार नै अमेरिकी भूमिमा सञ्चालित विशुद्ध नेपाली स्कुलका लागि हावा-पानी-माटो सुहाउँदो पाठ्य-पुस्तक तयार गर्नका लागि समाजकै एक समर्पित सदस्य शिव लामिछानेलाई जिम्मा दिइयो । त्यस अघिसम्म एएनएचएस एकेडेमीमा सञ्चालित नेपाली कक्षाहरूमा नेपालबाटै झिकाइएका पाठ्य-पुस्तकहरूकै आधारमा अध्यापन हुँदै आइरहेको थियो । पछि, उहाँले तयार पार्नुभएको पाठ्यक्रम अत्यन्त उपयुक्त र प्रभावकारी रहेको प्रमाणित भएको छ भने एएनएचएस एकेडेमीमा सीमित नरहेर त्यस पुस्तकको माग अन्यत्र सहरमा सञ्चालित नेपाली स्कुलहरूमा पनि बढेको छ ।

स्कुल सञ्चालनका सन्दर्भमा केही नामहरू सधन्यवाद उल्लेख गर्नैपर्ने पनि म ठान्दछु । समाजका संरक्षक मधु पन्थी, लेखा एवम् प्रविधि क्षेत्रमा सहयोग गर्ने सल्लाहकार तिलक खरेल, एएनएचएस एकेडेमी स्कुलका संयोजक रोम ज्ञवाली, स्कुलका अभिभावक तथा पुस्तकका परिकल्पनाकार रमेश ढकाल, प्राविधिक सहयोग एवम् फोटोग्राफीमा सदैव सक्रिय शिव तिम्सिना र स्कुलका शिक्षक-शिक्षिकाहरू विशेष धन्यवादका पात्र हुनुहुन्छ । उहाँहरू सबैप्रति म आभारी छु ।

अन्य गतिविधि

हाम्रो कार्यकाल सुरु हुनुभन्दा अगिल्लो वर्ष अर्थात् सन् २०१६ मा जस्तै हामीले सन् २०१७ र सन् २०१८ मा स्थानीय सहर हेमार्केटमा आयोजना भएका 'हेमार्केट डे परेड' मा सहभागिता जनायौँ । यसरी सहभागिता जनाउँदा भरसक नेपाली विविधता झल्किने गरी विविध जातजातिका वेशभूषा, पहिरन र नाचगानसहितको झाँकी प्रस्तुत गर्ने प्रयास गरिएको थियो ।

हामीले संस्था र त्यसका गतिविधिलाई समुदायका बीच थप अपनत्वपूर्ण बनाइराख्न केही नयाँपन ल्याउने कोसिस सधैँ निरन्तर राखेका थियौँ । यस क्रममा पहिलोपटक सन् २०१७ देखि नै संस्थाको नाम र लोगो अंकित टी-सर्ट बनाएर सदस्यहरूबीच बिक्री-वितरण गर्ने कार्य भयो तर 'एएनएचएस युथहरू' (स्कुलका विद्यार्थीहरू) लाई भने निःशुल्क नै प्रदान गरियो ।

यसै गरी, समाजको लोगो र नाम अंकित गरी कफीकपलाई 'मायाको चिनो कप' नामाकरण गरियो र एएनएचएस सदस्यहरूमा वितरण गर्ने कार्य अगाडि बढाइयो ।

हामीले विभिन्न कार्यक्रम र प्रयोजनका लागि सधैँ आवश्यक भइरहने संस्थाको ठुलो ब्यानर बनायौँ । साथै, स्कुल र तीज आदि कार्यक्रमहरूमा प्रयोग गर्नका लागि चाहिने उपयुक्त ब्यानरहरू तयार पार्ने काम भयो । यही अवधिमा बेलाबेलामा प्रयोग भइरहने प्रोजेक्टर र माइक स्पिकरसहितको साउण्ड सिस्टम पनि किन्ने काम भयो । यसै गरी पिकनिक जाँदा होस् अथवा तीज कार्यक्रमका लागि वृहत्स्तरमा खाना तयार पार्न अथवा कुनै विशेष प्रयोजनका लागि प्रयोग गर्न होस्, त्यसका लागि भनेर उपयुक्त आवश्यक भाँडाकुँडा किन्ने काम पनि यही अवधिमा भयो ।

समुदायका सदस्यहरूलाई एकआपसमा निकट ल्याउन, हार्दिकता र सद्भाव बढाउन अनि केही क्षण भए पनि तनावपूर्ण दैनिक जीवनबाट उन्मुक्ति एवम् सहजता प्रदान गर्न पहिलो वर्ष १७ जुन २०१८ र दोस्रो वर्ष २ जुन २०१९ मा गरी दुईपटक नियमित एएनएचएस पिकनिक कार्यक्रम पनि सम्पन्न गरियो । दुवै वर्ष देउसी-भैलो कार्यक्रमहरू पनि उत्साहसाथ सम्पन्न भएका थिए । हामीले सन् २०१७ मा अक्टोबर १५ मा आयोजना गरेको देउसी-भैलो कार्यक्रमबाट उत्साहजनक मात्रामा डलर संकलन भएको थियो भने अर्को वर्ष सन् २०१८ मा पनि ३ हजार ५ सय ५३ डलर संकलन भएको थियो ।

यस बीच संस्थाले व्यक्तिगत रूपमा समस्या परेका कतिपय सदस्यहरूलाई संस्थागत सहयोग गर्ने संयोग पनि जुऱ्यो । यस क्रममा, भर्जिनिया उडब्रिजका दुर्गाबहादुर पुनलाई, भर्जिनियाकै रेशम चापागाईं र सन्तोषी तथा हेमार्केटनिवासी जयदेव गौतमलाई सहयोग हस्तान्तरण गर्ने काम भएको थियो ।

यसै गरी, नेपालमा बाढी पीडितको सहयोगार्थ सकारात्मक कार्य गरिरहेको र त्यसवापत समाजमा उच्च प्रशंसा पाइरहेको नेपालस्थित 'धुर्मुस-सुन्तली फाउन्डेसन' लाई पनि आर्थिक सहयोग हस्तान्तरण गरिएको थियो ।

र. मन्दिर परियोजनाको प्रसङ्ग पनि

हाम्रो कार्यकाल चलिरहेकै बेला हाम्रो संस्थाभित्र मन्दिर परियोजनाको कुरा राम्रै गरी उठ्यो । यस क्षेत्रमा पनि नेपाली मन्दिर निर्माण गर्नुपर्छ भन्ने आम सहमति विकसित हुँदै गयो । सबै सदस्यहरूले यस विचारको समर्थन गर्दै यसलाई कार्यान्वयन गर्न सक्दो सहयोग गर्नुभयो । यसका लागि सदस्यहरूमाझ नियमित छलफल भइरह्यो, अनेक ठाउँमा मन्दिरका लागि सुहाउँदो जग्गा हेर्ने काम पनि अगाडि बढाइयो । अन्ततः यस क्षेत्रमा पनि एक नेपाली पशुपतिनाथ मन्दिर बनाउने सोच बनाइयो र सन् २०१९ मार्चमा '३४९४ जेम्स मेडिसन हाइवे' क्षेत्रमा जग्गा पनि किन्ने काम सम्पन्न भयो । त्यसरी जग्गा किन्दा कुल रकम २ लाख २३ हजार डलर परेकोमा संस्थाको कोषबाट १ लाख ६३ हजार डलर र बाँकी नपुग ६० हजार डलर विभिन्न व्यक्तिबाट सापटी खोजिएको थियो । संस्थाको कोषमा सदस्यहरूले उक्त जमिन किन्नका लागि दिएको १ लाख ०३ हजार ८ सय ३० डलर र बाँकी रकम संस्थाको फण्डबाट निकासा गरिएको थियो ।

हामीले त्यसरी नेपाली मन्दिर निर्माण गर्नका लागि भनेर जग्गा किनेकै समयमा एएनएचएस सक्रिय रहेकै क्षेत्र (नर्थ भर्जिनिया) लाई नै लक्षित गर्दै अर्को संस्था 'नेपाली अमेरिकन कम्युनिटी सेन्टर' (न्याक) ले वृहत् नेपाली सामुदायिक सेन्टर बनाउनका लागि भनेर नेपालका लब्ध-प्रतिष्ठित पण्डित दीनबन्धु पोखरेललाई अमेरिका निम्त्यायो र भागवत पुराणसहितको धार्मिक सप्ताहको आयोजना गऱ्यो । त्यस सप्ताहमा यो क्षेत्रमा स्थापित र सक्रिय रहेका सबै संघ-संस्था पूर्ण उत्साहका साथ सहभागी भए । परिणामस्वरूप सबैजना मिलेर अनि एकबद्ध भएर नै नेपाली सामुदायिक सेन्टर र मन्दिर निर्माणसमेतका सबै काम सम्पन्न गर्नुपर्छ भन्ने विचार स्थानीय आम अमेरिकी नेपालीहरूमाझ बलियो रूपमा अगाडि आयो । एएनएचएस कार्य समितिमा भएका र संरक्षक एवम् सल्लाहकारसमेत धेरै सदस्यहरूले पनि त्यही विचारलाई समर्थन गर्नुभयो । तर हामीले यससम्बन्धमा थप केही निर्णय गर्नुभन्दा पहिले नै हाम्रो कार्य समितिको पदावधि समाप्त हुन गयो र हामीले पदभार नयाँ कार्यसमितिलाई हस्तान्तरण गऱ्यौं ।

निष्कर्ष

अध्यक्षका रूपमा दुई वर्ष लामो व्यस्त कार्यकाल सकेर अहिले सोच्दा त्यो अनुभवका आधारमा एउटा कुरा चाहिँ लागिरहन्छ- संस्थाको नेतृत्वमा रहनेले जिम्मेवारीबोध गरेर काम गऱ्यो भने सोचेअनुसार र चाहेअनुसारका अधिकतम काम गर्न सकिँदो रहेछ । मलाई संस्थाको अध्यक्ष भएर व्यस्त रूपमा काम गर्न खासै गाहारो भएन । समुदायका दिदीबहिनी र दाजुभाइहरू सबैबाट सधैं राम्रो सहयोग पाएँ । सबैमा राम्रो एकता थियो । कार्य समितिका सबै सधैं साथमा हुनुहुन्थ्यो नै, सहयोग मागेपछि अरू कसैले पनि कहिल्यै नाइँ भन्नुभएन । त्यसले गर्दा अध्यक्षका रूपमा सक्रिय रहँदा पूर्ण उत्साहजनक रूपमा नै काम गर्न सफल रहें ।

म अध्यक्ष भएपछि संस्थाको कार्यक्रम गर्ने तरिकालाई अलिकता फरक पार्न पनि प्रयास गऱ्यौं । पहिलेदेखि चलिआएको 'अगाडि स्टेज बनाउने र त्यहाँ संस्थाका पदाधिकारी तथा विशिष्ट निम्तालुलाई बोलाउने अनि आसन ग्रहण गराउने' चलन हटाइयो । सबैको उपस्थितिलाई सम्मान (रिकग्नाइज) गर्न थालियो र उपस्थितिमा ठुलो-सानो अथवा वरिष्ठ-गरिष्ठ भनेर सोच्नेतिर लाग्न छोडियो ।

मलाई लाग्छ, त्यो बेला मैले सक्दो हदसम्म खटेर काम गरेकी हुँ । कतिपय सन्दर्भमा त घर-परिवारलाई समेत बिर्सेर पनि काम गरें । म अध्यक्ष भएको बेलामा यहाँ वरिपरि रहेका अन्य अनेक नेपाली संस्थामा पनि महिला अध्यक्ष हुनुहुन्थ्यो । अमेरिका नेपाल सहयोगी समाजमा पहिलो महिला अध्यक्ष भएर काम गरेको बेलामा मैले सधैं हौसला नै पाएँ । सधैं राम्रो रेस्पोन्स पाएँ । यसले गर्दा समाजको सदस्यता विस्तार पनि उत्साहजनक ढंगले भयो भने संस्थाप्रतिको सदाशय (गुडविल) पनि धेरै वृद्धि भयो । यसमा म पूर्ण सन्तुष्ट छु । बेलाबेलामा सोच्छु, हाम्रो कार्यकालबाट साथ, सहयोग र समर्पण भयो भने महिलाले नेतृत्व गर्न सक्छन् भन्ने अप्रत्यक्ष सन्देश पनि प्रवाहित भयो ।

अध्यक्ष भएर काम गर्दा एकदमै धेरै जिम्मेवारीबोध भयो । अन्य पदमा रहेर काम गर्दा मानसिक कम र शारीरिक श्रम बढी हुन्थ्यो तर अध्यक्ष हुँदा उत्तरदायित्वको भावना बढी महसुस भइरह्यो । त्यसो त अध्यक्षमाथि रहने मानसिक श्रमको वजन कुनै पनि अर्थमा हल्का भने नहुने रहेछ । मेरो कार्यकाललाई सफल बनाउन विभिन्न तह र तप्काबाट सहयोग गर्ने सबैप्रति म हार्दिक आभार पनि व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा म यति मात्र भन्न चाहन्छु- हामी यहीँ छौं, हाम्रो समुदाय यहीँ छ, र एएनएचएस पनि यहीँ छ । हाम्रो स्थिति 'माटाको भर ढुंगा र ढुंगाको भर माटो' भने सरह हो । एकआपसमा हातेमालो गर्दै अगाडि बढ्नु नै हाम्रो गतिशील अस्तित्वको सबल आधारशिला हो ।

००

(लेखक खरेल एएनएचएसको तेस्रो कार्य समिति (२०१७-२०१९) को अध्यक्ष हुनुहुन्छ)

अमेरिका नेपाल सहयोगी समाज
चौथो कार्य समिति
(सन् २०१९–२०२१)

केदारप्रसाद तिम्सिना
अध्यक्ष

जानु ओझा
वरिष्ठ उपाध्यक्ष

रमेश ढकाल
उपाध्यक्ष

हरिराम भण्डारी
महासचिव

आरती सिग्देल
सचिव

रामभक्त अधिकारी
कोषाध्यक्ष

मञ्जु थापा
सदस्य

कामना अधिकारी
सदस्य

यज्ञप्रसाद चापागाईं
सदस्य

लक्ष्मी रेग्मी
सदस्य

क्षितिज न्यौपाने
सदस्य

बिष्णु केसी
सदस्य

संगीता लामा
सदस्य

शिव लामिछाने
सदस्य

वर्तमानमा अमेरिका नेपाल सहयोगी समाज

केदारप्रसाद तिम्सिना/हरिराम भण्डारी

अमेरिका नेपाल सहयोगी समाज (एएनएचएस) आफ्नो स्थापनाकालदेखि नै नेपाली समुदायलाई एकीकृत गराउँदै अमेरिकाको डिएमभी (वासिङ्गटन डिसी–मेरील्यान्ड–भर्जिनिया) महानगर क्षेत्रमा बसोबास गर्ने नेपालीहरूको सहयोग र सहभागितामा विभिन्न सामुदायिक हित एवम् कल्याणका कामहरू गर्दै आइरहेको संस्था हो । यस क्षेत्रमा विभिन्न नेपाली चाडपर्वहरूको प्रवर्द्धनात्मक आयोजनाका साथै नेपाली भाषा, संस्कृति र कलाको विस्तार एवम् विकासका लागि समेत उत्तिकै सक्रियतापूर्वक कार्य गदै आइरहेको एक प्रभावशाली सामाजिक संस्थाका रूपमा पनि यसको परिचय बनेको छ ।

यस समाजको विधानबमोजिम प्रत्येक दुई वर्षमा साधारण सभा आयोजना गरी नयाँ कार्य समितिको निर्वाचन गर्ने गरिएको छ । यसअनुसार सन् २०१९ अप्रिल २१ मा सम्पन्न चौथौ वार्षिक साधारण सभाले केदारप्रसाद तिम्सिनाको अध्यक्षतामा पछिल्लो कार्य समिति निर्वाचित गरेको थियो जसले अप्रिल २०१९ देखि अप्रिल २०२१ सम्मको आफ्नो कार्यकालभित्र समाजको लक्ष्य र उद्देश्यअनुरूप विभिन्न कार्यक्रमहरू सम्पन्न गरिसकेको छ । यस कार्यकालमा संस्थाले सधैँ गर्दै आइरहेका गतिविधिहरूलाई प्रभावकारी रूपमा निरन्तरता दिनु त छँदै थियो, त्यसबाहेक पछिल्लो वर्ष महाव्याधि कोभिड–१९ का कारण उत्पन्न नयाँ प्रतिकूल परिस्थितिमा कसरी कामलाई प्रभावकारी बनाउने भन्ने थप चुनौती आइपऱ्यो । यसो भए तापनि सबै सदस्य र शुभेच्छुकहरूको साथ–सहयोगले असहज परिस्थितिमा समेत संस्थालाई सक्दो गतिशील बनाइराख्ने र समाजका उद्देश्यहरूलाई पूरा गर्ने निरन्तर प्रयास र प्रयत्नहरू कार्य समितिले गर्दै आएको छ ।

सोही क्रममा नियमित रूपमा कार्य समिति तथा सल्लाहकार समितिको संयुक्त बैठक हरेक महिनाको अन्तिम आइतबार पालैपालो समाजका सदस्यहरूको घरमा हुने गरेको थियो । कोभिड–१९ संक्रमण सुरु भएपश्चात् 'पाँचजनाभन्दा बढी मानिसको भेला गर्न नहुने' सिडिसी तथा स्थानीय स्वास्थ्य विभागको निर्देशनको पालना गर्दै जुम प्रविधिबाट नियमित रूपमा बैठक गर्ने गरिएको छ । बैठकमा विशेष गरी समसामयिक विषयहरू, मासिक रूपमा सम्पन्न भएका कार्यक्रमहरूको समीक्षा, सम्पन्न गर्नुपर्ने कार्यक्रमहरूको तयारी तथा कार्ययोजनाहरू तर्जुमा तथा अन्य आवश्यक विषयहरूमा छलफल र सर्वसम्मत निर्णयहरू हुँदै आइरहेको छ ।

एएनएचएसले प्रवासमा नेपाली भाषा, साहित्य एवम संस्कृतिको संवर्द्धन र विस्तारका लागि प्रत्येक वर्ष हरितालिका तीज, तिहारमा देउसी–भैलो, नेपाली भाषा पाठशालाको नियमित सञ्चालन, आवधिक स्वास्थ्य शिविरलगायतका कार्यक्रमहरूका साथै समाजका सदस्यहरूबीच सद्भाव तथा अपनत्वको सम्बन्ध निरन्तर विकास गर्न वनभोजजस्ता कार्यहरू नियमित रूपमा गर्दै आएको छ । यसप्रति नेपाली समुदायले गर्दै आएको हार्दिक सहयोग र यस्ता अवसरहरूमा हुने गरेको भव्य उपस्थितिले समाजलाई स्थानीय समुदायको प्रतिनिधि संस्थाका रूपमा स्थापित त गरेको छ नै, अझ जिम्मेवार पनि बनाएको छ ।

क्यालेण्डर प्रकाशन र वितरण

समाजले पछिल्ला वर्षहरूमा जस्तै नेपाली नयाँ वर्ष २०७६ को भित्ते पात्रो (क्यालेण्डर) पनि प्रकाशन गरेको थियो । यसका लागि नेपालमा रहेका लेआउट र मुद्रण गर्ने सहयोगीहरूसँग समन्वय गरी १००० प्रति क्यालेण्डर प्रकाशन गरी अमेरिका ल्याइएको थियो । पछि अमेरिका नेपाल सहयोगी समाजका सबै सदस्य तथा नेपाली समुदायमा उक्त क्यालेण्डर वितरण गरिएको थियो । यस क्षेत्रका हरेक नेपालीहरूको घरमा झुण्डिरहेको देखिने उक्त क्यालेण्डरले तिथि, मिति तथा समाजका सम्पन्न गतिविधिका तस्बिरहरू, व्यवसायिक सेवा तथा कार्यक्रमहरूबारे सबैलाई जानकारी प्राप्त गर्न सजिलो गराएको थियो । सूचना तथा सञ्चार सामग्रीका रूपमा कार्य गर्ने हुनाले हरेक वर्ष

क्यालेण्डर प्रकाशन गरी वितरण गर्नुपर्ने समाजको सिकाइ रहेको भए पनि विसं २०७७ सालमा कोभिड–१९ का कारण क्यालेण्डर प्रकाशन गर्न सकिएन । सबै जानकारी र तस्बिरहरू संकलन, विज्ञापनदातासँग सम्झौता, मुद्रणका लागि समन्वयसमेत गरी अन्तिम प्रकाशनका लागि आवश्यक सम्पूर्ण तयारी भइसकेको अवस्थामा कोभिड–१९ का कारण नेपालमा पूर्ण लकडाउन भएको हुँदा छपाइ कार्य स्थगन हुन पुग्यो । परिस्थिति प्रतिकूल नभएमा आगामी २०७८ सालका लागि भने क्यालेण्डर प्रकाशन गर्ने समाजको योजना यथावत् छ ।

तीज महोत्सव

एएनएचएसले आफ्नो स्थापनाकालदेखि नै भर्जिनिया, मेरील्याण्ड र वासिङ्गटन डिसी महानगर क्षेत्रका आमाबुबा, दिदीबहिनी, दाजुभाइ, युवा, बालबालिका तथा स्वयम्सेवकहरूको उल्लेखनीय सहभागितामा नेपाली महिलाहरूको महान पर्व हरितालिका तीज महोत्सव आयोजना गर्दै आएको छ । यस्ता तीज महोत्सवहरूमा महिला–पुरुष सबैले भरपूर मनोरन्जन लिनुका साथै आफ्नो विशिष्ट मौलिक संस्कृतिलाई सबल बनाउँदै र निरन्तरता दिँदै आइरहनुभएको छ । यो नियमित कार्यक्रम सन् २०१९ र २०२० मा पनि भव्य रूपमा सम्पन्न गरियो । सन् २०१९ को तीज कार्यक्रम अगस्ट ३१ का दिन हेमार्केट, ६१०० एन्टोइच रोडको विशाल सभा हलमा सम्पन्न गरियो । कार्यक्रममा भर्जिनिया, मेरील्यान्ड तथा डिसी महानगर क्षेत्रका लगभग २००० जना महिला–पुरुषको सहभागिता थियो । समयमा नै उक्त हल बुक गरिएको हुँदा, खाना बनाउने तथा भण्डारण सुविधासहित पार्किङको पर्याप्तता थियो भने बाहिर बालबालिकाहरूका लागि विभिन्न प्रकारका खेलकुदका सेटहरूको व्यवस्थासमेत थियो । कार्यक्रम सम्पन्न गर्न २५ जना प्रायोजक तथा सहयोगीहरूबाट जम्मा ६,८६० डलर संकलन भएको थियो भने कार्यक्रममा कुल खर्च ४,९४९ डलर भएको थियो ।

अर्को वर्ष सन् २०२० मा त्यसरी नै खुल्ला रूपमा जम्मा भएर तीज कार्यक्रम गर्न २ जनवरी २०२० मा नै उक्त सुविधासम्पन्न हल बुक गरिएको थियो । यद्यपि कोभिड–१९ महामारीको प्रकोपले गर्दा त्यसो हुन सकेन । यसले गर्दा निकट सम्पर्कबाट बच्दै–बचाउँदै 'निश्चित भौतिक दूरी' कायम राख्नुपर्ने बाध्यात्मक एवम् अकल्पनीय अवस्थाका बीचमा पनि हरितालिका तीज कार्यक्रमको निरन्तरताका लागि स्थानीय दिदीबहिनी तथा दाजुभाइहरूको अनुरोध स्वीकार गर्दै जुम प्रविधिबाट यस वर्ष अगस्त १६ मा फरक किसिमले आयोजना गरिएको थियो । समाजका अध्यक्ष केदार तिम्सिनाको अध्यक्षतामा भएको यस कार्यक्रममा पूर्वअध्यक्ष कमला खरेलले सबै सहभागीलाई स्वागत गर्नुभएको थियो । लगभग १४० जनाभन्दा बढी व्यक्तित्व जुममा जोडिएर कार्यक्रममा प्रत्यक्ष सहभागी हुनुभएको थियो । साथै, फेसबुक लाइभमा ३,००० भन्दा बढी व्यक्तिले कार्यक्रम अवलोकन गर्नुभएको थियो । साँझ ५ बजेदेखि राती १० बजेसम्म सञ्चालित कार्यक्रमलाई अनलाइन पोर्टलहरू इ–नेप्लिज र बिआरटी नेपाल डटकमले प्रत्यक्ष प्रसारण गरी सहयोग गरेका थिए । जुममार्फत सम्पन्न उक्त कार्यक्रमको बीच–बीचमा भए–गरिएका सहभागितामूलक प्रस्तुतिहरूले कार्यक्रम अत्यन्तै रोचक र आकर्षक रहेको अनुभव सबै सहभागीका साथै दर्शकहरूले समेत व्यक्त गर्नुभएको थियो ।

देउसी-भैलो कार्यक्रम

अमेरिका नेपाल सहयोगी समाजको आयोजनामा बालबालिकाहरूलाई नेपाली चाडपर्वबारे जानकारी गराउन तथा सामाजिक एकताको अभिवृद्धि, मनोरञ्जन एवम् शिक्षा सदनको सहयोगार्थ आर्थिक संकलन गर्ने उद्देश्यले अक्टोबर २६, २०१९ मा बेस्ट वेस्टर्न होटल, मनाससको हलमा भेला भई देउसी-भैलो कार्यक्रम सम्पन्न गरियो । कार्यक्रम सेलरोटी र अचार खाँदै, विभिन्न कर्णप्रिय लयहरूमा देउसी-भैली गीत गाउँदै र नाच्दै भव्य रूपमा मनाइयो । परम्परागत पोसाकमा सहभागी भई शिक्षा सदनका विद्यार्थी भाइबहिनीहरूले प्रस्तुत गरेका रोचक गीत र नाचहरू कार्यक्रमका विशेष आर्कषण थिए । कार्यक्रममा नातिनातिनादेखि हजुरबाआमासम्मको उपस्थिति, सहभागिता, समूहगत नाचगान, माता लक्ष्मीको पूजाआजा, खानपान अनि आपसी भलाकुसारी, देउसी-भैलो भट्याउने कला, दान संकलनजस्ता विषयहरूले साना बालबालिकाहरूका लागि सिकाइको अवसर प्रदान गऱ्यो भने वयस्क सहभागीलाई बाल्यकालको स्मरण गराएको थियो । कार्यक्रमको प्रत्यक्ष प्रसारणमा विगतमा जस्तै अनलाइन पोर्टल इ-नेप्लिज डटकमले सहयोग गरेको थियो । उक्त देउसी-भैलो कार्यक्रममा ३,९३४ डलर रकम संकलन भएको थियो जसमा कार्यक्रम व्यवस्थापनमा २१० डलर खर्च भएको थियो ।

कोभिड-१९ महामारीको प्रकोपले गर्दा सन् २०२० को सन्दर्भ अलि फरक रह्यो । समाजको आयोजनामा यस वर्षको तिहार महोत्सव नोभेम्बर १५, २०२० मा जुमका माध्यमबाट देउसी-भैलो खेलेर सम्पन्न भयो । देउसी-भैलो कार्यक्रममा जुमको माध्यमबाट सहभागीहरूले घर-घरबाटै सहभागिता जनाउनुभयो । प्रवासमा चाडपर्वको प्रवर्द्धन तथा अमेरिका नेपाल शिक्षा सदनको सहयोगार्थ साथै नेपाली सांस्कृतिक उत्सवहरूलाई निरन्तरता दिने यसको उद्देश्य थियो । बालबालिकाहरूले परम्परागत नेपाली पोसाकमा सजिएर आ-आफ्नो प्रतिभा प्रदर्शन गरेका थिए । देउसी-भैलो गीत, नाच, तिहारका बारेमा सिर्जित रमाइला प्रस्तुति, परम्परागत भजनहरूको प्रस्तुति एवम् मादल र हारमोनियमको तालमा परिवारका सबै सदस्य नै मिलेर समूहगत रूपमा गरिएका देउसी-भैलो गीतसमेतका रमाइला प्रस्तुतिहरू उक्त कार्यक्रमका विशेष आर्कषण रहे भने बीच-बीचमा समाविष्ट सहभागितामूलक प्रस्तुतिहरू कार्यक्रमका अर्को आकर्षण बन्न पुगेका थिए । कार्यक्रममा भर्जिनियालगायत अन्य राज्यहरूबाट समेत अनेक नेपालीजनहरू जुममा जोडिनु भई अझ रोचकता थप्नुभएको थियो । यस देउसी-भैलो कार्यक्रमबाट सहयोग रकमका रूपमा जम्मा ४,१०० डलर संकलन भएको थियो ।

तीज, देउसी-भैलो, शिक्षा सदनको वार्षिकोत्सव, संस्थाको वार्षिक भेलालगायत सबै कार्यक्रमहरु प्रत्यक्ष वा जुम दुवै तरिकाबाट आयोजना गर्दा संस्थाका सल्लाहकार तिलक खरेलले साउण्ड सिस्टम र अन्य प्राविधिक पक्षमा गर्नुभएको निरन्तर सहयोगको उच्च प्रशंसा गर्दछौं । त्यसैगरी, सबैजसो कार्यक्रमहरूमा आजीवन सदस्य शिव तिम्सिनाले फोटोग्राफी, भिडियोग्राफी र अन्य प्राविधिक पक्षमा गर्नुभएको उल्लेखीय सहयोगका लागि हामी उहाँप्रति अत्यन्त आभारी छौं ।

वनभोज कार्यक्रम

समाजले आफ्ना सदस्यहरूबीच आपसी परिचय पुनर्ताजगी गर्ने र मनोरञ्जन गर्ने उद्देश्यले '८१७० एफ पार्क इन्ट्रान्स रोड, ट्राएङ्गल, भर्जिजिया' मा जुन २, २०१९ मा वनभोज कार्यक्रम आयोजना गरेको थियो । उक्त वनभोज कार्यक्रम समाजका अधिकाँश सदस्यहरू तथा परिवार, शिक्षा सदनका विद्यार्थी भाइबहिनी तथा परिवार एवम् शिक्षक, पत्रकार, सामाजिक अभियन्ता, सहयोगीहरूलगायत शुभचिन्तकहरूको भव्य उपस्थितिमा सम्पन्न भयो । वनभोजमा लगभग ३०० जनाको सहभागिता थियो । कार्यक्रममा सहभागी हुँदै गर्दा पाँचजना व्यक्तिले यस

समाजको सदस्यता समेत लिनुभएको थियो । तर, सन् २०२० मा कोभिड-१९ का कारण चाहेर पनि वनभोज कार्यक्रम आयोजना गर्न सकिएन ।

शिक्षा सदनका गतिविधि

एएनएचएसको समन्वयमा भर्जिनियाको मनासस र वरपरका बालबालिकाका लागि सन् २०१६ देखि सञ्चालनमा रहेको अमेरिका नेपाल शिक्षा सदन (भाषा पाठशाला) हाम्रो कार्यकाल सुरु भएदेखि मार्च २०२० सम्म पनि हरेक हप्ताको आइतबार बिहान १० बजेदेखि १२ बजेसम्म 'स्टोनवाल मिडल स्कुल, मनासस' मा निरन्तर सञ्चालन भयो तर कोभिड-१९ को महामारीले जनजीवन अस्त-व्यस्त भएपछि स्कुल सञ्चालनमा पनि बाधा पुग्न गयो । यसैबीच सन् २०२० अप्रिल १० देखि गुगलको ह्याङ्आउटमा १० सिट क्षमताको उपयोग गरी १३ जना सहभागी भएर यो कक्षा पुनः सुरु गरियो तर धेरैजनालाई समेट्नका लागि पछि २०२० मेदेखि जुम प्रविधिबाट कक्षाहरू सञ्चालन गर्न थालियो र यो अहिलेसम्म पनि निरन्तर चलिरहेको छ ।

विद्यार्थीहरूलाई अनलाइन कक्षामा आकर्षित गराई नियमित र गुणस्तरीय सहभागिता साथै स्वस्थ प्रतिस्पर्धासहितको उत्प्रेरणात्मक वातावरण निर्माण होस् भन्ने उद्देश्यबाट एउटा नयाँ प्रयास सुरु गरियो । यसअन्तर्गत, अनलाइनमार्फत सञ्चालन भइरहेको तहगत कक्षामा उपस्थित भई अध्ययनरत विद्यार्थीहरूमध्ये सम्बन्धित शिक्षकहरूबाट मासिक रूपमा छनोट गरी हरेक कक्षाका एकजना उत्कृष्ट विद्यार्थीलाई २५ डलर दिएर पुरस्कृत गर्न थालियो । हरेक महिना पाँचवटा कक्षाका पाँचजना उत्कृष्ट विद्यार्थीलाई दिइने उक्त पुरस्कारका लागि आवश्यक रकम एक वर्षका निम्ति संस्थाका संस्थापक-अध्यक्ष सागर कँडेलले उपलब्ध गराउनुभएको छ । साथै, हामीले हरेक वर्ष वार्षिक उत्सवको अवसर पारी विभिन्न कक्षाका उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कृत गर्दै पनि आइरहेका छौं । वार्षिक रूपमा प्रदान गरिने पुरस्कार रकमको सौजन्य समाजका पूर्वअध्यक्ष पदमराज रेग्मी, संस्थापक-सदस्य रोम ज्ञवाली र प्राज्ञिक व्यक्तित्व शिव लामिछानेले गर्दै आइरहनुभएको छ ।

साथै, शिक्षा सदनका बालबालिकालाई नेपाली भाषा सिक्न तथा यहाँ प्रशिक्षण दिइरहनुभएका शिक्षकहरूलाई भाषा सिकाउन सजिलो होस् भन्ने उद्देश्यले लामो समयको निरन्तर प्रयासबाट 'मेरो मातृभाषा नेपाली' शीर्षकका पाँचवटा पाठ्य-पुस्तक प्रकाशित गरिएको छ जसमध्ये चार पुस्तक सन् २०१९ मा र थप एक पुस्तक सन् २०२१ मा प्रकाशित भएका हुन् । यी पुस्तकहरूको लेखन तथा प्रकाशन प्रक्रियामा संयोजक रोम ज्ञवाली, लेखक र सम्पादक शिव लामिछाने, सदस्यहरू रमेश ढकाल तथा विष्णु न्यौपाने संलग्न हुनुहुन्थ्यो । पुस्तक प्रकाशनका लागि शिक्षासेवी तथा विद्वान महानुभावहरू प्रा.डा.गोपी उप्रेती, राम लामा अविनाशी, पुरु सुवेदी, पदम विश्वकर्मा र वासु सत्याललेखुला मनले आर्थिक सहयोग गर्नुभएको थियो । यी पुस्तकहरूको माग अहिले अमेरिकाका विभिन्न राज्यहरूका साथै अन्य देशहरूबाट पनि भइरहेको छ । यो अमेरिका नेपाल सहयोगी समाजका लागि गौरव र थप जिम्मेवारी दुवै हो ।

अहिले एएनएचएस शिक्षा सदनमा अमेरिकाका विभिन्न चार राज्यका ८६ बालबालिका विभिन्न चार तहका ६ वटा कक्षामा तहगत रूपमा नेपाली भाषा-सिकाइमा सहभागी भइरहेका छन् । अनलाइन कक्षा ज्यादै प्रभावकारी भएको छ । उनीहरूसँग पढ्नका लागि तहगत रूपमा पुस्तकहरू छन् । शिक्षकहरूसित हरेक कक्षामा पढाउने योजनासहितको तयारी पुस्तकले दिएको छ । यो पुस्तक अहिले एएनएचएस शिक्षा सदनका साथै अमेरिकाका विभिन्न सात राज्यका नेपाली भाषा

पाठशालाहरूमा पनि सजिलो पाठ्य-सामग्रीका रूपमा प्रयोग भइरहेको सुखद र उत्साहपूर्ण प्रतिक्रिया आइरहेको छ ।

बालबालिकाहरूलाई पाठ्य-पुस्तकको पठनपाठनबाट प्राप्त हुने ज्ञानका साथै भ्रमण, अवलोकन र प्राकृतिक अध्ययनबाट आर्जन हुने ज्ञानको पनि त्यतिकै महत्व हुने गर्दछ । यही कुरालाई मध्यनजर राख्दै विगतका वर्षहरूमा जस्तै सन् २०१९ मा पनि वर्षको शैक्षिक सत्रका क्रममा गर्मीको छुट्टीअघि अमेरिका नेपाल शिक्षा सदनका बालबालिकाहरूका लागि जुन १६ तारिख आइतबारका दिन स्थलगत अध्ययन-भ्रमण सम्पन्न गरियो । यसअर्न्तगत मनासस नेशनल ब्याटलफिल्ड पार्कमा रहेको संग्रहालय अवलोकन, बालबालिकाहरूबीच प्रतियोगितात्मक खेलकुद कार्यक्रमको आयोजना, विजयी विद्यार्थीहरूलाई पुरस्कार वितरण तथा चियाखाजा खाँदै समग्र दिनको गतिविधिको समीक्षा गर्दै शिक्षा सदनका विद्यार्थीहरूको एक दिने अवलोकन-भ्रमण सम्पन्न गरियो ।

शिक्षा सदनको चौथो वार्षिकोत्सव सन् २०२० फेब्रुअरी १५ मा सरस्वती पूजासहित विविध कार्यक्रमको आयोजना गरेर मनाइयो । कार्यक्रममा सामूहिक सरस्वती वन्दनाका साथै विद्यार्थीहरूले नृत्य तथा गायन प्रस्तुत गरेका थिए । सोही अवसरमा सदनले बालबालिकाहरूलाई आधारभूत नेपाली भाषा सिकाउने उद्देश्यले तयार पारिएका छुट्टाछुट्टै चारवटा पाठ्य-पुस्तक पनि सार्वजनिक गरिएको थियो । शिक्षा सदनका स्वयम्सेवी शिक्षक तथा लेखक र सम्पादक शिव लामिछाने र अभिभावक रमेश ढकालले पुस्तकका सम्बन्धमा चर्चा गर्नुभएको थियो भने सामाजिक अभियन्ता गोपी उप्रेती र शिक्षा सदनका विद्यार्थीहरू सुनीता अधिकारी, आर्यातारा क्षेत्री, अभिलेखा भण्डारी र रितिष्मा ढकालले पुस्तकहरू विमोचन गरेका थिए । अन्तमा, शिक्षा सदनको सहयोगार्थ राफल चिठ्ठा बिक्री गरी जम्मा ४,९८० डलर सहयोग रकम संकलन समेत भएको थियो भने समग्र कार्यक्रम व्यवस्थापन तथा राफल टिकट विजयी १० जनालाई पुरस्कारसमेत गरी जम्मा ४,५५२ डलर खर्च भएको थियो ।

शिक्षा सदनको पाँचौं वार्षिक उत्सव कोभिड-१९ का कारण स्थलगत रूपमा असम्भव रहेको हुँदा जुम प्रविधिमार्फत फेब्रुअरी २१, २०२१ मा सम्पन्न भयो । बिहान ११ बजे सुरु भई ४ घण्टा ४० मिनेटसम्म भएको त्यो रोचक कार्यक्रम बालबालिका तथा अभिभावकहरूको उल्लेखनीय सहभागितामा सम्पन्न भयो । कार्यक्रम समाजका अध्यक्ष केदारप्रसाद तिम्सिनाको अध्यक्षता र नेपालको शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयका सचिव गोपी मैनालीको विशेष आतिथ्यमा सम्पन्न गरियो । वार्षिक उत्सव कार्यक्रममा सबै तहमा अध्ययनरत बालबालिकाहरूले विभिन्न ६० वटा सिर्जनात्मक प्रस्तुति पस्केका थिए । साथै, कार्यक्रम सञ्चालन पनि विद्यार्थी भाइबहिनीहरूले शिक्षकहरूसँगै मिलेर सहभागितामूलक तरिकाबाट गरेका थिए । कार्यक्रममा शिक्षा सदनको वार्षिक प्रगति प्रतिवेदन तथा आर्थिक प्रतिवेदन रोम ज्ञवालीले प्रस्तुत गर्नुभएको थियो । यसै वर्षबाट प्रयोग गर्न थालिएको चार तहका पाठ्य-पुस्तकहरूको लेखन अनुभव, चुनौती तथा प्रवासमा रहेका बालबालिकाहरूको नेपाली भाषा शिक्षण सिकाइमा पुस्तकहरूले पारेको प्रभाव, अनुभव तथा गुणात्मक विकास र विस्तारका अवसरहरूबारे लेखक शिव लामिछानेले बोल्नुभएको थियो । उत्कृष्ट विद्यार्थीहरूलाई प्रशंसा-पत्रसहित पुरस्कृत तथा शिक्षक सम्मान कार्यक्रमसमेत गरिएको त्यस कार्यक्रमको प्राविधिकलगायत समग्र व्यवस्थापन शिक्षा सदनका प्राविधिक संयोजक तथा समाजका आजीवन सदस्य शिव तिम्सिनाले गर्नुभएको थियो । कार्यक्रमको प्रत्यक्ष प्रसारण अनलाइन पोर्टल इनेप्लिज तथा अमेरिका नेपाल सहयोगी समाजको फेसबुक पेजमार्फत गरिएको थियो ।

सदस्यहरूको तथ्याङ्क अध्यावधिक तथा डाटा-बेस निर्माण

समाजको कार्य समितिको निर्णयबमोजिम समाजका आजीवन सदस्य शिव तिम्सिनाको संयोजकत्वमा महासचिव हरिराम भण्डारी सदस्य रहेको समितिले अमेरिका नेपाल सहयोगी समाजमा आबद्ध सबै सदस्यहरूको जानकारीहरू फोन नम्बर, इमेल ठेगाना, पत्राचार ठेगाना अध्यावधिक गर्ने र डाटा-बेस तयारी गर्ने महत्वपूर्ण कार्य २०२० मा सम्पन्न गऱ्यो । कार्य सम्पन्न गर्न समाजका आजीवन सदस्य शिव तिम्सिनाले प्राविधिक रूपमा फारमको डिजाइन, सूचना-प्रवाह तथा जानकारी संकलन, अभिलेखीकरण, टिमलाई अनुशिक्षण गर्दै समग्र व्यवस्थापनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको थियो । यो कार्य सम्पन्न भइसकेपछि यस समाजमा सूचना तथा जानकारीहरू इमेलमार्फत पनि प्रवाह गर्ने प्रक्रिया प्रारम्भ भएको छ । सञ्चार र समन्वय गर्न सहज तथा प्रभावकारितामा वृद्धि भएको छ ।

साइबर सेक्युरिटी तालिम

समाजको आयोजना र शिक्षा सदनको समन्वयमा आधारभूत कोर्सका रूपमा साइबर सेक्युरिटी तालिम सम्पन्न गरियो । तालिममा समाजका २२ जनाले सहभागिता जनाउनुभएको थियो जसमध्ये १४ जनाले कोर्स पूरा गर्नुभएको थियो । हरेक आइतबार अमेरिका नेपाल शिक्षा सदनकै समयभित्र सञ्चालन भएको कक्षाको समग्र व्यवस्थापन, समन्वय र स्वयम्सेवक शिक्षकको व्यवस्थापन समाजका आजीवन सदस्य शिव तिम्सिनाले गर्नुभएको थियो । उक्त तालिममा राजेश क्षेत्रीले स्वयम्सेवकका रूपमा प्रशिक्षण दिनुभएको थियो । कार्यक्रम सम्पन्न गर्न राजेश क्षेत्री, शिव तिम्सिना र रोम ज्ञवालीले गर्नुभएको सहयोग र समन्वयप्रति यो समाज हार्दिक आभार व्यक्त गर्दछ ।

भारतले गरेको नेपाली भूमि अतिक्रमणविरुद्ध विरोध सभा

नेपालको भूमि लिम्पियाधुरा, लिपुलेक र कालापानीमा छिमेकी मुलुक भारतले गरेको अतिक्रमणविरुद्ध वासिङ्गटन डिसी, मेरील्याण्ड र भर्जिनियामा क्रियाशील नेपाली सामाजिक संस्थाहरूको संयुक्त प्रयासमा डिसेम्बर १५, २०१९ मा व्हाइट हाउसअगाडि रहेको उद्यानमा एक विरोध कार्यक्रम आयोजना भएको थियो । त्यस विरोध कार्यक्रममा अमेरिकास्थित भारतीय दूतावासमा उक्त नेपाली भूमि फिर्ताको मागसहित विरोध-पत्र बुझाउने कार्यमा यस समाजको तर्फबाट सशक्त भूमिका रह्यो । उक्त विरोध कार्यक्रममा अध्यक्ष केदारप्रसाद तिम्सिना, महासचिव हरिराम भण्डारी, सदस्य कामना अधिकारी, आजीवन सदस्यहरू अर्जुन सिग्देल, परशुराम भण्डारी, डिल्ली कँडेल, कमल भट्टराईलगायत अन्य सदस्यहरूको सहभागिता थियो ।

कोभिड-१९ को अवस्थामा गरिएको संस्थागत पहल

अमेरिका नेपाल सहयोगी समाजले विपत्को अवस्थामा आफ्ना सदस्यहरू, नेपाली समाज र मातृभूमि नेपालका लागि हर तरहले आर्थिक तथा अन्य सहयोग गर्दै आइरहेको छ । २०२० फेब्रुअरीदेखि कोभिड-१९ को विश्वव्यापी महामारी गम्भीर रूपमा सर्वत्र देखिन थालेपश्चात् नेपाली समुदाय र यस समाजका सदस्य तथा परिवार पनि त्रास र भयमा रहनुपर्ने बाध्यता आइलाग्यो । यस्तो समयमा समाजका सदस्य, परिवार तथा नेपाली समुदायमा निरन्तर सम्पर्क गरी जानकारी

आदान–प्रदान गर्ने तथा आवश्यक भएमा सहयोग गर्ने उद्देश्यका साथ एक कार्यदल गठन गरी कार्य अगाडि बढाइयो ।

कोभिडका कारण सिर्जित असहज अवस्थामा समाजका सबै सदस्यहरूलाई सिडिसीको निर्देशिका पालना गरी सुरक्षित, स्वस्थ र खुसी रहन अपिल गर्नुका साथै त्यस विषम परिस्थितिमा समस्यामा परेका सदस्यहरू तथा नेपाली समाजलाई संस्थामा उपलब्ध स्रोत र साधनको आधारमा तथा अन्य संस्थाहरूसँगको सहकार्य र समन्वयमा सहयोग गर्न सकिने वातावरण मिलाइएको थियो । तसर्थ सहयोग, जिज्ञासा र प्रश्न, असहजता तथा अन्य जानकारीमूलक विषयका लागि कार्यदलका सदस्यहरू सागर कँडेल, पदमराज रेग्मी, कमला खरेल, केदारप्रसाद तिम्सिना, मधुसुदन पन्थी, जानु ओझा, रमेश ढकाल, हरिराम भण्डारी, रामभक्त अधिकारी, शिव लामिछाने, तिलक खरेल, मोहन निरौला, रोम ज्ञवाली, शिव तिम्सिना, कमल भट्टराई र आरती सिग्देललाई सम्पर्क गर्न सकिने जानकारी एएनएचएसका सबै सदस्यहरूलाई दिइएको थियो ।

डिसी मेट्रो सप्ताहमा स्वयम्सेवक सहयोग

सन् २०१९ जुन २२ देखि फेयरफ्याक्सस्थित लोटस मन्दिरमा आयोजना भएको डिसी मेट्रो सप्ताह कार्यक्रममा यस समाजको तर्फबाट कार्यक्रम अवधिभर स्वयम्सेवी सेवा प्रदान गर्ने निर्णय भयो । त्यसैअनुसार जुन २३ देखि कार्यक्रम समापन हुने दिनसम्म समाजका ५० जनाभन्दा बढी सदस्यले स्वयम्सेवकका रूपमा सहयोग गर्नुभएको थियो । साथै, उपस्थित भक्तजनहरूलाई समाजको तर्फबाट प्रसादको व्यवस्था पनि मिलाइएको थियो ।

स्वास्थ्य परीक्षण शिविर

अमेरिका नेपाल सहयोगी समाजको आयोजनामा जुलाई २७, २०१९ तारिखमा भर्जिनियाको मनासस सहरमा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भयो । शिविरमा विशेष गरी स्वास्थ्य बिमा नभएका, जेष्ठ नागरिक र अझ स्वास्थ्य परामर्श लिन चाहने ३० जनाभन्दा बढी व्यक्तिले निःशुल्क स्वास्थ्य परीक्षण सेवा प्राप्त गर्नुभएको थियो । स्वास्थ्य शिविरका चिकित्सकहरू डा. जेरी ली, डा. गुणराज सुवेदी तथा अन्य दुई चिकित्सकद्वारा स्वास्थ्य परीक्षण गरिएको थियो । यो स्वास्थ्य शिविर सम्पन्न गर्नका लागि हरेक वर्षजस्तै यस वर्ष पनि समाजका संरक्षक मधुसूदन पन्थीले मनाससस्थित आफ्नै क्लिनिकमा जाँचका लागि स्थान उपलब्ध गराउनुका साथै अन्य सम्पूर्ण व्यवस्था मिलाउनुभएको थियो । उहाँको यो योगदान सधैँ प्रशंसनीय रहने छ । तर, सन् २०२०

को स्वास्थ्य परीक्षण शिविर भने कोरोना महामारीका कारण आयोजना गर्न सकिएन ।

'हेमार्केट डे' परेडमा सहभागिता

नेपाली वेशभूषा, कला र संस्कृतिको प्रवर्द्धन गर्दै प्रवासमा मातृभूमि नेपालबारे चिनाउने अभियानअन्तर्गत 'हेमार्केट डे' परेड कार्यक्रममा विगत वर्षहरूमा जस्तै सन् २०१९ मा पनि समाजको सक्रिय सहभागिता रह्यो । अक्टोबर १९, २०१९ मा भएको परेडमा सहभागीहरूले नेपालको राष्ट्रिय पोसाकमा अमेरिका नेपाल सहयोगी समाजको ब्यानर लिएर नेपाल र अमेरिकाका झण्डाहरूसहित भाग लिएका थिए । निकै चिसो दिन परेको भए तापनि लगभग ८० जना जतिको सहभागिता रहेकोमा नेपाली गीत, नाचसहित दौरा-सुरुवाल र साडी-चौबन्दीमा लामबद्ध नेपालीपन देखेर कार्यक्रममा उपस्थित सबैको ध्यान आर्कषित भएको थियो । कोभिड-१९ का कारण सन् २०२० मा हेमार्केट डे परेड नै आयोजना भएन ।

युवाहरूका लागि कला तथा तनाव व्यवस्थापन कार्यक्रम

भर्जिनियाको च्यान्टिलीस्थित रिजनल लाइब्रेरीको सभा-कक्षमा अमेरिका नेपाल सहयोगी समाजको आर्थिक सहयोग तथा बिवेल इनिसिएटिभ (BEWELL initiative) को प्राविधिक सहयोगमा यस समाजका कार्य समिति सदस्य क्षितिज न्यौपानेको नेतृत्वमा 'युवाहरूका लागि कला तथा तनाव व्यवस्थापन कार्यक्रम' डिसेम्बर २१, २०१९ मा सम्पन्न गरियो । उक्त कार्यक्रममा १५ देखि ३० वर्षसम्मका डिसी क्षेत्रमा बसोबास गर्ने ३० जना युवाको सहभागिता थियो । कार्यक्रममा युवाहरूले स्वतन्त्र रूपमा आ-आफ्नो कला चित्रमार्फत व्यक्त गरेका थिए । त्यस अवसरमा मानसिक स्वास्थ्य तथा तनाव व्यवस्थापन गर्ने सहभागितामूलक विविध क्रियाकलापहरूसमेत गराइएको थियो । कार्यक्रममा अमेरिका नेपाल सहयोगी समाजका अध्यक्ष केदारप्रसाद तिम्सिना र कोषध्यक्ष रामभक्त अधिकारी पर्यवेक्षकका रूपमा हुनुहुन्थ्यो । कार्यक्रम डा. सुरेन्द्रवीर अधिकारी तथा क्षितिज न्यौपानेले सहजीकरण गर्नुभएको थियो । कार्यक्रमका सहभागीलाई समाजका तर्फबाट चिया, खाजा तथा स्टेसनरी सामग्रीको व्यवस्था गरिएको थियो ।

मन्दिर बनाउने परियोजना र एनएसिसीसँगको साझेदारी

अमेरिका नेपाल सहयोगी समाजले आफ्नो स्थापनाकालदेखि नै समाजमा अति आवश्यकता महसुस गर्दै आइरहेको एउटा सामुदायिक भवन र मन्दिर बनाउने लक्ष्यसहित बहस र छलफल गर्दै आइरहेको थियो । यस सन्दर्भमा, सन् २०१७–१९ को कार्य समितिका अध्यक्ष कमला खरेलले आफ्नो कार्यकालमा समाजका सबै सदस्यहरूसँग ठोस रूपमा अन्तरक्रिया, बैठक, बहस र छलफल गरी भर्जिनियामा भगवान पशुपतिनाथको मन्दिर बनाउने प्रस्ताव छलफलका लागि प्रस्तुत गर्नुभयो । उक्त प्रस्तावउपर विभिन्न चरणमा समाजका सदस्यहरू, सल्लाहकारहरू, नेपाली समुदायका सामाजिक अभियन्ताहरू, भर्जिनियामा स्थापित र सञ्चालित अन्य सामाजिक संस्थाहरूसँगको छलफल र बैठकपश्चात् मन्दिर निर्माण गर्ने विषयमा सबैको सहमति जुटाई त्यसका लागि जग्गा किन्ने निर्णय भयो । सोही अवधिमा जग्गा खरिदका लागि आवश्यक कोष निर्माण, सदस्यहरूबाट थप सहयोग संकलन र ऋण सहयोगसमेत संकलन गरी मन्दिरका लागि जग्गा खरिद गर्ने र संस्थाको नाममा नामसारी गर्ने कार्य सम्पन्न भयो । यो कार्य उक्त कार्यावधिको महत्वपूर्ण उपलब्धि थियो जसले संस्थालाई थप स्थापित गर्न सहयोग पुऱ्यायो ।

सोहीअनुसार मन्दिर निर्माण गर्नका लागि अप्रिल २०१९ को वार्षिक समाजको साधारण सभाबाट मन्दिर निर्माण र व्यवस्थापन तथा स्रोत संकलनका लागि सदस्यतासम्बन्धी प्रावधानहरू थप गरी विधान संशोधन गरियो । साथै, त्यसैबेला २०१९ देखि २०२१ सम्मका लागि नयाँ कार्य समितिको चयन समेत सम्पन्न भयो ।

सोही समयमा, भर्जिनियामा नेपाली अमेरिकन सामुदायिक भवनसहित नेपाली समुदायको आवश्यकता पूरा गर्ने 'क्याम्पस भिजन' अनुरूप नेपाली मन्दिरसमेत बनाउने उद्देश्यका साथ जुन २२, २०१९ देखि जुन २९, २०१९ सम्म डिसी मेट्रो सप्ताह आयोजना भयो । सोही अवधिमा विशेष गरी भर्जिनियामा बसोबास गर्ने सम्पूर्ण नेपालीहरूको सहभागिता, सहयोग र समुदायका आवश्यकताहरूबारे व्यापक बहस र छलफल गर्दै सबै नेपालीहरूबीच ऐतिहासिक एकताको सुरुआत भयो ।

सोही समयमा यस क्षेत्रका नेपाली समुदायलाई सामाजिक रूपमा एकीकृत गरी नेपाली भाषा, साहित्य र संस्कृतिको समेत प्रवर्द्धन गर्ने उद्देश्यका साथ नेपाली अमेरिकन सामुदायिक केन्द्र (एनएसिसी–न्याक) ले अघि बढाएको क्याम्पसको दृष्टिकोणमा साझेदार हुने अमेरिका नेपाल सहयोगी समाजका सदस्यहरूको चाहनाको कदर गर्दै सप्ताह–पुराण अवधिमै एएनएचएस कार्यसमितिका पदाधिकारीहरूको आकस्मिक बैठक बस्यो । लगत्तै, वार्ता समिति गठन गरी सहकार्यका लागि छलफल अगाडि बढाउने निर्णय भयो । यस क्षेत्रमा नेपालीहरूको सक्रियतामा मन्दिर बनाउने एएनएचएसको विगतदेखिको परिकल्पना जमिनसमेत खरिद गरी सुरु गरिएको योजनालाई संयुक्त रूपमा साकार पार्नका निम्ति एएनएचएसका तर्फबाट कार्य समितिको बैठकले निर्णय गरेपछि डिसी मेट्रो सप्ताहको अन्तिम दिन २०१९ जुन २९ मा सामुदायिक भवन र मन्दिर निर्माण गर्ने कार्यमा सहमति गरी अघि बढ्नका लागि दुवै संस्थाका बीच एकआपसमा प्रारम्भिक सहमति गरियो ।

मन्दिर बनाउने परियोजना साझेदारीसम्बन्धी विषयमा छलफल गरी निर्णयमा पुग्न अमेरिका नेपाल सहयोगी समाजले जुलाई २७, २०१९ मा साधारण सभा आयोजना गरी व्यापक परियोजना सम्झौता, औचित्य, कानुनी प्रावधान, प्रक्रिया तथा दिर्घकालीन असरबारे व्यापक बहस र छलफल गरी निम्नबमोजिम निर्णय भयो :

१. एकै समुदायका लागि एकै क्षेत्रमा एकै उद्देश्यले काम भइरहेको अवस्थामा दुवै संस्थाका प्रतिनिधिहरूबीच द्विपक्षीय सहमति गरिएको अमेरिका नेपाल सहयोगी समाजले अघि बढाइरहेको मन्दिर बनाउने परियोजना र एनएसिसीले अघि बढाएको क्याम्पस परियोजनाबीच भएको सहमति प्रस्तावमाथि विस्तृत छलफल गरी सहभागीहरूको सर्वसम्मत स्वीकृतिअनुरूप सो सहमतिलाई अघि बढाउने निर्णय गरियो ।

२. मन्दिर बनाउने परियोजनाबारे एनएसिसीसित सहकार्य गरिने विषयसम्बन्धी प्रावधानहरू, एकै क्षेत्रका समान उद्देश्य, लक्ष र कार्यक्रम रहेका गैर–नाफामूलक अन्य सामाजिक संस्थाहरूसँग भविष्यमा हुने यस्तै खालका अन्य परियोजनाहरूमा सहकार्य, समन्वय र साझेदारी गर्न सकिने प्रावधान थप र अन्य प्रस्तावमाथि छलफल हुँदा उपस्थित सदस्यहरूको सर्वसम्मतिबाट अमेरिका नेपाल सहयोगी समाजको विधान संशोधनको निर्णय गरिनुका साथै सो विषयमा कार्य अगाडि बढाउन कार्य समिति तथा विधान समितिलाई अख्तियार दिने निर्णय भयो ।

३. यस समाजले अघि सारेको मन्दिर बनाउने परियोजना एनएसिसीसँग सहकार्य गर्ने प्रस्तावको निर्णय भएकाले मन्दिर निर्माणका लागि समाजले खरिद गरेको जग्गा बेचबिखन गरी सबै दायित्व कट्टा गरी बाँकी रहेको रकम '५०१ सी, समाजको विधान र आइआरएस' मा व्यवस्था भएका प्रावधानहरूको अध्ययन गरी त्यसको सीमाभित्र रहेर संस्थागत रूपमा जाने वा व्यक्तिगत रूपमा गणना हुने गरी जाने भन्ने विषयमा व्यापक छलफल गरेर कार्य समितिले, अर्को अधिकार सम्पन्न समितिसमेत गठन गरी निणय गर्ने र यसको पूर्ण अख्तियार सोही समितिलाई प्रदान गर्ने उपस्थित सदस्यहरूको दुई तिहाइ बहुमतबाट निर्णय भयो ।

समाजको वार्षिक साधारण सभाबाट निर्णय भएबमोजिम सात सदस्य रहेको उच्चस्तरीय तथा अधिकारसम्पन्न समिति गठन गरी उल्लिखित सबै पक्षहरूको अध्ययन गरी उचित निर्णय लिँदै मन्दिर बनाउने प्रयोजनका लागि खरिद गरिएको जग्गा बेचबिखन गरी, सोही रकमबाट दायित्वहरू कट्टा गरी, परियोजना साझेदारी सम्झौता गरी रकम हस्तान्तरण गर्ने अख्तियारी प्रदान गरियो । उक्त उच्चस्तरीय समितिमा केदारप्रसाद तिम्सिना संयोजक रहने गरी, मधुसूदन पन्थी, गोविन्द मैनाली, सागर कँडेल, पदमराज रेग्मी, तिलक खरेल, रमेश ढकाल, मोहन निरौला र अनुप पाहारी रहनुभएको थियो । उक्त समिति निर्धारित समयसीमाभित्रै आफ्नो जिम्मेवारीहरू पूर्ण गर्न सफल पनि भयो । समितिले २,१९,७९७.४७ डलरमा उक्त जग्गा बिक्री गरी २,१५,२९७.४७ डलर एएनएचएसमार्फत न्याकलाई हस्तान्तरण गऱ्यो । उक्त जग्गा बेचबिखनका लागि तिलक खरेल र वासु सत्याललाई जिम्मेवारी दिइएको थियो । सोहीअनुसार फेब्रुअरी १३, २०२० का दिन जग्गा बिक्री क्लोजिङ गरिएको थियो । उक्त जग्गाबाट प्राप्त रकम फेब्रुअरी १६, २०२० मा न्याकलाई हस्तान्तरण गरियो । हस्तान्तरण

गर्ने क्रममा एएनएचएसको तर्फबाट अध्यक्ष केदारप्रसाद तिम्सिना र न्याकको तर्फबाट डा. मदनकुमार उप्रेती तथा साक्षीका रूपमा मधुसूदन पन्थी र ठाकुरप्रसाद ढकालले हस्ताक्षर गर्नुभएको थियो ।

विशेष खालका यस प्रकारका आवश्यक परियोजनाहरूलाई एकै क्षेत्रमा स्थापित भई समान उद्देश्य र लक्ष्य बोकेका पृथक् संस्थाहरूबीच साझेदारी निर्माण गरेर सम्पन्न गर्न सकिने नयाँ आयाम वा अवसरका रूपमा समाजले लिएको छ ।

अमेरिका नेपाल सहयोगी समाज (एएनएचएस) र नेपाली अमेरिकन सामुदायिक केन्द्र (एनएसिसी) बीच जनवरी २०, २०२० मा भएको मन्दिर बनाउनेसम्बन्धी सम्झौतामा उल्लिखित मुख्य प्रावधानहरू निम्नबमोजिम छन् :

१. एएनएचएसको मन्दिर बनाउने उद्देश्यबमोजिम एनएसिसीले मन्दिर निर्माण गर्नेछ ।
२. एनएसिसीले अमेरिका नेपाल सहयोगी समाजद्वारा सञ्चालित अमेरिका नेपाल शिक्षा सदन सञ्चालनार्थ निःशुल्क रूपमा कक्षा कोठाहरू उपलब्ध गराउनेछ ।
३. एनएसिसीले एएनएचएसको नियमित मासिक बैठक सञ्चालनका लागि एनएसिसीको '५०१ सी' को प्रावधानबमोजिम स्थान र सुविधा उपलब्ध गराउनेछ ।
४. दुवै संस्थाको साझेदारीमा समय-समयमा स्वास्थ्य परीक्षण शिविर सञ्चालन गरिनेछ ।
५. एनएसिसीले '५०१ सी' को प्रावधानमा रही एएनएचएसका वार्षिक कार्यक्रमहरू सम्पन्न गर्न निःशुल्क रूपमा स्थान र सुविधाहरू उपलब्ध गराउनेछ ।
६. एएनएचएसले मन्दिर बनाउने उद्देश्यले '३४९४ जेम्स मेडिसन हाइवे, हेमार्केट, भर्जिनिया २०१६९' मा खरिद गरेको जग्गा बेच-बिखनबाट प्राप्त रकम २,१९,७९७.४७ डलरमध्ये १,३०,२१० डलर रकम सम्बन्धित व्यक्तिहरूको सदस्यताका रूपमा समायोजन हुने गरी बाँकी ८५,०८७.४७ डलर एएनएचएस संस्थागत संरक्षक सदस्यका रूपमा रहने गरी एकमुस्ट २,१५,२९७.४७ डलर रकम एनएसिसीलाई हस्तान्तरण गरियो ।
७. एएनएचएसले एनएसिसीको सदस्यता वृद्धि कार्यक्रमलगायत सञ्चालित शैक्षिक तथा सामाजिक कार्यक्रमहरूमा सबै सदस्यहरूलाई सक्रिय संलग्नता र सहयोग पुऱ्याउन परिचालन गर्नेछ ।

परियोजना सम्झौतामा एएनएचएसको तर्फबाट गोविन्द मैनाली, सागर कँडेल, मधुसूदन पन्थी, पदम रेग्मी, तिलक खरेल, रमेश ढकाल, डा.अनुप पाहारी, मोहन निरौला र केदारप्रसाद तिम्सिना तथा एनएसिसीको तर्फबाट डा. मदनकुमार उप्रेती, ठाकुर ढकाल, ददि ढुङ्गाना, टीका मैनाली, पुरु सुवेदी, प्रेम संग्रौला, गोपाल रेग्मीले हस्ताक्षर गर्नुभएको थियो ।

उल्लिखित सम्झौताबमोजिम छिटोभन्दा छिटो नेपाली अमेरिकन सामुदायिक केन्द्र सञ्चालन गर्न दुवै पक्षको सशक्त भूमिका रहने तथा

मन्दिर निर्माण कार्य समयमा नै सम्पन्न हुनेछ भन्ने हाम्रो विश्वास छ ।

एएनएचएस स्मारिका प्रकाशन

यस कार्य समितिले समाजको सुरुआतदेखि हालसम्मको सम्पूर्ण इतिहास र क्रियाकलापहरूलाई अभिलेखीकरण गर्ने उद्देश्यले 'अमेरिका नेपाल सहयोगी समाज स्मारिका' प्रकाशन गरेको छ । 'हिँड्दै छ बाटो मेट्दै छ' भने जस्तो नहोस् र संस्थाले गरेका असल कार्यहरूको सबैलाई जानकारी भइरहोस् जसबाट नयाँ पुस्ताले पनि आफ्नो समुदायका लागि केही गर्ने प्रेरणा लिन सकोस् भन्ने मनशायले स्मारिका प्रकाशन गरिएको हो । यस अर्थमा स्मारिका प्रकाशन यो कार्य समितिको एउटा महत्वपूर्ण क्रियाकलाप हो र समाजका लागि ठुलो उपलब्धि हो भन्न सकिन्छ ।

स्मारिका प्रकाशनका लागि कार्य समितिका अध्यक्ष केदारप्रसाद तिम्सिना संयोजक, मञ्जु थापा र जयदेव गौतम सम्पादक तथा मधुसूदन पन्थी, सागर कँडेल, पदमराज रेग्मी, कमला खरेल, शिव तिम्सिना, कमल भट्टराई, मुक्त पौडेल, आरती सिग्देल र हरिराम भण्डारी व्यवस्थापक सदस्य रहनुभएको एक प्रकाशन समिति गठन गरिएको थियो । एएनएचएस स्मारिका प्रकाशनका लागि समाजका सल्लाहकार, कार्यसमितिका पदाधिकारी र सदस्यहरू तथा आजीवन सदस्य, सक्रिय सदस्य एवम् शुभचिन्तकहरूले हौसला दिएर, लेखेर, बोलेर, आर्थिक सहयोग उपलब्ध गराएर यथाशक्य सहयोग गर्नुभएको छ । 'अमेरिका नेपाल सहयोगी समाज स्मारिका' सन् २०२१ अप्रिल २५ मा भएको समाजको वार्षिक साधारण सभामा विमोचन भएको छ ।

निष्कर्ष

सामान्य र असामान्य दुवै परिस्थितिबाट गुज्रिएको सन् २०१९–२०२१ दुई वर्षको कार्यकालमा विभिन्न गतिविधिहरू सम्पन्न भए भने यसबाट लक्षित समुदाय प्रत्यक्ष–अप्रत्यक्ष लाभान्वित पनि भयो । तर सँगसँगै केही चुनौतीहरूको भोगाइ र सिकाइहरू पनि यस कार्य समितिले प्राप्त गरेको छ ।

पहिलो, यस समाजको वार्षिक योजना र कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि समाजसँग दिगो आर्थिक स्रोतहरू नहुँदा हरेकपटक व्यक्ति तथा संस्थाबाट सहयोग जुटाउनुपर्ने अवस्था रहिआएको छ । यसो हुँदा हरेकपटक व्यवस्थापनमा कठिनाइ पर्ने गरेको छ ।

दोस्रो, समाजका धेरै स्वयम्सेवी सदस्यहरूले जीविकोपार्जनको कामबाट शनिबार र आइतबार विदा मिलाउन कठिनाइ हुँदा उक्त दिनहरूमा गरिने कार्यक्रमहरूमा पर्याप्त स्वयम्सेवक तथा सहभागिता हुन गाहारो भइरहेको छ । यसबाट सबैका लागि उपयुक्त समय व्यवस्थापन मिलाउन कठिन भएको छ ।

तेस्रो, डिसी क्षेत्रमा धेरै सामाजिक संस्थाहरू क्रियाशील रहेका तथा

अस्वस्थ प्रतिस्पर्धासमेत हुने गरेकाले सामाजिक संस्थाहरूप्रति आम नेपाली समुदायको विश्वास जगाउन कठिन भइरहेको छ र उनीहरूमा वितृष्णा पैदा भइरहेको छ ।

चौथो, १५ वर्षदेखि २५ वर्षसम्मका नेपाली युवाहरूमा सामाजिक भावनामा वृद्धि गरी समाजमार्फत सञ्चालित सामाजिक गतिविधिहरूमा सहभागिता गराउन कठिन अवस्था छ ।

पाँचौ, कोभिड-१९ को महामारी सुरु भएपश्चात् विश्व प्रविधिमय भएसँगै समाजका गतिविधिहरूलाई प्रविधि प्रयोग गरी सञ्चालन गर्न पर्याप्त प्राविधिक ज्ञान र सीप भएका सदस्यहरूको कमी रहेको पाइयो ।

छैटौं, सदस्यहरूमाझ प्रभावकारी सञ्चार तथा सूचना प्रवाह सशक्त बनाउन सकिएको छैन । इ-मेल कम्युनिकेसनमा समेत जोड दिनुपर्ने स्थिति छ ।

सातौं, हालसम्म समाजको मासिक बैठक स्थान नियमित रूपमा एकै स्थानमा बस्ने अवस्था निर्माण हुन सकेको छैन । त्यसै गरी, अमेरिका नेपाल शिक्षा सदनका लागि स्वयम्सेवक शिक्षकहरू पर्याप्त संख्यामा उपलब्ध हुन पनि कठिनाइ भइरहेको छ । यस्ता चुनौतीहरूलाई झेल्दै र तात्कालिक रूपमा सुल्झाउँदै समाज अहिलेसम्मको अवस्थामा आइपुगेको छ ।

यस कार्यअवधिमा यस्ता चुनौतीहरूसँगै केही सिकाइहरू पनि आर्जन भएका छन् जसलाई कार्यान्वयन गर्न सकियो भने भविष्यमा संस्थाले अझै प्रभावकारी र उपयोगी कामहरू गर्न सक्छ भन्ने हाम्रो विश्वास छ । यसका लागि समाजले सुरुआत गरेको 'आकस्मिक कोष' लाई निरन्तरता दिनुपर्ने, स्रोतहरूको खोजी गरी कोष वृद्धिमा जोड दिनुपर्ने एवम् कोष सञ्चालन कार्यविधि बनाई आवश्यकताअनुसार कार्यान्वयन गर्दै जानुपर्ने देखिन्छ । सबै उमेर समूहका व्यक्तिहरूलाई लक्षित गरी वार्षिक योजनासहित प्रत्यक्ष सहभागिता हुने कार्यक्रमहरूले गर्दा यस अमेरिका नेपाल सहयोगी समाजप्रति सबैको आकर्षण बढिरहेको छ । तसर्थ वनभोज कार्यक्रम, शिक्षा सदनको नियमित सञ्चालन, तीज महोत्सव, देउसी-भैलो कार्यक्रम, स्वास्थ्य शिविर, ध्यान, योग, प्राणायाम, युवाहरूलक्षित मानसिक स्वास्थ्य तथा तनाव व्यवस्थापन, बालबालिकाहरूका लागि अवलोकन भ्रमण तथा खेलकुद कार्यक्रम, सामुदायिक हितका गतिविधिमा स्वयम्सेवी सहयोग नियमित र निरन्तर गरिनुपर्दछ ।

नेपाली नयाँ वर्षका अवसरमा प्रकाशन गरी वितरण गरिने भित्ते पात्रो (क्यालेण्डर) लाई निरन्तर प्रकाशन गरिनुपर्दछ ।

यस समाजको सदस्य भएपश्चात् प्रदान गरिँदै आएको मायाको चिनो कप तथा एएनएचएसको टी-सर्टले सबैको सम्झना तथा समाजप्रतिको अपनत्व र माया बढाएको छ । सबै सदस्यहरूको चाहना समाजमार्फत आयोजित कार्यक्रमहरूको अवसरमा सदस्यता प्रमाण-पत्रसहित कप अर्थात् मायाको चिनो प्रदान गरिँदा थप प्रभावकारी हुने सिकाइ रहेको छ ।

समाजले कार्यक्रमहरूको वार्षिक योजना, हरेक कार्यक्रमको योजना अवधारणा, कार्यक्रम सम्पन्न प्रतिवेदन र वार्षिक प्रतिवेदन तयारी गर्न सकेमा समाजको अभिलेखीकरण पक्षमा थप सुधार हुने देखिन्छ । साथै, समाजको कार्यसमितिमा विषयविज्ञ (प्रविधिविज्ञ, फोटोग्राफर, लेखक,

अमेरिका नेपाल शिक्षा सदनको पाँचौ वार्षिकोत्सव समारोह

सञ्चारकर्मी आदि) व्यक्तिहरूलाई समावेश गर्न सकेमा कार्यक्रमहरू सम्पन्न गर्न थप सहज र प्रभावकारितामा वृद्धि हुने सम्भावना छ । समाजका सबै सदस्यहरूबीच निरन्तर समन्वय, सम्पर्क र गतिशीलता प्रदान गर्न एक पद एक जिम्मेवारीसहित विभिन्न समितिका सदस्यको संयोजकत्वमा उप-समितिहरू गठन गरी जिम्मेवारी प्रदान गरिनु बेस हुन्छ, जस्तै- स्वयम्सेवक समिति, सामाजिक सञ्जाल (फेसबुक तथा वेबसाइट) समिति, सदस्यहरूको इ-मेल तथा जानकारी अध्यावधिक समिति, साहित्य समिति, खेलकुद समिति, सदस्यता विस्तार समिति, स्वास्थ्य समिति, कार्य योजना तथा स्रोत व्यवस्थापन समिति, युवा समन्वय तथा कार्यक्रम समिति आदि ।

अमेरिका नेपाल सहयोगी समाजको व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सहज रूपमा प्रदर्शन गर्न सकिने खालको ब्यानर निर्माण गर्नुपर्ने, सचिवालय सामग्रीहरू (ल्यापटप, एएनएचएस सचिवालय ब्याग, प्रिन्टर, क्यामरा) उपलब्ध गराउन सकेमा सचिवहरूलाई अभिलेख राख्न तथा कार्यक्रम तय गर्न एवम् प्रतिवेदन तथा सूचनाहरू तयार गर्न सहज हुने थियो ।

पाठ्य-पुस्तकको प्रकाशन र प्रयोग, शिक्षकहरूको लगनशीलता, व्यवस्थापकहरूको कुशल व्यवस्थापन तथा सामाजिक भावनाका कारण कोभिड-१९ को प्रकोपका कारण २०२० मार्चबाट जुम प्रविधिको माध्यमबाट सुरु भएको अमेरिका नेपाल शिक्षा सदनको अनलाइन कार्यक्रम अत्यन्तै प्रभावकारी, लोकप्रिय र उपलब्धिमूलक ढंगले सञ्चालन भइरहेको छ । आफ्ना बालबालिकाहरूको मातृभाषा सिकाइमा अभिभावक तथा परिवारको अर्थपूर्ण सहभागितामा वृद्धि, कार्यक्रममा धेरै क्षेत्रका बालबालिकाको सहभागिता, प्राविधिक ज्ञानको विकास, विद्यार्थी संख्यामा तीव्र वृद्धि, विद्यार्थीहरूमा सुनाइ, बोलाइ, पढाइ, लेखाइलगायत अन्य प्रतिभाहरूको विकासजस्ता उपलब्धिहरू प्राप्त भएका छन्, यिनलाई निरन्तरता दिइनु आवश्यक छ ।

साथै, सबै सदस्यहरूको सहभागितामा रक्तदान कार्यक्रम तथा युवाहरूको सहभागितामा कुनै कुनै खेलकुद कार्यक्रमलाई समाजको वार्षिक कार्यक्रममा समावेश गरी वार्षिक रूपमा सम्पन्न गर्नुपर्ने सिकाइ पनि रहेको छ । हरेक वर्ष एएनएचएसले नेपाललक्षित कम्तीमा एउटा कार्यक्रम गर्न सकेमा अमेरिकामा रहेका नेपालीहरूको देशप्रेमलाई अभिव्यक्त गर्न र नेपालसँग जोडिन सकिन्छ भन्ने सिकाइ रहेको छ । अमेरिका नेपाल सहयोगी समाजको तर्फबाट वार्षिक रूपमा नेपालमा कम्तीमा कुनै एक परोपकारी संस्थामार्फत वा प्रत्यक्ष रूपमा मानवीय सहयोग गर्नु असाध्यै राम्रो हुनेछ, जस्तो- कुनै वृद्धाश्रम, अनाथ आश्रम वा जोखिममा रहेका व्यक्तिहरूलाई प्रत्यक्ष सहयोग गरिरहेका संस्थालाई सहयोग वा अन्य अत्यन्तै समस्यामा रहेका केही बालबालिकाहरूलाई अध्ययन सहयोग आदि । अमेरिका नेपाल सहयोगी समाजको फेसबुक पेजमार्फत थप सूचनामूलक र सन्देशमूलक सामग्रीहरू पोस्ट गरी समाजका सदस्यहरूको जन्मदिनको शुभकामनालगायत अन्य रचनात्मक सामग्रीमार्फत थप गतिशील बनाउनुपर्ने देखिन्छ ।

००

(लेखकद्वयमध्ये तिम्सिना एएनएचएसको चौथो कार्य समिति (सन् २०१९-२०२१) को अध्यक्ष र भण्डारी महासचिव हुनुहुन्छ)

अमेरिका नेपाल सहयोगी समाज संक्षिप्त आर्थिक विवरण

अमेरिका नेपाल सहयोगी समाज (एएनएचएस) ले आफ्नो स्थापनाकालदेखि नै नेपाली कला, संस्कृति, भाषा र मातृभूमि नेपालको पहिचान अभिवृद्धिको विषयमा केन्द्रित रहेर आफ्ना विविध क्रियाकलापहरू गर्दै आइरहेको छ । यिनै कुराहरूलाई मूर्त रूप दिन हाम्रो संस्था एएनएचएसले हरेक वर्ष तीज कार्यक्रम, देउसी-भैलो, वनभोज कार्यक्रम र स्वास्थ्य शिविरको आयोजना, स्थानीय सहरमा हुने गरेका परेड कार्यक्रममा सहभागिता, विभिन्न संघ-संस्थाहरूको समन्वयमा आयोजित कार्यक्रमहरूमा सहभागिता, अमेरिका नेपाल शिक्षा सदनको नियमित सञ्चालनलगायत विभिन्न गतिविधिहरू गर्दै आइरहेको छ । अमेरिकी कानुनको ५०१ सी (३) मा दर्ता भएको यस संस्थामा हाल २२२ भन्दा बढी आजीवन र सक्रिय सदस्यहरू छन् ।

संस्था सञ्चालन र त्यसका विविध कार्यक्रमहरू गर्न नियमित बजेटको आवश्यकता पर्दछ । हाम्रो संस्था गैर-नाफामुखी चरित्रको हुनाले यसले गर्ने हरेक कार्यक्रमहरूको आयोजनामा समाजका सदस्यहरू, सहयोगी दाताहरू, शिक्षा सदनमा अध्ययनरत बालबालिकाका अभिभावकहरू, सामाजिक अभियन्ताहरू तथा विभिन्न व्यवसायीहरूको सहयोग र सौजन्य नै मूल आर्थिक आधारका रूपमा रहेका छन् । समाजका लगभग सबै योजनागत कार्यक्रमहरू यसरी नै सञ्चालन हुँदै आइरहेका छन् । समाजले गर्ने हरेक गतिविधिहरूलाई नजिकबाट नियाली यसलाई सहयोग गर्नुहुने सबै उदार मनहरूप्रति हामी समाजका तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं ।

स्थापनाकालदेखि नै संस्थाको आर्थिक पक्षलाई व्यवस्थित गर्न तथा आर्थिक विवरणहरूको अभिलेखीकरण दुरुस्त राखी यसलाई पारदर्शी बनाइराख्न दत्तचित्त रहनुहुने समाजका आजीवन सदस्य तथा प्रमुख वित्त अधिकारी तिलक खरेल र विभिन्न कार्यकालका कार्य समितिमा रहनुहुने कोषाध्यक्षहरू क्रमशः लक्ष्मी भट्टराई, पिताम्बर भट्टराई, लक्ष्मण सापकोटा र राम अधिकारीको अनवरत प्रयासले संस्थाका आर्थिक गतिविधिहरू सहज तरिकाले सञ्चालन र व्यवस्थापन हुँदै आइरहेका छन् । तसर्थ उहाँहरूप्रति यो समाज हार्दिक कृतज्ञता प्रकट गर्दछ ।

अन्तमा, संस्थालाई अहिलेसम्म सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक धन्यवाद प्रकट गर्दै आगामी दिनहरूमा पनि यहाँहरूको सहयोग यथावत् रहने विश्वास लिएका छौं ।

अमेरिका नेपाल सहयोगी समाजको वार्षिक आम्दानी तथा खर्च विवरण निम्नबमोजिम रहेको छ (आम्दानी खर्च विवरण युएस डलरमा) :

आर्थिक वर्ष २०२० (ट्याक्स फाइल रिपोर्ट नगरिएको विवरण)				
आम्दानी			खर्च	बाँकी मौज्दात
२०१९ को मौज्दात	यस वर्षको आम्दानी	जम्मा आम्दानी	जम्मा खर्च	
२२,४०९.००	२,५०,९०६.०९	२,७३,३१५.०९	२,५८,१८६.४४	१४,८७८.६५

राम अधिकारी
(कोषाध्यक्ष)

तिलक खरेल
(सिएफओ)

केदारप्रसाद तिम्सिना
(अध्यक्ष)

आर्थिक वर्ष २०१९				
आम्दानी			खर्च	बाँकी मौज्दात
२०१८ को मौज्दात	यस वर्षको आम्दानी	जम्मा आम्दानी	जम्मा खर्च	
५८,९७०.००	१,८४,८०४.००	२,४३,७७४.००	२,२१,३६५.००	२२,४०९.००

राम अधिकारी
(कोषाध्यक्ष)

तिलक खरेल
(सिएफओ)

केदारप्रसाद तिम्सिना
(अध्यक्ष)

आर्थिक वर्ष २०१८				
आम्दानी			खर्च	बाँकी मौज्दात
२०१७ को मौज्दात	यस वर्षको आम्दानी	जम्मा आम्दानी	जम्मा खर्च	
४१,५५९.००	५३,५८९.००	९५,१४८.००	३६,१७८.००	५८,९७०.००

लक्ष्मण सापकोटा (कोषाध्यक्ष) | तिलक खरेल (सिएफओ | कमला खरेल (अध्यक्ष)

आर्थिक वर्ष २०१७				
आम्दानी			खर्च	बाँकी मौज्दात
२०१६ को मौज्दात	यस वर्षको आम्दानी	जम्मा आम्दानी	जम्मा खर्च	
२४,३२९.००	५४,१७४.००	७८,५०३.००	३६,९४४.००	४१,५५९.००

लक्ष्मण सापकोटा (कोषाध्यक्ष) | तिलक खरेल (सिएफओ) | कमला खरेल (अध्यक्ष)

आर्थिक वर्ष २०१६				
आम्दानी			खर्च	बाँकी मौज्दात
२०१५ को मौज्दात	यस वर्षको आम्दानी	जम्मा आम्दानी	जम्मा खर्च	
१६,८६४.००	२९,७०६.००	४६,५७०.००	२२,२४१.००	२४,३२९.००

पिताम्बर भट्टराई (कोषाध्यक्ष) | तिलक खरेल (सिएफओ) | पदमराज रेग्मी (अध्यक्ष)

आर्थिक वर्ष २०१५				
आम्दानी			खर्च	बाँकी मौज्दात
२०१४ को मौज्दात	यस वर्षको आम्दानी	जम्मा आम्दानी	जम्मा खर्च	
४,९३४.००	८९,६८१.००	९४,६१५.००	७७,७५१.००	१६,८६४.००

पिताम्बर भट्टराई (कोषाध्यक्ष) | तिलक खरेल (सिएफओ) | पदमराज रेग्मी (अध्यक्ष)

आर्थिक वर्ष २०१४				
आम्दानी			खर्च	बाँकी मौज्दात
२०१३ को मौज्दात	यस वर्षको आम्दानी	जम्मा आम्दानी	जम्मा खर्च	
१,२४३.००	८,३४१.००	९,५८४.००	४,६५०.००	४,९३४.००

लक्ष्मी भट्टराई (कोषाध्यक्ष) | तिलक खरेल (सिएफओ) | सागर कँडेल (अध्यक्ष)

द्रष्टव्य : अमेरिका नेपाल सहयोगी समाज सन् २००८ मा स्थापना भएको हो तापनि सुरुका वर्षहरूमा सदस्य संख्या पनि कम थियो । त्यतिबेला समाजका समग्र गतिविधिहरू समाजका पदाधिकारी तथा सदस्यहरूबाट र अन्य केही निकट सहयोगी–शुभेच्छुकहरूबाट आवश्यक रकम उठाई सम्बन्धित कार्यक्रमहरू सम्पन्न गरिन्थ्यो । सन् २०१३ मा संस्था आइआरएस ५०१ सी (३) मा दर्ता भएपछि संस्थाको बजेट व्यवस्थापन र अभिलेखीकरण सुरु भएको हो । त्यससँगै सन् २०१४ देखि नियमित ट्याक्स फाइल गर्ने प्रक्रिया पनि सुरु भएको हो ।

०००

अमेरिका नेपाल शिक्षा सदनको अवधारणा एवम् विकास

रोम ज्ञवाली

अमेरिका नेपाल सहयोगी समाजका प्रमुख उद्देश्यहरूमा अमेरिकामा रहेका नेपालीहरू एवम् नेपाली मूलका अमेरिकीहरूका बालबालिकाहरूमा नेपाली भाषा, संस्कृति, चाडपर्व, रीति-रिवाज एवम् नेपालीपनको ज्ञान अभिवृद्धि गरी भविष्यमा उनीहरूलाई विदेशमा रहे तापनि नेपाली एवम् नेपाली मूलको हुनुमा आफूलाई गौरवान्वित महसुस गराउनु पनि हो । यो महान उद्देश्य कार्यान्वयन गर्न एक नेपाली स्कुल सञ्चालन गर्नु अपरिहार्य भएको महसुस गरिएअनुरूप अमेरिका नेपाल सहयोगी समाजको विशिष्ट कार्यक्रमका रूपमा 'अमेरिका नेपाल शिक्षा सदन' को स्थापना सन् २०१६ फेब्रुअरी १२ तारिख सरस्वती पूजाको पवित्र दिनमा भएको हो ।

अमेरिका नेपाल सहयोगी समाजको तत्कालीन कार्य समितिमा शिक्षा सदनको स्थापना एवम् सञ्चालन गर्ने निर्णय भएअनुसार कार्यसमितिका शिक्षा विभागका संयोजक रोम ज्ञवालीले प्रस्तुत गर्नुभएको प्रारम्भिक खाकामा आवश्यक परिमार्जन गरी सोअनुसार स्कुल स्थापना कार्यलाई मूर्तरूप दिइयो । साथै, शिक्षा सदनको सहज सञ्चालनका लागि जनवरी १६, २०१६ मा रोम ज्ञवालीकै संयोजकत्वमा ११ सदस्यीय स्कुल व्यवस्थापन समितिको गठन गरी स्कुल सञ्चालन एवम् व्यवस्थापनको तालमेल मिलाइयो । स्कुल सञ्चालनको समय प्रत्येक आइतबार बिहान १० बजेदेखि अपरान्ह १२ बजेसम्मको समय निर्धारण गरियो भने कक्षाहरूका लागि आवश्यक कोठाहरू भाडामा लिएर सुरु गर्ने निर्णय गरियो । कक्षाकोठाहरू भाडामा लिने र व्यवस्था मिलाउने जिम्मा अमेरिका नेपाल सहयोगी समाजका संरक्षक मधु पन्थीले लिनुभयो ।

स्कुलका लागि आवश्यक पाठ्य-पुस्तकहरू नेपालबाट ल्याएर चलाउने व्यवस्था मिलाइयो । स्कुलप्रति अभिभावकहरूको पनि प्रतिबद्धता जगाउने एवम् स्कुल सञ्चालनमा सहयोग पुऱ्याउने उद्देश्यले प्रति विद्यार्थी मासिक २० डलर उठाउने र उनीहरूका लागि आवश्यक पर्ने पुस्तक एवम् स्टेशनरी निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाइयो । विद्यार्थीहरूलाई उमेरको आधारमा तीन समूहमा विभाजन गरी कक्षाहरूको व्यवस्था मिलाइयो जसमा छ वर्षसम्मका लागि 'ग्रुप ए', त्यसपछि आठ वर्षसम्मका लागि 'ग्रुप बी' र त्यसभन्दा माथिको उमेरका लागि 'ग्रुप सी' मा वर्गीकरण गरियो । प्रशिक्षकका रूपमा संस्थाकै कार्य समिति सदस्य जानु ओझा, आजीवन सदस्य तनुजा पोखरेल र मनीषा कोइरालाले जिम्मा लिनुभयो । उहाँहरू सबैजना बालबालिकाको शिक्षणसम्बन्धमा राम्रो अनुभवी पनि हुनुहुन्थ्यो ।

स्कुलका कक्षाहरू सुरुमा मनासस सड्ली रोडस्थित स्पेनिस भाषा कक्षा सञ्चालन हुने ठाउँमा सुरु गरिएको थियो तर चाँडै नै त्यो ठाउँ हाम्रा कक्षाहरूका लागि त्यति उपयुक्त नभएको महसुस भयो । यसले गर्दा दोस्रो महिनादेखि नै ठाउँ परिवर्तन गरी स्टोनवाल ज्याक्सन हाइस्कुल मनाससमा कक्षा कोठाहरू भाडामा लिएर स्कुल सञ्चालन गर्न लागियो । तर, त्यहाँ पनि असुविधा महसुस भएकोले फेरि सेप्टेम्बर २५, २०१६ देखि स्टोनवाल मिडिल स्कुल मनाससमा स्कुल सार्नुपरेको थियो ।

प्रशिक्षकहरूको सम्बन्धमा मनिषा कोइरालाले निरन्तरता दिन नसक्नु भएकोले उहाँको ठाउँमा अभिभावक इन्दिरा सापकोटा आउनुभयो भने अर्का नयाँ अभिभावक (तथा नेपालमा लामो समयसम्म स्कुल सञ्चालन गरेर आउनुभएको) भूपाल पौडेल पनि स्वयम्सेवी शिक्षकका रूपमा आउनुभयो । यसका साथै विद्यार्थीहरूलाई भाषा शिक्षाका साथै नाचगान पनि सिकाउने उद्देश्यले विवेचना निरौलालाई डान्स प्रशिक्षकका रूपमा जिम्मेवारी दिई प्रत्येक भाषा कक्षाहरूमा ३० मिनेटको डान्स कक्षाहरू पनि सुरु गरियो ।

स्कुल स्थापना एवम् सञ्चालनको एक वर्ष पूरा भएको उपलक्ष्यमा बेष्ट वेस्टर्न होटल मनाससमा अमेरिका नेपाल सहयोगी समाजको आयोजनामा भव्य रूपमा स्कुलको वार्षिक उत्सव एवम् सरस्वती पूजा कार्यक्रमको आयोजना गरियो । यस कार्यक्रममा शिक्षा सदनका विद्यार्थीहरूले स्कुलमा सिकेका विभिन्न नाचगान आदिले मनोरञ्जन गराएका थिए । दोम्रो नयाँ शैक्षिक सत्रदेखि विद्यार्थीहरूको संख्या पनि बढ्दै गएकाले नयाँ कक्षाको रूपमा पाँच वर्षभन्दा तलका विद्यार्थीहरूका लागि 'कोपिला समूह'को नाममा मनोरञ्जन लिने तरिकाबाट सिक्ने कक्षा सुरु गरियो । अरू कक्षाहरूमा पनि आवश्यक मिलान गरेर पाँच वर्षदेखि सात वर्षसम्मका लागि अन्नपूर्ण, त्यसपछि नौ वर्षसम्मका लागि कन्चनजंघा र त्योभन्दा माथि चौध वर्षसम्मका लागि सगरमाथा कक्षामा वर्गीकरण गरेर कक्षाहरूलाई अगाडि बढाइयो । प्रत्येक कक्षामा विद्यार्थीहरूको सिकाइको स्तरअनुसार उच्च तह, मध्यम तह र तल्लो तह गरी तीन तहमा छुट्याएर त्यसैअनुसार सम्बन्धित कक्षाका प्रशिक्षकले सिकाउने प्रक्रिया मिलाइयो । साथै, प्रशिक्षक इन्दिरा सापकोटा अर्को राज्यमा बसाइँ-सराइ गर्नुभएकाले नयाँ प्रशिक्षकमा गुञ्जन घिमिरे र अभिभावक अनु पाण्डेलाई जिम्मा दिइयो ।

पाठ्य-सामग्रीको सन्दर्भमा नेपालबाट ल्याएर चलाउने गरिएकोमा हाम्रो परिप्रेक्ष्यमा त्यति व्यवहारिक नभएको महसुस भइरहेको थियो । यसै परिस्थितिलाई बुझेर तत्कालीन प्रशिक्षक भूपाल पौडेल -जो नेपालमा लामो समयसम्म स्कुल सञ्चालन तथा पाठ्य-सामग्री विकासमा लाग्नुभएको थियो- ले शिक्षा सदनका संयोजक एवम् शिक्षकहरूसँग गहन छलफल गर्नुभयो र त्यसपछि हाम्रो आफ्नै पाठ्य-सामग्री तयार गर्नुपर्छ भनेर उत्सुकतासाथ लाग्नुभयो । त्यसलाई नेपाली टाइपिङ गर्ने, ग्राफिक डिजाइन गर्ने आदि कार्यमा अभिभावक एवम् व्यवस्थापन समिति सदस्य उत्तम गौतमले सहयोग गर्ने तत्परता देखाउनुभयो । यसरी तयार भएका पाठ्य-सामग्रीहरूलाई नेपालबाट ल्याइएका पुस्तकहरूको परिपूरक सामग्रीका रूपमा प्रत्येक कक्षाहरूमा लागू गर्न सुरु गरियो ।

केही समयपछि जागिरको कारण भूपाल पौडेल अर्को राज्यमा बसाइँ सर्नुपर्ने भएपछि उहाँले पाठ्य-सामग्री तयार गर्ने कामलाई निरन्तरता दिन सम्भव भएन जसले गर्दा फेरि एकपटक नेपालबाट ल्याइएका पाठ्य-सामग्रीहरूमै भर पर्नुपर्ने परिस्थितिको सिर्जना भयो ।

यसै क्रममा समाजका सदस्य तथा नयाँ अभिभावक रमेश ढकाल शिक्षा सदनको सम्पर्कमा आउनुभयो । उहाँले नेपालमा शिक्षण एवम् पाठ्य-सामग्री विकासमा राम्रो अनुभव सँगाल्नुभएको थियो जुन हाम्रो उद्देश्यका लागि सुनमा सुगन्ध भयो । उहाँले हाम्रो नेपाली स्कुलको परिस्थितिलाई बुझेर बालबालिकाहरूलाई स्कुलप्रति आकर्षण र सिकाइमा अझ प्रभावकारिता कसरी ल्याउन सकिन्छ भन्ने विषयमा चाख लिई शिक्षा सदनका संयोजक तथा प्रशिक्षकहरूसँग निरन्तर छलफलमा आउनुभयो । उहाँले सिर्जनशील नयाँ पाठ्य-सामग्रीहरूलाई आफ्ना छोराछोरी- जो शिक्षा सदनका विद्यार्थी हुन्- हरूमा घरमा प्रयोग गरेर आएका नतिजाहरूलाई संयोजकसँग छलफल गरी शिक्षा सदनका सम्बन्धित कक्षाहरूमा प्रयोग गर्नका लागि तयार गर्नमा सक्रियता देखाउनुभयो ।

शिक्षा सदनको सुरुआत ३५ जना विद्यार्थीबाट भएकोमा दोस्रो वर्षको मध्यसम्म आइपुग्दा विद्यार्थी संख्या ६० पुगिसकेको थियो । भाषा कक्षालगायत डान्सका कक्षाहरू प्रभावकारी भइरहेका थिए । यसै क्रममा केही अभिभावकहरूले डान्स कक्षा चाहना गर्नुभएको र हामीसँग अभिभावकहरूलाई डान्स सिकाउन सक्ने नयाँ प्रशिक्षक विनिता न्यौपाने उपलब्ध हुनुभएकोले अभिभावकहरूका लागिसमेत डान्स कक्षा सुरु गरियो । तर, यस्तो कक्षा तीन महिनाभन्दा बढी निरन्तर हुन सकेन ।

शिक्षा सदनका विद्यार्थीहरूलाई स्कुलको नाम प्रिन्ट भएको टी-सर्ट स्कुलको ड्रेसका रूपमा निःशुल्क उपलब्ध गराउने उद्देश्यले नेपालबाट टी-सर्ट तयारी गरेर ल्याएर वितरण गर्न पनि सुरु गरियो । नेपालबाट टी-सर्ट तयार गरेर ल्याउने काममा अमेरिका नेपाल सहयोगी समाजका तत्कालीन अध्यक्ष कमला खरेल एवम् सल्लाहकार तिलक खरेलले विशेष भूमिका निभाउनुभयो । यही बीच स्कुलको दोस्रो वार्षिक उत्सवमा स्कुलको परिचयात्मक ब्रोसर पनि तयार गरेर वितरण गर्न सफल भएका थियौं ।

शिक्षा सदन सञ्चालनको तेस्रो वर्ष २०१८ को मार्चदेखि कक्षाहरूलाई अझ व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले ६ वर्षभन्दा बढी उमेरका तर नेपाली अक्षरहरू लेख्न-पढ्न नसक्ने बालबालिकाहरूका लागि ब्रिज कक्षाको व्यवस्था गरियो । यस कक्षामा विद्यार्थीहरूको उमेर धेरै तर नेपाली भाषाको ज्ञान कम भएको हुने हुँदा उनीहरूलाई बाह्रखरीसम्मको ज्ञान हुनासाथ उनीहरूको उमेरअनुसार कन्चनजंघा वा सगरमाथा कक्षामा पढाउने व्यवस्था गरियो ।

बालबालिकाहरूको कक्षा सञ्चालन हुने दुई घण्टाको समयलाई अभिभावकहरूका लागि पनि उपयोगी बनाउने उद्देश्यले अप्रिल २०१८ देखि योग र प्राणायाम सिकाउने थप कक्षा पनि सुरु गरियो । यसका लागि अभिभावक एवम् व्यवस्थापन समिति सदस्य ददि ढुंगाना र सुनीता सुवेदी दुईजना स्वयम्सेवी रूपमा यो कक्षा सञ्चालन गर्न उत्सुकतासाथ आउनुभयो । यसका अतिरिक्त अभिभावक एवम् संस्थाका संरक्षक मधु पन्थीको पहलमा एक-दुई महिनाको अन्तरालमा फिजिसियन डाक्टरहरूलाई आमन्त्रण गरी अभिभावकहरूलाई कसरी स्वस्थ रहने भन्ने बारेमा जानकारी दिने तथा जिज्ञासाहरूको जवाफ दिने व्यवस्था मिलाइयो ।

एएनएचएसले प्रत्येक वर्ष जुन महिनामा आयोजना गर्ने वनभोज कार्यक्रममा शिक्षा सदनका विद्यार्थीहरू एवम् प्रशिक्षकहरूलाई गत वर्षदेखि नै निःशुल्क सहभागी गराई मनोरन्जनका लागि उत्प्रेरित गर्ने गरिएकोमा यस वर्ष जुन १७ मा सम्पन्न कार्यक्रममा मनोरन्जनका अतिरिक्त हाजिरी जवाफ प्रतियोगितासमेत गराइयो । त्यस्तै, विद्यार्थीहरूलाई शैक्षिक भ्रमणका लागि जुन २४, २०१८ मा एयर एन्ड स्पेस म्युजियम, च्यान्टिलीमा अवलोकन भ्रमणका लागि लगियो ।

जुलाई महिनाको गर्मी विदापछि स्कुल पुनः सञ्चालन हुनुपर्नेमा यस वर्ष स्टोनवाल मिडिल स्कुलमा निर्माणसम्बन्धी कामका कारण सेप्टेम्बरसम्म पर्खिनु पऱ्यो । स्कुल पुनः सन्चालनसँगै शिक्षा सदनकी डान्स प्रशिक्षक विवेचना निरौला आफ्नो पढाइ एवम् जागिरका कारण स्कुलमा निरन्तरता दिन असमर्थ हुनुभयो । उहाँको स्थानमा नयाँ नृत्य-प्रशिक्षक अविज्ञा लामिछाने आउनुभयो । यसका साथै भाषा कक्षातर्फ सहयोग गर्न अमेरिका नेपाल सहयोगी समाजका नयाँ सदस्य शिव लामिछाने पनि एक सक्रिय स्वयम्सेवकका रूपमा आउनुभयो । उहाँ नेपालमा लामो समयसम्म शिक्षण पेसामा संलग्न हुनुका साथै अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका पदाधिकारीसमेत हुनुहुन्थ्यो । उहाँले कञ्चनजंघा समूहको कक्षा सञ्चालन गर्नुका साथै व्यवस्थापन समितिमा समेत रहेर सहयोग गर्न सुरु गर्नुभयो ।

पाठ्य-सामग्रीहरूको सम्बन्धमा नेपालबाट ल्याइएका पुस्तकहरूका अतिरिक्त क्यानाडा, नेपाल र एनआरएनएले तयार पारेका सामग्रीहरूलाई पनि यथासम्भव सहायक-सामग्रीका रूपमा प्रयोग गर्दै आइएको थियो । यसका साथै सक्रिय अभिभावक एवम् व्यवस्थापन समिति सदस्य रमेश ढकाल, अर्का अभिभावक, शिक्षक एवम् व्यवस्थापन समिति सदस्य विष्णु न्यौपाने र संयोजक रोम ज्ञवालीको प्रयासबाट यथासम्भव तयार गरिएका सामग्रीहरूलाई पनि सम्बन्धित कक्षाहरूमा प्रयोग गर्दै आइएको थियो । यस्तो परिस्थितिलाई बुझेर शिव लामिछानेले पाठ्य-पुस्तकहरू लेख्न सक्ने आफ्नो क्षमतालाई उजागर गर्दै पाठ्य-पुस्तक तयार गर्न उत्सुकता देखाउनुभयो ।

शिक्षा सदनले आफ्नै पाठ्य-पुस्तकहरू तयार गरी अरू नेपाली स्कुलहरूलाई पनि उपलब्ध गराउने सम्बन्धमा अक्टुबर २०१८ मा व्यवस्थापन समितिमा विस्तृत छलफल भई यसलाई मूर्त रूप दिन पाठ्य-सामग्री तयारीसम्बन्धमा पहिलेदेखि नै लागिपरेको तीनजनाको टोलीमा मुख्य लेखकका रूपमा शिव लामिछानेलाई समावेश गरी चारजनाको पाठ्य-पुस्तक तयारी समिति बनाइयो । यसमा पाठ्य-पुस्तकका मुख्य लेखक शिव लामिछाने, संयोजक रोम ज्ञवाली, परिकल्पनाकार रमेश ढकाल र लेखन सहयोगी विष्णु न्यौपाने हुनुहुन्थ्यो । यी चारजनाबीचको निरन्तर छलफल तथा व्यवस्थापन समिति, शिक्षकहरूलगायत अमेरिका नेपाल सहयोगी समाजको कार्य समिति एवम् सल्लाहकारहरूको सुझाव सल्लाहहरूलाई समेटेर शिव लामिछानेले पुस्तक लेखन कार्यलाई अगाडि बढाउनुभयो । स्कुलको तेस्रो वार्षिक उत्सव कार्यक्रम फेब्रुअरी १०, २०१९ सम्म आइपुग्दा आधारभूत र मध्यम तहका दुई पुस्तकको मोटामोटी रेखाचित्र (ड्राफ्ट) तयार भैसकेको थियो ।

शिक्षा सदनको चौथो शैक्षिक-सत्र (मार्च २०१९) मा आइपुग्दा विद्यार्थीहरूको संख्या पनि लगभग ७५ पुगिसकेको अवस्था थियो । नयाँ शैक्षिक-सत्रसँगै कक्षाहरूको पुनःसंयोजन गरी सगरमाथा उच्च तहको कक्षा थप गरी जम्मा पाँचवटा भाषा कक्षाहरू र पालोपालो गरी सञ्चालन हुने डान्स कक्षासमेत छवटा कक्षाहरू सुरु भए । यसका अतिरिक्त नयाँ अभिभावक तथा आइटी र साइबर सेक्युरिटी विषयहरूमा विज्ञ रहनुभएको राजेश क्षेत्रीले स्कुलका लागि आवश्यक भएमा निःशुल्क रूपमा साइबर सेक्युरिटीसम्बन्धी कक्षा चलाउन सक्छु भन्नु भएअनुसार सगरमाथा उच्च तहका विद्यार्थीहरूलाई मे २०१९ देखि प्रत्येक हप्ता ४५ मिनेटको साइबर सेक्युरिटीसम्बन्धी परिचयात्मक कक्षा सुरु गरियो । केही महिनापछि अभिभावकहरूले पनि साइबर सेक्युरिटीसम्बन्धी कक्षाका लागि इच्छा देखाउनुभएकोले अभिभावकहरू एवम् अमेरिका नेपाल सहयोगी समाजका सदस्यहरूका लागि समेत नोभेम्बर २०१९ देखि साइबर सेक्युरिटीको आधारभूत तहको कक्षा पनि सुरु गरियो । यस कक्षालाई व्यवस्थित बनाउनका लागि अभिभावक एवम् व्यवस्थापन समिति सदस्य शिव तिम्सिनाले संयोजकको भूमिका निभाउनुभयो ।

शिक्षा सदनको चौथो वर्षको मध्यसम्म आइपुग्दा विद्यार्थीहरूको संख्या ८५ पुगेको थियो । पाँचवटै भाषा कक्षाहरूमा प्रशिक्षकहरू, स्वयम्सेवकहरू जुटाउने क्रममा हामीसँग थप प्रशिक्षकहरू सुजन सेन्चुरी र जगन्नाथ पौडेल पनि थपिनुभयो । साथै, गत वर्षदेखि नै स्वयम्सेवी सहयोग गर्दै आइरहेका विश्वेश ढुंगानाको सहयोग पनि निरन्तर रह्यो । पाठ्य-सामग्री तयारी समितिबाट तयार भएका पाठ्य-सामग्रीका ड्राफ्टहरू पनि सम्बन्धित कक्षाहरूमा प्रयोग गर्दै आइयो । शिक्षा सदनको चौथो वर्षको वार्षिक उत्सवमा आउँदासम्म चारवटै पुस्तकका नमुना प्रतिहरू निकाली फेब्रुअरी ९, २०२० वार्षिक उत्सवको विशेष समारोहमा विमोचन समेत गरियो । यस वार्षिक उत्सवमा सगरमाथा उच्च तहका विद्यार्थीहरूलाई चार वर्ष लामो शैक्षिक अवधि पूरा गरेकोमा ग्रेजुएशन सर्टिफिकेट समेत दिइयो ।

शिक्षा सदनको पाँचौं वर्षको शैक्षिक-सत्र सुरु हुनुभन्दा पहिले फेब्रुअरी १६, २०२० मा बसेको व्यवस्थापन समितिको बैठकमा रोम ज्ञवालीले संयोजकको भूमिका हस्तान्तरण गर्ने र सहयोग भने निरन्तर गरिरहने कुरा प्रस्ताव गर्नु भएअनुसार संयोजकको भूमिका अभिभावक तथा

पाठ्यक्रम विकास समिति एवम् व्यवस्थापन समिति सदस्य रमेश ढकालले लिनुभयो ।

शिक्षा सदनको पाँचौं शैक्षिक-सत्र सुरु हुनासाथ कोभिड-१९ को विश्वव्यापी महामारीका कारण मार्च ८, २०२० पछि स्कुलमा कक्षाहरू सञ्चालन हुन नसकेकोले अनिश्चित समयका लागि स्कुल बन्द गर्नुपर्ने अवस्था आयो । यो महामारी सकिएर सामान्य अवस्थामा आउन निकै लामो समय लाग्नेजस्तो देखिएकाले कक्षाहरूलाई अनलाइन सञ्चालन गर्न सकिन्छ कि भनेर संयोजक रमेश ढकाललगायत व्यवस्थापन समितिका सक्रिय सदस्यहरू शिव तिम्सिना, रोम ज्ञवाली र शिव लामिछानेबीच प्रारम्भिक छलफल भै सगरमाथा कक्षाका शिक्षक जानु ओझासमेतको रायमा सगरमाथा समूहको कक्षालाई अप्रिल २६, २०२० देखि गुगल ह्याङआउटमार्फत परीक्षणको रूपमा सुरु गर्ने गरी अगाडि बढियो । यसका लागि आइटी क्षेत्रमा राम्रो दखल राख्नुहुने शिव तिम्सिनाले विशेष भूमिका खेल्नुभयो ।

गुगल ह्याङआउटबाट कक्षा चलाउन सहभागीहरू सबैको जिमेल एकाउण्ट अनिवार्य चाहिने समस्याले गर्दा जुम प्रविधिलाई प्रयोग गर्ने विचार भयो । पछि व्यवस्थापन समिति एवम् संस्थाको कार्य समितिको संयुक्त बैठकमा छलफल गरी सगरमाथा कक्षाबाट सुरु भएको अनलाइन कक्षालाई जुम प्रविधिअन्तर्गत अरू कक्षाहरू पनि क्रमशः सञ्चालन गर्दै लैजाने, प्रकाशित भै तयारी अवस्थामा रहेका हाम्रा आफ्नै पाठ्य-पुस्तकहरू सम्बन्धित कक्षाका शिक्षकमार्फत विद्यार्थीहरूलाई निःशुल्क रूपमा वितरण गर्ने, विद्यार्थीहरूसँग मासिक शुल्क नउठाउने, नयाँ भर्ना शुल्क १० डलर मात्र लिने, कक्षाहरू चलाउन आवश्यक पर्ने जुम एकाउण्टहरू संस्थाको तर्फबाट किन्ने आदि कुराहरू निर्णय गरी सोहीअनुसार अगाडि बढियो ।

कक्षाहरूको समय १-१ घण्टा हुने र कक्षाहरू प्रत्येक आइतबार बिहान १० देखि दिउँसो २ बजेसम्मको समयमा गर्ने परिपाटी मिलाइयो । पहिलेका शिक्षकहरूले आ-आफनो कक्षाको जिम्मा लिनुभयो जसमा सगरमाथा कक्षा- जानु ओझा, कञ्चनजंघा कक्षा- जगन्नाथ पौडेल, अन्नपूर्ण कक्षा- विष्णु न्यौपाने र ब्रिज कक्षा- प्रतिभा पौडेल हुनुहुन्थ्यो । प्रत्येक कक्षाहरूको फेसबुक म्यासेन्जरमा एकाउन्ट बनाएर कक्षाको पाठ्य-सामग्री एवम् विद्यार्थीहरूको गृहकार्य पोस्ट गर्ने तथा विद्यार्थी, अभिभावक र कक्षा शिक्षकबीचको सूचना आदान-प्रदान गर्ने परिपाटी मिलाइयो ।

कक्षाहरूको सफल सञ्चालनका लागि जुम प्रविधिलगायतका सम्पूर्ण प्राविधिक कुराहरूको सही व्यवस्थापन गर्न अभिभावक एवम् व्यवस्थापन समिति सदस्य शिव तिम्सिनाले नै संयोजकको भूमिका निभाउनुभयो । कक्षाहरू सहज रूपमा सञ्चालन गर्न प्रत्येक शिक्षकलाई ल्यापटप कम्प्युटर आवश्यक परेको हुँदा व्यवस्थापन समिति सदस्य एवम् संस्थाका सल्लाहकार तिलक खरेलको पहलमा प्रज्ञान मैनालीले गर्नुभएको ३,२७५ डलर अनुदानबाट ल्यापटपहरू किनेर शिक्षकहरूलाई उपलब्ध गराइयो ।

अनलाइन कक्षामा विद्यार्थीहरूको आकर्षण बढाउने उद्देश्यले संस्थाका अध्यक्ष केदार तिम्सिनाको पहलमा संस्थाकै संस्थापक-अध्यक्ष एवम् स्कुलका अभिभावक सागर कँडेलले कक्षागत मासिक पुरस्कारका लागि एक वर्षका लागि मे २०२० मा १२०० डलर अनुदान दिनुभयो । त्यसपछि व्यवस्थापन समिति र शिक्षकहरूको संयुक्त बैठकबाट पारित गरिएको विद्यार्थीहरूको कक्षागत मूल्याङ्कनको आधारमा प्रत्येक कक्षाबाट प्रत्येक महिना एकजना उत्कृष्ट विद्यार्थीलाई नगद २५ डलर र प्रमाणपत्र दिने व्यवस्था गरियो । यसले विद्यार्थीहरूमा कक्षामा राम्रो गर्नका लागि थप हौसला मिलेको पाइयो ।

अनलाइन कक्षामा विद्यार्थीहरू स्थानीय मात्र नभै अन्यत्रबाट पनि सहभागी हुन मिल्ने भएकोले हामीसँग अन्य राज्यहरू न्युयोर्क, न्यु जर्सी, कोलोराडो, नर्थ क्यारोलाइना आदि राज्यहरूबाट पनि विद्यार्थीहरू भर्ना हुँदै आए । यसरी विद्यार्थीहरूको संख्या बढ्दै जाँदा एउटा कक्षामा १५–१६ जनाभन्दा बढी विद्यार्थी राख्दा कक्षा प्रभावकारी नहुने हुँदा भइरहेका कक्षाहरू अन्नपूर्ण र ब्रिजमा एक–एक सेक्सन थपेर कक्षाको व्यवस्थापन गरियो । थप कक्षाहरूमा एउटा कक्षा पूर्व डान्स–प्रशिक्षक अविज्ञा लामिछानेले लिनुभयो भने अर्को कक्षा शिक्षक प्रतिभा गौतमले लिनुभयो । त्यस्तै, कञ्चनजंघा कक्षाका शिक्षक जगन्नाथ पौडेलले आफ्नो कामको कारण समय नमिलेर निरन्तरता दिन नसक्नुभएकोमा शिक्षा सदनको स्थापनादेखि नै शिक्षकको भूमिका निभाउँदै आउनुभएको तर बीचमा पारिवारिक समस्याका कारण समय दिन नसक्नुभएकी तनुजा पोखरेलले जिम्मा लिएर चलाउनुभयो । यसप्रकार हाम्रा ६ वटा कक्षामा जम्मा ७५ जना विद्यार्थीको नियमित उपस्थिति रह्यो ।

अमेरिका नेपाल शिक्षा सदनको स्थापनादेखि शैक्षिक–सत्रको पाँचौं वर्षको अन्त्यसम्म आइपुग्दा यसलाई एउटा सफल नेपाली स्कुलका रूपमा ल्याउन अमेरिका नेपाल सहयोगी समाजका पदाधिकारीहरू, सदस्यहरू, अभिभावकहरू, शिक्षकहरू, व्यवस्थापन समितिका

म

रोजी गौतम

सानी सानी नानी म
नाम मेरो रोजी
नयाँ–नयाँ कुरा सिक्छु
सधैँ खोजी–खोजी ।
राम्रो–राम्रो कुरा गर्छु
सधैँभरि म
असल बानी पनि सिक्छु
आजैदेखि म ।
सानी–सानी छोरी म
भोलि ठुली हुन्छु
यही साना हातले
देश सजाउँछु ।
बाबामामुको सपना
साकार बनाउँछु
हाम्रो एएनएचएस स्कुललाई
ठुलो बनाउँछु ।

(सगरमाथा कक्षा, एएनएचएस एकेडमी)

सदस्यहरूको ठुलो भूमिका छ । शिक्षा सदनका विद्यार्थीहरूलाई प्रोत्साहन गर्न शिक्षा सदनको प्रथम वार्षिक उत्सवमा संस्थाका तत्कालीन अध्यक्ष पदमराज रेग्मीले प्रत्येक वर्ष ३०० डलर छात्रवृत्ति दिने घोषणा गर्नुभयो । त्यसलाई हरेक कक्षाका १-१ जना उत्कृष्ट विद्यार्थीलाई १००-१०० डलरका दरले दिने गरिएकोमा तेम्रो वर्ष एउटा कक्षा थप भएकोमा शिक्षक एवम् व्यवस्थापन समितिका सदस्य शिव लामिछानेले वार्षिक १०० डलर दिने घोषणा गर्नुभयो भने चौथो वर्षमा पाँचवटा कक्षा भएकोमा थप एक कक्षाका लागि वार्षिक १०० डलर शिक्षा सदनका तत्कालीन संयोजक रोम ज्ञवालीले थप्नुभयो । त्यस्तै, पाँचौं वर्षमा भएका अनलाइन कक्षाहरूमा मासिक रूपमा पुरस्कार प्रदान गर्न संस्थाका संस्थापक-अध्यक्ष सागर कँडेलले एकमुष्ट १२०० डलर संस्थालाई प्रदान गर्नुभयो । यी छात्रवृत्ति एवम् पुरस्कारहरूले विद्यार्थीहरूमा राम्रो हौसला प्रदान गरेको छ ।

शिक्षा सदनले पढाइ र नाचगान कक्षाहरूका अतिरिक्त विद्यार्थीहरूलाई वनभोज, शैक्षिक भ्रमण आदिमा संलग्न गराएर बाह्य कुराहरूको पनि ज्ञान एवम् मनोरञ्जन गराउँदै आएको छ । विद्यार्थीहरूले पनि नाचगानलगायतका आफ्ना प्रतिभाहरू शिक्षा सदनको वार्षिक उत्सव तथा संस्थाले आयोजना गर्ने देउसी-भैलो, तीज आदि कार्यक्रमलगायत अन्य संस्थाहरूले आयोजना गर्ने सांस्कृतिक कार्यक्रमहरूमा प्रस्तुत गर्ने गरेका छन् । अमेरिका नेपाल शिक्षा सदनको नेपाली एवम् नेपाली मूलका बालबालिकाहरूलाई नेपाली भाषा, संस्कृति, चाडपर्व, रीति-रिवाज एवम् नेपालीपनबारे सिकाउने यस अभियानमा अहिलेसम्म लगभग दुई सय बालबालिकाहरू जोडिइसकेका छन् । धेरै चुनौतीहरू पार गरेर शिक्षा सदन अहिले एउटा प्रभावकारी नेपाली स्कुलको रूपमा स्थापित हुन आइपुगेको छ । हामीसँग आफैंले तयार पारेका आधार भूतदेखि उच्च तहसम्मका व्यवहारिक पाठ्य-पुस्तकहरूसमेत भएकाले हामी अहिले अरू नेपाली स्कुलहरूलाई पनि पाठ्य-पुस्तकहरू उपलब्ध गराउन सफल भएका छौं । अमेरिका नेपाल शिक्षा सदनलाई स्थापनाकालदेखि तमाम जटिलताहरू ब्यहोर्दै अहिलेको एउटा सक्षम नेपाली स्कुलका रूपमा ल्याउन सहयोग गर्नुहुने अभिभावकहरू, शिक्षकहरू, विद्यार्थी नानीबाबुहरू, अमेरिका नेपाल सहयोगी समाजका सदस्यहरूलगायत स्कुललाई आर्थिक एवम् अन्य सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरूमा अमेरिका नेपाल शिक्षा सदन हार्दिक आभार एवम् धन्यवाद व्यक्त गर्दछ ।

००

(लेखक ज्ञवाली एएनएचएसका सल्लाहकार तथा अमेरिका नेपाल शिक्षा सदनका निवर्तमान (२०१६-२०२०) संयोजक हुनुहुन्छ) ।

एएनएचएस एकेडेमीमा मेरो शिक्षण अनुभव



जानु ओझा

म अमेरिका नेपाल सहयोगी समाजमा सन् २०१० देखि आबद्ध हुँदै आएकी हुँ । यस कारण म पनि समाजका तमाम अन्य क्रियाकलापमा सक्रियतासाथ संलग्न हुनुका साथै प्रत्येक महिनाको अन्तिम आइतबार हुने मासिक बैठकमा पनि उपस्थित हुने गर्दै आएँ । अनि यस्तैमा एक दिन जब यो संस्थाले 'हाम्रा छोराछोरीले नेपाली भाषा र संस्कृति घरबाट त सिकेका छन् नै, अझ एउटा नेपाली स्कुल स्थापना भयो भने उनीहरूले नेपाली भाषा लेख्न र पढ्न अनि आफ्नै उमेरका साथीहरूसँग उत्सुकताका साथ धेरै सिक्न सक्छन्' भनेर नेपाली स्कुल खोल्ने निर्णय गऱ्यो । त्यतिबेला मैले पनि स्कुल स्थापना गर्ने निर्णयमा सहमति जनाउँदै आफूले गर्न सक्ने सम्पूर्ण सहयोग गर्नेछु भन्ने प्रतिबद्धता व्यक्त गरेकी थिएँ । त्यसरी स्कुल खुलेउप्रान्त त्यही प्रतिबद्धताका साथ शिक्षकको भूमिका निर्वाह गर्दै आइरहेकी छु र आफूलाई अमेरिका नेपाल शिक्षा सदनको सानो हिस्सा बन्न पाएकोमा संस्थाप्रति आभारी हुनुका साथै यस निम्ति स्वयम्लाई भाग्यमानी पनि ठान्दछु ।

अमेरिका नेपाल शिक्षा सदन (एएनएचएस एकेडेमी) को स्थापना भएदेखि आजको दिनसम्म आइपुग्दा हामीले धेरै सफलता पाएका छौं भन्ने कुरा त भर्खर मात्र सम्पन्न स्कुलको पाँचौ वार्षिक उत्सवले पनि केही हदसम्म पुष्टि गरिसकेको छ । मलाई विश्वास छ, आउने दिनमा अझ बढी सफलता पाउने छौं । हामी सबै मिलेर यो नेपाली स्कुललाई माथिल्लो उचाइमा पुऱ्याउनुपर्छ भन्ने मलाई लाग्छ । यस निम्ति मैले दिन सक्ने योगदानमा म कहिल्यै पछि हट्ने छैन ।

स्कुल सुरुआत भएको दिनदेखि आजसम्म आइपुग्दा मैले आफ्नो सेवामा प्रत्यक्ष र अनलाइन दुवै शिक्षणको अनुभव गर्न पाएकी छु । मेरा लागि दुवै शिक्षण अविस्मरणीय छन् । प्रत्यक्ष कक्षा कोठामा विद्यार्थीसँगै रहेर उनीहरूलाई मनपर्ने तरिकाले शिक्षण गराउँदाको आनन्द न बेग्लै हुन्छ । उनीहरूमा देखिने सिकाइप्रतिको उत्सुकता र साथी-साथीबीचको आत्मीयता देख्दा साँच्चै म नेपालमै बसेर नेपाली सिकाइरहेको पो छु कि भन्ने आभास हुन्थ्यो । भन्नलाई त भनिन्छ, नेपाली पढाउने त हो नि ! तर साँच्चै भन्ने हो भने विदेशमा जन्मिएर हुर्किएका केटाकेटीलाई नेपाली पढाउन निश्चय पनि त्यति सजिलो हुँदैन । कुनै राम्रो काम गरे अथवा गृहकार्य राम्रो गरे भने 'धन्यवाद, तिमीले धेरै राम्रो गरेका छौ' भन्दा कुनै किसिमको प्रतिक्रिया नदिने हाम्रा अमेरिकन नेपाली केटाकेटीलाई आधा अंग्रेजी मिसाएर नेपाली सिकाउनुपर्छ । त्यही अंग्रेजी मात्र बढी बोल्ने भए भनेर नेपाली सिकाउन नेपाली स्कुलमा भर्ना गरिएका केटाकेटीलाई कक्षामा पूरै नेपाली मात्र बोलिदिँदा उनीहरूलाई दिक्क लागेको मैले अनुभव गरेकी छु । उनीहरूलाई जसरी हुन्छ, जतिसक्दो उत्प्रेरणा जगाउँदै शिक्षण गराउनु हामी शिक्षकको दायित्व हो ।

मैले पाँच-छ वर्ष नेपालमा पनि पढाएकी हुँ । मलाई लाग्छ, नेपाली समाजमा र विदेशी भूमिमा हुर्किएका नेपाली केटाकेटीको सोचाइ नै फरक छ । ठाउँअनुसार सोचाइ फरक हुनु कुनै नौलो कुरा पनि होइन । विद्यार्थीले गृहकार्य नगरी स्कुलमा जाँदा कुनै किसिमको सजाय पाउनु नौलो कुरा होइन नेपालका हुर्किएका केटाकेटीहरूका लागि । तर, यहाँ विदेशमा हुर्किएका केटाकेटीहरूको प्रसङ्गमा भने यो नितान्त नौलो विषय हो । हामी शिक्षकहरूले यहाँका स्कुलहरूमा केटाकेटीलाई कसरी सिकाइन्छ भन्ने कुराहरू जान्नु जरुरी छ । त्यहीअनुरूप उनीहरूको सिकाउने तरिका सिक्दै यहाँकै बालबालिकाको मोडेलमा नेपाली सिकाउनुपर्दछ ।

हप्तामा एक दिन अनि एक घण्टा मात्र पढाइन्छ, त्यसमाथि कतिपय अभिभावकको सोचाइ स्कुल गएपछि केटाकेटीले आफैं सिक्छन् भन्ने सोचाइ या कामको व्यस्तताले आफ्ना छोराछोरीलाई पढाउन समय दिन नसक्नुभएको अवस्था पनि विद्यमान छ । यसले गर्दा सुरुका एक-दुई वर्षमा हामीले त्यति धेरै नेपाली भाषा सिकाउन सकेनौं जस्तो लाग्छ । कक्षाका थोरै प्रतिशत बालबालिका, जो पढ्नुपर्छ भन्ने सोचाइ भएका थिए र जसका अभिभावकले समय दिन सक्नुभयो, हरूले मात्र सिक्न सकेको जस्तो महसुस गर्दछु ।

प्रत्यक्ष पढाइने (इन–पर्सन) कक्षाका सुरु–सुरुका दिनहरूमा पढाइ र लेखाइ मात्र भएकोले केही केटाकेटीहरूले नेपाली स्कुल आउन गाहारो मानेको महसुस हामीलाई भयो । यसले गर्दा पढाइका साथै नृत्य–कक्षाहरू पनि सञ्चालन गरियो । यो योजना उपयोगी देखियो । केटाकेटीहरू अझ बढी उत्सुकताका साथ स्कुलमा आउन थाले । नृत्य–कक्षाहरू सञ्चालनसँगै विद्यार्थी संख्या पनि बढ्न थाल्यो । धेरै केटाकेटीहरू नृत्य सिक्नका लागि भए पनि नेपाली स्कुलमा आएका थिए । साथीहरूको समूहमा नाच्न पाउँदा र साथीहरूसँग कुराकानी गर्न पाउँदा धेरैजसो केटाकेटीहरू नेपाली स्कुलमा रमाएर नै आउँथे भने केही केटाकेटीहरू आफ्ना अभिभावकको करकापले आउँथे ।

मेरो कक्षाका विद्यार्थीहरू स्कुलकै ठुलो तह र उमेरमा पनि बढी भएका तथा अमेरिकी संस्कृतिमा रमाउन थालेका कारणले कक्षा कोठामा मैले उनीहरूलाई सोध्ने गर्थें, "तिमीहरूलाई नेपाली स्कुलमा आउन मन नलागेको कारण के हो ? अनि के भयो अर्थात् के गऱ्यो भने खुसी भएर नेपाली स्कुल आउँछौ ?" उनीहरूको जवाफ हुन्थ्यो, "स्कुलमा आइसकेपछि त रमाइलो लाग्छ तर आइतबार विदाको दिन बिहानै उठ्न मात्र अल्झी लाग्छ ।" आइतबार भनेको उनीहरूका लागि आनन्द लिने दिन हो, ढिलासम्म सुतेर आफ्नो तरिकाले रमाउने दिने हो । त्यस्तो दिनमा पनि बिहानै चाँडै उठेर आउनुपर्दा उनीहरूलाई नेपाली स्कुल आउन मन नलागेको हो । उनीहरूले भन्थे– अलि ढिला सञ्चालन गर्नु । तर, हामीले हाम्रा बालबालिकाको समयलाई भन्दा अभिभावकको समयलाई सहज हुने र महत्व दिनुबाहेक अर्को विकल्प पनि थिएन ।

मैले जब केटाकेटीहरूको उत्तर सुन्थें, अनि उनीहरूको ठाउँमा गएर सोच्थें, उनीहरूले भनेको कुरा पनि एकदम ठिक हो । अनि म भन्थें, "तिमीहरूले भनेजस्तै हो । आइतबार तिमीहरूको रमाइलो गर्ने दिन हो । हामीले यहाँ पनि रमाइलो गर्न सक्छौं । तिमीहरूका अमेरिकन साथी र तिमीहरूमा यही त फरक छ नि । तिमीहरू कति भाग्यमानी छौं । अमेरिकन संस्कृति पनि सिकिरहेका छौ, अनि नेपाली भाषा–संस्कृति तिमीहरूको आफ्नो पहिचान हो भन्ने कुरा पनि सिकिरहेका छौ ।" म उनीहरूलाई हौसला दिन्थें ।

स्कुल आइसकेपछि सबै बालबालिकाहरू रमाएको अनुभव गरेकी छु मैले । स्कुलमा पढाइका साथै उनीहरूका मिल्ने साथीहरूसँगको भेटघाट, नृत्य–कक्षा अनि कक्षाको अन्त्यमा उपलब्ध पिज्जा, डोनटजस्ता खानेकुराहरूले पनि उनीहरूलाई नेपाली स्कुल आउन प्रोत्साहित गरिरहेकै थियो । तर, उनीहरूको विदाको दिनमा पनि बिहान चाँडै उठ्नुपर्ने कारणले उनीहरूलाई नेपाली स्कुलसम्म आउन थोरै गाहारो भने पक्कै हुन्थ्यो । इन–पर्सन कक्षामा शिक्षक र विद्यार्थीबीचको आत्मीयता पक्कै थियो तर त्यतिबेला सबै अभिभावकसँग भने शिक्षकको सम्पर्क थिएन जसले गर्दा अभिभावकले आफ्ना छोराछोरीको कमजोरी यहाँनेर छ भन्ने थाहा पाउन सक्नुभएन । हुन त त्यो कमजोरी हामी शिक्षकहरूको पनि हो । जेहोस्, बितेका दिनलाई यसो गरेको भए हुन्थ्यो भन्नुभन्दा आउने दिनहरूलाई कसरी राम्रो बनाउने भन्नेतिर सोच्नु नै सफलतामा पुग्ने राम्रो बाटो हो ।

जब कोभिड–१९ का कारणले सबै स्कुलहरू बन्द भए, त्यसपछि हाम्रो नेपाली स्कुल पनि बन्द नहुने कुरै भएन । स्कुल बन्द भएको लगभग डेढ महिनापछि मेरो कक्षा अर्थात् सगरमाथा तहलाई अनलाइनबाट भए पनि सञ्चालन गरौं भनेर स्कुल संयोजकबाट आएको प्रस्तावप्रति मैले सहमति जनाएँ । सुरुमा अनलाइन कक्षा सञ्चालन हुँदैछ है भनेर मेरो कक्षाका अभिभावकहरूलाई मेसेञ्जर ग्रुप बनाएर सम्पर्क गरेकी थिएँ । कतिलाई म आफैंले सम्पर्क गरें भने कतिपय अभिभावकहरूलाई स्कुलका संयोजकहरूले सम्पर्क गर्नुभयो । फलस्वरूप हामीले गुगल ह्याङआउटमा १० जनाको क्षमता भएको अनलाइन कक्षा सुरु गऱ्यौं ।

स्कुलमा विद्यार्थीहरूलाई गृहकार्य दिएर कक्षा कोठामा उनीहरूको गृहकार्य निरीक्षण गर्नुभन्दा पनि बढी प्रभावकारी चाहिं मेसेन्जरमा विद्यार्थीको गृहकार्य निरीक्षण गर्दा देखियो किनभने मेसेञ्जरमा अभिभावकहरू पनि उपस्थित हुनुभयो । भनिन्छ नि, बालबालिकाको पहिलो पाठशाला हो घर अनि पहिलो गुरु पनि अभिभावक अर्थात् आमाबुबा हुन् । यो वर्षको अनलाइन कक्षा सफल हुनुमा अभिभावकहरूको सहभागिताको ठुलो भूमिका छ । आफ्ना नानीबाबुसँग बसेर शिक्षकको निर्देशनलाई उहाँहरूले साथ दिनुभएको छ । जसरी ताली बजाउन दुई हातको ताल मिल्नुपर्छ, दुई हातमध्ये एक हात अलि कमजोर भयो भने तालीमा मिठास वा लय आउँदैन, त्यस्तै गरी विद्यार्थीलाई सफल बनाउन शिक्षक र अभिभावकको साथ मिल्नुपर्दछ । हो, यो वर्ष अमेरिका नेपाल शिक्षा सदनमा यही भएको छ । सबै शिक्षकहरूको मिहिनेत र अभिभावकहरूको साथ अनि विद्यार्थीहरूको सिकाइप्रतिको लगनशीलताले गर्दा यो वर्ष विगतका वर्षभन्दा अलि बढी सफलताको शिखरमा पुगेको अनुभव गर्दछु ।

हुन त विगतका वर्षहरूमा पनि शिक्षकहरूको मिहिनेत यत्तिकै थियो । अझ भन्नुपर्दा यो वर्षको भन्दा बढी मिहिनेत गर्नुपरेको थियो । हामीसँग शैक्षिक सामग्री थिएन । आफैंले बच्चाहरूको पढाइको स्तर हेरेर शिक्षण–सामग्री बनाउनुपर्थ्यो । नेपालबाट मगाइएका केही सीमित पुस्तकहरूबाट यहाँका बच्चाहरूलाई सुहाउँदो कुनै पेजहरू प्रिन्ट गरेर सिकाउनुपर्थ्यो जसले गर्दा अभिभावकहरू पनि के सिकाउने भन्ने अन्योलमा हुनुहुन्थ्यो । तर, यो वर्ष हामीहरूको आफ्नै पुस्तक प्रकाशित भयो जसले गर्दा शिक्षकहरूलाई शिक्षण गर्न सहज भयो भने अभिभावकहरूले पनि सजिलोसँग आफ्ना छोराछोरीहरूलाई गृहकार्य सिकाउन सक्नुभयो । यो पनि अर्को एक महत्वपूर्ण पक्ष हो जसले यो वर्ष नेपाली शिक्षण सफल हुनुमा विशेष भूमिका खेलेको छ ।

हामी नेपाली अनि हाम्रा सन्ततिहरूले पनि हाम्रो मातृभाषा नेपाली र संस्कृतिलाई कायम राखून् भन्ने चाहना हामी सबैमा छ । त्यही भएर हामी यहाँ प्रवासमा पनि नेपाली स्कुल सञ्चालन गरिरहेका छौं । हाम्रा प्रत्येक चाडबाड, रीति–रिवाज स्वदेशबाट धेरै टाढा विदेशी भूमिमा भए पनि हामी मनाइरहेका छौं किनभने त्यो नै हाम्रो पहिचान हो । आफ्नो भाषा र संस्कृतिको महत्व छोराछोरीलाई हाम्रो आफ्नै घरमा बुझाउन सक्नुपर्दछ जस्तो मलाई लाग्दछ । जब हामीले यो कुरा घरमा भन्छौं तब उनीहरूले बाहिर समाजमा देख्दा साँच्चीकै हाम्रो भाषा–संस्कृति हाम्रो पहिचान रहेछ भन्ने कुरा सिक्छन् ।

कतिपय अभिभावकले 'मेरा छोराछोरीले नेपाली सिक्न नै मन गर्दैनन्' भन्ने गरेको सुनिन्छ । म यो कुरालाई के भन्छु भने कतै अभिभावकले नै नेपाली भाषाको महत्व बुझाउन नसकेको त होइन ? हुनसक्छ, घरमा छोराछोरीले अंग्रेजी बोल्दा 'मेरा छोराछोरी त अंग्रेजी बोल्छन्' भनेर कतै गौरवान्वित महसुस गर्दै उनीहरूलाई अंग्रेजीमै जवाफ त दिँदैनौं ? अमेरिकामा हुर्किएका केटाकेटीले अंग्रेजी बोल्न जान्नु कुनै ठुलो कुरा होइन । जुन केटाकेटी यहाँ बसेर पनि शुद्ध नेपाली बोल्न सक्छन्, ती पक्कै पनि हाम्रा लागि गर्व गर्न लायक बन्छन् । हाम्रा छोराछोरीले नेपाली सिक्न मन गरेनन् भनेर हामीले चटक्क छोडिदियौं भने उनीहरूले कहिल्यै सिक्न खोज्दैनन् ।

कुनै नयाँ कुरा सिक्न गाहारो काम हो । गाहारो काम गर्न कसलाई मन लाग्छ र ? त्यो गाहारो कामलाई सहज त अभिभावक र शिक्षक मिलेर बनाउनु पर्दछ । पहिलो गुरु त पक्कै पनि आमाबुबा नै हुनुहुन्छ । उहाँहरूले नै आफ्नो भाषा–संस्कृतिको महत्वका बारेमा आफ्ना छोराछोरीलाई बुझाउनु पर्दछ । आफूले पनि नेपाली भाषामा छोराछोरीसँग कुराकानी गरिरहनु पर्दछ । त्यस्तै, शिक्षकले पनि आफ्ना विद्यार्थीहरूको मनोविज्ञानलाई ध्यानमा राखेर उनीहरूलाई नेपाली भाषा सिक्न गाहारो छैन तर थोरै मिहिनेत गर्नुपर्छ भन्ने महसुस गराई पढाउँदा पक्कै पनि नयाँ पुस्तालाई हाम्रो भाषा–संस्कृतिको ज्ञान दिन सक्छौं । बालबालिकाले यदि स्कुलको कुनै कारणले अर्थात् शिक्षकको कमी–कमजोरीले या अन्य कारणले स्कुल आउन मानेको छैन भने अभिभावकले स्कुलमा जानकारी दिन सक्नुपर्छ । यस्तो कारणले मेरा छोराछोरी स्कुल आउन मानेनन् भनेर स्कुलमा सम्पर्क गर्नुपर्छ । अनि मात्र कमी–कमजोरीलाई सुधारेर स्कुलमा अघि बढ्न सकिन्छ ।

मैले धेरैपटक भनिसकेकी छु, अभिभावकको सहयोगबिना शिक्षक कहिल्यै सफल बन्न सक्दैन । एउटा–दुईटा विद्यार्थीले राम्रो गर्दैमा आफू सफल भएको महसुस एउटा राम्रो शिक्षकले कदापि गर्दैन । जब कक्षाका सम्पूर्ण विद्यार्थीले सफलता हासिल गर्छन् तब मात्र शिक्षक सफल भएको हुन्छ भन्ने मेरो धारणा छ । विगतका वर्षहरूभन्दा यो वर्ष पक्कै पनि अलि बढी सफलता मिलेको छ र आउने वर्षहरूमा अझ बढी सफलता पाउने छौं भन्ने कुरामा म ढुक्क छु ।

००

(लेखक ओझा एएनएचएसका वरिष्ठ उपाध्यक्ष (२०१९–२०२१) तथा एएनएचएस एकेडेमीका शिक्षक हुनुहुन्छ ।)

प्रवासका बालबालिकाका लागि नेपाली सिक्ने किताब

शिव लामिछाने

प्रवासका नेपाली बालबालिकाका लागि तयार भएको पाँचौँ किताब प्रेसमा जाँदै गर्दा यो आलेख लेख्ने अवसर मिलेको छ । अमेरिका नेपाल शिक्षा सदनका बालबालिकाका लागि किताब तयार गर्ने भनेर हामीले सन् २०१८ को अक्टोबरमा निर्णय गरेका थियौँ । यो शिक्षा सदनका तत्कालीन संयोजक रोम ज्ञवाली, म शिव लामिछाने र अभिभावक रमेश ढकालको छलफलबाट भएको प्रारम्भिक निर्णय थियो । हाम्रो निर्णयले मात्र के हुन्थ्यो र ? शिक्षा सदन सञ्चालन गर्ने मूल संस्था अमेरिका नेपाल सहयोगी समाज (एएनएचएस) कार्य समितिबाट पास गर्नुपर्ने थियो । त्यसो त रमेश ढकालले किताबका लागि १६ पेजको एउटा खाका नै तयार गर्नुभएको थियो । त्यस आलेखमा उहाँले बिन्दु र रेखा तान्न बालबालिकालाई सिकाउने परिकल्पना गर्नुभएको थियो । त्यसको अन्तिम पानामा पुग्दा बालबालिकाले म मुसुक्क हाँस्छु, म लुसुक्क भाग्छु.... खालका सुन्दा रमाइलो लाग्ने र बालबालिकाका लागि अर्थपूर्ण हुने दर्जनौँ वाक्यको परिकल्पना गर्नुभएको थियो । उहाँको त्यो पाठ्यक्रम ४० हप्ताका लागि थियो ।

पृष्ठभूमि

म त्यसभन्दा पनि अलिक हप्ता अगाडि जाऊँ ! सन् २०१८ को अगस्टदेखि च्यान्टिलीबाट सपरिवार मेरो बसोबास मनाससमा स्थानान्तरण भएको थियो । त्यसै मेसोमा अमेरिका नेपाल सहयोगी समाजकी सक्रिय सदस्य विष्णु केसी बहिनीले मलाई धेरैपटक समाजको सदस्य हुन अनुरोध गरेपछि मैले मनाससमै आइसकेको हुँदा 'हुन्छ' भनिदिएँ । यो अगस्टको अन्तिम हप्ताको कुरा थियो । एक दिन समाजका तत्कालीन अध्यक्ष कमला खरेल, सल्लाहकार तिलक खरेल र विष्णु केसी मेरो घरमा आउनुभयो । हामीले यताउताका धेरै कुरा गर्‍यौँ । अमेरिका नेपाल सहयोगी समाजका गतिविधिका कुरा हुँदै गर्दा शिक्षा सदनको कुरा पनि निस्कियो । म नेपालमा शिक्षण पेसामा थिएँ भनेर भन्नै पर्‍यो, मेरो बताउने कुरा त्यही नै थियो अलिक गहकिलो कुरो । कमलाजीले शिक्षा सदनमा स्वयम्सेवी शिक्षण गर्न मलाई अनुरोध गर्नुभयो । मेरी छोरी अभिज्ञा भर्खर कलेज जाने भएकी थिइन् । उनलाई पनि नृत्य सिकाउन शिक्षा सदनमा आउन उहाँले अनुरोध गर्नुभयो । हामी बाबुछोरी सँगै थियौँ, खुसीसाथ हुन्छ भन्यौँ । त्यही बसाईंमा एएनएचएसको सक्रिय सदस्यताको शुल्क बुझाएर म सदस्य पनि बनेँ । उहाँले फटाफट फेसबुकको मेसेन्जर समूहहरूमा हाम्रो नाम थप्नुभयो । एकै छिनमा नयाँ समूहबाट कन्द्राङ्कुन्द्रुङ सूचनाका संकेतहरू आउन थालिहाले ।

त्यही हप्ता हो, महिनाको अन्तिम आइतबार हामी बाबुछोरी शिक्षा सदन गयौँ । छोरीले पढ्दै गरेको समयमा च्यान्टिली हाइस्कुलभित्र पसेबाहेक अमेरिकाका स्कुलमा पसेको मेरो यो दोस्रो अवसर थियो । सजिसजाउ कोठाहरूमा नेपाली छोराछोरीहरू, नेपाली पढाउँदै गर्नुभएका शिक्षकहरू । भावुक बनायो त्यहाँको वातावरणले । नेपालमा रहँदा करिब २६ वर्ष विभिन्न चारवटा विद्यालयमा शिक्षण गरेका विभिन्न घटना र परिदृश्य मानसपटलमा ताजा भएर आए । कमला खरेलले लोमोन्ड ड्राइभमा रहेको स्टोनवाल मिडिल स्कुलमा पुगेपछि रोम ज्ञवालीसँग परिचय गराउनुभयो ।

विष्णु न्यौपाने साना बालबालिकालाई मीठा शब्दहरूमा आकर्षित गर्दै हुनुहुन्थ्यो । अमेरिकामा जन्मेर यतै हुर्केका छोराछोरीलाई नेपाली पढाउन सजिलो थिएन । सबैभन्दा माथिल्लो कक्षा सगरमाथा रहेछ । त्यस कक्षामा शिक्षक जानु ओझा नेपाली शब्दलाई रोमनमा लेखेर उच्चारण सिकाउँदै हुनुहुन्थ्यो । भाषा सिकाउनु पर्दाको कठिनाइ र उहाँको त्यो उत्साहपूर्ण उपायले मलाई फेरि भावुक बनायो । हामी छोराछोरीलाई घरमा भएभरिका कुरा सिकाएर पढ्न र लेख्न मात्र स्कुल पठाउने परिवेशमा पढे-पढाएका मानिस । यता कति कठिन हुनेरहेछ मातृभाषा बोल्न सिकाउन । यही कुराले मलाई उकुसमुकुस बनायो पहिलो दिनको त्यो अवलोकनमा ।

कमला खरेलले मलाई सबैसित परिचय गराउनुभयो । उहाँमा के उत्साह थियो, म कल्पना पनि गर्न सक्दिनँ । उहाँले त्यहाँ हुनुभएका थुप्रै अभिभावकसित परिचय गराउनुभयो । ददि ढुङ्गाना र सुनीता सुवेदी योगाभ्यास सिकाउनु हुँदोरहेछ, आइतबार छोराछोरी स्कुलमा पुऱ्याउन आएका बाबाआमालाई । अभिभावकहरूलाई विभिन्न क्षेत्रका स्रोत-व्यक्ति बोलाएर धेरै कुराको जानकारी दिइँदो रहेछ । एक दिन पढाउने भनेर के गर्नु, सबै सामान तयारी हुनुपर्ने । कार्यालय रोम ज्ञवालीको गाडीको पछिल्लो भाग- जहाँबाट उहाँ हरेक आइतबार चाहिने मसलन्द, पुस्तक, बालबालिकालाई टी-सर्ट निकालेर आवश्यकताअनुसार बाँड्नु हुँदोरहेछ । अभिज्ञा र मैले पनि एक-एक टी-सर्ट पायौँ । अभिज्ञा त्यसै दिनदेखि नृत्य-शिक्षकका रूपमा बालबालिकासित रमाउन थालिन् । मलाई भने उच्चभन्दा एक तह तलको कञ्चनजंघा कक्षामा नेपाली सिकाउन अनुरोध गर्नुभयो रोम ज्ञवालीले । त्यस कक्षाकी शिक्षक तनुजा पोखरेल आफ्नी आमा बिरामी हुनुभएकाले नेपाल जानुभएको रहेछ । उहाँ केही समय नआउने भएपछि कोही अलिक धेरै समय बस्ने विकल्प चाहिएको थियो । मबाट त्यो पूरा हुने उहाँले देख्नुभयो क्यारे ।





किताब लेख्ने मेलोमेसो

अर्को हप्ताबाट कक्षा लिनुपर्ने भएपछि पाठ्य-सामग्री त चाहियो । मैले सोधें, "के पढाउने हो कञ्चनजंघा कक्षामा ?"

रोम सरले भन्नुभयो, "हामीले नेपालबाट जनक शिक्षाका किताबहरू ल्याएर पढायौं, बोर्डिङका किताबहरू पनि झिकायौं । कुनै पनि त्यति प्रभावकारी हुन सकेन । एनआरएनले तयार पारेका पाठ्यक्रम पनि अनलाइनबाट प्रिन्ट गरेर प्रयोग गऱ्यौं । त्यो पनि त्यति प्रभावकारी भएन ।" साथमा रमेश ढकाल हुनुहुन्थ्यो । मैले माथि भन्न बिर्सें क्यार । उहाँसित पनि परिचय भएको थियो । त्यस दिन मैले सम्झेका व्यक्तित्वहरूमा सागर कँडेल, पदम रेग्मी, कमल भट्टराई, राम अधिकारी र उत्तम गौतम पनि हुनुहुन्थ्यो । अरूलाई मैले सम्झन सकिनँ । धेरै नारीजन हुनुहुन्थ्यो योगाभ्यास सिक्नेमा । रमेश ढकाल एकमात्र हुनुहुन्थ्यो नेपाली ढाका टोपीमा सजिने । उहाँ निकै हतार भएजस्तो सबैसित कुरा गर्दै फटाफट यताउति हिँडिरहनुभएको थियो । मैले रोम सरलाई किताबका कुरा सोध्नासाथ उहाँलाई कहिले बोलूँजस्तो भएको थियो क्यार, रोम सरको वाक्य सकिनासाथ नेपाली किताबको पाठ्यक्रम बनाएको कुरा सुनाउनुभयो । उहाँले कुराकानीका क्रममा उत्तम गौतम र भूपाल पौडेलको सहयोग लिएर आफूले परिकल्पना गरेको पाठ्यक्रम तयार पारेको कुरा पनि बताउनुभयो ।

पछिल्लो हप्तादेखि मैले कञ्चनजंघा कक्षामा नेपालका विभिन्न ठाउँको परिचय लेखेर पाठ बनाएँ । बालबालिकाले मन पराए । अभ्यास गराउन थालें । त्यो पनि मन पराए । त्यसले थप उत्साह ममा जागृत भयो । मैले सेप्टेम्बरको एक दिन शिक्षकहरूको बैठकमा पाठ्यक्रम र पाठ्य-पुस्तक तयार गर्न म काम सुरु गर्छु, एउटा समिति बनाइदिनुहोस् भनेर भनें । रोम सर र रमेश सरहरूले सहर्ष स्वीकृति दिनुभयो । यो कुरा अमेरिका नेपाल सहयोगी समाजका अध्यक्ष कमला खरेललाई पनि भन्नुभएछ उहाँहरूले । त्यसको केही दिनमै अध्यक्षसहितको बैठक बस्यो । त्यो बैठकमा मधु पन्थी र ददि ढुंगाना पनि हुनुहुन्थ्यो । रोम सरको संयोजनमा म, रमेश ढकाल र विष्णु न्यौपाने भएको चार सदस्यीय पाठ्यक्रम समिति बन्यो । यो समितिको लक्ष्य थियो- शिक्षा सदनका बालबालिकाका लागि शिक्षा सदनले आफ्नै पाठ्य-पुस्तक बनाउने, 'अरू कतै बनेका पुस्तकको पनि भर नपर्ने ।'

विष्णु न्यौपाने अलिक व्यस्त भएर होला, त्यति समय दिन भ्याउनुभएन । उहाँले चालीसवटा कक्षाका लागि साना बाबुनानीका लागि भनेर अभ्यास-किताब बनाउनुभयो । रोम सर, रमेश सर र म निकै चर्को बहस गर्न थाल्यौं । कहिले त लाग्थ्यो, यो तालले के किताब बन्ला ? रमेश सरको अमूर्त परिकल्पना हुन्थ्यो, रोम सर बनिसकेको पाठलाई यो अलिक भएन कि भनेर तर्क गर्नुहुन्थ्यो । मलाई पढाएर खारिएको मान्छे हुँ भन्ने घमण्ड चढिरहेको हुन्थ्यो । यी तीन विचारको संयोजन एकै ठाउँमा कतै भयो भने मात्र किताब बन्ने पक्का थियो । मैले मेरो सुर छाडेको थिइनँ । सम्भावित पुस्तकका लागि फटाफट पाठहरू तयार गर्दै कक्षामा प्रयोग गर्दै गरेर केही पाठ र केही अभ्यासहरू तयार गरें । यति गर्दागर्दै अहिलेको आधारभूत तह, अभ्यास-पुस्तिका र मध्यम तहका पुस्तकको अस्थिपञ्जर तयार भइसकेको थियो ।

किताबलाई व्यापक बनाउने अवधारणा

यसैबीच हामी तीनजनाका बीचमा संयोजन गर्ने एउटा तरिका मलाई सुझ्यो- यतिका मिहिनेत गरेर किताब तयार गरेपछि हामीले मात्र किन प्रयोग गर्ने, यसलाई अरू नेपाली पाठशालामा पनि बाँडौं न ! मैले राखेको प्रस्तावलाई रोम सरले पूरा कुरै नसुनी स्वीकार गर्नुभयो । रमेश सरले त्यसमा थप हौसला दिने तरिकाले उहाँहरूको पनि भनाइ लिएर यसलाई अझ परिस्कृत गरौं भन्नुभयो । हामी अब विस्तृत हुन थाल्यौं । हामी सबै पृष्ठ रंगीन भएको एक-एक प्रति कम्प्युटर प्रिन्ट कपी लिएर नेपाली पाठशाला सेन्टरभिल गयौं । त्यहाँका संयोजक विष्णु खरेल र उहाँको टिमका साथीहरूसित हामीले उभिएरै करिब एक घन्टा किताब र यसको सम्भावित स्वरूपका बारेमा कुरा गऱ्यौं ।

नेपाली पाठशालाका सरहरू कक्षामा नेपालबाट ल्याइएको 'मेरो नेपाली किताब' कक्षा एकको एक पाठ नेपालको सरकारी स्कुलमा पढाइने शैलीमा घोकाउँदै हुनुहुँदो रहेछ । मलाई फेरि आफैंले विगतमा पढाउने गरेको स्कुलको एक कक्षा कोठाको सम्झना भयो । कुराकानी सकिएपछि हामीसित रहेको कम्प्युटर प्रिन्ट एक-एक प्रति विष्णु सरको हातमा थमाएर उहाँहरूको समूहबाट सल्लाह निम्ति अनुरोध गर्दै हामी निस्कियौं । त्यसबीचमा विष्णु सरले आफैंले पाठ्यक्रम बनाएर कक्षामा निकै प्रभावकारी रूपमा शिक्षण गर्न थालेको हामीलाई बताउनुभएको थियो । अब हामीमा एकै विषयको सन्देह भयो, विष्णु सरले हामीले तयार गरेको पुस्तक उहाँका बालबालिकालाई शिक्षण गर्न चाहनुहोला त ? हामीले यसको उत्तर हाम्रा बीचबाट पाउन सकेनौं ।

हाम्रो यो अभियान अझै व्यापक बन्न थाल्यो । रोम सरले हर्नडन क्षेत्रमा आरती सिग्देलले नेपाली कक्षा सञ्चालन गरिरहनुभएको छ, उहाँ र उहाँका साथीहरूलाई पनि भेटौं भन्नुभयो । एक दिन स्टोनवाल स्कुलमै

हामीले उहाँहरूलाई बोलाएर हाम्रो अलिक छलामासु लागिसकेको किताब देखायौँ । उहाँहरू निकै प्रभावित हुनुभयो । उहाँहरूले तत्काल केही सल्लाह दिनुभयो । आरतीजीले किताबको अगाडिको आवरणमा अमेरिकाको झण्डा मात्र राखेर नहुने, बरु अरू अमेरिका चिनाउने केही थप कुरा राख्नुपर्ने सल्लाह दिनुभयो । मलाई दिमागमा एउटै कुरा आयो, किन नराख्ने स्ट्याचु अफ लिबर्टी ! हाम्रो समितिले त्यसलाई सहर्ष स्वीकार गऱ्यो र आकर्षक आवरण तयार भयो । चारैवटा पुस्तकका आवरणमा नेपालको सौन्दर्य र संस्कृति झल्काउने तस्बिरका साथै अमेरिकाको झण्डा र स्ट्याचु अफ लिबर्टी चित्रित छन् ।

हामीले तयार गर्दै गरेका किताबहरू अरू पाठशालाका शिक्षकहरूका लागि पनि भाषा सिकाउने उपयुक्त सामग्री बन्न सकून् भनेर हामीले नवदुर्गा मन्दिर नेपाली स्कुलका साथीहरूलाई भेट्न जाने समय मिलायौँ । सन् २०१९ को डिसेम्बर १५ मा रोम सर, रमेश सर र म भर्जिनियाको दुर्गा मन्दिर लोर्टनमा मन्दिरको तलको तलामा सञ्चालन भइरहेको नेपाली पाठशाला गयौँ । त्यहाँ हामीले शिक्षक कल्याण कोइराला, व्यवस्थापन समितिका सदस्य तथा अभिभावक राजन घिमिरे र अन्य शिक्षकहरूका साथै अभिभावकहरूसँग पनि कुराकानी गऱ्यौँ । हामीले साथमा लगेको कम्प्युटर प्रिन्ट किताब पनि उहाँहरूलाई दियौँ । छलफलका क्रममा आएका सुझावका अतिरिक्त अरू सुझाव किताब हेरेपछि दिने वचन उहाँहरूले दिनुभयो । हामी अझै उत्साहित भएर फर्क्यौं ।



अर्को बसाईंमा हामीले उडब्रिजमा सञ्चालनमा रहेको नेपाली पाठशालाका प्रतिनिधिहरूसित शिक्षा सदनको कक्षा सञ्चालन भएको स्टोनवाल स्कुलमै भेट गरी राम्ररी छलफल गऱ्यौँ । रमेश सर जहाँ कुरा गरे पनि हाम्रो किताबको उद्देश्य के हो भनेर पूराका पूरा व्याख्या गर्नुहुन्थ्यो । मलाई चाहिँ उहाँले ठिक्क मात्र व्याख्या गरिदिए हुनेथियो जस्तो लाग्थ्यो । उहाँ धेरै पर पुगेर सुन्दर सपनाहरू देख्नुहुन्थ्यो र पछि सबै कुरालाई सारांश गरी समापन गर्नुहुन्थ्यो । सुन्नेलाई यसले पटक्कै पट्यार लागेको देखिएन । उहाँको भनाइ एकै हुन्थ्यो, "यो किताबले बिन्दुदेखि बुद्धसम्म सिकाउँछ । हाम्रो उद्देश्य त्यही हो ।"

प्रयासमा निरन्तरता

मलाई घर फर्केपछि एक अनौठो ऊर्जा आउँथ्यो । घरमा कसैले केही काम नलगाए हुन्थ्यो भन्ने कामना हुन्थ्यो । मेरो काम घरमा केही हुँदैनथ्यो । सबैलाई थाहा थियो, मैले घरको काम गर्ने नाममा खसेको सिन्को पनि उठाउँदिन । किताब लेख्नु थियो, चानुचुने कुरा होइन । मेरो निजी किताब भए ठीकै हो, यो त बालबालिकाका लागि किताब हो । संवेदनशील हुनु जरुरी थियो । घरका मानिसलाई भने मैले समयमा खाना खाइदिए र समयमा सुतिदिए हुने थियो भन्ने मात्र थियो । उठ्ने समयका बारेमा कसैलाई केही पिर थिएन । मेरो उठ्ने समय बिहान ४ बजे हो भन्ने सबैलाई थाहा थियो । घरमा समयमा सुतिदिए हुन्थ्यो भन्ने चाहना, समितिका साथीहरूलाई भने किताब तयारी समयमा भइदिए हुन्थ्यो भन्ने रहर ! हाम्रो योजना सन् २०२० को शिक्षा सदनको वार्षिकोत्सवका अवसरमा किताब सार्वजनिक गर्नुपर्ने भन्ने थियो । सन् २०१९ को तेम्रो वार्षिकोत्सवका अवसरमा मैले करिब ४० पानाको एउटा किताबको स्वरूपलाई प्रिन्ट गरेर जिल्दासमेत राखेर सार्वजनिक गरिसकेको थिएँ ।

एक वर्ष चिप्लिएको पत्तै भएन । सन् २०१९ मा किताब तयार गर्ने भनेर कति दिनसम्म मध्यरातपछिसम्म बस्नु नै पर्ने भयो । बिहानको उठ्ने समय उही हो, सबेरै उठ्ने भनेको त नानीदेखि लागेको बानी भनेजस्तो हो । राती अबेरसम्म बस्नुको परिणाम गाडी चलाउँदा निदाइएछ । तै ज्यान गएन, गाडी दुर्घटना भयो, परमेश्वरले मेरो शरीरमा हात राखिदिनुभयो र यो आलेख लेख्न पाएको छु । अँ, सन् २०२० मा शिक्षा सदनको वार्षिकोत्सवमा पुस्तक विमोचन गर्न केही थोरै प्राविधिक समस्याले गर्दा प्रेसमा लैजान ढिला भयो । यसपटक पनि कम्प्युटरबाटै प्रिन्ट गरेर आकर्षक जिल्दालाई स्पाइरल बाइन्डिङ गरियो । र, गर्वका साथ अमेरिका नेपाल सहयोगी समाजले प्रवासका बालबालिकाका लागि नेपाली भाषा सिकाउने पुस्तक तयार गरेको कुरा सार्वजनिक गरियो । अनलाइन समाचार पोर्टल 'इनेप्लिज'ले यसलाई तत्काल समाचार बनाएर एक प्रकारले सबैतिर पुगे सरह भाइरल बनाइदियो । अनि त किताब कहाँ पाइन्छ, कहाँ अर्डर गर्ने भन्ने माग आउन थाल्यो ।

किताब कहाँ छाप्ने भन्ने विषयमा पनि हामीले निकै गलफत्ती गऱ्यौँ । अँ साँच्ची, रोम सर नेपाल जानुभयो सन् २०१९ को डिसेम्बरमा । पेन ड्राइभमा किताबको पाण्डुलिपि पनि लिएर जानुभयो । नेपालमा किताब छाप्दा कति पर्न सक्छ भन्ने सामान्य अनुमान भइसकेको थियो । मलाई नेपालमा किताब छापेर ल्याउने इच्छा पटक्कै थिएन । मैले विसं २०५२ सालदेखि २०६८ सालसम्म नेपालमा प्रेसको नजिक भएर काम गरेको अनुभव बटुलेको छु । जति कुरा गरे पनि यहाँको स्तरमा किताब नेपालमा छापिँदैन भनिरहेँ । साथीहरूको भनाइ सस्तो पर्छ भन्ने थियो, मेरो भनाइ मैले जुन मिहिनेतले डिजाइन गरेको छु, त्यो रूपमा रङ्गिन किताब छापियोस् र बालबालिकाले किताब छाम्दैमा यसलाई अपनाउन सकून् भन्ने मेरो एकमात्र उद्देश्य थियो । यस कुरामा साथीहरू मसित निकै आजित भइसक्नुभएको थियो । अन्ततः नेपालमा किताब नछापिने भयो । यसको कारण के बन्न पुग्यो भने, शिक्षिका जानु ओझा र विजय ओझाको घरमा भएको किताबसम्बन्धी बैठकमा मैले किताब छाप्ने पैसा पनि म नै खोज्नेछु भनेको थिएँ । बोलेको कुरा पूरा गर्नु थियो ।





किताब छाप्न हौस्याउने दाताहरू

मैले पहिले प्रा.डा.गोपी उप्रेतीसँग यो कुरा भनें, उहाँले सहर्ष दुई हजार डलर दिने हुनुभयो । राम लामा अविनाशीसँग कुरा गरें, उहाँले पनि हुन्छ भन्नुभयो । पदम विश्वकर्मासँग कुरा गरें, उहाँले एक हजार डलर दिने हुनुभयो । पुरु सुवेदीलाई भनें, "किताब छाप्नुपर्ने भयो, अनेसासकै साथीहरूले सहयोग गर्नुभएको छ । तपाईं पनि सहयोग गर्नुहोस् न ।" उहाँले पनि हुन्छ भनेर एक हजार डलर दिने हुनुभयो । अमेरिका नेपाल सहयोगी समाजका संरक्षक मधु पन्थीले वासु सत्यालसँग पनि कुरा गर्नुभयो । उहाँले पनि एक हजार डलर सहयोग गर्नुभयो । यसरी अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज बोर्ड अफ ट्रस्टीजका पूर्व र वर्तमान पदाधिकारीहरूको व्यक्तिगत सहयोगले अमेरिका नेपाल सहयोगी समाजको यो अभियानलाई एक कदम अगाडि बढायो ।

आर्थिक पक्ष ठिक भएपछि पनि किताब तयारीको क्रम जारी थियो । मध्यम तह र उच्च तहका किताबहरूमा लेखकहरूबाट विभिन्न विषयमा लेख लिएर सम्पादन गर्ने काम भयो । किताब तयार हुन्थ्यो, यो अन्तिम हो भन्दै पिडिएफ बनाएर इमेलमा पठाउँथें । उहाँहरूले त्यो हेरिनसक्दै मैले फेरि किताबमा नयाँ कुरा थपिसकेको हुन्थें । यसै गरी थप्ने र नयाँ विषयवस्तु बढाउने क्रममा हामी एउटा किताब तयार गर्न बसेको समूहलाई मैले ज्यादती गरेर तीनवटा किताब थमाएँ । अझ विष्णु न्यौपानेले तयार गर्दै गर्नुभएको आधारभूत तहको अभ्यास-पुस्तिकामाथि मैले चल्नै बाँकी थियो । चालीस पृष्ठमा विष्णु सरले तयार पारेको त्यो किताबमाथि चल्दा-चल्दै १०० पृष्ठको बन्न पुग्यो । अन्ततः किताब नेपालमा होइन, अमेरिकामै छापिने भयो । मैले धेरैवटा छापाखाना अनलाइनमा हेरें । एकजना अभिभावकले रोम सरलाई एउटा सम्पर्क नम्बर दिनुभएछ, कुरा भयो र भर्जिनियामै र त्यो पनि नजिकै छाप्ने स्तरीय प्रेसमा सम्पर्क भयो । नेपालमा भन्दा महंगो परेपछि भनेजस्तो गुणस्तरीय छपाइ हामीले कल्पना गरेकोभन्दा सस्तो मूल्यमा छाप्ने ठाउँ पायौं । अहिले सम्झन्छु, नेपालमा छापेको भए हामी यो महामारीका बेला कसरी किताब अमेरिका ल्याउन सक्थ्यौं होला, त्यो पनि हामीले सोचेजस्ता कोही आउँदा ल्याइमाग्ने गरी ?

लेख्नु एक कुरा हो, सम्पादन अर्को कुरा हो । त्यसमा टाइप गर्नु पनि आफैं, डिजाइन गर्नु पनि आफैं, सान्दर्भिक तस्बिर र स्केचहरू खोजेर पाठ सुहाउँदो रूपमा त्यसलाई त्यहाँ स्थान दिने विचारमा पनि आफैं ! यसरी १६ महिनामा के सपना देखेर किताब लेख्ने तयारीमा जुटेका हामी चार किताब तयारी गर्ने समितिका रूपमा आफूलाई परिचित गराउन सफल भयौं । यसरी धेरै कुरामा सबैको सहमति र कतिपय कुरामा मेरो निर्णयमा साथीहरूले दिनुभएको सहर्ष स्वीकृतिका लागि म उहाँहरूलाई हार्दिक धन्यवाद दिन यहाँ उपयुक्त अवसर हो भन्ने ठान्छु । म र नयाँ पुस्ताका छोराछोरीप्रतिको प्रेम उजागर गर्नुहुने आर्थिक सहयोगदाता माथि उल्लिखित विद्वत्जनप्रति र पाठका लेखकजनप्रति पनि हार्दिक आभार व्यक्त गर्ने अवसर पनि यही हो भन्ने ठान्दछु ।

हाम्रो सदाबहार उत्साह

किताब प्रेसमा जानु र अमेरिकामा सबैतिर 'सार्स कोभिड-१९' महामारीले ठप्प पार्नु सँगै भयो । किताब छापिएर बाहिर आयो, नेपाली पाठशालाका कक्षाहरू बन्द भए । सन् २०२० मार्च १० पछि बन्द भएर

अप्रिलभरि ठप्पै भयो । यस्तो अवस्थामा मैले व्यक्तिगत चिनजानका आधारमा धेरै राज्यमा सम्पर्क गरी नेपाली स्कुलका सञ्चालकहरूसँग कुराकानी गर्दै फेडेक्सबाट किताबहरू पठाउँदै गर्न थालें । यसरी पठाउने क्रममा रमेश ढकालको घरसम्म किताब लिन जानु, घरनजिक रहेको फेडेक्सबाट किताबहरू पठाउनु मेरो दिनचर्या जस्तै भएको थियो । उत्साह आइरहेको थियो, यस्तो लाग्थ्यो, भोलि नै म मरँ भने यत्रो उत्साहले तयार गरेको किताब कहीँ पुग्दैन । हाम्रा केटाकेटीका लागि मात्र यतिका किताब किन चाहिन्थ्यो र ? यसरी किताब पठाउँदा-पठाउँदै १३ वटा राज्यमा किताब पुगेछन् र अस्ट्रेलियामा पनि । प्रेसबाट किताब उठाउनदेखि घरमा भण्डारण र तिनको सूचीकरण अनि मागेको ठाउँका लागि किताब तयार गर्न सदैव उत्साहित रमेश सर छोराको बिहेको तयारी गरिरहेको बाबुको भूमिकामा देखिनुहुन्थ्यो । मे १० देखि शिक्षा सदनका बालबालिकालाई अनलाइनमा पढाउन सुरु गर्‍यौं । बालबालिकाका घर-घरमा किताब पुर्‍यायौं । बालबालिकाले औधि प्रगति गर्न थाले । जिज्ञासु हुन थाले । कक्षा कोठामा नसकेको कुरा अनलाइनबाट पढाउँदा पूरा गर्न सकियो । अभिभावकको बालबालिकाप्रति सहयोग अकल्पनीय भयो । बालबालिकाहरू पनि आफैँसित प्रतिस्पर्धा गर्ने अवस्थामा पुगे ।

किताबको स्तर हेरेपछि अब बालबालिकाका लागि माग हुन थाल्यो । हामीले विभिन्न सात राज्यका बालबालिकालाई पढ्नकै लागि भनेर किताब पठायौं । न्यू ह्याम्पसरमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका ट्रस्टी तथा एनआरएनसँग आबद्ध साथी इश्वरीप्रसाद भट्टले झण्डै २०० बालबालिकाका लागि किताब लिनुभयो । नर्थ क्यारोलाइना, डेलावेयर, क्यालिफोर्निया, इन्डियाना, भर्जिनियाका चार पाठशालाहरू, हवाईको होनुलुलुसम्म किताब बालबालिकाका लागि भनेर अनुरोध आयो । सबैतिर बालबालिका, शिक्षक तथा अभिभावकहरूले किताब मन पराउनुभयो । प्रयोग गर्न निकै सजिलो र कापी नचाहिने गरी तयार भएको अनि तहगत रूपमा माथि उक्लँदै जाने बाबुनानीका लागि किताब तयार भएकाले सबैतिर यसको उपयोग सजिलो भएको अनि किताब स्तरीय भएको प्रतिक्रिया आयो ।

पाठ्यक्रम र पाठ्य-पुस्तक तयारी समितिका रूपमा हामीलाई भने अझै केही अपुग भइरहेको आभास भइरह्यो । खासगरी मध्यम तह र उच्च तहको पाठ्य-सामग्रीबीच अलि ठुलो खाडल रहेको आभास भइरहेको थियो । हाम्रा छोराछोरीका लागि सरल व्याकरण पनि आवश्यक छ भन्ने हामीलाई महसुस भयो । साथमा शिक्षकहरूले यी सबै किताबका हरेक पाठहरू कक्षामा प्रवेश गर्नुअघि कसरी तयार गरी जाने भनेर शिक्षक हातेकिताब पनि बनाउनुपर्ने आवश्यकता देख्यौं । त्यस क्रममा मध्यम तह र उच्च तहका बीचमा उच्च-मध्यम तहको पुस्तक तयार भएर अब प्रेसमा जाने तयारी भइरहेको छ । बाँकी दुई किताबहरू लेखिँदै छन् । यसै वर्षको मध्यतिर बालबालिका र शिक्षकहरूको हातमा ती किताबहरू आइपुग्ने गरी काम भइरहेको छ ।

किताब तयार गर्ने क्रम सकिएपछि यसको प्रचार-प्रसारमा सामाजिक अभियन्ताका रूपमा अहिले विश्वभरिका नेपालीका माझ परिचित परशुराम भण्डारीले निकै हल्लाखल्ला गर्न थाल्नुभयो । उहाँको निस्वार्थ र निजी विज्ञापनले पनि व्यक्तिगत रूपमा हामीसँग परिचयमा अभिभावकहरू जोडिँदै आएपछि विभिन्न राज्यका बालबालिकालाई किताब पुर्‍याउन हामीलाई अझ सहज हुन थाल्यो ।

गौरवका पलहरू

अमेरिका नेपाल शिक्षा सदनका बालबालिकालाई के पढाउने भनेर कक्षामा हरेक आइतबार अलमल परिरहनुभएका शिक्षकहरूको सुविधाका लागि किताब बनाउने अभियान सुरु भएको थियो । रोम ज्ञवालीको संयोजन तथा रमेश ढकालको परिकल्पनामा सारा कुराको हलुको भारी मैले बोकेर चार तहमा नेपाली सिकाउने पाँचवटा किताब छापी बालबालिकाका हातमा दिने अवस्थामा हामी पुग्यौं । प्रकाशक बनेर अमेरिका नेपाल सहयोगी समाजले आफ्नो उपस्थिति अमेरिकाका विभिन्न राज्यहरूमा मात्र नभई अस्ट्रेलिया, नेपाल र बेलायतमा पनि जनाइसकेको छ । समाजको यही तत्परता र हाम्रो समूहको निरन्तर लगनशीलताले अहिले एनआरएन र अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले तयार गरेको पाठ्यक्रमसमेतलाई सम्बोधन गरी यी पुस्तकहरू तयार भई आम रूपमा प्रयोगमा आइसकेका छन् ।

यस अवसरमा माथिल्ला तहका किताबका लागि पाठहरू बनाइदिनुहुने विद्वान लेखकहरूप्रति मुरीमुरी धन्यवाद दिँदै अमेरिका नेपाल सहयोगी समाज र पाठ्यक्रम तयारी समितिले मलाई विश्वास गरेर दिएको जिम्मेवारी पूरा गर्न पाएकामा मलाई यहाँ व्यक्त गरिरहेको भन्दा अझै गहिरो गौरवको अनुभूति भइरहेको छ । यो गौरव हाम्रा नयाँ पुस्ताका प्रवासमा हुर्किरहेका छोराछोरीले यस किताबलाई आँखीभ्याल बनाएर नेपाल चियाउन सक्नेछन् भन्नेमा हो । साथै, यो गौरव यिनै किताबहरूलाई आधार बनाएर अब बन्ने किताबहरू र पाठ्यक्रम अझ परिस्कृत हुन सक्नेछन् भन्नेमा हो किनभने प्रवासमा नेपाली भाषामा यसरी तहगत रूपमा पूरै किताब प्रकाशन गरेर पहिलोपल्ट बाहिर ल्याउने भनेको हामी मात्र हौं र यसको नेतृत्व गर्ने संस्था अमेरिका नेपाल सहयोगी समाज नै हो । यो गौरव बालबालिकाको समुन्नतिका लागि हो, नेपाली विविधताबारे हाम्रा छोराछोरी र तिनका पनि छोराछोरीसम्म पुर्‍याउने अभियानको सूत्रपात गर्न सकेकामा हो ।

००

(लेखक लामिछाने साहित्यकार, एएनएचएस कार्य समिति (२०१९-२०२१) सदस्य र एएनएचएसद्वारा प्रकाशित पुस्तक 'मेरो मातृभाषा नेपाली' का पाँच शृङ्खलाका लेखक तथा सम्पादक हुनुहुन्छ ।)

अमेरिका नेपाल सहयोगी समाजको विगत र भावी कार्यदिशा

मधुसूदन पन्थी

अमेरिका नेपाल सहयोगी समाजको स्थापनाकालको समय, यसको विकासक्रम र यसको गठन कुन पृष्ठभूमिमा भयो भन्ने सन्दर्भ निकै रोमाञ्चक छ । त्यतिखेर यस क्षेत्रमा सानो संख्यामा बसोबास गरिरहेका नेपाली युवायुवतीहरूको जागरुकता र सक्रियतामा गठन भएको यस सहयोगी समाजभित्र अहिले कुल १७४ आजीवन सदस्य र थप ४० सक्रिय सदस्य भइसकेको स्थिति हेर्दा समाजको सक्रियता र यसको गतिशीलता पुष्टि हुन्छ । समाजका सदस्यहरूको सक्रिय संलग्नतामा नेपाली समुदायका लागि स्वास्थ्य शिविर, भाषा शिक्षण कक्षा तथा विभिन्न प्रकारका सामाजिक एवम् सांस्कृतिक गतिविधिहरूले निरन्तरता पाइरहेका छन् । यसैले संस्थाको नाममा गाँसिएर आएको 'सहयोगी' शब्द अर्थपूर्ण र भावगम्भीर महसुस हुन्छ ।

मैले थाहा पाएअनुसार, सन् २००० भन्दाअघि मनासस क्षेत्रमा बसोबास गर्ने नेपालीहरूको परिवार संख्या जम्मा तीन मात्र थियो । तत्कालीन समयमा यस क्षेत्रमा नेपाली समुदायको बस्ती निकै पातलो भएकाले हाम्रो समुदायका लागि निजी सवारी साधनको समस्या थियो । पछि, नेपाली परिवारले आफ्नो समुदायको खोजी गर्दै आउने क्रममा यस क्षेत्रमा नेपालीहरूको बसोबास बढ्न थाल्यो ।

भाषागत ज्ञानको कमी तथा यहाँको कानुनबारे कम जानकारी हुनुले तत्काल लाइसेन्स लिन र सवारी साधन किन्नमा पनि समस्या थियो । अर्कोतर्फ सवारी साधन किन्नका लागि क्रेडिट तथा नगद कम भएकाले संयुक्त रूपमा हस्ताक्षर गर्नुपर्ने अवस्था थियो । संयुक्त रूपमा हस्ताक्षर गरिदिने मानिस नभेटिएका अवस्थामा भर्खर आएका व्यक्तिले गाडी किन्दा २३ प्रतिशतसम्म ब्याज तिर्नुपरेको सन्दर्भ अहिले पनि स्मरणीय छ । अर्कोतर्फ भर्खर आएका व्यक्ति/परिवारलाई आवासका निमित्त अपार्टमेन्ट लिनका लागि आय बढी भएका व्यक्तिले हस्ताक्षर गरिदिनुपर्थ्यो । यस्ता विविध समस्यासित जुझेर अगाडि बढ्ने क्रममा स्थानीय नेपालीहरूबीच एकअर्कामा भाइचाराको घनिष्ट सम्बन्ध बनिएको थियो ।

सन् २००६ सम्म आइपुग्दा यस क्षेत्रमा नेपाली परिवारको संख्या निकै बढिसकेको थियो । सम्पर्कमा भएका व्यक्तिहरूका बीच एकअर्कामा सहयोग गर्ने राम्रो वातावरण बनेको थियो । नयाँ आएका परिवार तथा व्यक्तिका लागि अस्पताल जाने, लाइसेन्सका लागि डिएमभी जाने र गाडी किन्ने समस्या हुन्थ्यो । आफूलाई मिल्ने स्क्याजुलमा एकैजनाको गाडीमा सबैलाई पुग्नुपर्ने ठाउँमा पुऱ्याउन र लिन जानमा सहयोग गरिन्थ्यो । लाइसेन्सका लागि डिएमभी जाँदा एकैजनाको गाडीमा चार-पाँचजनालाई लिएर जानुपर्ने अवस्था थियो । त्यतिबेलाको अवस्था यतिसम्म थियो, मनाससबाट वारेन्टन गएर रातीमा काम गर्ने साथीहरूलाई पिकअप गरी घरमा छोडेपछि आफ्नो काममा बिहानको छ बजे पुग्नुपर्थ्यो !

त्यो समयमा धेरैजसो नेपालीको काम वालमार्ट र सेभेन इलेभनमा थियो । केही मानिस ग्यास स्टेसनमा पनि काम गर्थे । संख्यात्मक रूपमा सामुदायिक सदस्य बढ्दै जाने क्रमसँगै नेपालीहरूका बीचमा सहयोगको आवश्यकता झन् बढ्दै गएको महसुस हुन थाल्यो । यस्तो अवस्थाले गर्दा सन् २००८ मा एउटा नेपाली संस्था नै स्थापना गर्ने भन्ने विषयमा हामीबीच चर्चा हुन थाल्यो । यसै क्रममा खासगरी वालमार्ट स्टोरमा काम गर्ने साथीहरूले लञ्चको समयमा सल्लाह गरी नयाँ संस्था गठन गर्ने कार्यलाई मूर्त रूप दिन कार्यतालिका बनाउनुभएछ । त्यसपछि उहाँहरूले अन्य क्षेत्रमा काम गर्ने हामी साथीहरूलाई पनि त्यसबारे जानकारी गराउनुभयो । हामीबीचका साथीहरूको पहलमा मनाससस्थित बेस्ट वेस्टर्न होटलमा कार्यक्रम गर्ने र त्यहीँ संस्था पनि गठन गर्ने सहमति भयो । यसैको परिणाम थियो- सन् २००८ को नोभेम्बर महिनाको थ्याङ्क्स गिभिङ डेका दिन संस्थाको गठन गरी सागर कँडेलको अध्यक्षतामा अन्तरिम कार्यसमिति बनाइयो ।

संस्थाको विधिवत् मान्यता

संस्थाको पहिलो बैठकले कार्य समितिको विस्तार गऱ्यो । संस्थालाई विधिवत् मान्यता दिनका लागि संस्था दर्ता गर्ने गरी कार्य समितिको बैठकले निर्णय गऱ्यो । संस्थाको सम्पर्क कार्यालय अपार्टमेन्टको ठेगानामा दर्ता भयो । समयक्रममा अपार्टमेन्ट सरेका कारण आइआरएसबाट आएका पत्रहरू हाम्रो हातमा परेनन् । यसबाट समाजको सम्पर्क आइआरएससँग हुन सकेन । त्यसपछि पनि सन् २०१३ सम्म स्टेट र आइआरएसअन्तर्गत ५०१ सी (३) को मान्यता प्राप्त नभएको अवस्थाले संस्थाको वैधानिकतामाथि हामीबीचमा नै प्रश्न उठ्न थाल्यो । आइआरएसको जिम्मा तिलक खरेलले र स्टेटमा दर्ता गर्ने जिम्मा मैले लियौँ । त्यतिखेरको कानुनी र प्राविधिक अड्चनलाई सहजै समाधान गर्नमा तिलक खरेलले निर्वाह गर्नुभएको भूमिका अविस्मरणीय छ ।

सन् २०१३ मा अमेरिका नेपाल सहयोगी समाजले ५०१ सी (३) को हैसियत प्राप्त गऱ्यो । यो प्रक्रियालाई अन्तिम रूप दिन हामीलाई करिब सात महिना लाग्यो । सन् २०१३ मा संस्थाको विधान पूरा गर्ने काम मैले करिब एक महिना लगाएर गरेँ । ट्याक्स फाइल गर्ने क्रममा

आइआरएसले विगतका वर्षहरूको कर दर्ता र फिर्ताको प्रमाण दिने काजगात पनि माग गऱ्यो । सन् २०१३ को ट्याक्स फाइल गर्दा सबै पुराना समस्या सुल्झाएर संस्थालाई एउटा मार्ग दिने काममा सफलता मिल्यो । यसपछि मात्र संस्थाको नाममा एप्पल फेडेरल क्रेडिट युनियनमा सागर कँडेल, पिताम्बर भट्टराई र मधु पन्थीको नाममा पहिलो बैंक खाता खोलियो । संस्थापक-अध्यक्ष सागर कँडेलको कार्यकाल २००८ देखि २०१५ सम्म रह्यो । सन् २०१५ मा यज्ञ चापागाईंको घरमा मेरो संरक्षकत्वमा जम्मा भएको एक भेलाले पदमराज रेग्मीको अध्यक्षतामा नयाँ कार्य समिति (२०१५-२०१७) गठन गऱ्यो ।

नेपालमा गएको महाभूकम्पमा सहयोग

पदमराज रेग्मी अध्यक्षका रूपमा छानिनुभएपछि उहाँले पद सम्हाल्नुअघि नै सन् २०१५ अप्रिल २५ मा नेपालमा ठुलो भूकम्प गयो । भूकम्पबाट पीडितका लागि सहयोग गर्नु हाम्रो मानवीय कर्तव्य थियो । समाजले तिलक तथा कमला खरेलको घरमा तत्काल आपतकालीन बैठक गऱ्यो । पहिलो बैठकबाटै करिब २६ हजार डलर संकलन भयो । विभिन्न ठाउँबाट सहयोग संकलन गर्ने क्रममा संस्थाले दुई दिनभित्रमा ४० हजार डलर संकलन गरिसकेको थियो । यस रकमलाई व्यवस्थित रूपमा सम्बन्धित पीडितलाई कसरी पुऱ्याउने भन्ने सल्लाह हुँदै गर्दा संस्थाका अध्यक्ष सागर कँडेल साना छोरीहरू छोडेर तत्काल नेपाल जान तयार हुनुभयो भने पदमराज रेग्मीले पनि आफ्नो भर्खर जन्मेको बच्चा तथा सुत्केरी श्रीमतीलाई छोडेर नेपाल गई भूकम्पपीडितलाई सहयोग गर्ने तत्परता देखाउनुभयो । नेपालमा सामानको पर्याप्तता थिएन । हामीले यहाँबाट सीधै भारतमा सम्पर्क गरी पीडितलाई सहयोग गर्न चार ट्रक सामान खरिद गरी काठमाडौंसम्म ढुवानी गर्ने व्यवस्था मिलायौं ।

भारतबाट आएका सामानहरू नेपालमा व्यवस्थपन गर्न काठमाडौंमा शंकर कँडेल, विष्णु पन्थी, प्रदीप रिजाल, मनिराम कँडेल, सुन्दरप्रसाद पाण्डे, रबिन दाहाल, निकुञ्ज कँडेलसमेतको धेरै सहयोग भएको थियो । अमेरिकाबाट जाने संस्थाको टोलीले औषधिहरू पनि लगेको थियो । उहाँहरूले नेपालमा पीडितहरूलाई सम्बन्धित स्थानमा आफैं उपस्थित भएर सहयोग गर्नुभयो । सागर कँडेल र पदम रेग्मीको प्रतिनिधित्व रहेको यस संस्थाको समूहलाई अमेरिकाबाट जानुभएका डा.मदन उप्रेती र नेपालबाट डा.दीक्षान्त प्रसाईं र डा.सुविन श्रेष्ठले राहत वितरणमा सहयोग गर्नुभयो ।

भूकम्पपीडितका लागि विभिन्न व्यक्ति तथा संस्थाले प्रदान गरेको राहत पीडितसम्म पुऱ्याउन समाजले ७२,७७६ अमेरिकी डलर संकलन गरेको थियो । यसमध्ये नेपाल गएको समूहले राहत वितरणमा खर्च गरी बाँकी रहेको ३२,५९९ डलर प्रधानमन्त्री राहत कोषमा राख्नका लागि भनी नेपाली राजदूतावास वासिङ्गटन डिसीमा चेकबाट हस्तान्तरण गरियो । सागर कँडेल र पदमराज रेग्मी अमेरिका फर्कनुभएपछि बेस्ट वेस्टर्न होटलमा नै कार्यक्रम गरी उहाँहरूले स्थानीय प्रतिनिधिहरू र पत्रकारहरूलाई नेपालमा भूकम्पपीडितको अवस्था र हाम्रो संस्थाले पुऱ्याएको मानवीय सहयोगबारे जानकारी गराउनुभयो ।

स्वास्थ्य शिविर एवम् शिक्षा सदन सञ्चालन

नेपाली समुदायका सदस्यहरूको स्वास्थ्य अवस्थाबारे उनीहरूलाई परामर्श दिने उद्देश्यले निःशुल्क रक्तपरीक्षणसहित चिकित्सकहरूद्वारा स्वास्थ्यसम्बन्धी जाँच गर्ने काम गराइयो । यसका साथै अध्यक्ष पदमराज रेग्मीको कार्यकालमा सन् २०१६ को फेब्रुअरीदेखि अमेरिका नेपाल शिक्षा सदनको स्थापना भई पठनपाठन कार्यको सुरुआत गरियो । संस्थाले नेपाली समुदायका बालबालिकाका लागि नेपाली भाषा प्रशिक्षण गर्नुका साथै उनीहरूलाई नेपाली संस्कृतिका विभिन्न पक्षबारे ज्ञान दिनका लागि स्थापना गरिएको शिक्षा सदनले यस वर्ष सफलतापूर्वक आफ्नो पाँचौं वार्षिकोत्सव पूरा गरेको छ ।

सदस्यतामा विस्तार, जमिन खरिद र पाठ्यक्रम समिति

सन् २०१७-२०१९ का लागि कमला खरेलको अध्यक्षतामा नयाँ कार्यसमिति गठन भयो । यो कार्यसमितिले संस्थाको सदस्यता विस्तारमा उल्लेखनीय सफलता पायो । यस अवधिमा सदस्यताबाट जम्मा भएको रकम र संस्थाका छजना व्यक्तिहरूले थप रकम दिएपछि संस्था आफैंले जमिन खरिद गर्न सफल भयो । साथै उहाँको कार्यकालमा संस्थाले सञ्चालन गरेको अमेरिका नेपाल शिक्षा सदनका बालबालिकाका लागि उपयुक्त पाठ्य-पुस्तकको अभाव भएको सन्दर्भलाई मध्यनजर गर्दै त्यसको तयारी गर्न एक समिति बनाई पाठ्यक्रम र पाठ्य-पुस्तक लेख्ने कार्य सुरु भयो । साथै, विगतदेखि सञ्चालन हुँदै आएको स्वास्थ्य शिविरले पनि यस अवधिमा निरन्तरता पायो ।

एएनएचएस एकेडेमीको अवधारणा र सञ्चालन

मनासस, बिस्ट्रो, उडब्रिज, सेन्टरभिल, हेमार्केट, गेन्सभिल क्षेत्रहरूमा बसोबास गरिरहेका नेपाली परिवारका छोराछोरीलाई नेपाली भाषा र नेपाली संस्कृति सिकाउने मूलभूत उद्देश्यले नेपाली भाषा प्रशिक्षण

पाठशाला सञ्चालन गर्ने विषयमा छलफल गरियो । पाठशालालाई अंग्रेजीमा 'एएनएचएस एकेडेमी' भन्ने र नेपालीमा 'अमेरिका नेपाल शिक्षा सदन' भनेर नाम दिइयो । यसको संयोजन गर्न एकजना प्रतिबद्ध र समर्पित व्यक्तिको आवश्यकता थियो । सन् २०१५ मा पदम रेग्मीको अध्यक्षतामा गठित कार्य समितिमा रोम ज्ञवाली शिक्षा विभाग संयोजक हुनुहुन्थ्यो । सन् २०१६ को फेब्रुअरीदेखि पाठशाला सञ्चालन गर्ने कार्य जोडतोडका साथ सुरु भयो । यसका लागि रोम ज्ञवालीको संयोजनमा ११ सदस्यीय कार्य समिति गठन भई कार्य सञ्चालन हुन थाल्यो ।

सन् २०१६ को फेब्रुअरी १२ पहिलो दिन थियो । यो दिन सरस्वती पूजाको दिन थियो र शिक्षा सदनको सरुआत भएको दिन पनि । शुभारम्भ निकै पवित्र भएको कारणले पनि होला, शिक्षा सदनले पाँच वर्षमा निकै फड्को मारेको अनुभव भएको छ । अहिले संस्थाको पहलमा पाठ्यक्रम नै तयार गरी अमेरिकाभरिका नेपाली पाठशालाहरूमा क्रमशः पाठ्य-पुस्तकहरू वितरण भइरहेका छन् ।

अमेरिका नेपाल शिक्षा सदन पहिले एक प्राइभेट स्कुलमा सञ्चालन भएको थियो । पछि यसलाई स्टोनवाल ज्याक्सन हाइस्कुलमा सारियो । साना बालबालिकाका लागि उपयुक्त कक्षा कोठा नभएका कारण त्यहाँबाट सन् २०१६ को सेप्टेम्बरको दोस्रो हप्तादेखि स्टोनवाल मिडिल स्कुलमा स्थानान्तरण गरियो । यस स्कुलमा सरेपछि शिक्षा सदनका कक्षाहरू हरेक शनिवारको साटो आइतवार सञ्चालन हुन थाले ।

शिक्षा सदनको स्थापनाकालेदेखि नै स्वयम्सेवी शिक्षण सेवामा कार्यरत रोम ज्ञवाली, जानु ओझा र तनुजा पोखरेल अहिले पनि उसैगरी नियमित रूपमा सक्रिय हुनुहुन्छ । त्यसपछिका दिनमा थुप्रै स्वयम्सेवी तथा प्रतिबद्ध शिक्षकहरूले शिक्षा सदनमा संलग्न भएर बालबालिकालाई नेपाली भाषा, संस्कृति र नेपाली रहन-सहनबारे अध्यापन गर्नुभयो । सुरुमा बालबालिकाका लागि नेपालबाट पाठ्य-पुस्तकहरू ल्याएर विभिन्न तहको ज्ञान दिइन्थ्यो । साथै, बालबालिकालाई नेपाली गीत तथा नृत्यमा सरिक गराउन विशेष शिक्षकको व्यवस्था गरी हरेक हप्ता निश्चित समय छुट्याइएको थियो । शिक्षा सदन सञ्चालन भइरहेका बेला अभिभावकका लागि समय बच्थ्यो । उहाँहरूका लागि सुनीता सुवेदी र ददि ढुङ्गानाले योगाभ्यास प्रशिक्षण गर्नुहुन्थ्यो । स्वास्थ्यसम्बन्धी जानकारी दिलाउनका लागि डा.लिली केसीको योगदान पनि समाजका लागि त्यतिकै महत्वपूर्ण रह्यो । साथै, सन् २०१९ मा सूचना-प्रविधिविज्ञ राजेश क्षेत्रीले विद्यार्थी, केही अभिभावक तथा शिक्षकहरूका लागि साइबर सेक्युरिटीसम्बन्धी आधारभूत तालिम प्रदान गर्नुभयो ।

अमेरिका नेपाल सहयोगी समाजको सन् २०१९-२०२१ का लागि केदारप्रसाद तिम्सिनाको अध्यक्षतामा नयाँ कार्य समिति गठन भएपछि समाजका उपाध्यक्ष रमेश ढकालको संयोजकत्वमा शिक्षा सदनको व्यवस्थापन समिति गठन भयो । सन् २०२० को मार्च १० देखि कोभिड-१९ महामारीका कारण घरमा बसेका बालबालिकालाई नेपाली भाषा शिक्षणमा निरन्तरता दिनका लागि सुरुमा गुगल र पछि जुमबाट कक्षाहरू सञ्चालन गर्न थालियो । मेको अन्तिम हप्तासम्ममा चारवटै कक्षाहरू अनलाइनमा सञ्चालन हुन थाले । हाल जुमबाटै सातवटा कक्षाहरू सञ्चालन भइरहेका छन् । उहाँकै कार्यकालमा समाजले प्रकाशन गरेका पाठ्य-पुस्तकहरू अमेरिकाका विभिन्न राज्यहरूमा वितरण भए । अमेरिका नेपाल सहयोगी समाजले खरिद गरेको जमिन बिक्री गरी अर्को संस्था 'नेपाली अमेरिकन सामुदायिक केन्द्र' सँग मन्दिर परियोजनामा सहकार्य गर्ने द्वि-पक्षीय सहमति गरी रकम हस्तान्तरण गरियो ।

नेपाली अमेरिकन सामुदायिक केन्द्र

'नेपाली अमेरिकी सामुदायिक केन्द्र अमेरिकी राजधानी वासिङ्गटन डिसी महानगरक्षेत्र र त्यसवरपर बसोबास गरिरहेका नेपाली समुदायको सक्रियतामा सन् २०१९ जुलाईमा अमेरिकी संघीय सरकारको राजस्व सेवाको कर वर्गीकरणअन्तर्गत खण्ड ५०१ (सी) (३) भित्र रहनेगरी बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक नेपाली संस्कृति र सम्पदाको पहिचान दिने उद्देश्यले दर्ता भएको एक गैर-नाफामूलक सांस्कृतिक संस्था हो । हाल बृहत्तर वासिङ्गटन डिसी महानगर क्षेत्रभित्र बसोबास गरिरहेका नेपाली समुदायमा हुने विविध सांस्कृतिक पर्वहरूमा सामूहिक भेला हुने र मांगलिक कार्यहरू सम्पन्न गर्ने सार्वजनिक सेवा पुऱ्याउने स्थलका रूपमा विकसित गर्नुका साथै धार्मिक आस्थाका केन्द्रहरू मन्दिर तथा बौद्ध स्तूपको निर्माण गरी विश्वभरिका नेपालीहरूलाई आकर्षण गर्ने सबैको साझा 'नेपाल केन्द्र' का रूपमा विकसित गर्ने लक्ष्यले यस केन्द्रको स्थापना भएको हो ।' यस केन्द्रले 'विभिन्न अवसरहरूमा गैर-नेपालीभाषी स्थानीय समुदायलाई सहभागिता गराई उनीहरूलाई बहुजातीय नेपालीका गौरवमय भाषा, संस्कृति, धर्म, परम्परा, रहनसहन, लवाइ आदि विविधताबारे जानकारी दिई नेपाल भ्रमणतर्फ उनीहरूलाई आकर्षित गर्दै जाने' पनि विशेष लक्ष्य लिएको छ ।

'आफ्नो भौतिक सम्पत्तिका रूपमा नेपाली अमेरिकी सामुदायिक केन्द्र सन् २०२० फेब्रअरी २६ मा पूरै रकम चुक्ता गरेर १७ लाख अमेरिकी डलरमा तीन दशमलव एक एकड जमीन र कुल २९ हजार वर्ग फिट क्षेत्रफल भएको एक ठुलो र एक सानो भवन खरिद गर्न सफल भइसकेको छ । यो जमीन र भवन वासिङ्गटन डिसीका लागि अवतरण

गर्ने सबैभन्दा ठुलो र व्यस्त डलस अन्तर्राष्ट्रिय विमानस्थल (आइएडी) बाट २५ मिनेटको दूरीमा दक्षिण-पश्चिममा पर्ने मनासस सहरमा अवस्थित छ । सामुदायिक केन्द्रको परिसरभित्र कम्तीमा २०० गाडी अटाउने पार्किङस्थल छ । यस्तै, परिसरभित्र २७,००० वर्ग फिटको दुई तल्ले ठुलो भवन र पुनर्मरम्मत गरेर प्रयोगमा ल्याउन सकिने २,००० वर्ग फिटको पक्की टहरो (बार्न) रहेका छन् । यही परिसरमा पशुपतिनाथको मन्दिर, बौद्ध स्तुप, नेपाली केन्द्र, पुस्तकालय, बालबालिकाका लागि नेपाली भाषा पाठशाला, अभिभावकका लागि अंग्रेजी शिक्षण कक्षा, ध्यान केन्द्र, ६०० सहभागीका लागि सभा हल, दुई साना सभा हलहरू, भोजनगृह र विद्युतीय शवदाह गृह'' आदि निर्माण कार्य हुनेछन् ।

पाठ्य-पुस्तकको परिपूर्ति

शिक्षा सदनका बालबालिकाका लागि अध्यापन गर्ने उपयुक्त पाठ्य-पुस्तक नभएको सन्दर्भमा सन् २०१८ को अक्टोबरमा रोम ज्ञवालीको संयोजकत्वमा रमेश ढकाल, विष्णु न्यौपाने र शिव लामिछाने रहेको एक पाठ्यक्रम तथा पाठ्य-पुस्तक तयारी समिति गठन भयो । सन् २०२० को मार्चमा तीन तहमा चारवटा किताबहरू प्रकाशित भए । अमेरिकाका विभिन्न राज्यका साथै अस्ट्रेलिया, बेलायत र क्यानाडामा पनि किताबहरू पुगे । ती स्थानहरूका नेपाली समुदायबाट थप किताबको अनुरोध हुनुले प्रकाशक संस्थाका रूपमा अमेरिका नेपाल सहयोगी समाजका लागि थप गौरवको विषय भएको छ ।

विगतलाई फर्केर हेर्दा

वर्तमानसम्म आइपुग्दा संस्थाले बाह्र वर्षमा गतिशीलता पक्कै लिएको छ । संस्थाको पहलमा हरेक वर्ष तीज तथा देउसी-भैलो कार्यक्रम भइरहेको छ । यसले समाजका गतिविधिमा थप गतिशीलता ल्याएको छ । बालबालिकाका लागि सन् २०२० मा बाहेक विगत चार वर्षमा शैक्षिक भ्रमण लैजाने गरिन्थ्यो । समाजका सबैलाई समेटेर वनभोज कार्यक्रम हुँदै आएको छ । समग्रमा २५० भन्दा बढी परिवार समेटिएको यस समाजले मन्दिर निर्माण गर्न जमिन पनि खरिद गरेको थियो । तर, यसै क्षेत्रमा यही उद्देश्यले स्थापित भई वृहत् कार्यक्रमका योजना लिएर आएको नेपाली अमेरिकन सामुदायिक केन्द्रसित मन्दिर निर्माण कार्यमा सहकार्य गर्न समाजले खरिद गरेको जमिन बेचेर आएको रकम सामुदायिक केन्द्रको परियोजनामा लगाइयो । यसबाट दुई संस्थाका बीचमा दरिलो सम्बन्ध र सहकार्यको वातावरण बनेको छ । नयाँ पुस्तालाई नेपालका विविधताबारे ज्ञान दिने अभियानमा समाज अनवरत रूपमा लागिरहेको छ । सन् २०२० देखि पाठ्यक्रम नै बनाएर व्यवस्थित पुस्तक तयार गरी समाजको गतिविधिलाई अमेरिकाभरि फैलाउन सकिएको छ । अमेरिकामा होस् वा नेपालमा दुःख तथा आपतमा परेका व्यक्ति र परिवारलाई विशेष गरी संस्थागत पहलमा सहयोगको हात बढाएर 'सहयोगी समाज' हुनुको कर्तव्य र जिम्मेवारी पूरा गरिरहेको छ ।

यति हुँदाहुँदै पनि साधन र स्रोतको समुचित व्यवस्थापन गर्न अझै धेरै बाँकी छ तर क्रमिक रूपमा सुधार हुँदै आएको छ । हामीले भोलिका दिनमा यस क्षेत्रमा रहेका नेपाली समुदायका सदस्यलाई स्वास्थ्य-क्षेत्रमा समस्या परेका बेला काउन्सिलिङ गर्ने, रोजगारीका लागि सीपमूलक तालिम दिने व्यावसायिक संस्था समाजका तर्फबाटै सञ्चालन गर्ने, सूचना-प्रविधिसम्बन्धी तालिम दिन दक्ष प्रशिक्षकको व्यवस्था गरी कक्षा सञ्चालन गर्ने, अंग्रेजी भाषा प्रशिक्षण कक्षा सञ्चालन गर्नेलगायतका थुप्रै कामहरू समाजले स्थायी परियोजनाका रूपमा सञ्चालन गर्नुपर्ने आवश्यकता अहिले पनि उत्तिकै रहेको छ । यसरी विगतमा भए गरेका प्रगतिलाई जोगाएर अघि बढ्नु यसपछिका कार्य समितिका पदाधिकारीहरूको कर्तव्य र जिम्मेवारी हुनेछ ।

संस्थाको भावी रणनीति

हाम्रो परम्परागत धर्म-संस्कृति, चाडपर्व, मेला-उत्सव, गीत-संगीत, भाषा-साहित्यको प्रवासमा जगेर्ना गरी हाम्रा सन्तान-दर-सन्तानलाई ती कुराहरू हस्तान्तरण गर्न संस्थागत रूपमा थप पहल गर्नुपर्दछ । हामीले जसरी अमेरिका नेपाल शिक्षा सदनलाई निरन्तरता दिई थप संस्थागत गर्दै आएका छौं, अरू सामाजिक हितका कार्यहरूलाई पनि संस्थागत गर्दै सुदृढ बनाउनु आवश्यक छ ।

नेपाली समुदायका बढीभन्दा बढी सदस्यहरूलाई सहभागी गराउनका लागि संस्थाले सदस्यता विस्तारमा जोड दिने, यस क्षेत्रका स्थानीय संघ-संस्थाहरूसँग समन्वय गरी नेपाली समुदाय लाभान्वित हुने कार्यक्रमहरू सञ्चालन गर्ने, अमेरिकाको स्थानीय तथा राज्यस्तरको राजनीतिमा नेपाली समुदायका प्रतिनिधिको उपस्थिति गराउने वातावरण बनाउने कार्यहरूमा संस्था अग्रसर हुने, सामाजिक सुरक्षाका लागि र नेपाली भाषा, संस्कृतिको संरक्षणका लागि कार्यहरू गर्ने, नेपालीका हरेक चाडपर्वमा नयाँ पुस्तालाई प्रभावकारी ढंगबाट सहभागी गराउने, शिक्षा सदनको स्थायीत्वका लागि यसको व्यवस्थापन गर्ने र अहिले खुल्दै गरेका अन्य नेपाली पाठशालाहरूलाई पाठ्यक्रम, पाठ्य-पुस्तक र व्यवस्थापन तथा अन्य प्राविधिक क्षेत्रमा सहयोग गर्ने संस्थाका लागि अबका प्रमुख कार्यहरू हुनुपर्दछ ।

साथै, नेपाली भाषालाई स्कुल र कलेजमा क्रेडिट दिलाउन भर्जिनिया राज्यस्तरमा पहल गर्ने, बालबालिकाका लागि प्रवासमा पहिलोपटक समाजले प्रकाशन गरेको नेपाली भाषा शिक्षण पाठ्यक्रमलाई व्यवस्थित गर्नुका साथै प्रकाशित पाठ्य-पुस्तकको व्यापक वितरण र यसको स्तरीयता कायम गर्दै जाने, मन्दिर निर्माणका लागि नेपाली अमेरिकन सामुदायिक केन्द्रसँग समन्वय र सहकार्य गर्ने, संस्था नै ट्रस्टी रहेको नेपाल शैक्षिक तथा सांस्कृतिक केन्द्रलाई एक साझा तीर्थस्थलका रूपमा विकसित गर्ने, डिसी मेट्रोलाई केन्द्र मानेर एक नेपाल केन्द्रको अवधारणाको विकास गर्ने, नेपाली समुदायको स्तरोन्नतिका अल्पकालीन र दीर्घकालीन योजनाहरूलाई जनमानसमा पुऱ्याउने, हरेक सामाजिक काममा सामूहिक स्वामित्व र सामूहिक नेतृत्वलाई महत्व दिने कार्य पनि संस्थाको अबको दिशानिर्देश हुनुपर्ने देखिन्छ ।

समग्रमा भन्नुपर्दा, अमेरिका नेपाल सहयोगी समाजको आजसम्मको यात्राको सफलता यसका सदस्यहरूमा भएको निरन्तर क्रियाशीलताको परिणाम हो । उहाँहरूमा सहयोगी भावना निकै हार्दिक छ । भोलिको योजना के हो र समाज कति वर्षभित्र कहाँ पुगिसक्नुपर्छ भन्ने स्पष्ट दृष्टिकोणसहितको लक्ष्य लिएर अबका कार्य समितिहरू अघि बढ्नुपर्दछ । विगतका समितिहरूले एक-एक क्षेत्रमा अनुकरणीय काम गरेर तिनलाई निरन्तरता दिनका लागि आगामी समितिहरूलाई मार्गदर्शन गरिसकेका छन् । भावी समितिले पनि समाजको नयाँ रूपान्तरण गर्दै यसलाई अझै सहयोगी समाजका रूपमा स्थापित गर्न माथिका कुराहरूलाई मार्गदर्शनका रूपमा कार्ययोजनामा ल्याउनु उपयुक्त हुनेछ भन्ने म ठान्दछु ।

००

(लेखक पन्थी अमेरिका नेपाल सहयोगी समाजका संरक्षक हुनुहुन्छ)

अमेरिका नेपाल सहयोगी समाज सदस्य र शुभचिन्तकहरूको नजरमा

श्रव्य-दृश्य सामग्रीहरूको प्रयोग आवश्यक

ईश्वर तामाङ, आजीवन सदस्य

अमेरिका नेपाल सहयोगी समाजले सञ्चालन गर्दै आइरहेका नेपाली चाडपर्व प्रवर्द्धनका कार्यक्रमहरू तीज, देउसी-भैलो तथा वनभोज कार्यक्रम अत्यन्त प्रभावकारी छन् । यसका साथै समाजले सञ्चालन गर्दै आइरहेको नेपाली स्कुलमार्फत हाम्रा बालबालिकाहरूलाई नेपाली भाषामा बोलाइ, सुनाइ तथा लेखाइ सिकाउने र नेपालबारे चिनाउने प्रयासहरू अत्यन्त राम्रा छन्। यसो भए तापनि, मलाई लाग्छ, यस सहयोगी समाजलाई दिगो रूपमा अगडि बढाउन यसका सबै सदस्यहरूलाई थप जागरुक बनाउनुपर्ने आवश्यकता छ । हाम्रा बालबालिकाहरूलाई नेपाल र नेपालीपनप्रति रुचि जगाउन अमेरिकामा रहेका बालबालिकाहरूको मनोविज्ञानलाई अध्ययन गर्दै तत्सम्बन्धी सिकाइका लागि श्रव्य-दृश्य सामग्रीहरूको विकास र यथाशक्य प्रयोग गर्नुपर्दछ ।

नियमित भजन-कीर्तन कार्यक्रम उपयुक्त

सीता खरेल लुइँटेल, आजीवन सदस्य

अमेरिका नेपाल सहयोगी समाजको आयोजनामा सञ्चालन हुँदै आइरहेको तीज कार्यक्रम -जसमा खानपानको व्यवस्थापन, स्वयम्सेवकहरूको कार्य, नाचगानलगायतका रमाइला प्रस्तुतिहरू- मलाई निकै मनपर्ने कार्यक्रम हो । साथै, समाजद्वारा सञ्चालित शिक्षा सदनको वार्षिक उत्सव कार्यक्रममा गरिने सरस्वती पूजा र बालबालिकाहरूको मातृभाषा शिक्षणसम्बन्धी गतिविधि अनि वनभोज कार्यक्रममा सहभागी हुने अनुभव मेरालागि रमाइला अनुभव हुन् । ती सबै कार्यक्रम राम्रा छन् अनि रोचक पनि । मलाई के पनि लाग्छ भने वनभोजलगायत अन्य कार्यक्रमहरू गर्दा सबैलाई पायक पर्ने उपयुक्त स्थानमा आयोजना गर्नुपर्दछ । त्यसरी आयोजना गर्दा पार्किङलगायत अन्य समग्र विषय सःशुल्क वा निःशुल्क के हो आदिबारे जानकारीसहित सूचना पहिले नै प्रवाहित गर्नुपर्दछ । यसो भएमा सम्बन्धित सबैलाई सहज हुन्छ । अझ, मासिक वा त्रैमासिक रूपमा सम्पन्न हुने गरी नियमित भजन-कीर्तन कार्यक्रम पनि समाजको वार्षिक कार्यक्रममा समावेश गर्न सके बेस हुने थियो ।

सामूहिक सहभागितापूर्ण कार्यक्रमहरूको अपेक्षा

योगराज क्षेत्री, आजीवन सदस्य

समाजले सञ्चालन गर्दै आइरहेका सबै कार्यक्रम उत्कृष्ट छन् तापनि मलाई तीज कार्यक्रम सबैभन्दा रोचक पनि लाग्छ र रमाइलो

पनि । यसका अतिरिक्त मातृभूमिबाट धेरै टाढा यहाँ प्रवासमा रहेका हाम्रा बालबालिकाहरूलाई आफ्नो भाषा र संस्कृति सिकाउने गरी पढाइने नेपाली स्कुलका गतिविधि, पिकनिक, देउसी-भैलो आदिसमेत विभिन्न कार्यक्रमहरू पनि उत्तिकै राम्रा-रमाइला हुने गरेका छन् । अन्य साथीहरूबारे त म भन्न सक्दिन तर यो चाहिँ मेरो निजी अनुभव हो । अहिले त मेरो प्रार्थना कति मात्र हो भने छिटोभन्दा छिटो कोभिड-१९ महामारी नियन्त्रणमा आओस् र अमेरिका नेपाल सहयोगी समाजले सञ्चालन गर्दै आइरहेका तीजलगायतका कार्यक्रमहरू पुनः सबै सदस्यको भौतिक उपस्थिति र सहभागितामा सञ्चालन गर्दै लान सकियोस् ।

युवाहरूलाई केन्द्रित कार्यक्रम सुनमा सुगन्ध

नेत्र ढुंगाना, सक्रिय सदस्य

अमेरिका नेपाल सहयोगी समाजले गर्दै आइरहेका सबै कार्यक्रमहरू अत्यन्तै प्रभावकारी छन् । हामी प्रवासी नेपालीहरूलाई एकतामा जोड्दै हाम्रा मौलिक चाडपर्वहरू मनाउने र संस्कारको जगेर्ना गर्ने काम पनि यसले गरिरहेको छ । यति मात्र नभई हाम्रा बालबालिकाहरूलाई मातृभाषामा शिक्षा दिने अग्रणी सामाजिक संस्थाका रूपमा अमेरिका नेपाल सहयोगी समाज स्थापित भइसकेको छ । म यति मात्र भन्न चाहन्छु- समाजद्वारा सञ्चालित सबै कार्यक्रमहरू अझ प्रभावकारी एवम् अधिकतम सहभागितामूलक हुँदै जाऊन् भन्ने हार्दिक शुभकामना । अँ, बरु युवाहरूलाई केन्द्रित गरी थप कार्यक्रमहरू पनि सञ्चालन भइदिए अझ सुनमा सुगन्ध हुने थियो भन्ने मलाई लाग्छ ।

प्रवासी नेपालीका सुख-दुःखमा साथ दिने समाज

ध्रुव बराल, आजीवन सदस्य

अमेरिका नेपाल सहयोगी समाजले १२ वर्ष पूरा गरेको अवसरमा 'स्मारिका' प्रकाशन गर्न लागेकोमा मलाई ज्यादै खुसी लागेको छ । प्रवासमा रहेर प्रवासी नेपालीहरूका सुखमा सँगै रमाउने र दुःखमा मल्हम लगाउने उद्देश्यले संस्था स्थापना गर्नु कनै सानो कुरा होइन । स्थापनाकालदेखि नै विभिन्न आरोह-अवरोह पार गरी संस्थालाई यो स्थानसम्म पुऱ्याउन प्रत्यक्ष या अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सबै नेपाली मनहरूलाई नमन छ । यस समाजले नेपालमा पनि कठिन परिस्थिति, जस्तै- प्राकृतिक प्रकोप, भूकम्प, बाढी-पहिरोलगायत धेरै

समस्यामा परेका घर-परिवारलाई पनि राहत वितरण गर्दै आएको छ । अमेरिकामा पनि मातृभूमि नेपालका मौलिक परम्परा, धर्म-संस्कृतिलाई जगेर्ना गर्ने हेतुले जनै-पूर्णिमा, नारीहरूको महान् पर्व हरितारिका तीज, तिहारमा देउसी-भैलोजस्ता कार्यक्रमहरू पनि गर्दै आइरहेको छ । यति मात्र नभै हाम्रा साना बाबुनानीहरूले कतै नेपाली भाषा बिर्सने पो हुन् कि भनेर नेपालीभाषा कक्षा 'अमेरिका नेपाल शिक्षा सदन' पनि सञ्चालन गर्दै आइरहेको छ । यो एकदम सराहनीय छ । भविष्यमा पनि यस समाजले गर्ने यी र यस्तै खाले जीवनपयोगी र समाजपयोगी विविध कार्यक्रमहरूमा हामी सबैको साथ र सहयोग रहनेछ ।

सबैको साझा संस्था

पुष्पा घिमिरे, आजीवन सदस्य

अमेरिका नेपाल सहयोगी समाज डिसी महानगर क्षेत्रभित्र क्रियाशील सामाजिक संस्थाहरूमध्ये अत्यन्त क्रियाशील रहँदै नाम चलेको गैर-नाफामूलक सामाजिक संस्थाका रूपमा परिचित छ भन्ने मलाई लाग्छ । यस्तो संस्थामा बसेर कार्य गर्न धेरै चुनौतीहरूको सामना गर्नुपर्ने हुन्छ, जस्तै- परिवार, काम र सामाजिक कार्य आदिबीच समय-संतुलन मिलाउनुपर्ने । त्यस कारण पनि नेतृत्वमा बस्नेहरूले यस्तो तारतम्य मिलाएरै संस्थाको काम राम्रोसँग अगाडि बढाउँदै ल्याउनुभएको छ । संस्थाका संस्थापकहरू जहिले पनि आदरणीय र सम्माननीय हुनुहुन्छ । नयाँ नेतृत्वले पनि जहिलेसुकै 'मेरो होइन हामी सबैको साझा संस्था' भन्ने मूल मन्त्रलाई आत्मसात् गर्दै अगाडि बढौं भन्ने सल्लाह मेरो छ । मैले थाहा पाएसम्म यस समाजले नेपाली समुदायलाई खुसी बनाउने, नेपालीहरूको दुःखमा मलम लगाउने तथा समुदायको हित र कल्याण गर्ने कार्यहरू गर्दै आइरहेको छ । यसको सदस्यको हैसियतले समाजका अझ धेरै राम्रा-राम्रा कार्यहरूको गुणगान गर्न पाउँ भन्दै समाजको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

भाषा र संस्कृतिसम्बन्धी कार्यक्रम उत्कृष्ट

अनु पाण्डे, आजीवन सदस्य

हामीलाई थाहा छ, अमेरिका नेपाल सहयोगी समाज सन् २००८ सालमा स्थापना भएको अहिलेको एक अग्रणी सामाजिक संस्था हो । यसले गर्ने र गर्दै आएका कामहरूमध्ये खासगरी, हाम्रा बालबालिकाहरूलाई मातृदेशको भाषा, कला, संस्कृति र चाडपर्वहरूबारे परिचित गराउँदै अनि सँगसँगै तिनको संरक्षण र प्रवर्धनमा सहभागी गराउने समाजका प्रयासहरू अत्यन्तै उत्कृष्ट लाग्दछन् । यसमा सन् २०१६ देखि सञ्चालन भइरहेको एएनएचएस शिक्षा सदन र त्यसमार्फतको पठनपाठनले हाम्रा बालबालिकाहरूले नेपाली भाषा सिक्दै आफूभित्र रहेका प्रतिभाहरू प्रस्फुटन गराउँदै प्रगति गरिरहेका छन् । नेपाली समुदायलाई दुःख तथा अप्ठ्यारो पर्दा अमेरिका नेपाल सहयोगी समाजले सहयोग गर्दै आइरहेको पनि छ । तीज महोत्सव, देउसी-भैलो, वनभोज कार्यक्रमहरू पनि अत्यन्त राम्रा र उत्कृष्ट कार्यक्रमका रूपमा छन् भन्ने मलाई लागेको छ । यी र यस्ता कार्यक्रमहरू निरन्तर सञ्चालन भइरहनुपर्दछ । यसमा शुभकामनासहित हाम्रो सहयोग निरन्तर रहने छ । मलाई लाग्छ, प्रवासिएका नेपालीहरूको यथार्थ जीवनसँग मेल खाने अन्य मनोरञ्जन तथा चेतनामूलक कार्यक्रमहरू थप भइदिए झन् राम्रो हुने थियो । त्यस्तै, बालबालिकाहरूको प्रतिभा प्रस्फुटन गर्ने कार्यक्रमहरू पनि अझ बढाउन सके धेरै उपयोगी हुने देख्दछु ।

निरन्तरताका लागि हार्दिक शुभकामना

कमला ढुंगाना, आजीवन सदस्य

अमेरिका नेपाल सहयोगी समाजले सञ्चालन गर्दै आइरहेका सबै कार्यक्रमहरू अत्यन्तै राम्रा लाग्छन् । सबैजसो कार्यक्रममा सपरिवार सहभागी हुँदै पनि आइरहेका छौं । सञ्चालित कार्यक्रमहरूले नेपालीपन, नेपाली मन र आपसी एकताका साथ हाम्रा मौलिक चाडपर्व, भाषा र संस्कृतिको जगेर्ना गर्नुका साथै युवा पुस्तालाई त्यससित परिचित पनि गराउँदै आइरहेको छ । तसर्थ, यस समाजको आजीवन सदस्य बन्न पाएकोमा म र मेरो परिवार धेरै खुसी छौं । सञ्चालित सबै कार्यक्रमहरूको निरन्तरताका लागि हार्दिक शुभकामना दिन चाहन्छौं ।

सदस्य हुन पाएकोमा गर्व

माया आचार्य, आजीवन सदस्य

प्रवासमा रहेर नेपाली समुदायको हितका निम्ति र मानवीय सहायताका निम्ति सहयोग लिने-दिने कार्यहरू गरेकोमा धेरै खुसी छौं । स्वास्थ्य बिमा नभएका व्यक्तिहरूलाई लक्ष्यित गरी स्वास्थ्य परीक्षण शिविरको आयोजना, तीज कार्यक्रमलगायत बालबालिकाहरूलाई शिक्षा, नेपाली संस्कृति र चाडपर्वको प्रवर्धनजस्ता कार्यक्रमहरू गर्दै नेपाली समुदायलाई एकै छानोभित्र रहेको अनुभव गराउने कार्यक्रमहरू नै मनपर्ने कार्यक्रमहरू छन् । तसर्थ, संस्थाको सदस्य हुन पाएकोमा गर्व महसुस गरेका छौं । मानवीय हितमा सञ्चालित तमाम कार्यक्रम निरन्तर हातेमालो गर्दै सञ्चालन भइरहोस्, हार्दिक शुभकामना दिन चाहन्छु ।

मानवीय हितका कार्यक्रम सञ्चालन हुँदै जाऊन्

प्रेम नुवाकोटी, सदस्य

अमेरिका नेपाल सहयोगी समाजले गर्दै आइरहेका सबै कार्यक्रमहरू अत्यन्त प्रभावकारी छन् । उक्त कार्यक्रमहरूले प्रवासमा नेपाली समुदायलाई एउटै परिवारमा गोलबन्द गर्ने कार्य गरेको छ । नेपाली समुदायमा परेको सुख-दुःखमा अभिभावक बनेको छ । भाषा, संस्कृति र चाडपर्वहरूबारे युवा पुस्तालाई जानकारी गराइरहेको छ । स्वदेशमा छँदाको चाडपर्वको याद मेटाउने र मनोरञ्जन दिने कार्य गरेको छ । तसर्थ, संस्थामा बसेर सक्रिय कार्य गर्ने रहर जागेको छ । सञ्चालित कार्यक्रमहरू सबै निरन्तर चलिरहून् । थप मानवीय हितका कार्यक्रमहरू सञ्चालन हुँदै जाऊन्, हार्दिक शुभकामना ।

अमेरिका नेपाल शिक्षा सदन सञ्चालकलाई नमन

रामकृष्ण दाहाल, अभिभावक, मनासस

सर्वप्रथम विगत पाँच वर्षदेखि अनवरत रूपमा अमेरिका नेपाल शिक्षा सदनमा निःस्वार्थ सेवा गर्नुहुने शिक्षक-शिक्षिकाहरू, स्वयम्सेवकहरू र सबै सहयोगी मनहरूलाई म सम्पूर्ण अभिभावकहरूको तर्फबाट नमन गर्दछु, अभिनन्दन गर्दछु । स्रोत-साधनको अभाव, समयको कठिनाइ र अन्य प्रतिकूलताका बीच पनि हामीपछिको पुस्तालाई नेपाली भाषा बोल्न, लेख्न र पढ्न सिकाउने यस शिक्षा सदनको परोपकारी कार्य प्रशंसायोग्य छ । जुन पवित्र उद्देश्यका लागि विद्यालय स्थापना भएको हो, त्यसको सफल नतिजा हामी सबैले महसुस गर्न थालिसकेका छौं । त्यसको एक झलक हामीले भर्खरै सम्पन्न सदनको वार्षिक उत्सव कार्यक्रममा नानीबाबुहरूको सहभागिताबाटै पनि देखिसकेका छौं । अब हाम्रा नानीबाबुहरूले हामीसँग नेपालीमा नै सजिलै सम्वाद गर्न सक्ने भएका छन् । बोल्दा धेरै हदसम्म शुद्ध, व्याकरण जस्तै- काल, लिङ्ग, वचन मिलाएर पूर्ण वाक्य बोल्न सक्नु सानो उपलब्धि होइन । हाम्रा नानीबाबुहरूमा नेपाली भाषाप्रतिको झुकाव प्रस्ट देखिन्छ । उनीहरूले नेपाली भाषाप्रति गर्व गर्न थालिसकेका छन् । त्यति मात्र होइन, हाम्रा नानीबाबुहरूको हाम्रो मौलिक संस्कृति वेशभूषा, संगीत, नृत्यप्रति पनि चाख बढ्दो छ । उनीहरूमा विकास हुँदै गरेको नेतृत्व, सामाजिक भावना, एकआपसको सम्बन्ध र सद्भाव साँच्चै तारिफयोग्य छ ।

महामारीका बेला गरिएको सेवा उदाहरणीय

सुमनराज तिम्सिना, आजीवन सदस्य
(पूर्वअध्यक्ष, गैरआवासीय नेपाली संघ-अमेरिका)

गत एक वर्षमा अमेरिका नेपाल सहयोगी समाजले बालकदेखि वृद्ध, स्वस्थदेखि अस्वस्थ र अन्य सबैलाई समेटेर संस्थाको मूल उद्देश्यदेखि विचलित नभई सर्वव्यापी महामारीका बेलामा गरेको सेवा उदाहरणीय छ । यस्ता समयमा सबैलाई समेटेर 'नेपाली' पहिचानको सेवामा समर्पित भई आदर्श उदाहरण प्रस्तुत गरेकोमा अध्यक्षको नेतृत्व, सम्पूर्ण कार्य समिति र स्वयम्सेवकहरूलाई साधुवाद छ । यस्तो संस्थासँग आबद्ध भएकोमा हामी गौरवान्वित छौं । भविष्यमा यो संस्था अझै उदाहरणीय हुनेछ भन्ने कामना गर्दछु ।

सहयोग र सहकार्यले निरन्तर अगाडि बढाउँछ

तोया पौड्याल, आजीवन सदस्य
(अध्यक्ष- आदर्श नेपाली समाज, हर्नडन/भर्जिनिया)

म र मेरी श्रीमती कमला अमेरिका नेपाल सहयोगी समाजमा सन् २०१८ देखि आजीवन सदस्य बनेका हौं । यस गौरवमय संस्थाको आजीवन

सदस्य बन्न पाउँदा हामीलाई गर्व लागेको छ । यस संस्थाले सञ्चालन गर्दै आएका कार्यक्रमहरू नेपाली पाठशाला, स्वास्थ्य शिविर, वार्षिक तीज कार्यक्रम, विभिन्न पेसागत तालिमहरू, नेपाली बालबालिकाहरूलाई नेपाली भाषा सिकाउनका लागि प्रकाशित गरेका विभिन्न तहका नेपाली पुस्तकहरूलगायत अन्य गतिविधिहरू अत्यन्त प्रशंसायोग्य छन् । हर्नडनमा 'आदर्श नेपाली समाज' स्थापना गर्नदेखि लिएर त्यहाँ नेपाली स्कुल सञ्चालन गर्न यस समाजले प्रकाशन गरेका नेपाली पुस्तकहरू उपलब्ध गराएर गुण लगाएको छ । मलाई लाग्छ, यस संस्थाले नर्दर्न भर्जिनियाका विभिन्न सहरहरूमा बसोबास गर्ने नेपालीहरूलाई सदस्य बनाएर धेरैलाई समेटेको पनि छ । यसका लागि म संस्थाका जिम्मेवार पदाधिकारीहरूको उच्च प्रशंसा गर्दछु । आदर्श नेपाली समाज यस संस्थासँग आगामी दिनहरूमा पनि सहयोग र सहकार्य गर्दै निरन्तर अगाडि बढ्न इच्छुक छ ।

oo

अमेरिका नेपाल सहयोगी समाजले आफ्नो
स्थापनाको बाह्र वर्ष पूरा गरेको उपलक्ष्यमा
समाजको इतिहास र विविध गतिविधि समेटेर
'अमेरिका नेपाल सहयोगी समाज
स्मारिका २०२१' प्रकाशन गर्न लागेको सुखद
उपलक्ष्यमा हार्दिक शुभकामना ।
साथै, नेपाली नयाँ वर्ष विक्रम सम्बत २०७८ को
अवसरमा सबै नेपालीजनको
उत्तरोत्तर प्रगति र सुस्वास्थ्यको
हार्दिक मंगलमय
शुभकामना ।

सपना

कविता घिमिरे

बुबा, कता छौ ?
आमा, के गर्दैछौ ?
उठिसक्यौ कि ? सुत्ने तर्खरमा छौ ?
कि देख्दै छौ नयाँ सपना मेरा लागि ?
किनकि, पुराना त साकार भए,
धर्का, थोप्ला जोडिएर आकार भए ।

तिम्रो सपना थियो, म 'म' भएको देख्ने ।
आज, म 'म' भएको छु,
निर्धक्क बोल्न सक्ने,
मनका कुरा लेख्न सक्ने,
खित्का छोडेर हाँस्न सक्ने,
कमाउन सक्ने,
सम्झौता र संघर्षमा रमाउन सक्ने,
आफ्नै सर्तमा जीवन जिउन सक्ने ।

बाटो छेक्न तम्सिएका,
खुट्टा काट्न लम्किएकालाई हराएर,
चनाखो भएर हिँड्न सिकायौ,
पखेटा काट्न तम्सिएका,
पिंजडाभित्र हाल्न तम्सिएकाहरूलाई झुक्याएर,
धेरै छिटो उड्न सिकायौ,
तिमीले सिकायौ र त म हिँड्न सिकें,
गाउँ, सहर हुँदै संसार डुल्न सकें,
तिमीले आँटेउ र त परिधि नाघ्न सकें,
बिना कुनै डर सगर र सागर चुम्न सकें ।

बुबा, कता छौ ?
आमा, के गर्दैछौ ?
उठिसक्यौ कि ? सुत्ने तर्खरमा छौ ?
कि देख्दै छौ नयाँ सपना मेरा लागि ?
किनकि, पुराना त साकार भए
धर्का, थोप्ला जोडिएर आकार भए ।

पाइन्न है अहिले नै थाकें भन्न,
लागी हाल त मेरालागि अर्को सपना बुन्न,
मेरा लागि नयाँ मार्गदर्शन कोर्न ।
तिम्रो विद्रोह र लडाइँ सकिए पनि,
यात्रा मेरो त धेरै बाँकी नै छ,
परिवेश र परिस्थिति बदलिए पनि,
लडाइँ उही पुरानै छ,
अस्तित्व र अस्मिताको,
सुरक्षाको, समानताको
स्वाभिमानको, समावेशिताको,
लडाइँ मैले लड्न बाँकी नै छ ।

त्यसैले बुबा, त्यसैले आमा,
पाइन्न है अहिले नै थाकें भन्न,
लागी हाल त
मेरालागि मार्गदर्शन कोर्न,
किनकि तिम्रो मार्गदर्शनको,
तिम्रो अनुभूति र अनुभवको सधैं खाँचो छ,
किनकि नयाँ पुस्ताका लागि,
लडाइँ मैले लड्न बाँकी नै छ,
नयाँ पुस्ताका लागि,
मैले सपना देख्न बाँकी नै छ ।

००

(कवि घिमिरे अमेरिका नेपाल सहयोगी समाजका शुभचिन्तक हुनुहुन्छ)

अमेरिकामा नेपाली आप्रवासन : प्रसङ्ग र पक्षहरू

डा. अनुप पाहारी

कतिपय पुराना प्रसङ्गहरूका बारेमा सुन्दा एकादेशको कथा जस्तै लाग्ने गर्छ । उत्तर अमेरिकामा नेपाली आप्रवासनको विषयमा केही विचारहरू पेस गर्ने क्रममा आज मलाई पनि त्यस्तै एकादेशको कुराबाट सुरु गर्न मन लाग्दैछ । सन् १९८० दशकको मध्यतिर अमेरिकाको राजधानी सहरस्थित जर्ज वासिङ्गटन विश्वविद्यालयमा स्नातकोत्तर अध्ययनका लागि दाखिल भएको अवस्था थियो । अमेरिकाका लागि नेपालका तत्कालीन राजदूत भेषबहादुर थापाले समय-समयमा त्यतिबेला डिसी महानगर क्षेत्रमा तिनताका बसोबास गरिरहेको सानो नेपाली समुदायका प्रायः सबैजनालाई दूतावासमा बोलाएर नेपाली खाना खुवाउँदै रमाइलो भेटघाट गर्न गराउन रुचाउनुहुन्थ्यो । त्यस्तै एउटा भेटघाटमा एकजना बडो चाखलाग्दो नेपाली आप्रवासीजनसँग भेट हुने मौका जुऱ्यो । उहाँसँग परिचय हुने क्रममा मैले इसाई पादरीहरूले काठमाडौंमा चलाइरहेको सेन्ट जेभियर विद्यालयमा पढेको कुरा खुलाएपछि उहाँले आत्मीयता प्रकट गर्दै आफू पनि त्यही विद्यालयको प्रारम्भिक ब्याचको उत्पादन रहेको प्रसङ्ग मसँग बाँड्नुभयो ।

परिवारको वातावरण छोडेर एक्लै अमेरिकामा अध्ययन गर्न आएको विद्यार्थीको नाताले नेपालमा आफ्नै विद्यालयमा पढेको 'सिनियर' सँग भेट्न पाउँदा आडभरोसा महसुस हुनु स्वभाविक नै थियो । भाग्यवश डिसीमा अध्ययनरत समयभरि उहाँसँग पटक-पटक भेट्ने मौका पनि मिल्यो । एक दिनको भेटमा कुरै-कुराको सिलसिलामा मैले उहाँलाई सोधें, 'हजुर किन र कसरी अमेरिका आउनुभयो ?'

सन् १९८० को दशकसम्म अमेरिकामा नेपाली आप्रवासीको कुल संख्या १०-१५ हजारभन्दा बढी थिएन होला । अनि त्यसमाथि पनि अमेरिकाजस्तो विशाल देशमा थोरै संख्यामा रहेका नेपाली छरिएर बसोबास गरेको अवस्था रहेकाले भेटघाट हुने र कुरा सुन्ने मौका त बिरलै पाइने ! त्यसैले उहाँको अनुभव मैले निकै रुचिका साथ सुन्न थालें र उहाँलाई पनि सुनाउन थालें ।

'नेपालमा म केही समय अमेरिकीहरूका लागि काम गर्थें । विद्यालय उमेरदेखि नै मलाई रेडियो र बिजुलीको सामानसँग चल्न र खेल्न मन पर्थ्यो । विद्यालयपछि त्यही क्षेत्रमा अध्ययन र अनुभव हासिल गरेपछि नेपालमा काम सुरु गर्ने । ५-७ वर्ष यस क्षेत्रमा काम गरेपछि अमेरिका आउने सुर चल्यो । हेर्दै न, त्यहाँ के कस्तो छ र के के गर्न सकिन्छ भनेर । यो सन् १९६० दशकको प्रारम्भितिरको कुरा हो । त्यति बेला अमेरिकी दूतावासका मानिसले नेपालीहरूलाई सोध्ने गर्थे, 'होइन, अन्य देशका मानिसहरू त अमेरिकामा पढ्न र काम गर्न निकै चाहना राख्छन्, नेपालीहरू चाहिँ किन अमेरिका जान चाहँदैनन् ?'

उहाँले भन्दै जानुभयो, 'हुन पनि स्थिति त्यस्तै थियो । त्यतिबेला शिक्षित नेपालीहरू नेपाल छोडेर अन्तै बसोबास गर्ने मनस्थितिमा बिल्कुलै थिएनन् । झन् प्रविधिमा शिक्षा र तालिमप्राप्त मानिसलाई त नेपालमै रोजगारीका अवसरहरू खुल्दै थिए किनकि मुलुकले भर्खर मात्र विकासको यात्रा तय गर्न लागेको अवस्था थियो । मैले अमेरिका जाने इच्छ व्यक्त गरेपछि अमेरिकीहरू खुसी मात्र भएनन्, उनीहरूले मेरो अमेरिका जाने भिसालगायतका कागजात लगभग घरमै ल्याइपुऱ्याइदिए भन्दा पनि हुन्छ ! त्यसपछि त अमेरिका जान्न भन्ने बहाना पनि बनाउन नमिल्ने स्थिति आयो । २-४ वर्ष अमेरिका पनि हेर्दै न त भनेर यता आइयो । २० वर्ष बितिसक्यो, यताको यतै छु । परिवार पनि यतै भए, आफू नागरिक पनि यतैको बनियो । अब त नेपाल घुम्न र परिवार भेट्न जाने मात्र हो ।'

मेरा अभिभावकसमान ती व्यक्ति आज सम्झनाको रूपमा मात्र हामीमाझ हुनुहुन्छ । म आफैं अमेरिका प्रवेश गरेको पनि ३८ वर्ष पुगेछ । यस ३८ वर्षको समयमा अमेरिकामा नेपाली आप्रवासी, आप्रवासन र नेपाली आप्रवासी सांस्कृतिक पहिचान विभिन्न चरणबाट गुज्रिँदै आएको मेरो अनुभव रहेको छ । अमेरिकामा नेपाली आप्रवासनलाई बुझ्नका लागि यसका प्रमुख दुई चरणलाई अध्ययन गर्नुपर्ने हुन्छ । सन् १९९० अघि उत्तर अमेरिका आएका नेपालीलाई पहिलो चरणको आप्रवासी मान्न सकिन्छ भने सन् १९९० पछि आएका नेपालीहरूलाई दोस्रो चरणको आप्रवासीका रूपमा लिन सकिन्छ । संख्या, घनत्व, विस्तार, सामुदायिक उपस्थिति र अमेरिकी मूलधारमा प्रवेश र प्रभावको हिसाबले पहिलो र दोस्रो चरणको नेपाली आप्रवासनका बीचमा काफी भिन्नता रहेको पाइन्छ । थोरै शब्दमा भन्नुपर्दा, पहिलो चरणको नेपाली आप्रवासनले नेपालीहरूलाई अमेरिकामा एक पाइलासम्म टेक्ने अवसर दिलायो । दोस्रो चरणको आप्रवासन (जुन हालसम्म पनि जारी छ) को माध्यमबाट नेपालीहरूले यस आप्रवासी भूमिमा नेपाली समाजको सिङ्गो शरीर (सांस्कृति, सभ्यता, पारिवारिक एवम् सामाजिक संस्कार र मूल्य-मान्यता) लाई प्रवेश गराउने अवसर पाएको अनुभूति हुन्छ ।

प्रायः उच्च शिक्षा हासिल गरेका र सहरी पृष्ठभूमिबाट आएका पहिलो चरणका नेपाली आप्रवासीले अमेरिकामा चिकित्सा र इन्जिनियरिङजस्ता प्राविधिक क्षेत्रमा आफूलाई स्थापित गर्न सफल भए । शैक्षिक तथा व्यवसायिक हिसाबले सुरुका नेपाली आप्रवासीहरू भारतीय र चिनियाँ आप्रवासीहरूकै हाराहारीमा आउन सफल भए तापनि संख्यामा उनीहरू ज्यादै थोरै रहेकोले

मूलधार अमेरिकी समाज र सभ्यतामा नेपाली आप्रवासीले आफ्नो प्रभाव र उपस्थिति जनाउने हैसियत विकास गर्न मुस्किल थियो । यद्यपि, संख्यामा थोरै भए तापनि पहिलो चरणका नेपाली आप्रवासीले महासागररूपी अमेरिकी समाजमा नेपाल र नेपाली संस्कृतिको पहिचान र कदरको खातिर निरन्तर प्रयासरत रहेको कुरामा दुई मत हुन सक्दैन । अमेरिकाजस्तो विशाल देशमा विभिन्न राज्यमा सरदर ३०–५० घरको संख्यामा बसोबास गरिरहेका पहिलो चरणका नेपाली आप्रवासीहरू आ–आफ्ना कार्यालय, गाउँ, बजार, सहर, विश्वविद्यालयमा नेपालको विशिष्ट पहिचान र परिचय दिन कहिल्यै पछाडि परेनन् । सन् १९६७ मा राजधानी सहर वासिङ्गटन डिसीमा 'अमेरिका नेपाल समाज' को स्थापना गरेर होस् वा त्यस्तै विचार तथा प्रयोजनबाट प्रेरित अन्य राज्य, सहर वा विश्वविद्यालयहरूमा नेपाली संघ–संस्थाहरूको थालनी गरेर होस्, पहिलो चरणका नेपाली आप्रवासीले आफ्नो नेपालीपनलाई हर तरहबाट संरक्षण गर्ने, प्रवर्धन गर्ने र नयाँ पुस्तामा हस्तान्तरण गर्ने प्रयासहरू निरन्तर गरिराखे ।

अमेरिकामा नेपाली आप्रवासनको दोस्रो चरण सन् १९९० पछि सुरु भएको मान्न सकिन्छ । सन् १९८० को दशकको अन्त्यतिर अमेरिकी जनसंख्या तथा जनजीवनमा थप विविधता सुनिश्चित गर्नका लागि अमेरिकी विदेश मन्त्रालयले 'डिभी लोटरी भिसा' को प्रस्तावना अगाडि साऱ्यो जसलाई अमेरिकाको संसदले सन् १९९० मा कानुनकै रूपमा पारितसमेत गऱ्यो । त्यसपछि मात्र आम नेपालीका लागि अमेरिकी आप्रवासनको ढोका खुलेको हो भन्दा कुनै अयुक्ति नहोला । त्यसअगाडि अमेरिकाको यात्रा सामान्य नेपालीको पहुँचभन्दा बाहिरको कुरा हुने गर्थ्यो । सीमित नेपालीहरूले मात्र अमेरिका आउने कल्पना गर्न र त्यसका लागि आर्थिकदेखि लिएर अन्य चाँजोपाँजो मिलाउन सक्दथे । लामो समयसम्म यस समूहमा नेपालका सम्पन्न परिवारका सदस्यहरू, उच्च शिक्षा हासिल गर्ने मौका पाएकाहरू, र नेपालस्थित अमेरिकी दूतावास वा युएसएडमा १५ वर्ष काम गरेकाहरू मात्र पर्ने गर्दथे । अमेरिकासम्म यात्रा गर्न सक्नु त परको कुरा, विदेश यात्राका लागि राहदानी बनाउनेजस्तो आधारभूत नागरिक अधिकारका विषयमा पनि आम नेपाली नागरिकले असामान्य पहल गर्नुपर्ने अवस्था देशमा थियो ।

नेपालीहरूको लामो आन्तरिक संघर्षबाट एकातिर मुलुकको राजनीति र राज्य प्रणालीको लोकतान्त्रिकीकरण प्रक्रिया सुरु भयो भने अर्कोतिर संयुक्त राज्य अमेरिकाको वैदेशिक नीति परिवर्तन र खासगरी 'डिभी लोटरी भिसा' को थालनीले अमेरिकामा नेपाली आप्रवासनको लोकतान्त्रिकीकरणको प्रक्रिया सुरु गरायो । 'डिभी लोटरी भिसा' कार्यक्रम नहुँदासम्म आप्रवासीका रूपमा अमेरिकामा प्रवेश गर्ने कुरा आम नेपालीको पहुँचभन्दा निकै बाहिर पर्ने गर्थ्यो । यथार्थमा अमेरिकी आप्रवासन प्रक्रियालाई सर्वसाधारण नेपालीको पहुँचमा ल्याउनका लागि यस चिट्ठा प्रणालीको भूमिका अभूतपूर्व रहेको छ । अमेरिकामा नेपाली आप्रवासन प्रक्रियालाई सहज र निष्पक्ष बनाउँदै आम नेपालीका लागि उत्तर अमेरिकाको द्वार खोल्ने भूमिका खेलेकै कारण नेपाली आप्रवासनको लोकतान्त्रिकीकरणको मूल श्रेय 'डिभी लोटरी भिसा' कार्यक्रमलाई दिनुपर्ने हुन्छ ।

हिजोका दिनमा अमेरिकामा नेपाली आप्रवासीले आफ्नो पहिचान, प्रभाव र हैसियत जनाउन र जमाउन खोज्दा–खोज्दै पनि संख्याको अभावमा अमेरिकी मूलधारको छेउछाउमा तैरण गर्दै चित्त बुझाउनुपर्ने स्थिति थियो । दोस्रो चरणको नेपाली आप्रवासनको माध्यमद्वारा अमेरिकामा नेपालीको संख्या गत ३० वर्षमा करिब १५ देखि २० गुणाले वृद्धि भएको छ ।

भनिन्छ, संख्याले शक्ति ल्याउँछ । अमेरिकाव्यापी रूपमा नेपालीहरूको संख्या बढ्दै जाँदा यस मुलुकको हरेक क्षेत्रमा नेपाली समुदायको 'भिजिबिलिटी' मात्र नभई सहभागिता, संलग्नता र नेपालीहरूको इमानदारिता र मिहिनेती चरित्रको पहिचानले नयाँ उचाइ प्राप्त गरेको छ । शिक्षा, सीप, लगन, मिहिनेत, सिर्जनाशीलता, इमानदारिता, मैत्रीभाव र सहयोगभावजस्ता गुणहरूको उच्च मूल्याङ्कन गर्दै त्यस्ता गुणका धनीहरूलाई पुरस्कृत गर्ने अमेरिकी परम्परा जीवित रहेसम्म नेपाली आप्रवासी र उनीहरूका सन्ततिले अमेरिकामा सफलता र उपलब्धिको सुनौलो इतिहास रचिरहने निश्चित छ ।

भौतिक कुराहरूमा मात्र ध्यान दिने हो भने नेपाल र अमेरिकाको बीचमा समानताभन्दा असमानता कैयौं गुणाले बढी छन् । तर, कुनै पनि मुलुकको वास्तविक चरित्र र चिनारी उसको भौतिकताभन्दा पनि त्यहाँ बस्ने मानिसको सामाजिक, सांस्कृतिक र नैतिक मानचित्रमा खोज्नुपर्दछ । त्यस दृष्टिकोणबाट हेर्दा नेपाल र नेपालीहरूको आधारभूत मूल्य–मान्यता अमेरिकी गणतन्त्रका संस्थापनाकालका आदर्शहरूभन्दा भिन्न छैनन्– स्वतन्त्रता, समानता, धार्मिक तथा सामाजिक विविधताप्रति उच्च सहनशीलता, आम जनतामा मिहिनेत र लगनशीलताको गहिरो संस्कार । यसकारण पनि तुलनात्मक रूपमा नेपाली आप्रवासीहरूले अमेरिकाको विविधतापूर्ण समाज, संस्कृति तथा जीवनशैलीमा आफूलाई सहज ढंगबाट सम्मिलित गर्न सकेका हुन् भन्ने अनुमान गर्न सकिन्छ । आप्रवासी भएर आएपछि नयाँ मुलुकको संस्कृति, संस्कार, रहन–सहन र आदर्शहरूका अनुशरणीय पक्षहरू आत्मसात् गर्न नसक्दा अन्य धेरै आप्रवासी समुदायमा तनाव एवम् द्वन्द्व उत्पन्न भएको पनि हामीले देख्ने गरेका छौं ।

अमेरिकाका मौलिक आदर्शहरूका विपरीत पछिल्लो समयमा आएर रैथाने अमेरिकीहरूको एउटा चिन्तालाग्दो जमातले अमेरिकाको धार्मिक, जातीय र सामाजिक विविधता एवव् सहिष्णुतामा आधारित लोकतान्त्रिक प्रणालीप्रति नै अनास्था प्रकट गर्न थालेको हामीमध्ये धेरैले प्रत्यक्ष महसुस गरिरहेका छौं । जुन मूल्य–मान्यताका आधारमा अमेरिका विश्वको महाशक्ति राष्ट्र बन्न सफल भयो, आज त्यही मूल्य–मान्यता र विचारधारा अमेरिकामा धराशायी हुने स्थिति आउन नदिनमा नेपालीलगायत पछिल्ला पुस्ताका आप्रवासीको अहम् भूमिका रहनेछ भन्ने कुरा अहिले धेरै विज्ञहरूले औंल्याउँदै छन् । नेपाल र नेपालीपनप्रति हाम्रो माया र जिम्मेवारी हामी कहिल्यै पनि कम हुन दिने छैनौं भन्ने अठोट हामी बेलाबेलामा गरी नै रहेका हुन्छौं । तर, हाम्रो अमेरिका बसाइँ सराइसँगै यस देशको मूलधारमा हाम्रो प्रवेश, विस्तार र प्रभाव बढ्दै जाँदा यस मुलुकका आधार मानिने र हामीलाई यहाँ आप्रवासन गर्न प्रेरित गरेका मूल्य–मान्यताको जगेर्ना गर्ने जिम्मेवारी पनि हामीले कदापि बिर्सन सक्दैनौं ।

००

(लेखक डा. पाहारी अमेरिका नेपाल सहयोगी समाजका आजीवन सदस्य तथा पूर्वसल्लाहकार हुनुहुन्छ)

अमेरिकामा नेपाली आप्रवासी महिलाहरू

मन्जु थापा

म काठमाडौंको पद्म कन्या क्याम्पसमा स्नातक तहमा पढ्दै गरेको बेला थियो । त्यसताका एकजना नेत्रहीन बहिनी ह्वाइट केन समातेर त्यही क्याम्पस आउने गर्थिन् । पछि थाहा भयो, उनी त्यहीँ आइए तहमा पढ्ने गर्दी रहिछन् । उनी अत्यन्त उत्साही र जिज्ञासु स्वभावकी रहिछन्, ती बहिनीसँग पछि चिनाजानी हुँदा थाहा भयो । विराटनगरस्थित घरबाट पढ्नका लागि राजधानी आएकी उनी राम्रा कविता पनि लेख्दी रहिछन् र कहिलेकाहीँ सुनाउँथिन् पनि । बहिनीलाई शिक्षा हासिल गर्ने र अघि बढ्ने क्रममा उनकी आफ्नै दिदी दीपाको पूर्ण साथ र सहयोग थियो । म उनको उत्साह, आत्मविश्वास र लगनबाट राम्रै प्रभावित थिएँ । त्यस क्याम्पसमा मेरो पढाइ सकिएपछि पनि काठमाडौंका बाटोमा र बसमा उनीसँग एकाधपटक भेट भयो । त्यसपछि भने धेरै वर्ष उनीसँग भेट भएन । कहिलेकाहीँ मनमा लाग्थ्यो, कहाँ होलिन् उनी ? के गर्दै होलिन् ? पछि, उनकी दिदीसँग अचानक बाटोमा भेट भएपछि थाहा लाग्यो, उनी त पढ्न अमेरिका गइन् र अहिले उतै बसोबास गर्छिन् ।

धेरै वर्षपछि, उनी अमेरिकाबाट नेपाल गएको बेला, उनीसँग पुनः भेट भयो भक्तपुरमा उनका दाजुको घरमा । मैले सुरुमा देखेकी जिज्ञासु, उत्साही र कवि मन भएकी ती बहिनी अहिले त परिपक्व 'मोटिभेसनल स्पीकर' र धेरै कार्यक्रमहरूमा माग गरिने उम्दा प्रशिक्षक भइसकेकी रहिछन् । 'लिडरसिप स्पिरिट' नामक पुस्तककी लेखक समेत रहेकी बुना बेलाबेलामा नेपालमा रहेका नेत्रहीनहरूका लागि पनि ह्वाइट केन र ब्रेल लिपिसहितका कम्प्युटर उपलब्ध गराउनेलगायतका अन्य धेरै किसिमका सरसहयोगमा जुट्दी रहिछन् । अहिले उनी नेपालमा महिलाहरूका लागि स्तन क्यान्सर पत्ता लगाउने मेसिनहरू पुऱ्याएर जाँच गर्ने र स्वास्थ्य शिविर चलाउने अभियानका लागि तयारी गरिरहेकी छन् ।

अमेरिकामा आउने, पढ्ने र बस्ने अवसरलाई पछ्याउँदै उनले आफ्नै परिश्रमको जगमा आफ्नो जीवनमा रहरलाग्दो उडान भर्न सकिन् भने अरूको जीवनमा पनि सकारात्मक परिवर्तन ल्याउन निरन्तर उत्प्रेरित गरिरहेकी छन् । उनको जीवन धेरै सपाङ्ग र अपाङ्गता भएकाहरूका लागि प्रेरणाको स्रोत बनेको छ । ती मेरी प्यारी, परिश्रमी र स्वाभिमानी बहिनी हुन्, बुना दाहाल । अहिले उनी 'ब्लाइन्ड कोर्प्स' नामक संस्थाको सिइओ र अध्यक्ष हुन् भने सियाटल वासिङ्गटनस्थित 'डायनामिक बुना इनकर्पोरेसन' संस्थाकी 'इनफ्ल्युएन्सर' पनि हुन् ।

बुना दाहाल त एकजना प्रतिनिधि पात्र मात्र हुन् । अहिलेको समयमा, अमेरिकामा आप्रवासीका रूपमा आएर संघर्ष गर्ने, आफूलाई स्थापित

प्रशिक्षकको भूमिकामा बुना

गर्ने र यहाँको समाजमा योगदान गर्ने नेपाली महिलाहरूको संख्या गुणात्मक रूपले पनि राम्रै भइसकेको छ ।

बसाइँ-सराइ वा आप्रवासन विश्वव्यापी परिघटना (फेनोमेना) हो । बेहतर जीवनको खोजीमा मानिस पहिले पनि एक ठाउँबाट अर्को ठाउँमा बसाइँ-सराइ गर्दथ्यो, अहिले पनि उही देशभित्र एक ठाउँबाट अर्को ठाउँमा र एक देशबाट अर्को देशमा बसाइँ सरिरहेको छ । सुखी एवम् समृद्ध जीवन खोज्न र रोज्न पाउने हरेक व्यक्तिको अधिकार हो । यो स्व-आप्रवासनको अवस्था हो । कतिपय अवस्थामा मानिसहरू सामाजिक-राजनीतिक बाध्यताले पनि बसाइँ सर्नुपरेको छ । नेपालीभाषी भुटानीहरूको तेस्रो देशमा आप्रवासन राजनीतिक बाध्यताको उपज हो । कतिपय व्यक्तिहरूले विभिन्न कारणले आफ्ना गाउँ-ठाउँमा सहजतापूर्वक बस्ने वातावरण नभएर पनि बसाइँ सर्नुपरेको हुन्छ । सञ्चार र यातायातलगायतका अन्य प्रविधिहरूको विकासले साँघुज्याएको वर्तमान विश्वमा जुनसुकै कारणले भए पनि आप्रवासनको यो क्रम तीव्र गतिमा चलिरहेको छ । यही सिलसिलामा अहिले महिलाहरू पनि शिक्षा, रोजगारी, सुखी र सहज जीवनको खोजीमा एक्लै वा परिवारसहित बसाइँ-सराइ गरिरहेका छन् । यस आलेखमा अमेरिकामा रहेका आप्रवासी महिलाहरू र विशेषत: नेपाली आप्रवासी महिलाहरूको अवस्थाका सम्बन्धमा सरसर्ती चर्चा गर्ने प्रयास गरिएको छ ।

आप्रवासीहरूद्वारा समृद्ध अवसरहरूको देश

अमेरिकालाई अवसरहरूको देश भनिन्छ र सँगै आप्रवासीहरूको देश पनि । एकातिर अवसरहरूले आप्रवासीहरूलाई आकर्षित गरिरहेका छन् र अर्कातिर तिनै आप्रवासीहरूको योगदानले मुलुक झन्-झन् समृद्ध हुँदैछ, थप अवसरहरू सिर्जना हुँदैछन् । अवसर र आप्रवासीहरूबीचको यस्तो पारस्परिक (रेसिप्रोकल) सम्बन्धको अवस्थामा सन् २०१८ सम्म अमेरिकामा कुल ४४.७ मिलियन आप्रवासीहरू बसोबास गर्दथे जसमध्ये आधाभन्दा बढी अर्थात् ५१.८ प्रतिशत (२३.२ मिलियन) महिलाहरू थिए । अर्कातिर आप्रवासी महिलाको यो संख्या भनेको अमेरिकामा रहेका सम्पूर्ण महिलाको १४ प्रतिशत जनसंख्या हो । अर्को शब्दमा भन्नुपर्दा, अमेरिकामा सम्पूर्ण आप्रवासीमध्ये आधाभन्दा बढी र सम्पूर्ण महिला जनसंख्यामध्ये १४ प्रतिशत आप्रवासी महिलाहरू छन् । उनीहरू विविध आर्थिक वर्ग, धर्म, रंग, जात-जाति, भूगोल, भाषा, शैक्षिक अवस्था, अनुभव, सीप र विशेषतासहित अमेरिका आएका छन् । उनीहरूले आफ्ना तिनै विविध विशेषता र क्षमतासहित यहाँको अवसरलाई उपयोग गर्दै स्थानीय समुदाय र अर्थतन्त्रमा आफूले सक्दो दृश्य-अदृश्य योगदान पनि गरिरहेका छन् ।

अमेरिकामा बस्ने आप्रवासीहरूमध्ये क्यारेबियन, दक्षिण अमेरिका, एसिया र युरोपबाट आउनेहरू बढी महिलाहरू छन् जबकि मेक्सिको र मध्य अमेरिकाबाट आउनेहरूमा पुरुष बढी छन् । यद्यपि कुल आप्रवासी महिलाहरूमध्ये लगभग एक तिहाइ (२३.३ प्रतिशत) मेक्सिकोका छन् । चीन, फिलिपिन्स, भियतनाम, डोमिनिकन रिपब्लिक, क्युबा, एल साल्भाडोर र कोरियाबाट पुरुषभन्दा बढी महिलाहरू आएका छन् । डिपार्टमेन्ट अफ होमल्यान्ड सेक्युरिटीको तथ्याङ्कअनुसार, पुरुषभन्दा धेरै संख्यामा महिलाहरू परिवार-आधारित क्याटेगोरीमा अमेरिका आएका छन् न कि रोजगारीको क्याटेगोरीमा आधारित भएर । भन्नुको अर्थ, अधिकतम महिलाहरू अमेरिकी नागरिक वा अमेरिकाको ग्रीन कार्डप्राप्त व्यक्तिको परिवारका निकट सदस्यका रूपमा अमेरिका आएको अवस्था छ, आफैँ उच्च सीपयुक्त रोजगारप्राप्त व्यक्तिको हैसियतमा आउने महिलाहरूको संख्या सानो छ ।

अमेरिकामा धेरै आप्रवासीहरू काम र पारिवारिक पुनर्मिलनको उद्देश्यले आउने हुनाले महिलाहरू पनि धेरैजसो सक्रिय काम गर्ने उमेर समूहका नै आएको देखिन्छ । अमेरिकामा कुल रोजगार महिलाहरूमध्ये १६ प्रतिशत आप्रवासी महिलाहरू छन् । आप्रवासी महिलाहरूमध्ये ५६.६ प्रतिशत रोजगारीमा संलग्न छन् भने यहीँ जन्मिएका (नेटिभ) अमेरिकी महिलाहरूमध्ये ५९.२ प्रतिशतले रोजगारी गर्दछन् ।

अमेरिकामा दक्ष कामहरू पाउन र आफूलाई अघि बढाउनका लागि आप्रवासी महिलाहरूमा अंग्रेजी भाषामा दक्षताको अभाव ठुलो चुनौतीका रूपमा रहेको छ । यही कारणले उनीहरूसँग राम्रा कामको अवसर पनि सीमित छ । सन् २०१८ सम्मको तथ्याङ्क हेर्दा, अमेरिकामा ११.९ मिलियन सक्रिय जनशक्ति आप्रवासी महिलाहरू छन् जसमध्ये ३६ प्रतिशत चाहिँ व्यवस्थापन, व्यवसाय, विज्ञान र कलासम्बन्धी पेसाहरूमा आबद्ध छन् र ३१ प्रतिशत सेवामूलक (आतिथ्यता प्रदान गर्ने प्रकारका) व्यवसायमा छन् । पच्चीस वर्षभन्दा माथिको उमेर समूहका उच्च शिक्षा अर्थात् स्नातक तह पूरा गरेका आप्रवासी महिलाहरूमध्ये सबैभन्दा बढी भारत (७६.३ प्रतिशत), दोस्रो फिलिपिन्स र तेस्रो कोरियाबाट आउनेहरू छन् । मेक्सिको र डोमिनिकन रिपब्लिकनबाट प्रवासिएका महिलाहरू कम उच्च शिक्षितमध्ये पर्दछन् । यही कारणले गर्दा दुई-तिहाइभन्दा बढी (६८.६ प्रतिशत) भारतीय आप्रवासी महिलाहरू व्यवस्थापन र प्रोफेसनल पेसाहरूमा कार्यरत छन् जबकि अमेरिकाका नेटिभ महिलाहरू जम्मा ४१.८ प्रतिशत मात्र यी पेसाहरूमा छन् ।

आयस्रोतका हिसाबले हेर्दा आप्रवासी महिलाहरू सबैभन्दा कम आय आर्जन गर्नेमा पर्दछन् । वार्षिक औसत आयको आधारमा हेर्दा आप्रवासी महिलाहरूको २७,६०० डलर मात्र आय छ भने आप्रवासी पुरुषहरूको औसत आय ३८,००० डलर छ र अमेरिकाका नेटिभ महिलाहरूको औसत आय ३२,००० डलर छ ।

सन् २०१८ को तथ्याङ्कअनुसार, अर्को महत्वपूर्ण प्रवृत्ति के पनि देखिन्छ भने अमेरिकामा नै जन्मिएका महिलाहरूको तुलनामा धेरै (५८ प्रतिशत) आप्रवासी महिलाहरू विवाहित छन् जबकि अमेरिकामा नै जन्मिएका ४४ प्रतिशत महिलाहरू मात्र विवाहित छन् (माथि दिइएका सबै तथ्याङ्क सन् २०१८ सम्मका हुन्) । यसबाट आप्रवासी महिलाहरूका लागि परिवार जीवनको महत्वपूर्ण युनिट हो भन्ने पनि प्रमाणित हुन्छ । नयाँ ठाउँमा विविध चुनौतीहरू झेल्दै परिवार र कामबीच सन्तुलन मिलाएर सहज जीवनको खोजी गर्नु अमेरिकामा आएका सबै आप्रवासी महिलाहरूको दिनचर्या हो ।

त्यसो त, अमेरिकी आप्रवासीहरूका यी तथ्याङ्क र प्रवृत्तिहरूमा नेपालीहरूको चर्चा वा गणना उल्लेखनीय छैन । तुलनात्मक रूपमा हेर्दा, संख्यामा नेपालीहरू कम भएका कारणले यसो हुनु स्वाभाविक नै हो । संख्याको अधिकतालेे उपस्थिति र आवाजलाई सुनिन-देखिन योग्य बनाउँछ । नेपालीहरूको जनसंख्या नै थोरै भएको हुनाले यी कुनै गणनाहरूमा आप्रवासी नेपाली महिलाहरूको प्रसङ्ग पनि अलग्गै उजागर भएको छैन तापनि करिब चार लाखको हाराहारीमा (अपुष्ट

अन्य रिसर्चरहरूसँगै मृदु (पहिलो लहरमा दायाँबाट दोस्रो)

तथ्याङ्क) अमेरिकामा नेपाली आप्रवासीहरू छन् भन्न थालिएको र यो संख्या दिनानुदिन बढिरहेको अवस्थामा अब उनीहरूको हिस्सा त्यति सानो छ भन्न पनि मिल्दैन । आप्रवासीका रूपमा नेपालीहरूले भोगिरहेको वस्तुस्थिति, प्राप्त गरिरहेको अनुभव र उनीहरूले यस देशमा दिएको योगदान क्रमशः बढ्दो छ, बढिरहनेछ, यसर्थ यो महत्वपूर्ण छ ।

आप्रवासी नेपाली महिलाहरू

अमेरिकामा रहेका आप्रवासी नेपाली महिलाहरूका विषयमा अहिलेसम्म कुनै व्यवस्थित अध्ययन अनुसन्धान भएको छैन । तसर्थ, उनीहरूको अमेरिकी जीवनको वास्तविक अवस्था के कस्तो छ भन्ने समग्र चित्र आधिकारिक रूपमा देखाउन सकिँदैन । यस विषयमा शोभा हमाल गुरुङको 'नेपाली माइग्रान्ट विमेन : रेसिस्टेन्स एन्ड सर्भाइभल इन अमेरिका' नामक एउटा अनुसन्धानात्मक पुस्तक प्रकाशित छ । त्यसमा उहाँले सानो समूहमा अर्थात् ३५ जना अमेरिकी नेपाली आप्रवासी महिलाहरूसँग अन्तर्वार्ता गरेर सैद्धान्तिक आधारमा अवस्था विश्लेषण गर्दै केही निष्कर्षहरू निकाल्नुभएको छ । यसले आप्रवासी महिलाहरूको अवस्थाका केही झिल्काहरू देखाए पनि बाँकी सरसर्ती देखिएका-सुनिएका अवस्था र कथाहरू नै यस विषयमा समग्र धारणा बनाउने आधारहरू हुन् ।

अमेरिकामा नेपाली महिलाहरू धेरैजसो परिवारको साथमा आएर बसोबास गरेका छन् भने कतिपय आफू एक्लै आएर पनि स्थायी बसोबास गर्न थालेका छन् । नेपाली समाजमा पहिलेपहिले आप्रवासनमा जाने मुख्य व्यक्ति पुरुषहरू हुन्थे तर अहिले व्यक्तिगत स्वतन्त्रताको आकांक्षाले महिलाहरू आफैं र एक्लै पनि आप्रवासनका लागि जानुको अर्थ क्रमशः नेपाली पारिवारिक सामाजिक ढाँचा फेरिँदै छ । यसका पछाडि व्यक्तिगत स्वतन्त्रता एउटा पक्ष हो भने नेपालमा सामान्य रोजगारीका अवसरहरू नहुने वा कम हुने अनि अमेरिकामा सामान्य जीवन बाँच्नका लागि सामान्य कामका अवसरहरू सजिलै प्राप्त हुने हुँदा यसमा माग र आपूर्तिको सिद्धान्तले पनि भूमिका खेलेको छ । नेपाली समाजको बदलिँदो स्वरूपले पनि महिलाहरू प्रवासिन थालेका छन् । एकजना युवतीले बिनाविवाह बच्चालाई जन्माइसकेपछि समाजको अस्विकारोक्ति र लान्छना खप्न नसकेर प्रवासिएको कथा शोभा हमालको पुस्तकमा दिइएको छ । यस्ता विविध घटनाहरूलाई केलाउँदा व्यक्तिगत, सामाजिक र संरचनागत धेरै कारणले महिलाहरू प्रवासिएका छन् भन्न सकिन्छ ।

अमेरिकामा फरक-फरक माध्यमबाट आएका नेपाली आप्रवासी महिलाहरू देख्न सकिन्छ । पहिलो, आफूलाई वा श्रीमानलाई डिभी चिठ्ठा परेर परिवारको साथमा आउने महिलाहरूको संख्या निकै ठुलो छ भने परिवारमा आधारित अन्य क्याटेगोरीबाट आउनेहरू पनि प्रसस्त छन् । शरणार्थी अवस्था (असाइलम) आवेदनका आधारमा परिवारसँगै आउनेहरू पनि प्रसस्त छन् । अवैध रूपमा 'तल्लो बाटो भएर' अमेरिका प्रवेश गर्नेहरूमा नेपाली पुरुषहरू धेरै भए पनि महिलाहरू त्यति सुनिएको छैन । दोस्रो, उच्च शिक्षाको अवसर पाएर यता आएका केही महिलाहरूले पछि रोजगारीमा आधारित आप्रवासनको अनुमति पाएर स्थायी रूपमा बसोबास गर्न थालेको पाइन्छ । तेस्रो, केही महिलाहरू उच्च सीपयुक्त जनशक्तिका रूपमा र एक्स्ट्रा-अर्डिनरी स्टाटसमा ग्रीन कार्ड पाएर पनि अमेरिका आएका छन् ।

यसरी विभिन्न माध्यमबाट आएर स्थायी रूपमा बसोबास गर्न थालेका महिलाहरू लगभग सबैजसो आर्थिक आय उपार्जनको काममा संलग्न छन् । अमेरिकामा जुनसुकै अवस्थामा पनि काम गर्नुपर्ने बाध्यता छ । थोरै महिलाहरू वैज्ञानिक अनुसन्धान, प्राध्यापन, चिकित्सा, इन्जिनियरिङ, आइटी, नर्सिङ, मिडिया, कानुन, बिजिनेसजस्ता प्राज्ञिक क्षेत्र र उच्च

दक्षता चाहिने पेसाहरूमा लागेका भए पनि ठुलो संख्या अझै पनि ब्युटीसियन, सेल्स एसोसिएट, वृद्ध-वृद्धाको रेखदेख, बेबी-सिटिङजस्ता कम आयमूलक काममा संलग्न भएको देखिन्छ । विद्यार्थी अवस्थामै आएका महिलाहरू बढीजसो प्रोफेसनल क्षेत्रमा सक्रिय छन् । अमेरिका आएर यतै पढेका र पछि आप्रवासनको अनुमति पाएका महिलाहरूले पढुञ्जेल र स्थायी बसोबासको अनुमति पाउने अवधिसम्म कठिन संघर्ष गरेका हुन्छन् तर पछि उनीहरू आफ्नो क्षेत्रमा राम्रो आयमूलक काममा संलग्न भएर सहज जीवन बिताइरहेका छन् ।

डिभीको माध्यमबाट वा परिवारमा आधारित क्याटेगोरीबाट अमेरिका आइपुगेका अधिकांश महिलाहरू नेपालमा जस्तोसुकै काम गरेको भए तापनि यहाँ सामान्य काम गरेर सामान्य जीवनयापन गरिरहेका छन् । नेपालमा रहँदा प्रोफेसनल र सेमी-प्रोफेसनल क्षेत्रमा सक्रिय धेरै महिलाहरू पनि यहाँ आएर सामान्य घरेलु र सेवाप्रदायक क्षेत्रमा कार्यरत भएको अवस्था देखिन्छ । उनीहरू धेरैजना कामबाट सन्तुष्ट नभए पनि अमेरिकाको समग्र बसाइँबाट सन्तुष्ट छन्, आफूले राम्रो काम गर्न नसके पनि छोराछोरीले राम्रो अवसर पाउलान् भनेर आशावादी छन् । म सम्झन्छु, मेरी एकजना साथी चौध-पन्ध्र वर्ष अमेरिकामा काम गरेर छोराछोरी यतै 'सेटल' गराएर अहिले नेपाल फर्किएकी छन् । उतै लेखन र अन्य सामाजिक गतिविधिमा सक्रिय छन् । यस्ता महिलाहरू आफ्नालागि भन्दा पनि सन्तानका लागि अमेरिकी आप्रवासन फाइदाजनक भएको ठान्दछन् । यस्ता धेरै महिलाहरू अमेरिकामा गरिरहेको रोजगारीको कामलाई जीवनको एउटा पक्ष मात्र ठानेर नेपाली समुदायका र नेपालका संघ-संस्थाहरूमा प्रत्यक्ष-परोक्ष सक्रिय तथा आबद्ध भई आफ्नो स्व-पहिचानको सन्तुष्टि लिने प्रयासमा छन् । यससँगै, नेपालमा उच्च दक्ष मानिने कतिपय प्रोफेसनल क्षेत्र (जस्तो- मेडिकल डाक्टर, नर्स आदि) मा कार्यरत अनेक महिलाहरू भने अमेरिका आइसकेपछि सोही क्षेत्रमा संलग्न हुन्छु भन्दाभन्दै परिस्थिति अनुकूल नभएर वा गर्न नसकेर यत्तिकै बसिरहेका घटनाहरू पनि देखिएका छन् ।

जीवनशैलीमा आएको परिवर्तन

नेपालमा रहँदा कुनै आयआर्जनका काम नगरेका तर घरभित्रका काममा सीमित महिलाहरू पनि अमेरिका आइसकेपछि सामान्य आयआर्जनका काममा संलग्न देखिन्छन् । नेपालमा जस्तो एकजनाले मात्र काम गरेर परिवारको खर्च धान्न सकिने अवस्था यहाँ छैन । वास्तवमा यस्ता महिलाहरूले त यहाँ पहिलोपटक आफ्नो मिहिनेतबाट प्राप्त आर्जनको सुखानुभूति गर्न पाएका छन्, आर्थिक सशक्तीकरण र स्वतन्त्रता के रहेछ भनेर अनुभूति गर्ने मौका पाएका छन् । आफूले कमाएको धन आफ्नो मर्जीले खर्च गर्न पाउनुको अर्थ के हुँदो रहेछ, धेरैले बुझ् दैछन् । एकजना नेपाली पुरुषको टिप्पणी छ- नेपालमा बाहिरी काम नगरेका र घरभित्रको जिम्मेवारीमा सीमित भएर बसेका महिलाहरू यहाँ आइसकेपछि आफैँ गाडी चलाउने र रोजगारीमूलक काममा संलग्न भएका छन् । यो उनीहरूको जीवनमा आएको ठुलो परिवर्तन हो । केही महिलाहरूले आफ्नो स्व-आर्जनको कमाइलाई स्व-निर्णयमा नेपालमा रेमिट्यान्सको रूपमा पनि पठाउने, कतिपय परोपकारी कामका लागि सहयोगका रूपमा पनि पठाउने पुण्य-कार्य समेत गर्दैछन् । आफ्नो कमाइ नभएको भए चाहेर पनि यस्तो निर्णय, सहयोग वा सेवा गर्न सकिँदैनथ्यो । तसर्थ, अमेरिकी नेपाली आप्रवासी महिलाहरू आर्थिक सशक्तीकरणको वास्तविक अभ्यास गर्दैछन् ।

एउटा विकसित राष्ट्रमा उपलब्ध भौतिक संरचनाहरू र राज्यका कल्याणकारी व्यवस्थाहरूबाट सबै आप्रवासी महिलाहरू लाभान्वित छन् । मोर्टगेजमा भए पनि सबै सुविधाहरू प्रयोग गर्ने अवसर छ । निरन्तर मिहिनेत गरेपछि खाना, पानी, आवास, बिजुली, शिक्षा, स्वास्थ्य, यातायातजस्ता आधारभूत सुविधा सबैलाई सहजै उपलब्ध छन् । परिश्रम गरेपछि कसैलाई पनि छोराछोरी पाल्न पढाउनको चिन्ता छैन । यसरी हेर्दा समग्रमा आप्रवासी नेपाली महिलाहरूको सामान्य जीवन सहज नै छ तर खुसी र सुखको परिभाषालाई अलि फरक रूपमा हेरिनुपर्दछ । आन्तरिक खुसी कोसँग कति छ भन्ने बेग्लै विवेचनाको विषय हुनसक्ला ।

अमेरिकामा अन्यजस्तै नेपाली आप्रवासी महिलाहरूका लागि पनि जसरी साना-ठुला अवसरहरू छन्, त्यसरी नै चुनौतीहरू पनि छन् । सुरु-सुरुमा आउँदा सांस्कृतिक धक्का अर्थात् कल्चरल सकको अनुभव अधिकतम आप्रवासी महिलाहरूसँग छ । परिवारजन, चाडपर्व, संस्कृति, वेशभूषा, मातृभाषामा बोल्ने अवसर आदिलाई धेरैले 'मिस' गरिरहेका छन् । परिपक्व उमेरमा यता आउनेहरूका लागि अमेरिकामा सांस्कृतिक घुलमिल (कल्चरल एसिमिलेसन) को अभाव झन् ठुलो समस्या हो जसले अरू समस्याहरू पनि पैदा गरिदिन्छ । यस्तो स्थितिमा महिलाहरूले पारिवारिक मिलन र साथीभाइसँगका भेटघाटका क्षणहरूलाई अझै बढी गुमाएको (मिस गरेको) अनुभव गर्दछन् । तर, बाल्यावस्था र युवावस्थामा यहाँ आउनेहरूलाई अंग्रेजी भाषामा पकड र छिट्टै अर्को संस्कृतिलाई आत्मसात् गर्न सक्ने क्षमताले गर्दा सांस्कृतिक घुलमिलको समस्या त्यति रहेको पाइँदैन । त्यति मात्र होइन, यो नयाँ पुस्ताका महिलाहरू जनशक्तिका विभिन्न महत्वपूर्ण क्षेत्रमा समेत संलग्न र सक्रिय हुन थालेका छन् ।

नयाँ परिवेश र सन्दर्भमा बाँच्न एवम् अघि बढ्नका लागि चाहिने आधार भूत सीपहरूको कमीले पनि महिलाहरूलाई अझै पछाडि पारेको हुन्छ । अमेरिकाका सबै ठाउँहरूमा सार्वजनिक गाडीको पर्याप्त सुविधा नहुँदा र धेरै महिलाहरूसँग गाडी चलाउने ड्राइभिङ सीप नहुँदा वा त्यसलाई विकास गर्न नसक्दा अलिक टाढा गएर काम गर्न नसक्ने अवस्था पनि सिर्जना भएको छ । त्यसैगरी अंग्रेजी भाषामा दक्षताको कमीले पनि चाहेजस्तो ठाउँमा काम खोज्न गाहारो छ । यी त भए नेपाली आप्रवासी महिलाहरूले भोगिरहेका प्रत्यक्ष चुनौती र अवरोधहरू ।

यसबाहेक कतिपय आप्रवासी नेपाली महिलाहरूले आफ्नै सम्बन्ध र परिवारभित्र सिर्जित समस्याहरूले पनि चुनौतीहरूको सामना गर्नुपरेको अवस्था छ । केही महिलाहरू प्रत्यक्ष घरेलु हिंसामा परेको अवस्था छ । यतै हुर्के-बढेका युवाहरूले परिवारको कर-बलमा नेपालमा गएर विवाह गर्ने र पछि श्रीमतीलाई अमेरिका ल्याइसकेपछि हेप्ने, कुटपीट गर्ने गरेका घटना पनि सुनिएको छ । हालै मात्र एकजना नेपाली महिला यस्तै घरेलु हिंसामा परेर भर्जिनियाको कुनै सेल्टरमा बसिरहेको र उनको मुद्दा अदालतमा चलिरहेको सुन्नमा आएको छ । कुनै पुरुषले घरमा श्रीमती र छोराछोरी छँदाछुँदै तिनलाई छाडेर अर्की श्रीमती भित्र्याएको पनि देखिएको छ । कसै-कसैका श्रीमान्को सामान्य-असामान्य मृत्यु भएपछि महिलाले एक्लै परिवार धान्नुपरेको अवस्था पनि छ । तर, यस्ता सबै अप्ठेरा परिस्थितिहरूमा महिलाले सामान्य काम गरेर भए पनि छोराछोरी हुर्काउने र आफ्नो जीवन निर्वाह गर्ने वातावरण अमेरिकामा प्राप्त छ । यहाँ दुःख र संघर्ष



तत्कालीन उप-राष्ट्रपति जो बाइडेनका साथ सञ्जीता

गरेर परिवार चलाउने अवसर प्राप्त छ । न्युयोर्कमा त 'अधिकार' भन्ने संस्थाले यस्ता कतिपय घटनाहरूमा पीडित महिलालाई सहयोग र न्यायका लागि पहल पनि गरिदिएको छ । तर, यस्तो पीडामा परेका महिलाहरूलाई सहयोग र साथ दिन अरूतिर पनि नेपाली समुदाय लक्ष्यित सामुदायिक संस्थाहरूको सक्रियता अझै बढ्नुपर्ने आवश्यकता महसुस हुन्छ। अमेरिकी नेपाली सामुदायिक संस्थाहरूले यसलाई आफ्ना प्रमुख उद्देश्यमध्ये एक बनाउनुपर्दछ ।

निजी जीवनमा परिश्रमले जीवनयापनलाई सहज बनाए पनि धेरै नेपाली महिलाहरूमा अझै पनि सामाजिक सवालहरूमा रुचि र सक्रियता कमै पाइन्छ। फलस्वरूप, अमेरिकामा खुलेका नेपाली-लक्ष्यित धेरै सामाजिक संघ-संस्थाहरूमा नेतृत्व तहमा थोरै महिला मात्र छन्। यद्यपि, यहाँनिर, रोजगारीका कामसँगै घरका अन्य कामसमेत धानिदिएर पुरुषहरूलाई सामाजिक कार्यमा लाग्न महिलाले सजिलो वातावरण बनाइदिएको तथ्य भने स्मरणयोग्य छ । परम्परागत तीजजस्ता पर्वहरूमा महिलाहरूको जोश, जाँगर र रहर बढी नै देखिन्छ । आफ्नो विशिष्ट वेशभूषामा सजिएर मनोरञ्जन गर्न र आफ्ना भावनाहरूलाई अभिव्यक्ति दिन पाइने भएकाले पनि उनीहरूमा यस्तो रहर जागेको हुनसक्छ ।

अमेरिकामा आइसकेपछि यहाँको सामाजिक-आर्थिक मागअनुसार नेपाली परिवारहरूको ढाँचा पनि केही फेरिएको छ । नेपालमा छँदा महिलाको भनिएका कामहरू क्रमशः पुरुषले पनि गर्न थालेका छन् (यसै स्मारिकामा तनुजा पोखरेलको लेख हेर्नुहोस्) । महिलाहरू कमाउन जाँदा पुरुषहरूले बच्चा हेर्ने, पकाउनेजस्ता काम गर्नैपर्ने बाध्यता छ। सहयोग र समानताका केही प्रक्रिया सुरु भएका छन् । तर आप्रवासी नेपाली परिवारभित्र पनि महिला-पुरुषबीच पूर्ण समानताको भावना, आपसी सम्मानपूर्ण भाषा, अभिव्यक्ति र व्यवहारमा त्यसको साँचो रूपान्तरणको अन्तिम लक्ष्य प्राप्त गर्नका लागि अझै धेरै-धेरै माइलको यात्रा बाँकी नै छ ।

वर्तमान सहज तर भविष्यको चिन्ता

अमेरिकामा नेपाली आप्रवासी महिलाहरूको जीवन सहज भए पनि कतिपय पक्षमा निश्चिन्तता छैन भन्ने महसुस हुन्छ । आप्रवासनको बसाइँलाई उमेरले पनि फरक पार्दो रहेछ । विगतलाई सम्झेर घोत्लिने र भविष्यका बारेमा टोल्हाउने आम मानवीय प्रवृत्ति नै हो । पचासको उमेरको आसपासमा भएका वा कटिसकेका महिलाहरूमा वृद्धावस्था कता बिताउने भन्ने द्विविधा पनि प्रसस्त रहेको पाइन्छ । जीवनको उत्तरार्द्धका सम्बन्धमा परिपक्व उमेरका धेरै महिलाहरूले कुरा गरेको सुनिन्छ । मैले मेरै वरिपरिका केही महिलाहरूले छलफल गरेको सम्झिन्छु ।

एक दशकभन्दा बढी अमेरिका बसिसकेकी एकजना साथी भन्छिन्, "बुढेसकालमा सजिलो एकतले घर किनेर बस्नुपर्छ, सबै काम सजिलै आफैँ गर्न सकियोस्, छोरा-बुहारीसँग उनीहरूको अड्डन-खटनमा बस्न सकिँदैन । दुःख पर्दा आएर हेरे हेर्लान्, नहेरे नहेर्लान् ।" अर्की एकजना साथी भन्छिन्, "छोराछोरीलाई पनि दुःख दिनु हुँदैन, बुढेसकालमा नेपालमै गएर बरु राम्रो आश्रमतिर बस्नुपर्दछ जहाँ आफूजस्तै बुढा-बुढी हुन्छन्, दिन बिताउन सजिलो हुन्छ । छोराछोरी कहिलेकाहीँ भेट्न आउलान्, ठिकै हुन्छ ।" अझ अर्की एकजना साथी भन्छिन्, "अमेरिकनहरूलाई पो छोराछोरीले हेर्दैनन्, बुढो हुञ्जेल काम गर्नुपर्छ । हामीलाई त छोराछोरीले नै हेर्छन् भन्ने विश्वास छ, उनीहरूसँगै बसिन्छ, तिनलाई छाडेर र एक्लै कहाँ बस्न सकिन्छ र !" यसरी काम गर्ने सक्रिय उमेर अमेरिकामै काम गरेर बिताए पनि वृद्धावस्थामा अमेरिकामा नै बस्ने कि नेपालमा गएर बस्ने भन्ने यस्तो द्विविधा धेरै नेपाली महिलाहरूमा छ (पुरुषहरूमा पनि होला) ।

यी त भए अमेरिकामा आप्रवासी नेपाली महिलाहरूको भौतिक र मानसिक अवस्थाका कुरा । अमेरिकामा आप्रवासी नेपाली महिलाहरू केहीले जीवनमा राम्रै उडान भरेका छन् भने आम रूपमा धेरैले सहज जीवन बाँच्ने अवसर पाएका छन् । तर, बिर्सन नहुने यथार्थ के हो भने यहाँ आएर आप्रवासी नेपाली महिलाहरूले आफूले प्राप्त गरेका मात्र छैनन्, आफूले पनि यहाँको समाज र अर्थतन्त्रमा योगदान गरेका छन् । यो दृष्टिकोणबाट स्थिति विश्लेषण गर्ने र उजागर गर्ने बेला भइसकेको छ । नेपाली आप्रवासी महिलाहरूले अमेरिकी समाज र अर्थतन्त्रमा के योगदान दिएका छन्, साथै अमेरिकामा बसेर नेपालमा के योगदान दिएका छन् भनेर मसिनोसँग हेर्न अलग्गै अध्ययन-विश्लेषण गरिनुपर्छ ।

कर्मभूमिमा दिएको योगदान उजागर हुनुपर्छ

मैले काठमाडौंमा पहिलोपटक देख्दा सेन्ट मेरिज स्कुलमा तीन कक्षामा पढ्ने मृदु आचार्य अहिले पोस्ट-डक्टरेट गरेर 'सियाटल चिल्ड्रेन्स हस्पिटल रिसर्च फाउण्डेसन'को 'सेन्टर फर इम्युनिटी एण्ड इम्युनोथेरापिज' मा प्रमुख अनुसन्धानकर्ताका रूपमा महत्वपूर्ण चिकित्सा-विज्ञान अनुसन्धानमा व्यस्त छन् । उनको नेतृत्वको टिमले गरिरहेको अनुसन्धानले चिकित्सा विज्ञानमा ठुलो अर्थ राख्दछ ।

त्यसैगरी सञ्जीता प्रधानले राष्ट्रपति बाराक ओबामाको एकजना सल्लाहकारका रूपमा महत्वपूर्ण जिम्मेवारीमा रहेर योगदान गरिसकेकी छन् ।

यसरी बुना, मृदु र सञ्जीता त केवल प्रतिनिधि मात्र हुन्, यस्ता धेरै नेपाली आप्रवासी महिलाहरू धेरै क्षेत्रमा संलग्न भएर अद्वितीय योगदान गरिरहेका छन् ।

विज्ञान, चिकित्सा, अनुसन्धान, व्यवस्थापन, व्यापार-व्यवसाय, सूचना, प्रविधि, सञ्चार, शिक्षण, नर्सिङजस्ता उच्च-दक्ष र सीपयुक्त विभिन्न पेसाहरूमा रहेर उनीहरूले गरेको योगदान होस् वा सानातिना काममा संलग्न भएर महिलाहरूले दिएको टेवा होस्, ती सबैको लेखाजोखा हुन बाँकी नै छ । आफ्नो सीप, ज्ञान, दक्षता, विज्ञता, मिहिनेत, इमान्दारी र लगनका साथ उनीहरूले यस कर्मभूमिमा दिएको योगदानका बारेमा अब खोजिनुपर्दछ । आप्रवासी नेपाली महिलाहरूको उपस्थिति र सक्रियताबाट यहाँको समाजमा पनि केही राम्रा पूर्वीय मूल्य-मान्यता र सांस्कृतिक छापहरू पनि नजानिँदो गरी सर्दै होलान्, तिनको पनि विश्लेषण हुनुपर्दछ । साथै, उनीहरूले अमेरिकामा बसेर मातृभूमि नेपालका लागि गरेको योगदानलाई पनि उजागर गर्नुपर्दछ । ती सबै विषयहरूमा व्यक्तिगत स्तरमा भन्दा पनि अमेरिकी नेपाली आप्रवासीहरूका संघ-संस्थाहरूले अध्ययन-अनुसन्धान गरे र त्यसको प्रचार-प्रसार गरे भने यसले अमेरिकामा नेपालीहरूको र नेपालमा आप्रवासीहरूको बेग्लै छवि निर्माण गर्नमा महत्वपूर्ण भूमिका खेल्नेछ ।

००

(लेखक थापा अमेरिका नेपाल सहयोगी समाजका कार्यसमिति सदस्य (२०१९-२०२१) र यस स्मारिकाका सम्पादक हुनुहुन्छ)

सन्दर्भ-सामग्री :

https://www.migrationpolicy.org/article/immigrant-women-and-girls-united-states-2018 सन् २०२१ फेब्रुअरी १० मा हेरिएको ।

https://www.americanimmigrationcouncil.org/research/immigrant-women-and-girls-united-states सन् २०२१ फेब्रुअरी १० मा हेरिएको ।

Hamal Gurung, Shobha. Nepali Migrant Women: Resistance and Survival in America. Syracuse University Press, 2015. Project MUSE muse.jhu.edu/book/43023 सन् २०२१ फेब्रुअरी १२ मा हेरिएको ।

पृष्ठ ७६ को तस्वीर स्रोत: https://www.benaroyaresearch.org/blog/post/researching-cell-communicationkp

पृष्ठ ७८ को तस्वीर स्रोत: https://asiasociety.org/blog/asia/sanjita-pradhan-working-rural-refugees-and-rebuking-president-trump

कविता

फूल, जिन्दगी र जून

भरतमणि भट्टराई

सधैं जून आकासमा मस्किँदैन
सधैं बागमा फूल मुस्काउँदैन
कुनै याममा जूनले लुक्नुपर्छ
र उद्यानमा फूलले सुक्नुपर्छ

कतै जिन्दगी ओइलिने फूल जस्तै
कतै सम्झँदा जिन्दगी जून जस्तै

यहाँ फूल झैं जिन्दगी झर्छ भोलि
र औंसीसँगै जून झैं मर्छ भोलि

सधैं बाँचिने हैन यो जिन्दगानी
सधैं रङ्गिने हैन हाम्रो जवानी

त्यसैले तिमी फूल झै मुस्कुराऊ
तिमी जून हौ जून झैं झिल्मिलाऊ

उज्यालो सफा जूनमा दाग हुन्छ
र काँडासँगै फूलमा राग हुन्छ

सधैं जिन्दगी जूनको दाग हैन
र साथै सधैं फूलको राग हैन

फूलौं फूल जस्तै मनैदेखि फुल्दै
र हासौं सफा जून झैं भित्र खुल्दै

भरे ओइलिने फूल झैं झर्नु नै छ
र ज्योत्सनाबिना जून झैं मर्नु नै छ

झरी फूल सिद्धिन्न कहिले वसन्त
न औंसीसँगै जूनको हुन्छ अन्त

म आफू झरे कोपिला बन्छ नौलो
म आफूसँगै सिर्जना हुँ सुनौलो

बगैंचा वसन्ती सधैं पाइँदैन
सधैं पूर्णिमाको प्रभा पाइँदैन

उज्यालो सधैं सृष्टिमा पाइँदैन
अँध्यारो नभई त्यो बिहानी हुँदैन

झरौं फूल झैं झर्नु पर्दा फुलेर
मरौं जून झैं मर्नु पर्दा खुलेर

यहाँ जिन्दगीको यही हो कहानी
र नै फूल वा जून हो जिन्दगानी

००

(अप्रिल सन् २०१९ मा सम्पन्न 'पलेँटी श्रृङ्खला'मा भूषिता वशिष्ठको कविता वाचन एपिसोड ३ बाट । कविता वाचन https://www.youtube.com/watch?v=YQDArYsaLBQ मा सुन्न सकिन्छ ।)

लक्ष्मण सापकोटा

पिता-पुत्र सम्वाद

हेर त छोरा !
ऊ त्यो क्षितिजपारि
तिम्रो भविष्यको गोरेटो
छोड्नु छ तिमीले त्यहीँ
पैतालाका छापहरू
नाघ्नु छ जँघारहरू
भत्काउनु छ पौरखले
सहस्र अपेक्षित अवरोधहरू
बनाउनु छ लाक्षागृहबाट एउटा
बहिर्गमनको लामो सुरूङ
अनि पूरा गर्नु छ
एक थान मेरा सपनाहरू ।
हेर त बाबु !
ऊ त्यो नीलो सभ्यता
तिम्रो भविष्यको संघर्षको मैदान
खेल्नु छ कपटी शकुनीहरूसँग
एक दुई हात छलका द्यूतक्रीडा,
गर्नु छ बलराम-शिष्यहरूसँग अनवरत मल्लयुद्ध
बन्नु छ तिमी सर्वश्रेष्ठ
अनि पूरा गर्नु छ
मेरा चोइटिएका चाहनाहरू
दिनु छ मलाई मेरो गुमेको हस्तिनापुर ।
अन्यथा
हेर त मेरो जीवन भोगाइका वक्ररेखा
बन्ने छौ तिमी म जस्तै
शर-शैय्यामा सुतेको निरीह भीष्म तुल्य
अहंकारले ताण्डव गर्ने छन्
दुर्योधन र दुःशासनहरू
तिमीले पुनः याचना गर्नुपर्ने छ
जीवनको कुनै कालखण्डमा
तिम्रो अभिमन्युसँग
एक थान सपनाका लागि....
चोइटिएको चाहनाका लागि.....
गुमेको इन्द्रप्रस्थका लागि..... ।

००

(कवि सापकोटा अमेरिका नेपाल सहयोगी समाजका आजीवन सदस्य तथा पूर्वकोषाध्यक्ष हुनुहुन्छ)

अनुभव नेपाल

म को हुँ ?

पापी पेटको सवाल
बिहान खायो बेलुका खानैपर्ने ।
चुहेको खल्तीले आफ्नो इज्जत धान्नैपर्ने
जडौरीले पनि आङ ढाक्नैपर्ने ।
सबैसँग प्रीत लाइसकेँ
बोधिसत्व पनि पाइसकेँ ।
कसका लागि केका लागि बाँच्ने खै
चार्ल्स डार्बिनको
अस्तित्वको संघर्ष पनि गरिसकेँ ।
म को हुँ ?
रोबर्ट फ्रस्ट नहिँडेको बाटो
म पनि हिँडिन
त्यसैले त होला
पुग्नुपर्ने ठाउँमा पुगिनँ ।
प्रेमिकालाई भेट्न सकिनँ
सम्पत्ति जोड्न सकिनँ
घरजम गर्न सकिनँ ।
म को हुँ ?
लाग्दैछ
आइसल्याण्डमा हराएको सर्प हुँ
अन्तरिक्षमा बस्ती बसाउन खोज्ने मानव हुँ
अलौकिक कल्पनामा डुबिरहने
एक पागल हुँ
एक महत्वकाँक्षी हुँ
एक हठी हुँ
एक सन्काहा हुँ
कि भिल्लको देशमा मिल्केको मणि हुँ !
म को हुँ ?

००

(कवि नेपाल अमेरिका नेपाल शिक्षा सदनका अभिभावक हुनुहुन्छ)

कार्पेट

प्रेम संग्रौला

वर्षौं वर्षदेखि
हजुरको स्वागतमा जीवन ओछ्याएर
हजुरहरूको पैताला नबिझाओस् भनेर
बरु आफैँ घोप्टो–चेप्टो परेर
हजुरको गाथमा आराम होस् भनेर
छाती वा पिठ्युँमा जुत्ताले टेक्दा पनि
कतै पनि असजिलो नहोस् भनेर
असीम आनन्दमा मस्त निदाए जस्तै भएर
सुतेको छु म कार्पेट बनेर ।
मेरो काम हजुरको पाउमा सेवा गर्नु हो
हजुरहरूको पैतालालाई शिरोपर गर्नु हो
हजुरको लागि
लडिदिन सक्छु यसै गरी लम्पसार भएर
काट्न सक्छु जुनी यसै गरी सोत्तर बनेर
हजुरको आराम मेरो जीवनको अभिलाषा
हजुरको खुसी मेरो अन्तरात्माको आवाज ।
मलाई कुल्चे पनि हुन्छ
ममाथि बसे पनि हुन्छ
सुते पनि हुन्छ, लडिबुडी खेले हुन्छ
जे गर्न मन लाग्छ आरामसँग गरे हुन्छ
हजुरको गाथमा कुनै दुःख नहोस्
कम्तीमा मेरा लागि फिक्री नगर्नुहोस्
म त हजारौं–हजार वर्षदेखि
बानी परेको छु सहने
निस्फिक्री सहिदिन्छु
ढल्नु नै जीवनको पर्याय बनेपछि
तराईको फाँट सुते जस्तै
सुतेको बहानामा जीवनभरि सुतिदिन्छु ।
सहेको छु मैले
मेरो ढाडमा बज्रने
बुट जुत्ताका काँटीहरू
मेरो छातिमाथि खेलिने परेडहरू
चिसोमा कठाङ्ग्रिएको छु
हजुरको न्यानो रातका लागि
म सिमेन्टमाथि सुतेको छु
ढुङ्गे गेग्रेनमा लडेको छु
हिलोमा लम्पसार परेको छु
साहेबका जुत्तामा हिलो लाग्न नदिन
म हिलाम्मे भएको छु
लुकाइदिएको छु मेरै छातीमुनि
साहेबका कुरूप अनुहारहरू
बेदाग देखिन चाहने मालिकका
सक्कली कर्तुतहरू
मलाई ओछ्याएर सुकिला देखिन चाहने
पानीमाथिका ओभानोहरू ।
जग जाहेर छ, मेरै छातीमाथि
मध्यरातसम्म डिजे नाच्नेहरू
ओकल्छन रक्सीका दुर्गन्धहरू
रंगीन रातको आहालमा
बैंशका तुजुकहरू देखाएर
उत्पात् गर्छन् बेसरमहरू
बुर्कुसी मार्छन् मेरो शरीरमाथि
हजुरलाई के थाहा
नमातीकन ढल्नु पर्दाको पीडा
म हरेक रात लुटिएको छु
प्याला र बोतलबाट पोखिएको रक्सीले
मानौं म बेहोस भएको छु
हजुरलाई के थाहा
नशाले नमातिए पनि
बेहोसीको बहाना गर्नु पर्दाको पीडा
चिसोसँग लड्दा–लड्दै
आफैँ च्यातिएर सकिनु पर्दाको पीडा
मेरो सादापनको दुरुपयोग गर्नेहरू
एक एक गरेर चिन्दा–चिन्दै
तिनकै लागि लम्पसार पर्नु पर्दाको पीडा
समयमै विद्रोह गर्न नसकेर
पछुताउनु पर्दाको पीडा
निरीह निरर्थक जिन्दगी जिउनुको पीडा ।

००

(कवि संग्रौला अमेरिका नेपाल सहयोगी समाजका आजीवन सदस्य तथा पूर्वसल्लाहकार हुनुहुन्छ)

नेपालीपनको सुवासले बाँधेको एएनएचएससँगको साइनो

आरती सिग्देल

सन् २०१५ सालतिरको कुरा हो, छोरी अश्विनी नौ वर्षकी थिइन् । अमेरिकामा हामी छोरीलाई नेपाली भाषा सिकाउन चाहन्थ्यौं । सन् २००४ मा अमेरिका आउँदा छोरा अशेष पाँच वर्षका थिए । हामी सुरुमा अमेरिकाको मिजौरी राज्यमा आएका थियौं । दुई महिनापश्चात् हामी कन्सास राज्य सर्‍यौं । त्यसबेला हाम्रो फरक-फरक कार्यतालिका थियो । नेपाली भाषा बोल्ने साथीहरूको कमी र त्यसमाथि त्यतिबेला अशेष एक्लो सन्तान भएको हुँदा उनको नेपाली बोल्ने वातावरण भएन । केही महिनामा नै छोराले नेपाली बिर्सिए । त्यतिबेला कम्प्युटर, ल्यापटप तथा स्मार्टफोन पनि त थिएनन् । अहिले थाहा हुँदैछ, हामी प्रविधिलाई दोष दिन्छौं तर भाषा-संस्कृति सिक्न प्रविधिको ठुलो हात हुँदोरहेछ ।

एक वर्षपछि कन्सासमा नयाँ नेपाली साथीहरूको आगमन हुन थालेको थियो । यसले गर्दा हामीमा आशा जाग्यो अब छोराको नेपाली भाषामा सुधार हुन्छ भनेर तर अशेषको नेपाली भाषामा सुधारको पर्याप्त संकेत देख्न पाइएन । बरु उनका नयाँ नेपाली साथीहरू पनि नेपाली भाषा बिर्सँदै थिए । सायद यो स्वाभाविक पनि थियो । बुबा-आमा कामले गर्दा घरमा सँगै बस्न पनि नपाउने अनि टेलिभिजनमा अंग्रेजी कार्यक्रम मात्रै आउने र त्यही मात्र हेर्नुपर्ने बाध्यता आदि अनेक कारण विद्यमान थिए ।

केही समयपछि सन् २०१२ मा हामी भर्जिनिया बसाइँ सर्‍यौं । हामी पाँच परिवार एकैचोटि सरेका थियौं । त्यसरी सर्ने त सबैको आ-आफ्नो उद्देश्य थियो तर मूलतः हामी सबैजना नेपालीजनको धेरै जनसंख्या भएको र आफ्नै किसिमको विविधताको खोजीमा भर्जिनिया आएका थियौं । केही वर्ष आवास र कामकाजको स्थायीत्वको व्यवस्थापन गर्दैमा बित्यो ।

सुरुका केही महिना हामी मनासस बसेका थियौं । पछि हर्नडन क्षेत्र हाम्रो स्थायी बसोबासको थलो बन्न पुग्यो । हामी कन्सास राज्य छँदै अमेरिका नेपाल सहयोगी समाजका बारेमा अलि-अलि सुनेका थियौं । हामीले त्यसरी सुनेको स्रोत-व्यक्ति हुनुहुन्थ्यो, सहयोगी समाजका संस्थापक-अध्यक्ष सागर कँडेल । मलाई याद छ, भर्जिनियाको पहिलो तीज ! तीजको अवसरमा हामी कन्सासमा पनि रमाइलो गरेर नै मनाउँथ्यौं । यहाँ भर्जिनियामा आइसकेपछि आफ्ना धेरैजसो साथीहरू सेन्टरभिल, च्यान्टिली र हर्नडनमा थिए ।

भर्जिनियामा तीज महोत्सव विशेष हुन्छ भन्ने हल्ला थियो । सागरजीबाट निम्ता पनि आयो, खुसी लाग्यो । वाह, नेपाली महिलालाई अमेरिकामा तीजको निम्तो ! 'कति-कति पैसा उठाउने हो ? मैले केही पकाएर लानुपर्ने हो कि ?' भनी फोन गरेँ । थाहा भयो- केही तिर्नुपर्ने अथवा केही लानुपर्ने होइन बरु सपरिवार उपस्थित हुन जाने हो । पहिले त साह्रै अप्ठ्यारो महसुस भयो, के भन्छन् होला भनेर तर तीज कार्यक्रम-स्थलमा पुग्दा आश्चर्यचकित भएँ । कम्तीमा पाँच-सात सय महिला-पुरुष र बच्चा-बच्ची ! आहा, कति रमाइलो ! रातो सारीमा सजिएका नेपाली दिदीबहिनीहरू भरिभराउ भएको मनै आनन्दले परि पूर्ण हुने माहोल ! सात समुद्रपारि भए पनि विशिष्ट नेपालीपनको मौलिक सुगन्धले सुवासित चाडपर्वमय परिवेश ! यस्तो भव्य र सभ्य तीज महोत्सवको आयोजक थियो, अमेरिका नेपाल सहयोगी समाज । त्यस दिनदेखि यस समाजसँग अप्रत्यक्ष रूपले नाता गाँसियो ।

मेरो श्रीमान अर्जुन सिग्देल सधैँ नेपाली भाषामा जोड दिनुहुन्छ । मेरो भने नेपाली भाषामा गहिरो ज्ञान छैन । सानो उमेर छँदा भारतको आसाम राज्यमा हुर्किएँ । पछि, नेपाल फर्केर कलेज पढ्दा पहिलोपटक नेपाली भाषामा परीक्षा दिएकी थिएँ तर मातृभाषाको महत्व स्वदेशमा रहँदाभन्दा विदेशमा बसेको बेला धेरै बोध हुँदो रहेछ । हिसाब गर्दा पनि मेरो जीवनका धेरै वसन्त अमेरिकामा बितिसकेका छन्, त्यसपछि भारत अनि नेपालमा । यसरी नेपाली भाषाको गहिरो ज्ञान नभए पनि बहुभाषा ज्ञानी हुनुको फाइदा, आफ्नो जीवनको विविधता अनि हुर्किंदाका पलहरूको ज्ञान र बोध मलाई राम्रोसँग छ ।

जन्म-उत्सव वा अन्य भोज-भतेर र भेटघाटमा अर्जुनजीले प्रायःजसो नेपाली स्कुल स्थापना गरौं, बच्चा-बच्चीहरूलाई नेपाली भाषा सिकाऊँ भन्ने गर्नुहुन्थ्यो । केही साथीहरू समर्थन पनि गर्नुहुन्थ्यो र केही साथीहरूले घरमा नै सिकाउनुपर्छ पनि भन्नुहुन्थ्यो तर सबैजनाको समर्थन केटाकेटीलाई नेपाली भाषा र संस्कृति सिकाउनु पर्छ भन्ने थियो । यसरी नै समय बित्दै गयो ।

मेरो समय कार्यतालिका अब आइतबार विदा हुन थालेको भएर अर्जुनजीले छोरीलाई अमेरिका नेपाल सहयोगी समाजद्वारा सञ्चालित नेपाली स्कुल (एएनएचएस एकेडेमी) मा भर्ना गर्ने कुरा गर्नुभयो । मलाई भने विदाको दिन घरमा धेरै काम हुन्छ भनेर अनि लामो ड्राइभ गर्दै हर्नडनबाट मनासस आउने-जाने गर्न मन थिएन । अर्जुनजीले सम्झाउनुभयो, 'छोरालाई नेपाली भाषाको शिक्षा दिने वातावरण भएन तर छोरीलाई भने दिऊँ ।' 'ल, जे त होस्' भन्दै छोरीलाई मनाससमा सञ्चालित एएनएचएस एकेडेमीमा लान थालें । त्यहाँ पुगेपछि अर्जुनजीलाई टेक्स्ट म्यासेज गर्दै भनें, 'यो निर्णय धेरै राम्रो रहेछ ।'

एएनएचएस एकेडेमीमा बच्चाहरूको हुल र अभिभावकहरूको उत्सुकता धेरै राम्रो थियो, सबैभन्दा नमन गर्न योग्य थियो स्वयम्सेवकहरूको भावना। जानु ओझा हुनुहुन्थ्यो मेरो छोरीको कक्षा-शिक्षक। उहाँको शिक्षण पेसागत क्षमता अति राम्रो महसुस भयो। उहाँ जहिले पनि कुनै अमेरिकी स्कुलको नियमित शिक्षकजस्तै तयारी गरी कक्षा लिन आउनुहुन्थ्यो।

मेरी छोरीलाई नाचप्रति त्यति सोच वा रुचि थिएन तर पहिलोपटक अमेरिका नेपाल शिक्षा सदनको वार्षिक उत्सवमा नृत्यमा भाग लिने गरी विवेचना निरौला बहिनीले नृत्य सिकाउँदा छोरीमा यो परिवर्तन आएको थियो।

सबै शिक्षकहरू तारिफयोग्य हुनुहुन्थ्यो। छोरी पनि रमाउन लागिन्। घर फर्किंदा गाडीमा हामी आमा-छोरी नेपालको राष्ट्रिय-गान 'सयौ थुङ्गा फुलका हामी...' गाउँदै आउँथ्यौं। वास्तवमा छोरीसँग म पनि नेपाली अझ सिक्दै थिएँ। यता हर्नडनमा साथी र छिमेकीहरूलाई मैले जानकारी दिँदै भनें- मेरो गाडीमा तीन सिट खाली छ। यदि आफ्ना छोराछोरीहरूलाई नेपाली भाषा-संस्कृति पढाउन चाहनुहुन्छ भने म मनासस लैजान सक्छु। लामो ड्राइभ थियो, स्वाभाविक थियो पठाउन असजिलो मान्नु। एएनएचएस एकेडेमी आउँदा-आउँदै संघ-संस्थाका कुराहरू हुन थाले।

म नेपाल छँदा त्यहाँ विजय विकास स्रोत केन्द्र (भिडिआरसी नेपाल) र विकु बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा सक्रिय रूपमा संलग्न थिएँ। विदेशको बसाइँमा त्यस्तो काम गर्न नपाउँदा कताकता खड्किइरहेको थियो। मलाई पनि यस अमेरिका नेपाल सहयोगी समाजसँग प्रत्यक्ष रूपमा संलग्न भई सक्रिय कार्य गर्न रहर लाग्यो। त्यसपछि सन् २०१७ मा गठन भएको कार्य समितिमा सह-सचिव पदमा निर्वाचित भई काम गर्ने मौका मिल्यो। यता हर्नडनमा स्थानीय रूपमा पनि नेपाली भाषा सिकाउने पाठशाला सञ्चालनबारे अभिभावकहरूबीच तीव्र छलफल हुन थालेको थियो। सबै इच्छुक बाबुनानीहरूले नेपाली पढ्न पाउने भए भन्ने कुराले गति पाउँदै थियो।

यसै क्रममा हर्नडन, स्टर्लिङ, रेस्टन र सेरोफेरोमा रहेका समाजसेवी तथा अभिभावकहरूको प्रयत्नबाट सन् २०१७ मा 'आदर्श नेपाली समाज' (मोन्सु) नामक संस्थाको स्थापना भयो र यही समाजले बालबालिकाका लागि नेपाली स्कुल सञ्चालन गर्न थाल्यो। यस समाजको स्थापनामा अमेरिका नेपाल सहयोगी समाजको सल्लाह, सुझाव अति महत्वपूर्ण रह्यो, जस्तै- सुरुमा दर्ता नगरी पढाउँदै जाने कि भन्दा, दर्ता नगर्दाका कानुनी अस्पष्टतादेखि लिएर विविध आरोह-अवरोह हुने अनुभवहरूको आदान-प्रदान आदि। यसबाट आदर्श नेपाली समाजलाई परिस्कृत पाइला चाल्न सहज भयो।

मलाई अझै याद छ, तत्कालीन एएनएचएस एकेडेमीका संयोजक रोम ज्ञवालीजीले भन्नुभएको कुरा- यदि फरक-फरक दिनमा कक्षा सञ्चालन गर्ने हो भने कहिलेकाहीँ अप्ठ्यारो पर्दा एएनएचएस एकेडेमीका शिक्षकहरूले पनि सहयोग गर्न सक्नुहुन्छ। पढाउनका लागि पाठ्यक्रम धेरै आवश्यक हुन्छ, सुरुदेखि एएनएचएस एकेडेमीले पाठ्यक्रम सेयरिङ गरेको थियो र हाल सोही एकेडेमीले प्रकाशन गरेका पुस्तकलाई नै आधार मानी आदर्श नेपाली समाजका शिक्षकहरूले पढाउँदै आउनुभएको छ। आदर्श नेपाली समाज (मोन्सु) ले पनि आफ्नो तर्फबाट पाठ्यक्रममा पृष्ठपोषण दिँदै आएको छ।

आज अमेरिका नेपाल सहयोगी समाज भर्जिनियाको पुरानो र ख्यातिप्राप्त संस्थाका रूपमा चिनिन्छ भने आदर्श नेपाली समाज उदाउँदै गरेको सक्रिय संस्थाका रूपमा देखा पर्दै गइरहेको छ। यो आफैंमा खुसी र गर्वलाग्दो कुरा हो। दुवै संस्था एकअर्काबीच प्रतिद्वन्द्वी नभई एकअर्कामा सहयोगी भई हातेमालो गर्दै आइरहेका छन्। दुवै संस्थाको ध्येय पनि उस्तै-उस्तै छ- नेपाली भाषा र संस्कृति दोस्रो पुस्तालाई सिकाउने र परिचित पनि गराइरहने। दुई संस्थाबीच यो हातेमालो र प्रवर्धनको असल उदाहरण हो।

आज भर्जिनियामा नेपाल अमेरिका सामुदायिक केन्द्र (न्याक) को पनि स्थापना भएको छ। फेरि, न्याकको पनि उद्देश्य नेपाली भाषा र संस्कृतिको जगेर्ना गर्नु नै हो। एएनएचएस, आदर्श नेपाली समाज, सेन्टरभिल नेपाली पाठशाला, डिसी नेपाली समाज, दुर्गा मन्दिर नेपाली पाठशाला, उडब्रिज नेपाली पाठशाला र अन्य संस्थाहरूका धेरैजसो सदस्यहरूसँगै नर्दर्न भर्जिनियाका नेपाली समुदाय सबै मिलेर न्याकको स्थापना गरेको कुरा भर्जिनियावासी नेपालीहरूको 'उदार तथा विविधतामा एकता' भएको तथ्यकै प्रमाण हो। यसो भनिरहँदा हामी भर्जिनियावासी नेपालीहरूलाई अवश्य पनि गर्व लागिरहेको छ।

म एएनएचएसलाई अमेरिकामा मेरो सामाजिक कामको पहिलो पाठशालाका रूपमा लिने गर्दछु। मेरो जीवनमा सामाजिक कार्यको सुरुआत स्वदेश छँदै नवलपरासीको गैंडाकोटस्थित 'विजय विकास स्रोत केन्द्र नेपाल' बाट भएको हो भने अमेरिकामा यही 'अमेरिका नेपाल सहयोगी समाज' हुँदै अगाडि बढेको हो। म विश्वस्त छु, मैले आफूलाई यसै क्षेत्रमा नेपाली आदर्श समाज, नेपाल अमेरिका सहयोगी समाज र नेपाल अमेरिका सामुदायिक केन्द्रमा आबद्ध गराई एकजना कर्मठ स्वयम्सेवक अभियन्ताका रूपमा अगाडि बढाइरहने छु।

००

(लेखक सिग्देल एएनएचएसका सचिव (२०१९-२०२१) तथा आदर्श नेपाली समाजद्वारा सञ्चालित नेपाली पाठशालाका संयोजक हुनुहुन्छ)

अमेरिका नेपाल सहयोगी समाजको उदाहरणीय निष्पक्ष निरन्तरता

गिरीश पोखरेल

सन् १९९० को दशकताका अमेरिकाको वासिङ्गटन डिसी क्षेत्रमा नेपालीहरूको उपस्थिति पातलो पातलै थियो । जुनबेला यो पंक्तिकार पहिलोपटक डिसी क्षेत्रमा आइपुगेको थियो, त्योबेला नेपालीहरू भेला हुन कि दसैँ-तिहारको सामूहिक पार्टी कि त गर्मी महिनामा कुनै पार्कमा वनभोजको कार्यक्रम हुने अवसर कुर्नु पर्थ्यो । अन्यथा नेपालीहरू आ-आफ्नै कामधाममा व्यस्त हुन्थे । शनिबार-आइतबार पनि विद्यार्थीहरू पढाइ र काममा व्यस्त एवम् दशौं वर्षदेखि बस्दै आएका पुराना नेपाली परिवारहरू आ-आफ्ना परिवारबीचमै व्यस्त हुने समय थियो ।

आजभोलिको जस्तो नेपाली परिवारहरू त्यो बेला झुरुप्प खासै एउटै क्षेत्रमा बसोबास हुने अवस्था पनि कम थियो । आफ्नै घर हुनेको संख्या पनि हातमा गन्न सकिने थिए । त्यसरी घर हुनेहरू पनि आ-आफ्ना कामको नजिक पारेर घर किनेर बसेका हुन्थे । आजभोलिको जस्तो एउटै क्षेत्रमा घर किनेर बस्ने चलन थिएन ।

सन् १९९० पछि सर्वसाधारण नेपालीहरूको आगमनलाई डिभी लोटरी र नेपालको राजनीतिक परिवर्तनले सजिलो बनाइदिँदै थियो । नत्र त्योभन्दा अघि अमेरिका आउनेहरूमा नेपालका हुनेखाने वा जेहेन्दार छात्र-छात्राहरू छात्रवृत्ति वा आफ्नै खर्चमा अमेरिका पढ्न आउनेहरू सीमित हुन्थे ।

यी प्रसङ्ग किन यहाँ उल्लेख गर्न खोजिएको हो भने त्यो बेला नेपालीहरूको एउटै मात्र संगठन थियो-'अमेरिका नेपाल सोसाइटी' । त्यो संगठन सन् १९६७ मा नै स्थापित भएको थियो र त्यसको मुख्य उद्देश्य नेपाल पुगेर आएका अमेरिकनहरूसँग हेलमेल बढाउने र डिसी वरपर रहेका नेपालीहरूबीच दसैँ-तिहार तथा वार्षिक वनभोजजस्ता नेपाली चाडहरूमा भेला भएर आ-आफूले खानाका परिकार ल्याएर एकै ठाउँ बसेर खानपिन गर्दै रमाइलो गर्ने भन्ने थियो । त्यस्तै, गर्मीको मौसममा पनि घर-घरबाट खाना आदि बनाएर सामूहिक रूपमा रमाइलो गर्ने प्रचलन चलेको थियो ।

यसरी वर्षहरू बित्दै गए । अमेरिका वा डिसी वरपर आउने नेपालीहरूको संख्यामा क्रमशः व्यापक वृद्धि हुन थाल्यो । सन् २००० को दशकमा भर्जिनियाको आर्लिङ्गटन क्षेत्र र त्यस छेउछाउ रहेका एउटै अपार्टमेन्टमा बस्नेहरूबीच यस्तै दसैँ-तिहार मनाउन र एकापसमा सारो-गाह्रो पर्दा सहयोग गर्ने हेतुले त्यो नेपाली बस्ती 'छिमेकी गाउँ' नामबाट चिनियो । यसअघि 'अमेरिका नेपाल सोसाइटी' सम्पूर्ण डिसी क्षेत्रकै नेपालीहरूको पुरानो संस्था मात्र थियो ।

नेपालीहरूको बस्ती बढ्ने क्रम निरन्तर जारी रह्यो । त्यो 'छिमेकी गाउँ' बाट बिस्तारै नेपालीहरू आ-आफ्ना घर किन्दै परपर सर्दै गए । कतिपय नेपालीहरू एउटै क्षेत्रमा झुरुप्प भएर घर किन्दै बस्न थाले । नेपालबाट ससाना बच्चाबच्ची लिएर आएका वा यतै आएर बालबच्चा भएका नेपालीहरूले आ-आफ्नै समुदाय विकास गर्न थाले । यसकै परिणाम हो, आज मनासस अर्थात् वासिङ्गटन डिसीबाट ३०/३५ माइलको दूरीमा बसोबास गर्ने नेपालीहरू प्रसस्त भेटिन्छन् ।

सन् २०२० को दशकमा आइपुग्दा वासिङ्गटन डिसी मेट्रो एरिया (डिसी महानगर क्षेत्र) मा डिसी, मेरील्याण्ड र भर्जिनियाका विभिन्न काउन्टीहरूमा गरेर झण्डै एक लाखको संख्यामा नेपालीहरूको बसोबास भइसकेको अनुमान गरिन्छ । अहिले आएर बाल्टीमोर, मेरील्याण्ड र भर्जिनियाका विभिन्न काउन्टीमा नेपाली मूलका अमेरिकन बच्चाबच्चीहरूलाई नेपाली भाषा-संस्कृति, गीत-नृत्य सिकाउने टोलैपिच्छे त्यस्ता सामुदायिक स्वयम्सेवक संस्थाहरू खुल्न थालिसकेका छन् ।

एक दशक पहिलेसम्म समग्र वासिङ्गटन डिसी क्षेत्रका लागि केन्द्रित वा लक्षित भएर स्थापना हुने गरेका संघ-संस्थाहरू अब स्थानीय राज्यअन्तर्गत मात्र होइन, स्थानीय काउन्टीअन्तर्गत हुँदै स्थानीय सिटी-केन्द्रित हुने क्रम सुरु भएको छ । यसै क्रममा सन् २००८ मा स्थापित स्थानीय नेपाली संस्था हो- अमेरिका नेपाली सहयोगी समाज (एएनएचएस), मनासस, भर्जिनिया ।

यस सहयोगी समाजले आफ्नो स्थापनाको सुरुआती दिनबाट नै नेपाली संस्कृति (भाषा तथा चाडपर्व) लाई प्राथमिकतामा राख्दै आएको छ । वार्षिक वनभोज र तीज पर्व महोत्सव आयोजनाका अतिरिक्त नेपाली पाठशाला यसका नियमित कार्यक्रम हुन् ।

भर्जिनिया राज्यको प्रिन्स विलियम काउन्टी अन्तर्गत रहेका आधा दर्जनभन्दा बढी सिटीहरूमध्ये मनासस, बिस्ट्रो, हेमार्केट र गेन्सभिल-केन्द्रित रहेको 'अमेरिका नेपाल सहयोगी समाज'ले स्थापनाको छोटो समयमै स्थानीय नेपाली समाजका अतिरिक्त अमेरिकी नेपाली समाजमा समेत आफ्नो स्वतन्त्र पहिचान बनाइसकेको छ । अन्य गतिविधिको तुलनामा

यसले सञ्चालन गर्दै आएको नेपाली बालबालिकाहरूका लागि लक्षित नेपाली भाषा कक्षा भने व्यवस्थित र संस्थागत पनि हुँदै गएको छ ।

'अमेरिका नेपाली शिक्षा सदन' नाम दिइएको यस नेपाली पाठशालाको सुरुआत मनाससस्थित 'अमेरिका नेपाल सहयोगी समाज'ले नै गरेको हो । त्यसो त डिसी महानगर क्षेत्रका केही ठाउँमा यसअघि पनि नेपाली कक्षाहरू सञ्चालनमा आएका थिए तर धेरै समय निरन्तर टिक्न सकेनन् । अहिले भने धेरैतिरका काउन्टीहरूमा रहेका नेपालीले बिस्तार-बिस्तारै नेपाली भाषा कक्षालाई निरन्तरता दिएका छन् । यस समाजले भने बालबालिकाहरूका लागि आफ्नै पाठ्य-सामग्रीहरू समेत निर्माण गरेको छ ।

संस्था खोल्ने र संस्थाको पदाधिकारी हुने रहर धेरै नेपालीहरूको मनमनमा हुन्छ जस्तो लाग्छ । यसअघि पनि सन् २००० सम्ममा आइपुग्दा-नपुग्दै डिसी क्षेत्रमा धेरै संघ-संस्थाहरू खुले तर तीमध्ये अहिले कोही कता छन् कोही कता, कति अझै चलिरहेकै छन् भने कतिका नाम-निशान नै हराएर गएका उदाहरण छन् । स्थिति यस्तो रहेको भए पनि मनासस क्षेत्रमा अमेरिका नेपाल सहयोगी समाज भने आफ्नो अलग्गै पहिचान बनाउन सफल भएको छ ।

अमेरिकामा हुर्कदै गरेको तेस्रो पुस्ताका लागि एउटा राम्रो उदाहरण बन्ने काम यो संस्थाले गरेको देखिन्छ । नेपाली भाषा, नेपाली पहिचान र नेपालीत्वलाई यहीँ जन्मी-हुर्की अगाडि बढिरहेका ससाना बालबालिकाको मन-मस्तिष्कमा एउटा ठोस एवम् सकारात्मक छाप दिने प्रयास नै यसको उदाहरणीय काम देखिन्छ ।

अमेरिकामा बसेर अमेरिकी नागरिक भैसकेका धेरै नेपालीहरू आज पनि नेपालको राजनीतिक रंगबाट अछुत हुन नसकेका उदाहरण अमेरिकामा प्रसस्त पाइन्छन् । नेपालको राजनीतिबाट अलग्गै भएर यहाँ बसोबास गरिरहेको समुदायलाई एकत्रित बनाउन सक्नु दोस्रो पुस्ताका नेपालीहरूमा धेरै गाह्रौ पर्छ तर आजसम्म त्यस्तो राजनीतिबाट अलग रहेर कुनै गुट-उपगुट सिर्जना नगरी जसरी सन् २००८ देखि अहिले सन् २०२१ सम्म आइपुग्दा पनि अमेरिका नेपाल सहयोगी समाजमाथि कसैले औंलो उठाउन सकेको छैन । त्यस किसिमको उदाहरण स्थापित गर्न सफल यस संस्थाले भविष्यमा पनि नेपाली भाषा, संस्कृति र नेपाली जनजीवनलाई तेस्रो पुस्तामा पुस्तान्तरण गर्ने राम्रो संकेत देखाउँदै आएको छ ।

नेपालीहरू जुट्नभन्दा फुटन् उद्यत्त हुन्छन् । त्यसैको परिणाम एउटै उद्देश्य लिएर अगाडि बढेका संस्थाहरू पनि नेपालको जस्तै अमेरिकामा पनि प्रसस्त खुलेका छन् । आफूले भनेजस्तो पद भएन भने अथाह पदप्रेमी नेपालीहरूमा 'म त्यसमा पुग्न सकिन त के भयो भन्दै लगत्तै फेरि दुई-चारजना मान्छे भेला भयो अनि अर्को संस्था खोलिहाल्यो' गर्नेहरूको बाहुल्य धेरै देखिँदै आएको छ । त्यस किसिमको प्रवृत्तिलाई परास्त गर्दै र नेपालको फोहोरी राजनीतिलाई अलग्ग राखेर अमेरिका नेपाल सहयोगी समाजले आफ्नो सामाजिक कार्यलाई निरन्तरता दिइराखोस् ।

अमेरिकामा रहेका अनेक पुराना नेपाली संस्थाहरूसमेत यहाँ स्थापित भए पनि सात समुद्रपारि रहेको स्वयम् नेपालकै राजनीतिसँग नजिक हुने होडबाजीले ती संस्थाहरूमा प्रवासमा रहेका धेरै नेपालीहरूको सहभागिता हुन छाडेको छ । यस्तो अवस्थामा शुद्ध रूपमा सामाजिक, शैक्षिक र नेपाली सांस्कृतिक पहिचानलाई तेस्रो पुस्तामा हस्तान्तरण गर्ने कार्यमा इमानदारी एवम् निष्पक्षतासाथ अग्रसर रहँदै आएको अमेरिका नेपाल सहयोगी समाज अमेरिकामा बस्ने अन्य राज्यमा बसोबास गर्ने भोलिका अमेरिकी नेपालीहरूबीच समेत उदाहरणीय बन्न सकोस् । यस सहयोगी समाजलाई म यही शुभकामना दिन चाहन्छु ।

००

(लेखक पोखरेल अमेरिकी नेपाली पत्रकारहरूको संस्था 'नेजा' का संस्थापक-अध्यक्ष तथा अनलाइन पोर्टल 'नेपाली पोस्ट डटकम' का प्रधान सम्पादक हुनुहुन्छ)

एएनएचएस र उत्तर भर्जिनियाको नेपाली समुदाय

गुणराज लुइँटेल

अमेरिकामा गैरनाफामूलक संघ–संस्थाहरूलाई संघीय सरकारले विशेष व्यवस्थामार्फत नियमन गरेको हुन्छ । यसको एउटा व्यवस्था हो– ५०१ (सी) । यो प्रावधानअन्तर्गत दर्ता भएका संघ–संस्थाहरूले कम्पनीहरूले जस्तै सबै कामहरू गर्न सक्छन् । फरक के मात्र हुन्छ भने गैरनाफामूलक संस्थाहरूले सरकारलाई ट्याक्स तिर्नु पर्दैन । तलब खाने कर्मचारीहरूभन्दा पनि स्वयम्सेवकहरूले यी गैरनाफामूलक संस्थाहरूलाई सञ्चालन गर्ने हुँदा पनि यसरी ट्याक्स छुट गरिएको हो ।

अमेरिकी राज्य भर्जिनियाको मनासस सहरमा आफ्नो प्रधान कार्यालय खोलेर सक्रिय अमेरिका नेपाल सहयोगी समाज (एएनएचएस) पनि वैध तवरमा दर्ता भएको एक गैरसरकारी संस्था हो । त्यसो त भर्जिनिया वा डिसी महानगर क्षेत्रमा मात्रै पनि पचासभन्दा बढी नेपाली संघ–संस्था स्थापित छन् । यिनै संस्थाहरूका बीचमा समुदायलाई संगठित गर्दै समाज सेवाको क्षेत्रमा निकै उदाहरणीय काम गरिरहेको छ यो सहयोगी समाजले । म आफूले पनि बेलाबेला अमेरिकामा प्रशंसा गरेर संघ–संस्थाहरूको नाम लिनुपर्दा यसको नाम अग्रपंक्तिमा लिने गर्दछु । संस्थाको जीवनकालमा मान्छेकै जीवन झैं कतिपय कमी–कमजोरी हुनु स्वभाविक हुन्छ । यस पक्षमा पनि हामीले बेलाबेलामा विश्लेषण गर्नु पर्दछ । प्रस्तुत आलेखमा भने म अमेरिका नेपाल सहयोगी समाजको स्थापना भएपछि यसले स्थानीय नेपाली समाजमा पारेका केही असल प्रभाव र योगदानका पक्षमा बुँदागत रूपमा संक्षिप्त चर्चा गर्न चाहन्छु ।

स्थापनाको समयदेखि नै यस संस्थाले उत्तर भर्जिनियामा रहेका नेपाली समुदायलाई संगठित गर्दै उनीहरूमा सहयोगको भावना जागृत गरायो । सदस्य र स्थानीयवासीहरूका डेराका समस्या, ट्याक्स, ड्राइभिङ, लिफ्ट सहयोगदेखि लिएर मर्दा र पर्दा व्यापक रूपमा चन्दा, फ्युनरल वा यथोचित सहयोगको जिम्मेवार परम्पराको सुरुआत गऱ्यो । उत्तर भर्जिनिया र डिसी मेट्रो क्षेत्रमा रहेका नेपाली दिदीबहिनीहरूलाई निःशुल्क रूपमा अमेरिकाकै सबैभन्दा ठुलो तीज समारोहको आयोजना गर्ने परम्परा पनि यस सहयोगी समाजले सुरू गऱ्यो । महिला र पुरुष सबैको सहभागितामा नेपाली राष्ट्रिय झण्डासमेत फहराउँदै यस संस्थाले हरेक साल आयोजना गर्ने भव्य तीज उत्सवलाई सबैले उच्च प्रशंसा गर्दै आएका छन् ।

विशेषतः पाँच वर्षपहिले विसं २०७२ सालमा नेपालमा महाभूकम्प गएको समयमा स्थानीय सदस्य महानुभावहरू र अन्य जनसमुदायसँग अनुरोध गर्दै यस समाजले एक उल्लेख्य रकम अमेरिकास्थित नेपाली दूतावासमार्फत नेपाल सरकारको कोषमा सहयोग गरेको थियो । संस्थाको तर्फबाट नै पदाधिकारीहरू नेपालमै गएर पनि उद्धार एवम् राहत कार्यमा सहयोग र समर्थन जुटाएका थिए ।

त्यति मात्र होइन, यस समाजले आफ्नो स्थापनाको केही समयपछिदेखि नै नयाँ पुस्ताका नेपाली भाइबहिनी, छोराछोरी, भतिजाभतिजीहरूलाई नेपाली भाषा अध्ययन र संस्कृतिको जगेर्नाका लागि चेतनाको ज्योति जलाइरहन नेपाली पठनपाठनका निम्ति एक बेग्लै पाठशालाको सुरुआत गऱ्यो । यो पाठशाला सञ्चालन पनि आफैंमा एउटा चुनौतीपूर्ण काम थियो र यस कामलाई सफलतापूर्वक सञ्चालन गर्दै यस समाजले अन्य डिसी मेट्रो क्षेत्रका समुदायहरूलाई पनि प्रभावित, उत्साहित र प्रेरित गऱ्यो ।

त्यसको प्रत्यक्ष उदाहरणका रूपमा नेपाली पाठशाला मनाससको पाठ्यक्रम, त्यहाँका शिक्षक–शिक्षिकाहरूको सहयोग र स्वयम् सहयोगी समाजको सहयोगबाट छिमेकी हर्नडन सहरमा बसोबास गर्ने नेपालीहरूले नेपाली स्कुल सञ्चालन गर्न थालेका छन् । मनासस नेपाली पाठशालाले निकालेको नेपाली पाठ्यक्रम र पुस्तक भर्जिनियाका अलावा अमेरिकाका विभिन्न राज्यमा सञ्चालित स्कुलहरूमा पनि वितरण गरिएको छ ।

यस्तै, स्थानीय राजनीति र सरोकारका विषयहरूमा सहभागिता जनाउनुपर्छ भन्ने उद्देश्यबाट पनि स्थानीय मनाससको समाजलाई अगाडि बढाउने काम यस सहयोगी समाजले गर्दै आएको छ । परिणामस्वरूप हाल समाजका संरक्षक मधु पन्थीले स्थानीय हेमार्केटको काउन्सिल मेम्बरका रूपमा काम गरिसक्नुभएको छ । उता हर्नडन टाउन काउन्सिलमा पनि नेपाली युवा प्रदीप ढकालले दुईपटक चुनाव जितिसक्नुभएको छ ।

अमेरिका नेपाल सहयोगी समाजले विशेषतः उत्तरी भर्जिनिया क्षेत्रमा बस्ने नेपालीहरूलाई उत्प्रेरित गर्दै यस क्षेत्रमा दोस्रो नेपाली मन्दिरको परिकल्पना गऱ्यो । यसका लागि चन्दा संकलन, सदस्यहरूको परिचालन, नेपालीहरूको बीचमा जागरण र जग्गा खरिदसमेत गरेर मन्दिर अभियानलाई धेरै अगाडि बढायो । यसले गर्दा विशेषतः मेरील्याण्ड क्षेत्रमा मात्रै नेपाली मन्दिरहरू सञ्चालन भइरहेको अहिलेसम्मको अवस्थामा उत्तर भर्जिनिया अथवा मेरील्याण्डबाट आधा, एक घण्टाको दक्षिण दिशामा पर्ने यस क्षेत्रमा पनि नेपाली मन्दिरको परिकल्पना गर्न सकिन्छ भनेर आँट र हिम्मतका साथ मन्दिर–स्थलसमेत तय गर्न अमेरिका नेपाल सहयोगी समाजले अग्रसरता देखायो ।

दुई वर्षअगाडि डिसी क्षेत्रमा नेपाली अमेरिकन सामुदायिक केन्द्र (न्याक) स्थापना गर्दा र सामुदायिक भवनका लागि चन्दा–दान संकलनार्थ महापुराण अभियान चलिरहँदा खुला हृदयबाट यस संस्थाले आफ्नो मन्दिर परियोजना र न्याक सामुदायिक केन्द्रको कार्यक्रमबीच मर्ज गरेर प्रशंसनीय काम गरेको थियो । यसबाट एकातिर न्याकको चन्दा अभियानलाई उचाइ मिल्दै सामुदायिक भवन खरिद गर्ने, यसलाई व्यवस्थित गर्ने र एउटा 'मिनी नेपाल' खडा गर्दै 'क्याम्पस'का रूपमा अगाडि बढ्ने भन्ने योजनालाई पनि टेवा पुगेको थियो । मनाससको प्रोजेक्ट मर्जरको सकारात्मक सन्देशले चन्दा अभियानमा पनि ऊर्जा थपेको थियो ।

अर्कोतिर समुदायको हितमा यसरी विभिन्न संस्थाहरू मिलेर पनि ठुला आयोजनाहरूलाई अगाडि बढाउन सक्दछौं भन्ने यो एक असल उदाहरण पनि थियो । यसबाट अर्को पनि के लाभ भएको छ भने नेपालीहरूले महापुराणको समाप्तिपछाडि स्थापना गरेको प्रस्तावित सामुदायिक भवन स्थानीय मनासस सहरमै खरिद भइसकेको छ अनि यसले गर्दा नेपाली अमेरिकन सामुदायिक केन्द्र र अमेरिका नेपाल सहयोगी समाजबीचको एकता र स्थानीय सदस्यहरूबीचको परस्पर सहयोग एवम् कामको जग पनि बलियो बनेको छ । भविष्यमा मनाससस्थित न्याकको सामुदायिक भवनलाई रेखदेख, स्कुल सञ्चालन र अन्य धेरै काममा स्थानीय रूपमा सहयोगी समाज र यसका सदस्यबाट थप सक्रियता, अग्रसरताको खाँचो पनि टड्कारो बन्दै गएको छ ।

यस संस्थाको निरन्तर उत्तरोत्तर प्रगतिको कामना पनि गर्न चाहन्छु । साथै आगामी दिनमा यस संस्थाले पहिलादेखि गर्दै आएका असल काम–कुराहरूलाई अगाडि बढाउँदै नेपाली समाजलाई अझ थप व्यवस्थित, विस्तारित र सम्मानित बनाउँदै लैजाने छ । यसैमा यो संस्थाको थप सान्दर्भिकता र सदस्यहरूको निरन्तरता भर पर्ने छ ।
माथि उल्लिखित सबै कुरा मेरा व्यक्तिगत विचार हुन तैपनि मसमेत आबद्ध रहेको संस्था 'नेपाली पत्रकारहरूको अन्तर्राष्ट्रिय सञ्जाल' (इन्जा) को तर्फबाट पनि अमेरिका नेपाल सहयोगी समाजको उत्तरोत्तर सफलताको कामना गर्दछु ।

००

(लेखक लुइँटेल अमेरिका नेपाल सहयोगी समाजका आजीवन सदस्य तथा नेपाली पत्रकारहरूको अन्तर्राष्ट्रिय संस्था 'इन्जा'का संस्थापक–अध्यक्ष हुनुहुन्छ ।)

कविता

गोपाल रेग्मी

जीवन र जगत

यो एकबारको छोटो जिन्दगानी छ आखिर
घृणा, रिस, वृथा ईर्ष्या लिएर बोझिलो शिर ॥
पारेर फाल्नु के खेर महत्वका पला पला
अपनाऔं दया, माया, प्रेमले जिउने कला ॥
थियो स्वर्णमयी लङ्का राजा रावण भूपति
गएनन् जिउँदै स्वर्ग लिई सुन भए जति ॥
आएको हात खाली हो खाली नै हुन्छ सद्गति
मिल्काऊ लोभको थैलो गाह्रो छ भर्न हत्पति ॥
आएको हात खाली हो जानु खाली छ हातले
न केही हुन्छ चिन्ताले न केही हुन्छ मातले ॥
चिन्ताको भूमरीभित्र परिन्छ जब फन्फनी
सम्झनु बेस हो राम्रो समय आउला भनी ॥
आग्रह त्यागले तिम्रो हृदय जब खुल्दछ
नियाल मनमा तिम्रो खुसीको फूल फुल्दछ ॥
कामना मुक्तिको तिम्रो पूरा गर्नु छ भने
त्याग विषयको विष सत्य हो अपनाउने ॥
म आत्मा मात्र साक्षी हूँ नाशवान अनित्यको
ठानेर सत्य यो सम्झे मिल्दछ मार्ग मुक्तिको ॥
हे ईश्वर ! दया राखी मलाई वरदान दे
ईर्ष्या र घिनका क्षुद्र भावना मनमा न दे ॥
कमाउन सके केही कमाऊँ उपकार म
द्वेष यो मनमा उठ्दा सकूँ गर्न प्रहार म
नबगूँ म कुनै राग आसक्तिका बहावले
हान्ने मान्ने सबैलाई देखूँ म समभावले ॥

००

(कवि रेग्मी अमेरिका नेपाल सहयोगी समाजका आजीवन सदस्य तथा पूर्वसल्लाहकार हुनुहुन्छ)

कविता

मनका चाहना

जयराम श्रेष्ठ

चराहरूको चिरबिर आवाजसँगै
प्रभाती सपनाबाट ब्युँझिन पुगें
परेलीका घुम्टो उघारी
यसो बार्दलीबाट आँखा घुमाउँदै गर्दा
मनका रंगीन चाहहरू झैं
उषाको नवोदित किरण छर्दै गरेको
आँगनमा फुलेका रंगीन गुलाबका
फुलहरूले जिस्क्याउँदै गरेको
यौवनका दिनहरूको याद
मन–मस्तिष्कमा
डुबुल्की खेल्न आइपुग्छ
ढकमक्क फुलेको
गोदावरी, मखमली र सयपत्री फुलहरूमा
मेरा आँखा ठोक्किन पुग्छन्
लाग्यो, वसन्तको बहार छाएछ
दसैं–तिहारको आगमन हुनै लाग्दा
मेरो मन पनि आनन्दित भएर आयो
प्रकृतिको यो वरदान जस्तै
देश र समाजका लागि
सकारात्मक सोचका साथ
हाम्रा सबै समाजहरूबाट
केही योगदान पुऱ्याउन पाए
सायद स्वर्गानुभूति हुने थियो
होला भन्ने कल्पनाका साथ
नतमस्तक भै उभिन पुगेंछु
धन्य हो प्रकृति !

००

(कवि श्रेष्ठ अमेरिका नेपाल सहयोगी समाजका शुभचिन्तक हुनुहुन्छ)

लकडाउन वृन्दावन

गोविन्द गिरी प्रेरणा

गोपालको दिनचर्या बदलिएको छ ।
रात्रिचर्या बदलिएको छ ।
प्रातःचर्या बदलिएको छ ।
साँयचर्या बदलिएको छ ।
सोचाइ बदलिएको छ ।
चिन्तन बदलिएको छ ।

गोपाल पूरै बदलिएको छ । नसोचेको यो बदलाव फोसामा पाएको दण्ड हो कि अग्नि-परीक्षा जीवनको, यो छुट्याउन, खुट्याउन पनि उसलाई जाँगर छैन । उठ्छ, हिँड्छ, खान्छ, सुत्छ । फेरि उठ्छ, बस्छ, सुत्छ, खान्छ । उसको सम्पूर्णता साँघुरिएको हो कि अनुशासनबद्ध, यो पनि उसले सोच्न छाडिसकेको छ । उसको मनमा हरेक राती मात्र एउटा प्रश्न टड्कारो भएर ठडिन्छ, 'भोलि के होला ?'

०००

हातमा अमेरिकन पासपोर्ट र पासपोर्टभित्र एनआरएन कार्ड घुसारेर गर्वका साथ उसले थालेको यात्रा रोकिएको छ, स्थगित भएको छ, अलमलमा परेको छ, अनिश्चितामा परेको छ ।

अहो ! दुई महिनाभन्दा बढी भयो । समय यसरी पनि बित्दोरहेछ ! उ यो प्रश्नसँगै खिस्स हाँस्छ र फेरि आफैँ उत्तर पनि दिन्छ, 'बित्दोरहेछ ।'

सधैँ घाम त्यसरी नै उदाउँछ । त्यसरी नै अस्ताउँछ । त्यसरी नै चल्छ बतास, आउँछ हुरी-पानी पनि त्यसरी नै । तर, लय फेरिएको छ । भाका फेरिएको छ ।

जसो-तसो बित्छ दिन र ओछ्यानमा पल्टेपछि उही प्रश्न ठडिन्छ, 'भोलि के होला ?'

यो प्रश्नसँगै निद्रा भाग्छ केही बेर । फेरि त्यसैमा अल्झिन्छ । त्यसैमा उकुसमुकुसिन्छ । त्यसैमा छटपटिन्छ । अनि कति खेर निदाउँछ, पत्तै हुन्न उसलाई ।

अहो ! कस्तो नसोचेको समय भोग्नु पऱ्यो ? कस्तो मोडमा ल्यायो समयले ? उसको छटपटीका अनन्त आयामहरू आँखाभरि सल्बलाउन थाल्छन् । मनभरि सल्बलाउन थाल्छन् ।
अनि उठ्छ । बस्छ । खान्छ । सुत्छ ।

०००

नेपालमा कोरोना लागेर पहिलो मृत्यु !

सनसनीपूर्ण खबरले मिडिया छाएको छ । सामाजिक सञ्जाल छाएको छ । गोपाल छटपटिन्छ, अब झन् परिस्थिति प्रतिकूल हुनेछ । लकडाउन बढ्नेछ । उसको नेपाल यात्रा बेटुङ्गोमा पुग्नेछ । यो के भएको हो दुनियाँलाई ? के सङ्कट आएको हो सारा मानव जातिलाई ? यसको निदान के होला ? कहिले होला ? यो पीडाको आयु कति लामो होला ?

छोरी अमेरिकाबाट उसलाई दिनदिनै फोन गरिरहन्छे । ढाढस दिन्छे- आरामसँग बस्नुहोला । पैसाको चिन्ता नगर्नुहोला । निश्चिन्त भएर बस्नुहोला । तर, यो महामारीमा कसरी निश्चिन्त हुने ? कसरी शान्त हुने ? कसरी सहज हुने ?

गोपाल सफा आकाशतिर हेर्छ । आकाश प्रदूषणमुक्त हुँदै गएको छ भनेर मिडियाले रिपोर्ट गरिराखेका छन् । तर, मान्छेहरू हल्का तनाव भए पनि प्रदूषणमै रमाएका थिए । त्यस्तै जीवनशैलीमा हाँसी-खुसी थिए । यो महामारीभन्दा मानिसलाई त्यो मन्द विष नै प्यारो थियो ।
कसैको बसमा छैन अहिले समय । गोपाल घडीमा समय हेर्छ । यो समय बताउने घडी पनि फजूल त होइन ?

०००

वृन्दावनको आश्रमको आश्रयस्थलमा गोपाल आइफोन १० को स्क्रिनमा समाचारको दुनियाँमा घरिघरि चियाउन पुग्छ । अहिले बाहिरी दुनियाँ चियाउने भाँडो यही भएको छ । आँखीझ्याल यही भएको छ । साँच्चै यो भाँडो नहुँदो हो त के हुन्थ्यो होला ? यो प्रश्न स्वयम् पनि निरर्थक लाग्छ उसलाई । दुनियाँदारी त जहाँ पनि जसरी पनि चलेको छ । फरक-फरक ठाउँमा फरक-फरक तरिकाले चलेको छ । यही आश्रमभित्र पनि प्रत्येक मान्छेको आ-आफ्नै दुनियाँ छ, आफैँद्वारा निर्मित दुनियाँ । नयाँ दुनियाँमा आए पनि तिनीहरू पुरानो दुनियाँबाट मुक्त छैनन् । कोही विधवा छन् । कोही विधुर छन् । कोही लोग्ने छोडेर आएका छन् । कोही स्वास्नी छोडेर आएका छन् । कोही लोग्ने-स्वास्नी छन् । कोही कुमार केटा छन् । कोही कुमारी केटी छन् । सबैको आ-आफ्नो विगत र आ-आफ्नो वर्तमान छ । उनीहरू उन्मुक्तिको खोजीमा छन् । मुक्तिको खोजीमा छन् । तर मुक्ति भनेको ख्याल-ठट्टा हो र थोडै ?

गोपाल आफ्नै जीवनलाई घरिघरि फर्केर हेर्छ ।

उसको आफ्नै जीवन एउटा काल्पनिक कथाजस्तो छ । सुत्केरी हुँदा नै उसकी श्रीमती सकुशल बच्ची पैदा गरेर दुनियाँबाट विदा भएकी थिई । यौटा सन्तानलाई धर्तीमा ओरालेर आफू चाहिँ धर्तीबाट विदा भएकी थिई । छोरीको लालन-पालन मावलीमा भयो । उतै हुर्किई ।

बढी । पढी । डाक्टर भई र अमेरिका पुगी । अमेरिकामै बिहा गरी । नाती जन्माई । पारपाचुके गरी । गौरवका साथ आफूलाई 'सिङ्गल मदर' भन्छे । न्यू जर्सीमा बस्छे । न्युयोर्कको हस्पिटलमा काम गर्छे । उसैको जोडले गोपाल अमेरिका गएको हो । छोरीकै जोड–बलले ग्रीन कार्ड बनाएको हो । छोरीकै जिद्दीले अमेरिकन पासपोर्ट लिएको हो ।

न्युयोर्कको कोलाहलमा सुरुमा त गोपाल रमाउन सकेको थिएन तर पछि त्यही कोलाहलको प्रेममा परेको थियो । छोरीको 'बेबी सिटर' अधबैंसे स्प्यानिस सिङ्गल मदर मारियासँग उसको लसपस भएको थियो । छोरीले पत्तो पाएपछि बिहे गर्न सुझाएकी थिई तर उसले त्यस्तो सोचेकै थिएन । मारिया 'ओला ओला' भन्दा–भन्दै हात समात्न आउँथी । अँगालो हाल्न आउँथी । आलिसान महलको बेसमेण्टमा मारियालाई अट्याच बाथरुम भएको कोठा दिएकी थिई छोरीले । एकदिन उसलाई मारियाले आफ्नो कोठामा लगेकी थिई नाति निदाएको बेला । रेड वाइन पिलाएकी थिई । अनि बिच्छौनामा पुऱ्याएकी थिई ।

गोपालले नसोचेको कुरा भएको थियो । उसको बुढो बैंशमा पालुवा चढेजस्तो भएको थियो । त्यसपछि त कहिले मारियाको इसारामा अनि कहिले उसकै इसारामा उनीहरू बेडरुममा पुग्थे ।

पछि छोरीले मारियालाई सूचना दिएर कामबाट हटाएकी थिई । अनि यौटी भारतीय बृद्धालाई बेबी सिटर राखेकी थिई । मारियाले काम छोडेपछि गोपालले निकै दिन उसलाई 'मिस' गरेको थियो । उसलाई कताकता साथीको कमी महसुस भएको थियो तर यो उमेरमा अब झन्झट मोल्ने होइन भन्दै उसले मन दह्रो बनाएको थियो ।

यसैबीच एकदिन उसको टोलमा यौटा भजन–कीर्तनको कार्यक्रमको निम्तो पाएर छोरी र नातिनीसँग ऊ पनि गएको थियो । भजन–कीर्तनपछि प्रसाद–भोजन पनि भएको थियो । त्यहीँ उसको भेट भएको थियो, सुशान्तसँग । उनीहरू स्कुले साथी थिए । सुशान्त सरकारी कर्मचारी थियो । उसको नाम निकै ठुलो घुसकाण्डमा अखबारमा छरपस्ट छाएको थियो । उनीहरूको सम्पर्क पनि पातलिएको थियो । अलिपछि सुशान्तले यौटा मित्र–मिलन कार्यक्रम भन्दै निम्तो गरेको थियो पाँचतारे होटलमा । घुसकाण्डमा मुद्दा जितेको खुसीमा उसले यो भोजको आयोजना गरेको रहेछ । कारण जेसुकै भए पनि धेरैपछि भेट भएको थियो र अदालतले ऊ चोखो भएको लालमोहर लाइदिएको थियो ।

त्यसपछि सुशान्तसँग कैयन वर्ष कुनै सम्पर्क भएको थिएन । अचानक अहिले भेट्दा दुवैले रमाइलो र सुखद आश्चर्य मानेका थिए ।
र वृन्दावन कनेक्सन सुशान्तमार्फत भएको थियो । सुशान्तहरू वर्षमा ३–४ महिना वृन्दावनमा बस्दा रहेछन् ।

'रिटायर्ड लाइफ ?' गोपालले सोधेको थियो ।

'ए काइण्ड ...' एक प्रकारले, तर पौराणिक हिसाबले सन्यास आश्रमको तयारी । ३–४ महिना वृन्दावन, ३–४ महिना देवघाट अनि यता अमेरिका । पारिवारिक मोह कम हुँदै गएपछि पूरै वृन्दावनवासी बन्ने प्लान हो । के हुन्छ नारायणको हातमा छ,' सुशान्तले भनेको थियो ।

'को नारायण ?' गोपालले सोधेको थियो ।

'लौ, को नारायण भन्ने नि ? भगवान नारायण नि,' सुशान्तले भनेको थियो ।

उसको जवाफले गोपाल हिस्स परेर हाँसेको थियो, उल्लु प्रकारको हाँसो । उसलाई प्रश्न सोधेर उल्लु भएको आभास तत्कालै भएको थियो ।

दुवै मज्जाले हाँसेका थिए, पछि ।

यही कनेक्सनले उ वृन्दावन आएको थियो । सुशान्त दम्पतीले गोपाललाई एक हप्ता घुमाएका थिए । अनि आफ्नो पूर्वनिर्धारित यात्रामा निस्केका थिए दुई हप्ताका लागि, गोपाललाई आश्रमको कुटीको साँचो जिम्मा लाएर ।

'दुई हप्ता आफ्नै हिसावले वृन्दावनको सेरोफेरो घुम्नोस् । यहाँ सुरु–सुरुमा रम्न गाह्रो पर्छ तर यहाँको रसमा भिजेपछि मज्जाले रमाइन्छ,' सुशान्तले भनेको थियो ।

उनीहरू गएलगत्तै भारतमा पनि कोरोनाको महामारीले गति लियो र उनीहरू फर्कनुअघि नै लकडाउन सुरु भयो । उडानहरू बन्द भए । नेपाल सरकारले पनि एनआरएन कार्डवाहकलाई दिँदै आएको अन अराइभल ग्राटिस भिसा स्थगित गरिदियो । ख्याल–ख्यालमै उसको योजनाअनुसारको यात्रा स्थगित भयो । अब कहिले सुचारु होला ? यो अनुमान–विज्ञान उसको क्षेत्र थिएन । अब त समाचार कुर्नु र कुरिरहनु मात्र विकल्प थियो । सुशान्त दम्पती पनि मुम्बईमा लकडाउनमा फँसेका थिए । बेलाबेलामा कुरा हुन्थ्यो तर कहिले खुल्ने होला र आउन पाइएला भनेर उनीहरू पनि आतुर थिए ।

बस्नलाई समस्या थिएन । सुशान्तको कुटीको साँचो नै उसैसँग थियो । खानलाई समस्या थिएन । आश्रमको मेसमा खाना पाइन्थ्यो । यो आध्यात्मिक नगरीमा अरू केही पाइने कुरा थिएन, सात्विक भोजन, फलफूल र मिठाइबाहेक । उसलाई कहिलेकाहीँ वाइनको तलतल लाग्थ्यो । मारियाको सम्झना आउँथ्यो तर ती सबलाई उ पन्छाउने कोसिस गर्थ्यो दिमागबाट, विचारबाट तर पनि आक्कल–झुक्कल ती सबै कुरा झुल्किरहन्थे ।

गोपालले काठमाडौंमा एउटा फाइनान्स कम्पनीमा मोटो रकम मुद्दतीमा राखेको थियो । अनि डिल्लीबजारमा अपार्टमेण्ट किनेको थियो । घुमघाममा रुचि राख्ने हुनाले उ घुमघामका प्याकेजहरूमा गइरहन्थ्यो तर यसका लागि उसले राम्रो तरिका अपनाएको थियो । उसको सङ्गतमा केही महिला साथीहरू थिए– जवानी ननिखेका तर पुरुषलाई आकर्षण गर्ने क्षमता क्षीण हुँदै गएका । कोही पतिले छोडेका, कोही पतिलाई छोडेर बसेका । कोही विधवा । उ प्याकेज टुरमा सबै खर्च स्वयम्ले ब्यहोरेर लैजाने गर्थ्यो तिनीहरूलाई पालै–पालो । ती महिलाहरू पनि खुसीसाथ उसलाई साथ दिन तयार हुन्थे । उनीहरूले गुमाउनुपर्ने कुरा केही थिएन ।

तर यो सिलसिला १० वर्षअघि टुटेको थियो, छोरीले बारम्बार अमेरिका आउन कर गरेपछि । उसले २–४ महिना यसो अमेरिका घुमेर फर्कन्छु भनेर अपार्टमेण्टमा ताला लगाएर प्रस्थान गरेको थियो तर अमेरिका पुगेपछि छोरीले आफू अमेरिकन नागरिक भएको हैसियतमा ग्रीनकार्डको प्रोसेस चालेकी थिई । त्यो प्रोसेसले केही समय लगाइदियो । अनि छोरीले अमेरिकन पासपोर्टको महत्व देखाएर

त्यो हासिल नगरुन्जेल बस्न कर गरी । छोरीको तर्क थियो, ग्रीनकार्ड होल्डरहरू निश्चित समय मात्र अमेरिकाबाहिर बस्न पाउँछन् । उनीहरू अमेरिका बस्नैपर्ने हुन्छ तर नागरिक बनेपछि त्यो बाध्यता रहँदैन । अनि फेरि अमेरिकन पासपोर्ट खल्तीमा बोकेर हिँड्नुको शान बेग्लै हुन्छ, संसारका प्रमुख देशहरूमा जान भिसा नै चाहिन्न ।

गोपाललाई यो तर्क ठिक लागेको थियो । भ्याकेसनको प्याकेज टुर जान पनि नेपाली पासपोर्टलाई भिसाको लागि हुने केरकार र अध्यागमनमा हुने अपहेलना उसले मज्जाले बुझेको थियो । अमेरिकन पासपोर्ट बोकेपछि ती सारा समस्याहरूको एकसाथ हल हुन्छ भने के भो त भन्ने भो । त्यसपछि मारियासँगको ओछ्यान–यात्राले उसलाई अमेरिका झन् रमाइलो लाग्न थालेको थियो । उसलाई निःशुल्क शारीरिक मनोरञ्जन चिट्ठा परेको थियो तर छोरीले यो रहस्य थाहा पाएपछि त्यो सिलसिला टुटेको थियो । यस्तैमा उसले १० वर्ष बिताएको थियो अमेरिकामा ।

गोपाल सोच्न थाल्यो, साँच्चै मारिया के गर्दै होली ? अब त उसँग भेट यो जुनीमा सम्भवै छैन । सायद त्यो भेट आकस्मिकताका लागि मात्रै भएको थियो ।

तर यो वृन्दावन बसाईं नि ? यो झन् आश्चर्यजनक आकस्मिकता थियो । नाम त उसले सानैदेखि सुनेको हो । कुनै पनि हिन्दु परिवारले वृन्दावनको नाम नसुनेको भन्ने हुँदैन । कृष्णको नाम नसुनेको भन्ने हुँदैन । राधाको नाम नसुनेको भन्ने हुँदैन । रामको नाम नसुनेको भन्ने हुँदैन । सीता त नेपाली चेली भैहालिन् । तर, नाम सुन्नु यौटा कुरा । वृन्दावन आउनु अर्कै कुरा ।

घरिघरि उ गुगल गर्छ, मान्छे मरेको र सङ्क्रमितको संख्या बढेको तथ्याङ्कहरूले समाचारहरूमा प्रमुखता पाएका छन् । मान्छेको परिचय अब संख्याभित्र हरायो । कुनै मान्छे मर्नु भनेको त्यो मृतकको लाखौंको संख्यामा बिलाउने भो । डाक्टर, नायक, राजनेता, खेलाडी, लेखक केही पनि परिचय नरहने भो । यो के बीसौं शताब्दीको अन्त्यको पूर्वाभ्यास त होइन ? अहिले मान्छेहरू थोकको संख्यामा मरिरहेछन् । यसपछि भोकमरीको, अनिकालको भविष्यवाणी पनि सुरु भएका छन् । त्यसले पनि मान्छेहरूलाई धर्तीबाट बढार्नेछ । कसले गर्ने होला उद्दार ? भगवानको घर, मन्दिर पनि लकडाउने ताला बन्द छ ।

तर उसलाई आश्चर्य लाग्छ, यहाँ आश्रममा कोरोनाको आतंक खासै छैन । यो कम्पाउण्डभित्र कोरोना छिर्दैन भन्ने यौटा अकल्पनीय विश्वास बोकेका छन् । आरती भइरहेछ । कीर्तन भइरहेछ । सबै आ–आफ्नो नित्यकर्ममा यसरी लागिरहेछन् मानौं संसारमा केही भएकै छैन । अथवा, जे भइरहेछ त्यसप्रति तिनीहरूको कुनै चासो छैन । उनीहरू स्वर्ग, नर्क होइन, गोलोकको यात्राका लागि रात–दिन साधना गरिरहेछन् । मान्छेलाई

विश्वासले जीवन सन्तोषमय बनाउन कति भरथेग गर्छ हगि ? आफूले नदेखेको, देखेर आएँ भन्ने कोही नभएको भए पनि त्यो अदृश्य विश्वासमा कसरी बाँच्दछन् मान्छे निर्धक्कले ढुक्कसँग ? गोपाललाई आश्चर्य लाग्दछ ।

उही दोहोरिने साँझ । उही र उस्तै रात । भोलि के होला ? प्रश्न सदा सर्वदा आफ्नो सामुन्ने नाङ्गो तरबार झै झुण्डिएको महसुस गर्छ गोपाल तर पर्खनुको विकल्प पनि त छैन । आत्तिएर समस्या समाधान त हुँदैन ।

लकडाउन पूरै कडा भयो । मथुरा पनि रेड जोनमा पर्‍यो भन्ने खबर आयो । दुनियाँमा मानिसहरूको मृत्युको संख्या तीन लाख नाघ्यो । अब न नेपाल, न अमेरिकाको स्थिति देखा परेपछि गोपालको मनस्थितिमा दिक्दारीको कालो बादल मडारिन थाल्यो । उ केवल धेरैभन्दा धेरै समय ओछ्यानमा निदाएर वा ननिदाएर पल्टेरै बिताउन अभिशप्त भयो । ओछ्यानमा पल्टिरहँदा बेलाबेलामा मारिया त सम्झनामा झुल्किन आइपुग्थी तर हिजोआज दिवङ्गत पत्नीको पनि झल्याकझुलुक याद आउन थालेको थियो । मीना, सरीता, शान्ति पनि एक दिन लाइन लागेर उसका सामु उभिए । यी तीन स्त्रीहरू गोपाल अमेरिका जानुअघि उसका जीवनका अस्थायी सहयात्रीहरू थिए । मीनासँग उ तीन हप्ता सिंगापुरको ट्रिपमा गएको थियो । सरीता त महिनौं हङकङमा उसँग रमाएकी थिई । गोपाललाई उसले भनेकी थिई, 'मैले कर-बल गर्न खोजेकी होइन, यदि तपाईं चाहनुहुन्छ भने म जीवनसाथी बन्न तयार छु ।'

गोपालले उसको प्रस्तावलाई हाँसेर उडाइदिएको थियो । शान्ति चाहिँ गोपालकै सिद्धान्तको सहयात्री थिई । ऊ भन्थी, 'भोलि कसले देखेको छ ? साँच्चै भोलि आउँछ वा उदाउँछ भन्ने कसले ग्यारेण्टी गर्न सक्छ ? जे जे गर्नुछ, आजै गर्ने हो ।'

तीनैजना हुल बाँधेर आज वृन्दावन आएका थिए । गोपाल यो दुःस्वप्नले झस्कियो । उ झस्किँदा निद्राबाट बिउँतियो र तिनीहरू सबै अन्तरध्यान भए झैं बिलाए । मान्छेले मुक्ति नपाउने भनेको विगतबाटै हो ।

मे १७ सम्म लकडाउन थियो । मानिसहरू १८ मेबाट खुल्ला हिँड्न पाइन्छ भनेर दङ्गदास पर्दै थिए । गोपालले सुशान्तलाई फोन गरेको थियो, 'लकडाउन त खुलिहाल्छ, आउने हैन त ?'

सुशान्तले हाँसेर जवाफ दिएको थियो, 'म त लकडाउन कहिले खुल्ला भनेर खुट्टा उचालेर बसेको छु । खोई, खुट्टा चाहिँ उचालेको उचाल्यै हुने हो कि ?'

मे १७ को राती सुत्दा गोपालले आफूलाई फ्रेस अनुभव गरेको थियो । छोरीसँग पनि भोलि लकडाउन खुल्दैछ, त्यसपछि काठमाडौं जाने तयारी गर्छु भनेर फोन गरेको थियो ।

छोरीले भनेकी थिई, 'यदि नेपाल जाने वातावरण भएन भने त्यहाँबाट कतै सुरक्षित ठाउँमा जानुहोला । न्युयोर्क र न्यू जर्सीको हालत बेहाल छ । पैसाको चिन्ता नगर्नुहोला । कोरोनाले मर्नेहरूको शव व्यवस्थापन गर्न यहाँ हम्मे-हम्मे परिरहेको छ । पार्कको चउरमा खाडल खनेर कफिनहरू सामूहिक रूपमा राखिएका छन् । भयावह छ स्थिति । म त्यो भयावहतालाई दिनदिनै आफ्नै आँखाले देखिरहेछु । बरु नातिले तपाईंलाई खुपै मिस गरेको छ ।'

नातिले मिस गरेको छ भनेपछि गोपाल भावुक भयो ।

'अँ, मारिया पनि बच्चा मिस भयो भनेर आएकी थिई एकदिन तर स्टेहोमको आदेशका कारण टाढैबाट हेरेर गई । तपाईंलाई पनि सोधेकी थिई,' छोरीले भनेकी थिई ।

छोरीले मारियाको नाम लिएर सम्झाइदिएपछि राती अबेरसम्म गोपाल उसकै सम्झनामा अल्झिइरह्यो । अमेरिकामा मारिया एउटै स्त्री थिई जोसँग उसको मन गाँसिएको थियो । हुन त उसले मारियालाई त्यस रूपमा सोचेकै थिएन । उसको मनमा त्यस्तो भावना पनि आएको थिएन तर मारियाकै कारणले भए पनि सम्बन्ध त गाँसियो । ऊ कुनै बाजारु स्त्री त थिइन । भोक तिर्खाको कुरा बेग्लै हो । स्वास्नीमान्छे त हो, उसको व्यवहार स्त्रीयोचितै थियो ।

छोरीले सेक्युरिटी क्यामेराबाट मारिया र उसको गतिविधि महिनौं नियालेपछि बाबुलाई साथी चाहिएको महसुस गरेकी थिई र उसले सुझाएकी थिई, 'मारिया मन पर्छ भने स्थायी साथी बनाउनुस् ।' त्यसपछि बल्ल उ झस्केको थियो । अहो ! फेरि यसरी जिम्मेवारी लिने कुरा उसले सोच्दै सोचेको थिएन । मारियाले पनि त्यस्तो वाचा-बन्धन गराएकी थिइन । तर, काम छुटेर जाने बेलामा भने गोपाललाई सम्झेर हिक्का छोडेको थिई ।

बिहान सखारै गोपालको मोबाइलको घण्टी बज्यो । हत्त न पत्त उसले फोन उठायो । छोरीले गरेकी रहिछ । उसले हतासिँदै भनेकी थिई, 'नयाँ दिल्लीको अमेरिकी राजदूतावासको संयोजनमा भारतमा भएका अमेरिकी नागरिकहरूलाई ल्याउन यौटा जेट विमानको व्यवस्था गरिएको रहेछ । मैले त तपाईंका लागि टिकट बुक गरिदिएँ । नाति तपाईं आउने भनेपछि फुरुङ्ग भएको छ । भरे अबेर रातीको उडान छ, साँझसम्म दिल्ली पुग्नुहोला ।'

यो अप्रत्याशित खबरले गोपाललाई सुखद आश्चर्य भयो । हतार-हतार उ तयार भयो र ट्याक्सीको व्यवस्थाका लागि आश्रमको सेवा विभागमा गएर बिहान अफिस खुल्ने बित्तिकै अनुरोध गर्‍यो । ट्याक्सी आउन ढिलो भयो तर पनि ऊ साँझ पर्नुअघि नै इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थल पुग्यो । सबै प्रक्रिया पूरा गरेर उसले विमानभित्र प्रवेश गर्‍यो । अनि तोकिएको सिटमा गएर सँगैको सहयात्रीतिर आँखा लगायो । सहयात्री महिला थिइन् । उनले झ्यालबाहिर हेरिरहेकी थिइन् ।

अचानक तिनले मुण्टो फर्काएर हेरिन् । गोपाल हुनसम्मको आश्चर्यमा पर्‍यो । त्यो महिला मारिया थिई । मुस्कुराएर उसलाई हेर्दै थिई ।

'तिमी हरायौ, अनि तिमीलाई लिन आएको नि ! तिम्री छोरीले पठाएर आएकी म । अब म तिम्रो साथ छोड्दिन है !' मारियाले भनी ।

गोपाल झसङ्ग भयो । उ त आश्रमको कुटीमै थियो । यो कस्तो सपना देखेको भन्दै घडी हेर्‍यो । रातको दुई मात्र बजेको रहेछ । मोबाइल उठाएर ताजा समाचार अनलाइनमा हेर्‍यो । लकडाउन त मे महिनाको अन्त्यसम्म लम्बिएको रहेछ । उसले खुइय्य लामो सास फेर्‍यो र पुनः निदाउने प्रयास गर्न थाल्यो, अब कुनै पनि सपना नदेखियोस् भन्ने कामना गर्दै ।

००

२० मे २०२०, वृन्दावन, भारत ।
(लेखक गिरी स्थापित साहित्यकार हुनुहुन्छ)

एक डलरमा सर्पदंश !

जयदेव गौतम

जिन्दगीमा धेरै कुरा सोचे जसरी हुँदैनन् । नसोचेकै धेरै हुन्छन् । सोचे झैं हुने भए त जीवन केवल एक सरल रेखा हुने थियो जसमा कुनै उत्साह, उमंग, विस्मय र आश्चर्य केही हुने थिएन । आकस्मिकतालाई कुनै ठाउँ हुने थिएन । अस्वभाविकतालाई कुनै स्थान हुने थिएन । तर त्यस्तो छैन, र त जीवन एक वक्र-रेखा बनेर हाम्रा सामु पसारिएको हुन्छ । घाम-छायाँ र उकाली-ओरालीहरू हाम्राअगाडि तेर्सिएका हुन्छन् । समयका पलहरू बित्दै जान्छन् । अनि बितेका पलहरू क्रमशः धूमिल स्मृतिमा परिणत हुँदै गएका हुन्छन् ।

धेरै वर्षपहिलेको यस्तै स्मृति हो यो ।

'वान्ट अ बाइट ? जस्ट वान डलर !' अनचिनारु प्रदेशमा कुनै अपरिचित मानिस एउटा सर्पसहित मेरासामु ठिङ्ग उभिएर मलाई आफूतिर आकर्षित गर्न खोजिरहेको थियो । निश्चय पनि उसको आशय थियो, 'स्नेक बाइट,' अर्थात्, सर्प-दंश !

नियालेर मैले उसलाई हेरिरहें । उ अधबैंशे उमेरको एकजना अश्वेत थियो । आश्चर्य, अमेरिका जस्तो देशमा पनि, उसले घाँटीमा यम्मानको सर्प बेरेको थियो- त्यो सर्पै थियो वा अजिंगर, मैले यतिकै ठम्याउन सकिनँ । तापनि मलाई बुझ्न भने गाह्रो भएन, उसले एकपटक सर्पलाई डसाउन लगाउँदो होला र त्यसवापत् एक डलर रकम लिन्थ्यो होला । अर्थात्, एक डलरमा एकपटक सर्पदंश ! पक्कै पनि त्यो सर्प विषरहित थियो होला र सायद त्यसका दाँत पनि निकालिएको थियो होला, जसले गर्दा त्यसले डसे पनि घाउ आदि केही हुँदैन्थ्यो होला ।

तर, म भावशून्य जस्तो भएर एकटक उसलाई हेर्दै उभिइरहें । धेरै बेर उसले अनुनयका आँखाले मतिर हेरिरह्यो । मनजिकै अरू केही मानिस पनि थिए, तीमध्ये धेरै चाहिँ गोरा अर्थात् श्वेतवर्णी थिए । त्यो अपरिचित ती मानिसतिर गएन । मलाई ती मानिसले पनि त्यस अपरिचित व्यक्तिप्रति खासै चासो राखेको वा देखाएको जस्तो लागेन । नयाँ देखेर अथवा एसियाली रङको बुझेर उसले मलाई लक्ष्यित गरेको थियो कि ? मलाई त्यस्तो कुनै कारण हो र होइन भन्नेतिर समय खर्चनु व्यर्थ लाग्यो । अन्ततः मैले खासै चासो नदेखाएपछि निस्पृह भावले उ त्यहाँबाट अन्यत्र लाग्यो, तापनि यो बीचमा मैले त्यो मानिसमा एउटा विशेषता चाहिँ के पाएँ भने ऊ त्यसरी सर्प लिएर गोरा मानिससमक्ष जाँदो रहेनछ, र सम्भवतः, प्रहरी देखियो भने पनि आफूलाई तत्कालै दृश्यबाट बाहिर लगिहाल्दो रहेछ !

लगत्तै त्यहाँ अर्को एक अश्वेत मानिस आइपुग्यो, अधबैंशे उमेरकै देखिन्थ्यो । ऊ भर्खर म उभिएको ठाउँको सडकपारितर्फ रहेको सेभेन इलेभन साइनबोर्ड लेखिएको पसलबाट निस्केको थियो । ऊ अग्लो थियो र पछाडि फर्काएर क्याप लगाएको थियो । उसको देब्रे हातमा सस्तो तर कडा किसिमको क्यान बियर थियो (मैले पछि थाहा पाएको, लामो क्यानमा हुने त्यो 'स्ट्रङ बियर' अक्सर बेरोजगार अश्वेतहरूले नै धेरै पिउँदा रहेछन्) । एकाध गोरा मानिस हाम्रो छेउमा उभिएका थिए । त्यो अग्लो अश्वेत मानिस बेञ्चमा बस्यो तर अचानक जब ती गोरा मानिस त्यहाँबाट हिँडे र पारि सेभेन इलेभन पसलभित्र हराए, त्यो अश्वेत त रिसाउन पो थाल्यो । मलाई लाग्यो, सायद उसको बुझाइमा ऊ अश्वेत मानिस आएर बसेको हुनाले त्यो मन नपराएर ती गोरा मानिसहरू त्यहाँबाट हिँडेका होलान् !

अनि त उसले ती गोराहरू गएकोतिर हेर्दै गाली गर्न थाल्यो, 'यू मदरफ... । कहिले हामीलाई दास बनायौ, कहिले हामीलाई 'निगर' भन्यौ । अझै हामीलाई हेप्न छाड्दैनौ ? गोरा हौं भनेर अझै तिमीहरूको यो दम्भ !....'

फेरि उसले आँखाअगाडिबाट हराइसकेका ती श्वेतवर्णी मनुवाहरूलाई लक्ष्यित गर्दै केही थान अश्लील र बढी भद्दा शब्दहरूको झटारो हान्यो । लाग्थ्यो- ऊभित्र रहेको कुण्ठा र आक्रोश कम हुन मानिरहेको थिएन ।

ऊ यसरी नै धेरै बेर कराइरहेको थियो । हाम्रो अगाडिबाट एउटा पुलिस कार गयो । त्यो अश्वेत मानिस त्यही कार गएतिर फर्केर कराउन थाल्यो । ऊ 'पुलिस भए पनि म डराउँदिन । बढी भए मलाई समातेर जेल त हाल्छौ नि । अरू के हुन्छ र ? यू मदरफ...,' यसो भन्दै ऊ फेरि पनि उसै गरी गाली गर्ने र कराउने गरिरहेको थियो ।

के उसलाई कुनै शोक थियो होला? कुनै पीडा? कुनै औडाहा? कुण्ठा? असन्तुष्टि? अथवा, सार्वजनिक अभिव्यक्ति पाउन नसकिरहेको कुनै अवसाद (कम्प्लेक्सिटी)?

म अनायास सोचाइ-सागरमा हराएजस्तो भएको थिएँ- शोक त क्षणिक हुन्छ र त्यसले छोटो समयसम्म मात्र दुःखी तुल्याइरहन्छ तर त्यसबाट पाइने पीडा ? त्यस्तो पीडा त धेरै लामो समयसम्म रहन्छ, कहिलेकाहीं त जीवनभरसम्म नै पनि रहन्छ । उसो भए के त्यो अश्वेत व्यक्ति कुनै शोकले ग्रसित थियो होला ? अथवा, के उसलाई उसकै कुनै सम्झनाका काँडाहरूले घोचिरहेका थिए होलान् जसबाट ऊ चाहेर पनि भाग्न सकिरहेको थिएन ? शोकको पीडा मेटिन सक्छ तर सम्झनाले

जीवनपर्यन्त सताइरहन्छ किन पनि भने सम्झना दास हुँदैन, स्मृतिहरू कहिल्यै पराधीन हुँदैनन् र यादहरू जहिल्यै उन्मुक्त भएर बसेका हुन्छन् । त्यसैले गर्दा स्मृतिका दुम्सी-काँडाहरूले जहिले जहाँसुकै भए पनि जीवनभर कुनै पनि बेला च्वास्स-च्वास्स घोचिरहन सक्छन् !

मलाई आफ्नो बालापनको पनि याद आउँछ र त्योसँगै म उसको पनि बाल्यावस्थाको कल्पना गर्न पुग्दछु । उसको बालकपन कसरी बितेको थियो होला ? निरापद बालखेलका चञ्चलताले भरिनुपर्ने बाल्यकाल उसले कसरी बिताएको थियो होला ! अनि निर्बन्ध उत्सुकतामा बिलुपर्ने किशोरवयमा जीवनका कस्ता-कस्ता भयावह रूप देख्दै ऊ हुर्किएको थियो होला ? बालवय र किशोरवयका भोगाइहरूको छाप जीवनभरि नै पनि रहनसक्छ । मलाई लाग्यो, ऊ निश्चय पनि बाल्यावस्था र पछि किशोरवयबाट गुज्रिरहँदा श्वेत-अश्वेतबीच जातिभेद र रंगभेदजस्ता अमानवीय नीतिहरूको सिकार भएको हुनुपर्छ, अथवा, त्यस्तो केही प्रत्यक्ष देखेको हुनुपर्छ । त्यसैले त यतिबेला, अधबैंशे उमेरमा पनि, गोरा मानिस देखेपछि पछाडिबाट नै भए पनि र अप्रत्यक्ष रूपले भए पनि आफ्नो मनभित्र रहेको आक्रोश र कुण्ठा जानीनजानी अभिव्यक्त गरिरहेको थियो ! यसरी अस्वाभाविक रूपले आफ्नो मनको बह पोखिरहँदा के उसले मार्टिन लुथर किङ र उनीजस्ता तमाम भविष्यदर्शी मानिसहरूलाई पनि सम्झिरहेको थियो होला जसले न्याय, समानता र मुक्तिको सपनामा जिन्दगीकै बलि चढाएका थिए ? त्यस्ता महान् एवम् अप्रतिम बलिदानहरूबाट उसले केही सिक्न सकेको थियो होला ? अथवा, थिएन होला ?

मेरा प्रश्न मभित्रै थिए । निरुत्तरित थिए । यत्तिकैमा अनायास नै मेरो सोचाइ-शृङ्खला भंग भएको थियो र म उसले थाहा नपाउने गरी उसैलाई हेरिरहन थालेको थिएँ । यता र उता हिँडे झैं अथवा ओहोर-दोहोर गरेजस्तै ऊ त्यही ठाउँमा थियो तर उसको अनियञ्त्रित अभिव्यक्ति भने थामिएको थिएन । निकै बेरपछि मात्र ऊ पनि एकातिर लागेको थियो, सायद त्यही क्यान बियर खान एक्लो ठाउँको खोजीमा । त्यसो त, अमेरिकाको त्यो दिन निकै सहज थियो । घमाइलो र मनै हरर्र पार्ने अपरान्ह । गर्मी थिएन । मौसममा चीसोपन थियो तर जाडै भने थिएन । केही वर्षपहिलेको कुरा, म अमेरिकी राज्य भर्जिनियाको अलेक्जान्ड्रिया काउन्टीको माउन्ट भर्नान भन्ने ठाउँमा थिएँ । नेपालबाट अमेरिका आएको पनि धेरै समय बितेको थिएन र सायद कुनै भेटघाटको सिलसिलामा म त्यो बेला त्यस ठाउँमा पुगेको थिएँ । त्यस समयका मेरा मार्गदर्शक र पहिलो अनलाइन नेपाली पत्रिका 'नेपालीपोस्ट डटकम' का सम्पादक भाइ गिरिश पोखरेल मलाई पिकअप गर्न आउन लागेका थिए । म उनैलाई कुर्दै एउटा बस-बिसौनीमा उभिइरहेको थिएँ । त्यति नै बेला त्यो सर्पदंश गराउन आग्रह गर्ने व्यक्ति मेरासामु आइपुगेको थियो । म भएको ठाउँबाट हिँडेपछि अलि टाढा पुगेर ऊ एउटा पसलभित्र छिऱ्यो र मेरा आँखाअगाडिबाट अलप भयो ।

म आफ्ना अगाडि लमतन्निएको सडकतिर आँखा कुदाउन थालेको हुन्छु । मेरा अगाडि सफा र चिल्ला बाटामा एकनाससित गाडीहरू आवत-जावत गरिरहेका थिए । थरि-थरिका वाहन- बस, ट्रक, सानाठुला जिप, भ्यान, कार, एकाध लिमोजिन र यस्तै-यस्तै । मोटरसाइकल कतै देखिँदैन, बरु फाट्टफुट्ट साइकल भने देखिन्थे । जता आँखा पुग्छन्, केवल चारपांग्रेहरूकै जमघटबाहेक केही देखिँदैन । पैदल हिँड्ने पनि निकै कम मात्र । मलाई लागेथ्यो, सायद बसोबास र काम गर्ने ठाउँ टाढा हुने हुँदा मानिस निजी कार अथवा सार्वजनिक बसमै यात्रा गर्नुपर्ने बाध्यतामा रहँदा हुन् ।

माउन्ट भर्नान अमेरिकाका प्रथम राष्ट्रपति जर्ज वासिङ्गटनको जन्मथलो हो (उनको कर्मथलो त सिङ्गो अमेरिका नै भइहाल्यो) । अमेरिकी राजधानीको नाम उनकै सम्मानमा राखिएको हो । उनी जीवित छँदै आफ्नो प्रत्यक्ष निर्देशनमा उनले राजधानी वासिङ्गटन डिसीको निर्माण गर्न लगाएका थिए । फ्रान्सेली आर्किटेक्चरबाट प्रभावित डिसीको निर्माण भइरहँदा उनी घोडा चढेर यही माउन्ट भर्नानबाट नियमित रूपमा निर्माण कार्यको रेखदेखमा गइरहन्थे । बेलायती उपनिवेशको रूपमा रहेर पछि त्यस साम्राज्यको विरोध गर्ने क्रममा तत्कालीन अमेरिकी नेतृत्व फ्रान्ससित नजिकिएको थियो । त्यसकारण अमेरिकी राजधानीमा विभिन्न भवनहरू निर्माण हुँदा फ्रान्सेली आर्किटेक्ट बोलाइएका थिए । अहिलेको विश्वविख्यात स्वतन्त्रताकी देवीको मूर्ति (स्ट्याचू अफ लिबर्टी) पनि फ्रान्सेलीहरूले नै अमेरिकालाई उपहारस्वरूप प्रदान गरेका थिए ।

पछि, अमेरिकामा रहँदै-बस्दै जाँदा जर्ज वासिङ्गटनबारे केही रमाइला कुरा पनि थाहा भए । उनी ब्रिटिश उपनिवेशविरोधी अमेरिकी स्वतन्त्रता आन्दोलनका कमान्डर थिए र त्यस आन्दोलनमा निर्णायक विजय हासिल भएपछि अनेक सहयोगीहरूले उनलाई 'अमेरिकाको राजा बन्न' सुझाएका थिए । चाहेको भए उनले त्यस्तो गर्न पनि सक्थे तर उनले नयाँ राजा बन्ने कुरा स्वीकार गरेनन्, बरु निर्वाचित राष्ट्रपति नै बन्ने निर्णय गरे । त्यसैअनुसार उनी अमेरिकाका प्रथम राष्ट्रपति भए र सन् १७८९ देखि १७९७ सम्म गरी उनले दुई कार्यकाल अमेरिकी शासन-सत्ता चलाए । उनी अमेरिकाका त्यस्ता एकमात्र राष्ट्रपति पनि हुन् जो राष्ट्रपति भवन व्हाइट हाउसमा कहिल्यै बस्न पाएनन् ! (किनभने त्यति बेलासम्म व्हाइट हाउसको निर्माण सम्पन्न भइसकेको थिएन) । तर, उनीप्रति सदाबहार सम्मान व्यक्त गर्दै एक डलर अमेरिकी नोटमा भने यिनै जर्ज वासिङ्गटनको चित्र अंकित गरिएको छ । अमेरिकामा सबैभन्दा धेरै चल्ने नोट पनि यही एक डलर नै हो । एक तथ्याङ्कअनुसार, सन् २००९ मा छापिएका कुल नोटहरूमध्ये ४२ प्रतिशत नोट त केवल एक डलर नोट मात्र थिए ! अझ रोचक त के भने सन् २०१९ डिसेम्बर अन्त्यमा विश्वव्यापी रूपमा प्रचलनमा रहेको अमेरिकी डलरमध्ये कुल १२.७ अर्ब डलर त केवल एक डलर नोट मात्र थिए !

माउन्ट भर्ननमा जर्ज वासिङ्टनको ठुलो मौजा रहेछ । त्यहाँ घुम्दा थाहा हुन्छ- उनको शेषपछि सरकारले उनको घर र जग्गालाई अत्यन्त सावधानीपूर्वक संरक्षण गरेको छ र त्यसलाई सुरक्षित संग्रहालय बनाएर राखेको छ । जर्ज वासिङ्गटन मेमोरियल म्युजियम अमेरिकी इतिहासको सुन्दर र महान धरोहर रहेछ । त्यहाँ मजस्ता आक्कल-झुक्कल पुग्ने 'एमटी पकेटवाला' भन्दा बर्सेनी हजारौं स्वदेशी र विदेशी पर्यटक आउँदा रहेछन् । त्यो एकातिर इतिहासको गरिमाको संरक्षण रहेछ त अर्कोतिर इतिहासको विरासतका रूपमा रहेका मूल्यहरू पछिल्लो पुस्तालाई हस्तान्तरण गर्ने गौरवशाली माध्यम पनि रहेछ ।

त्यहाँ रहँदासम्म मलाई यस्तो अनुभूति निरन्तर भइरह्यो- अमेरिकीहरूले इतिहासको जगमा उभिएपै अहिलेको अमेरिका निर्माण गरेका हुन् । नयाँ निर्माण गर्दा उनीहरूले इतिहासलाई हेला गरेका छैनन्, कुनै उपेक्षा गरेका छैनन्, बरु इतिहासको सम्झना र संरक्षण गरेका छन् । आफ्नो इतिहासलाई बिर्सने मुलुकले कहिल्यै राम्रो विकास गर्न सक्दैन भनेको सायद यही होला ।

अलेक्जान्ड्रिया घुम्दा त्यहाँ कतै पनि अव्यवस्थित बस्ती वा पसल वा पार्किङ वा भिडभाड केही पनि देखिएन । घरहरू या त ठुला अपार्टमेन्ट छन्, होइन भने जोडिएर बनाइएका आवासीय भवन, जुन दुई र तीन तलाभन्दा अग्ला छैनन् अथवा सडकभन्दा निश्चित दूरीमा बनाइएका सिङ्गल प्राइभेट होम मात्र । सडक र फुटपाथे पेटीबाहेक अन्यत्र सबैतिर दुबो लगाइएको छ र त्यसले गर्दा धुलो उड्ने सम्भावनै रहेन ।

तर म घरि-घरि त्यही घाँटीमा सर्प बेरेको मान्छे सम्झिरहन्छु । मलाई लाग्न थाल्छ, चटकेहरू जहाँ पनि हुँदा रहेछन् । नौटंकीबाजहरू जता पनि भेटिँदा रहेछन् । सयौं असमानता र हजारौं असहजताहरू सर्वत्र छताछुल्ल रहेका भए पनि ग्लोबलाइज्ड भइसकेको आजको दुनियाँमा चटकेहरूको रंग-बिरंगी एकरूपता रोचक हुँदो रहेछ ।

मैले भारतका अनेक स्थान घुम्दा 'जम्हुरे ?' र 'जी उस्ताद !' भन्ने सवाल-जवाफजस्ता लाग्ने शब्दहरू अनगिन्तीपटक सुनेको छु । कतिपटक त तमासेहरूको हुलमा मिसिएर आफैंले पनि उनीहरूको चर्तिकला हेरेको छु । कहिले बाँदर नचाउने चटक, कहिले भालु नचाउने त कहिले सपेराले बिन बजाउँदै सर्पको खेला देखाउने, कहिले साना-साना केटाकेटी हातमा लामो लट्ठी समातेर मसिनो डोरीमा हिँड्ने त कहिले जगरका रौं ठड्याउने गरी पेटमा छुरी हान्नेसमेतका रक्तपातपूर्ण चटक ! अझ कतिपय चटकेले त केटाकेटी र किशोरहरूलाई थप डराउन दिन र चटक चलिरहेको समय-अवधिभरि बसिरहन बाध्य पार्न पहिले नै भन्ने गर्थे, 'जो केटाहरू हल्ला गर्छन् अथवा बीचैमा हिँड्छन्, उनीहरूको तुरी गायब हुन्छ । नपत्याए एकछिन पछि छामेर हेर्नु ।'

त्यहाँ उभिएर चटक हेरिरहेका केटाहरूको सातो जान्थ्यो । कसको साहस, केही हल्ला गर्ने वा चटकलाई बीचैमा छाडेर हिँड्ने !

यस्ता कतिपय चटक नेपालमै पनि देख्न पाइन्छ । विशेषगरी भारततिरबाट आएका चटकेहरूले यस्ता अभियानलाई निरन्तरता दिइरहेका देखिन्छन् । यदाकदा तराई-मधेस भेगका दुर्लभ मानिस पनि चटक गर्दै हिँडेको देख्न पाइन्छ । तराई भेगमा, काठमाडौंमा र जिल्ला सदरमुकामहरूमा यस्ता चटक अक्सर देख्न पाइन्छ । यहाँ मात्र होइन बरु पाकिस्तान, बंगलादेश, श्रीलंका, भुटान आदिमा पनि यस्ता चटक भइरहने गर्छन् ।

त्यसो त मैले अमेरिकाका केही अरू ठाउँमा पनि यस्ता मिल्दाजुल्दा चटक देखेको थिएँ । मेरील्यान्डको बाल्टीमोरस्थित नेशनल हार्बर घुम्दा तीन-चारजनाको समूह देखेको थिएँ । उनीहरूमध्ये एकजना गिटार बजाउँदै थियो र उसका अरू साथीहरू टोपी, धागो र परेवासहितको चटक देखाउँदै थिए । आफूहरूले बनाएको ठुलो घेराका बीचमा उनीहरूले एउटा सानो र सफा कपडा बिछ्याएका थिए । त्यहाँ घुम्न आएका मानिसहरू एकछिन् उभिन्थे, उनीहरूको चटक हेर्थे, अलिअलि हाँस्ने-मुस्कुराउने गर्थे र एक वा पाँच डलरको नोट त्यो कपडामा राखिदिएर अन्यत्र लाग्थे ।

मलाई लाग्यो- चटक त संसारका जुन कुनै कुनामा पनि हुन्छ होला, नौरंगी चटकेहरू जहाँ पनि हुन्छन् होला, केवल चटकको रूप र रंग वा प्रकृति फरक हुनसक्ने होला ।

नेपालमा बेलाबखत चटक हेरेको सम्झिँदा सात समुद्रपारि रहेको बेला पनि यस्तो जिज्ञासा मनमा उम्रिरहन्थ्यो- अमेरिकामा कस्तो होला ? के त्यहाँ पनि यता हामीकहाँ जस्तै चटक हुने र देखाइने गरिन्छ होला ? के त्यहाँको व्यस्त समाजका मानिसलाई घन्टौं एकै ठाउँ उभिएर कुनै यो वा त्यो चटक हेरिरहने फुर्सद हुन्छ होला ? के त्यहाँ पनि बाँदर-भालु नचाउनेहरू हुन्छन् होला ? अथवा कुन किसिमका चटकहरू त्यहाँ हुन्छन् या हुन्नन् होला ? यस्ता र अरूअरू सोचाइ बेला-बेला आइरहन्थे ।

यसरी सोचाइ एकातिर थियो र यथार्थ अर्कोतिर । स्थिति जे भए पनि, अलेक्जान्ड्रियाको त्यो सर्पदंश प्रसङ्गले मेरा धेरै जिज्ञासाहरूको जवाफ दिएर गएको थियो ।

००

(लेखक गौतम पत्रकार, साहित्यकार, यस स्मारिकाका सम्पादक तथा अमेरिका नेपाल सहयोगी समाजका आजीवन सदस्य हुनुहुन्छ)

अमेरिका नेपाल सहयोगी समाजले आफ्नो स्थापनाको बाह्र वर्ष पूरा गरेको उपलक्ष्यमा समाजको इतिहास र विविध गतिविधि समेटेर
"अमेरिका नेपाल सहयोगी समाज स्मारिका २०२१"
प्रकाशन गर्न लागेको सुखद उपलक्ष्यमा हार्दिक शुभकामना ।
साथै, नेपाली नयाँ वर्ष विक्रम सम्बत २०७८ को अवसरमा सबै
नेपालीजनको उत्तरोत्तर प्रगति र सुस्वास्थ्यको
हार्दिक मंगलमय शुभकामना ।

Red Carpet Cleaning
Ajay Rijal
10451 SAINT CROIX LN
571-445-2459
Info@redcarpet4cleaning.com
Redcarpet4cleaning.com

प्रवासमा नेपाली महिला जीवन

तनुजा पोखरेल

समाज इतिहासको अध्ययन गर्दा नेपाली महिला-पुरुषको कार्यविभाजन, अर्थात् यो काम पुरुषले गर्ने र यो काम महिलाले गर्ने भनेर, मोटामोटी छुट्टिने गरेको पाइन्छ । घरमा खाना पकाउने, भाँडा माझ्ने, लुगा धुने, बालबच्चा स्याहार्ने जस्ता तमाम काम प्रायः महिलाले नै गर्ने र घरबाहिरको (खासगरी प्रत्यक्ष आयआर्जनको) काम पुरुषले गर्ने गरेको पाइन्छ नेपालमा । यद्यपि त्यहाँ पछिल्लो समय महिलाहरू पनि जागिरमा जाने क्रम बढेको छ तापनि जागिरे महिलाहरू घर र अफिस दुवैतिरको काम सम्हाल्नुपर्ने अवस्थामा रहेका देखिन्छन् । यसो हुनाले नेपाली महिलाहरूमा यस किसिमको दोहोरो कार्यबोझ रहेको देखिन्छ ।

त्यसो त नेपाल छोडेर प्रवास बसाइँ सरेका नेपाली पुरुषहरूको स्थिति र स्वभावमा तुलनात्मक तवरले केही भिन्नता देखिन्छ । अनेक प्रवासी नेपाली महिलाहरूले आफ्नो अनुभव सुनाउने गरेको पाइन्छ- धेरै नेपाली पुरुषले स्वदेश छँदा अनुभव नगरेका अथवा नजानेका कामहरू सिकेरै भए पनि प्रवासमा श्रीमतीलाई सघाउने गरेका छन् । विशेष गरी, प्रवास आइसकेपछिको एउटा ठुलो परिवर्तन के हुने गरेको छ भने नेपालमा रहँदा-बस्दाका कसले के भन्ला भनेर हियाइने र गिज्याउने किसिमका प्रवृत्तिहरूलाई तिलाञ्जली दिएर यहाँ प्रवासमा सहज जीविकोपार्जनका लागि महिला-पुरुष दुवैले सबै काम गर्ने गर्दछन् । प्रवासी पारिवारिक जीवनमा श्रीमान् जागिरमा जाने र श्रीमती घरको काम मात्र सम्हालेर बस्ने अवस्था एकदमै कम सम्भावना रहन्छ । नेपालमा अलि राम्रो ओहोदामा जागिर खाने पुरुषहरूले श्रीमतीहरूलाई सानोतिनो जागिरमा पठाउन हिच्किचाउने गरेको देखिन्छ भने प्रवासमा आइसकेपछि 'वर्क' भनेपछि सानो-ठुलो भन्ने स्थिति नै रहँदैन । श्रीमान्-श्रीमती नै काममा जाने भैसकेपछि आफ्ना बालबालिका आफैँ हुर्काउनुपर्ने स्थिति आउँछ र नेपालमा अनुभव नगरेका कामहरू, जस्तै- साना केटाकेटी स्याहार्ने, खुवाउने, पकाउने, भाँडा माझ्ने, लुगा धुने आदि- सहज रूपमा पुरुषहरूले पनि गर्ने गरेको पाइन्छ ।

यससम्बन्धमा मेरो आफ्नै पनि केही अनुभव छ । मेरा दुई छोरी सन्तान छन् । एउटी नेपालमै जन्मिएर यहाँ आउँदा लगभग तीन वर्षकी थिइन् भने अर्की चाहिँ यहीँ प्रवास आएर जन्मिएकी हुन् । नेपालमा हुँदा मेरी जेठी छोरीले आफ्ना काका र फुपुहरूको काखमा हुर्कने अवसर पाउँदै थिइन् । हाम्रो बसाईं काठमाडौंमा थियो र मेरा श्रीमान् कामको सिलसिलामा काठमाडौंबाहिर गइरहनुपर्ने हुन्थ्यो । त्यसो हुँदा छोरीलाई खुवाउने, स्याहार्ने वा सानी नानीसित सम्बन्धित केही अनुभव उहाँलाई थिएन । कान्छी छोरी यहाँ अमेरिकामा जन्मिँदा सुरुको छ महिना मेरा मातापिताको सहयोग पाएको बाहेक उहाँहरू नेपाल फर्किनुभएपछि हामी श्रीमान्-श्रीमतीले एकजना बिहान र अर्को बेलुका जागिरमा गएर छोरी पालैपालो स्याहार्ने स्थिति आयो । यो क्रममा मेरा श्रीमान्ले छोरी स्याहार्ने मात्र हैन, नेपालमा खासै गर्नु नपरेका कामहरू -भाँडा माझ्ने, लुगा धुने, घर सफा गर्ने- सबै काम सहज रूपमा गर्न थाल्नुभयो । मलाई लाग्छ, उहाँमा 'यी कामहरू मैले गर्ने होइन' भन्ने भावना भने पटक्कै होइन, केवल कति मात्र हो भने नेपालमा ती कामहरू गर्नुपर्ने अवस्था र अवसर नै नभएको हो । त्यसो त नेपाल छँदै पनि उहाँले आफू 'फिल्ड' बाट आक्कल-झुक्कल काठमाडौं आउँदा भान्साको काममा सघाउने र भाइबहिनीलाई पनि सबै मिलेर काम गर्नुपर्छ भनेर घरको काम बाँडफाँड गरेर गर्न प्रेरित गरिरहनुहुन्थ्यो । अहिले प्रवासी जीवनमा हामी दुवैजनाले जागिर पनि खान्छौं र बच्चा हेर्नेदेखि लिएर घरको सबै काम बराबर बाँडफाँड गरेरै गर्छौं पनि, यसले गर्दा हाम्रो जीवन धेरै सरल अनि सहज भएको छ ।

बेलाबखत कुराकानी हुँदा अरू धेरै नेपाली महिला साथीहरू भन्ने गर्नुहुन्छ- अमेरिका आइसकेपछि उहाँहरूको कार्यबोझ मात्र कम भएको हैन, आर्थिक स्वतन्त्रता र निर्णय गर्ने क्षमता पनि बढेको छ । नेपालमा हुँदा आफूले जागिर नखाने भएकोले केही कुरा किन्न मन लाग्दा श्रीमान्कै कमाइको आशा गर्नुपर्ने र कतिपय अवस्थामा पैसा माग्न पनि डराउनुपर्ने हुन्थ्यो भने अमेरिका बसाइँमा आफैँ जागिर खाने र आफूसँगै डेबिट-क्रेडिट कार्ड रहने हुँदा आत्मनिर्भर भएर मन लागेका कुरा किन्न वा खर्च गर्न मिल्ने स्वतन्त्रता उपलब्ध छ । अहिले त नेपालमा धेरै महिलाहरू पहिलेको समयको दाँजोमा धेरै आत्मनिर्भर भैसकेको स्थिति छ । अचेल त जागिरमा जाने, मोटरसाइकल र गाडी नै चलाउने महिलाहरू नभएका हैनन् नेपालमा पनि तर अझै पनि धेरै महिलाहरूलाई चुल्हो-चौकाबाट बाहिर निस्कन नपाउने र बाहिरी संसारबाट टाढा रहनुपर्ने अवस्था यथावत् नै छ । मसँगको कुराकानीमा धेरै प्रवासी महिला साथीहरू नेपालमा भैरहेको भए आफू गाडी हाँकेर अनि आत्मनिर्भर भएर किनमेलमा वा जागिरमा जाने स्थिति नहुने बताउनुहुन्छ । प्रवासमा नेपाली दिदीबहिनीहरू नेतृत्व क्षेत्रमा पनि अगाडि देखिनुहुन्छ । विभिन्न संघ-संस्थाहरूको प्रतिनिधित्व गर्दै नेपालको संस्कृति र परम्परा जोगाउन महिलाहरूले ठुलो भूमिका निभाएको देखिन्छ ।

यसरी प्रवासी नेपाली दम्पतीको दैनिक पारिवारिक जीवनमा स्वागतयोग्य सकारात्मकता देखिएको साँचो हो तर यो अझ पूर्णरूपमा स्थापित हुन सकेको भने छैन । कतिपय महिला साथीहरूको अनुभव छ, यहाँको प्रवासी जीवनमा आइसकेपछि पनि नेपालमा महिलाले गर्दै आएका घरायसी कामहरूमा श्रीमान्ले सघाउने गरेका छैनन् । यसले गर्दा उहाँहरूको जीवन घरको पनि काम र जागिरको पनि कामको बोझले निकै अस्त-व्यस्त हुने गरेको छ । अवस्था यस्तो समेत रहेको भए पनि अमेरिकामा घरायसी कार्य विभाजन गरेर गुजारा गर्ने र कार्य

विभाजान खासै नगर्ने आप्रवासी नेपाली परिवार–संख्या गन्ने हो भने कार्य विभाजन गर्ने परिवार नै अधिकतम पाइन्छ ।

प्रवासको जीवन चुनौतीपूर्ण छ । जीवन चलाउन आयआर्जनका लागि यो वा त्यो नभनी जस्तो काम पनि गर्न तयार हुनुपर्ने हुन्छ । नेपालबाट जुनसुकै डिग्री वा जुनै ओहोदाको जागिर खाएर आएको भए पनि यहाँ आउनासाथ जस्तोसुकै काम पनि गर्नुपर्ने हुन्छ । कतिपय साथीहरूलाई यो परिवर्तन निकै चुनौतीपूर्ण हुने गर्छ अनि सुरु–सुरुमा अवसाद (डिप्रेसन) मा जाने पनि सम्भावना रहन्छ । तर बिस्तारै यहाँको वातावरणमा घुल्दै–मिल्दै गएपछि यहाँ सबैभन्दा महत्वपूर्ण कुरा के सिकिन्छ भने कुनै पनि 'काम' सानो वा ठुलो हुँदैन, काम भनेको काम हो, लगनशील र खुसी भएर गर्दा जुन कामले पनि संतुष्टि दिन्छ । अर्को महत्वपूर्ण कुरा, अहिले हामी बसिरहेको देश अमेरिका सम्भावनाहरूको देश भनेर चिनिन्छ । तसर्थ, क्षमता भएका महिला–पुरुष दुवैले यहाँ आएर धेरै प्रगति गरेका उदाहरणहरू प्रसस्त भेटिन्छन् । यस तथ्यलाई आत्मसात् गरेर हामी सधैँ प्रेरित भइरहनु पर्दछ ।

जिन्दगीका सर्वाधिक ठुला सत्यहरूमध्ये एउटा प्रमुख यो पनि हो– प्रकृतिले नै महिला र पुरुषलाई जीवनरूपी एक रथका दुई पाङ्ग्रा बनाएको छ । एक पाङ्ग्रालाई केही भएमा रथको सन्तुलन नै बिग्रने हुन्छ । तसर्थ, दुवैको आपसी समझदारीमा घर चलाउने, घरभित्र र घरबाहिरको सबै काम बाँडफाँड गरेर मिलिजुली गर्ने गरियो भने एकबारको जीवन सहज मात्र हुने होइन, त्यसले हाम्रा भावी सन्ततिलाई पनि ठुलो प्रेरणा मिल्छ । प्रवास–जीवनमा सिकेका –कामलाई पूजा गर्ने र महिला–पुरुषले एकअर्कालाई सघाउने– शिक्षाले स्वयम् नेपाल र अन्य देशमा रहने महिला–पुरुष सबैलाई असल प्रेरणा दिनसक्छ ।

घरायसी कार्य विभाजनको सन्दर्भबाट अलि बाहिर आएर कुरा गर्दा, कतिपय नेपाली महिलाहरू प्रचुर सम्भावनाहरूको यस देशमा आइपुगेर पनि आफ्नो क्षमताअनुसारका काम गर्न नसकिरहेको अवस्था छ । यो अवस्था हुनुमा, ठुलो देशमा आइपुगेर आत्मविश्वासको कमी हुनु र आवश्यक स्रोतहरूका बारेमा थाहा नहुनु पनि मुख्य कारण हुन्छन् । मलाई लाग्छ, जन्मथलो छोडेर यति टाढा आइपुग्दा 'म मात्र प्रगति गरौं' भन्ने प्रवृत्ति त्यागेर सबै नेपाली दिदीबहिनीले क्षमताअनुसारको काम पाऊन् भन्ने प्रवृति लिँदै एकअर्कालाई माथि उठाउन सहयोग गर्ने हो भने नेपाली महिलाहरूको क्षमता–विकासमा झन् ठुलो बल पुग्नसक्छ । कार्यक्षमता–विकासस्तरको एकता महिलाहरूबीच भएमा यहाँबाटै नेपालमा विद्यमान महिलासम्बन्धी जल्दा–बल्दा समस्याहरूमा काम गर्ने योजना बनाउनेसम्मको तहमा हामी नेपाली महिलाहरू पुग्न सक्छौं । यहाँ प्रवासमा विभिन्न विषयका महिला भेलाहरू भइरहँदा कसरी आफ्नो क्षमता विकास गर्ने, योग्यताअनुसारको काम पाउन के गर्ने, रेजुमी (बायो–डाटा) कसरी बनाउनेजस्ता विषयहरूमा पनि बेला–बेलामा छलफल गरेर क्षमतावान र सक्षम बन्न एकअर्कालाई सहयोग गर्ने संस्कारको विकास गर्ने हो भने नेपाली महिलाहरूको स्थिति धेरै मजबुत हुने देखिन्छ ।

००

(लेखक पोखरेल अमेरिका नेपाल सहयोगी समाजका आजीवन सदस्य र अमेरिका नेपाल शिक्षा सदनका शिक्षक हुनुहुन्छ)

केही मुक्तकहरू

रामकाजी कोने

१

काँचो माटोलाई आकार दिने मौका आउँदैन घरिघरि
आउँदा पुस्तासँग गाँसिएका हुन्छन् सपना थरिथरि
रीति–थीति परम्परा नासो हो पुर्खाको, दिनुपर्छ हामीले
संस्कार हराए सन्तान हराउला, रुनु पर्ला धर्धरी ।

२

जतन गर्दा गर्दै खसेर सम्बन्ध, सीसा झैँ टुक्रिएपछि
अर्थै भएन त्यो हाँगा नुघाउनुको फल नै निख्रिएपछि
केही त शेष रहन्थ्यो होला बरु किताबी जोड घटाउमा
मात्र शून्य हात लाग्दो रैछ मायाको गणित बिग्रिएपछि ।

३

सिकिस्त छ मुलुक, रोग भोक र सोक भाग्ने कहिले
राजनीतिक ऐंठन अति भयो, जनता जाग्ने कहिले
छलफलका लागि मात्र छलफल सँधै हाम्रो देशमा
छल त धेरै देखियो, भन्नुस् फल हात लाग्ने कहिले ?

४

हिँड्दै जाँदा, कहिले मिहिन मलमलमा पर्छ मान्छे
बाटो बिराउँदा, कहिले गहिरो दलदलमा पर्छ मान्छे
जति नै उमेर खाएनि, जाने बुझेनि व्यवहारमा काँच्चै
के ठीक, के बेठीक बिचरा अलमलमा पर्छ मान्छे ।

५

अल्झिएर यो मन कतै एकतमास भो
बल्झिएर पुरानो घाउ आफैँ उदास भो
समयको हो कि भाग्यको खेल यो जिन्दगी
बर्सिन नसकी गुम्सिएको आकाश भो ।

६

छातीमा छ खडेरी, झरी तिमी हौ
जोर आँखामा नाच्ने परी तिमी हौ
भन्नु हुँदैन यहाँ विभिषण हजार
मेरो मर्म अनि कमजोरी तिमी हौ ।

७

पलाउनै गाही त्यो मुटुलाई ढुङ्गा भन्न मन लाग्छ
फर्फराउने त्यो पछ्यौरीलाई चङ्गा भन्न मन लाग्छ
नाम नै थाहा नभए नि हजार आँखा छोई बग्ने
निश्छल त्यो यौवन देख्दा गंगा भन्न मन लाग्छ ।

००

(मुक्तककार कोने 'नेपाल मुक्तक प्रतिष्ठान'का अध्यक्ष हुनुहुन्छ)

सहयोगी मनहरूको समाज : अमेरिका नेपाल सहयोगी समाज

परशुराम भण्डारी

देश छोडेर प्रवासमा रहे पनि नेपालीहरूले आफ्ना मौलिक संस्कार, रीति-रिवाज र संस्कृति छोड्न सक्दैनन् । त्यसो त आफ्नो जन्मभूमि छोडेर मुलुकबाहिरै बस्ने गरी नेपालीहरू प्रवासिन थालेको समय त्यति धेरै भएको छैन । जागिरको सन्दर्भमा युरोप (विशेष गरी बेलायतमा) जानु, कामका लागि मध्य-पूर्वतिर जानुबाहेक बसाइँ-सराइकै हैसियतमा युरोप, अमेरिका र अस्ट्रेलियामा नेपालीहरू पचासौं वर्षदेखि फाट्टफुट्ट जाने क्रम रहेको थियो तापनि बाक्लो रूपमा अमेरिका, अस्ट्रेलिया तथा युरोपका केही देशहरूमा जान थालेको भने तीन दशकजति मात्र भएको देखिन्छ ।

हुन त अमेरिकामा रहेको सबैभन्दा पुरानो संस्था 'अमेरिका नेपाल सोसाइटी' (एएनएस) सन् १९६७ मा स्थापना भएको पनि ५४ वर्ष भैसक्यो । अमेरिकामा रहेका सबै नेपालीहरूलाई सम्पर्क गर्न र सुख-दुःख बाँड्नका लागि नै यो संस्था स्थापना भएको थियो । नेपालीहरू मात्रै नभएर अमेरिकनहरूलाई समेत राख्ने गरी स्थापना भएको यो संस्थामार्फत अमेरिकनहरूका माझमा नेपाल देश चिनाउने कामका अलावा नेपाली हेरिटेजका बारेमा समेत विदेशीहरूलाई अवलोकन गराउने काम भए । यसले गर्दा नेपालको परिचय र पहिचान विश्व मानचित्रमा थप स्थापित भयो । सगरमाथाको देश, शान्तिका अग्रदूत भगवान गौतम बुद्धको देश, मन्दिरै-मन्दिरको देश, प्रकृतिको अनुपम उपहारप्राप्त देश आदि भनेर नेपाललाई चिनाउने अनि त्यसमार्फत नेपालमा पर्यटन प्रवर्धन गर्ने काम पनि यसले गऱ्यो ।

वर्षहरू बित्दै गएसँगै अमेरिकामा नेपालीहरूको संख्या अत्यधिक बढ्दै जान थाल्यो । त्यसपछि, नेपालीहरू उल्लेख्य गन्तीमा रहेका हरेक राज्य वा सहरमा विभिन्न संघ-संस्थाहरू स्थापना गर्दै एकआपसमा परिचय पनि गर्ने र दुःख-सुखमा सहयोगी पनि बन्ने प्रवृत्ति मौलाउँदै जान थाल्यो । यसतर्फ नेपालीहरूले भरपुर काम गरेको र त्यसमा राम्रो प्रगति भएको पनि देखिन्छ ।

यस सानो टिपोटमा मैले आफू अमेरिकामा आएपछि देखेका र अनुभूत गरेका केही विषयलाई राख्ने कोसिस गरेको छु ।

अमेरिकामा स्थापित पुरानो संस्था एएनएस अमेरिकाको राजधानी वासिङ्गटन डिसी र त्यस वरपरका क्षेत्र मेरील्याण्ड र भर्जिनियामा आधारित संस्था हो । त्यसैगरी समग्र अमेरिकी क्षेत्र (अमेरिकाज) लाई नै समेट्ने गरी सन १९८३ मा 'एसोसिएसन अफ नेप्लिज इन अमेरिका' (एएनए) भन्ने संस्था स्थापना भयो । त्यही संस्थाको पहलमा नेपालको शिक्षा तथा संस्कृतिलाई सम्वर्धन गर्नका लागि 'नेपाल शिक्षा तथा सांस्कृतिक केन्द्र' स्थापना गरेर पशुपतिनाथ तथा बुद्ध मन्दिर स्थापना भयो ।

सुरूमा अमेरिकाभरिका नेपालीहरूलाई एउटै थलोमा ल्याउन स्थापना गरिएका संघ-संस्थाले सबैलाई समेट्न सक्ने कुरै भएन । त्यसपछि हरेक राज्यका सहरहरूमा समूह-समूह बनेर संस्थाहरू स्थापना हुने क्रम बढ्यो र त्यो क्रम अझै जारी नै छ । यसलाई सुखद नै मान्नुपर्छ जसका कारण कुन नेपाली कहाँबाट कसरी अमेरिका आउनुभयो, त्यसको जानकारीका साथै आफ्ना अनुभव बाँडचुड गर्नुका साथै अप्ठ्यारो परेको बेला साथ-सहयोग गरिने काम भयो । त्यति मात्रै नभएर परम्परागत रूपमा मनाइने हाम्रा दसैं, तिहार, होली, तीज, माघे-संक्रान्ति, साउने-संक्रान्ति, श्रीकृष्णाष्टमी, जनै-पूर्णिमा आदि पर्वहरू समूहमा मिलेर मनाउने गर्नाले यिनले आत्मीयता बढाउनका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । यति मात्र नभई पहिलो पुस्ताले जानेका हाम्रा रीति-रिवाज र परम्पराहरूलाई दोस्रो पुस्तामा हस्तान्तरण गर्नसमेत मद्दत पुग्यो । समाज जोडिएपछि 'दोस्रो नेपाल बनाउनका लागि' नेपाली भाषा पाठशाला, सामुदायिक केन्द्र निर्माण आदि सामुदायिक कल्याणकारी कार्य गर्नका लागि समेत यसले ठुलो सहयोग गऱ्यो । प्रवासमा रहेका नेपालीहरूले 'भूगोलको नेपाल' बनाउन नसके पनि 'भावनाको नेपाल' बनाउने अभियानमा नेपालीहरूको संलग्नता भएका यी संघ-संस्थाहरूको ठुलो भूमिका रह्यो र रहने नै छ ।

अमेरिकी राज्य भर्जिनियाको मनाससमा रहेको अमेरिका नेपाल सहयोगी समाज (एएनएचएस) पनि मैले माथि उल्लेख गरेकै विषयहरूलाई पूरा गर्नका लागि २००८ सालमा स्थापना भएको ठुलो र निरन्तर क्रियाशील संस्था हो । अहिले करिब दुई सय आजीवन सदस्य भएको यस संस्थाको अगुवाइमा हरेक वर्ष १५ सयदेखि दुई हजारको हाराहारीमा नेपालीहरूको सहभागिता भई नेपाली नारीहरूको प्रतिनिधिमूलक पर्व तीज मनाउने गरिन्छ । अचेलको सामाजिक सञ्जालको यस युगमा उक्त कार्यक्रम हेर्ने जो कोहीले भन्ने गर्नुहुन्छ, 'तीज होस् त भर्जिनियाको मनाससको जस्तो !'

त्यसैगरी यो संस्थाले साना बाबुनानीहरूका लागि नेपाली स्कुल सञ्चालन गरेको छ जहाँ पढाइने पाठ्यक्रम र पाठ्य-पुस्तकको परिकल्पना र लेखनसमेत यहीँ स्थानीय अभिभावकहरूबाटै भएको छ । साना बाबुनानीहरूलाई दिइने ज्ञान उनीहरू जहाँ जुन देशमा रहेका छन् त्यही देशमा रहेर बुझ्न सकिने गरी नेपाली मातृभाषामा दिनुपर्छ भन्ने अभिप्रायले नै पाठ्य-पुस्तक यहीँ लेखिएको हो । एएनएचएसले

उत्पादन गरेको पाठ्यक्रम र लागू गरेको पाठ्य-पुस्तक अहिले अमेरिकाका १२-१५ राज्यका विभिन्न सहरमा बस्ने नेपालीहरूले आफ्ना बाबुनानीहरूलाई पढाउन प्रयोग गरिरहेका छन् । निश्चित छ, यस किसिमको अपूर्व अवसर उपलब्ध हुनुमा एएनएचएसको महत्वपूर्ण सामाजिक एवम् भाषिक योगदान रहेको छ ।

एएनएचएसले आफ्नो परम्परागत संस्कार र संस्कृतिलाई जगेर्ना गर्न एक दिगो सामुदायिक केन्द्र स्थापना गर्नका लागि छुट्टै जग्गा नै किनेको थियो तर पछि भर्जिनियाका सबै नेपालीहरूलाई समेट्ने गरी वृहत् 'नेपाली अमेरिकन सामुदायिक केन्द्र' स्थापना भएपछि आफूले किनेको त्यो जग्गा बेचेर प्राप्त रकमसमेत यही संस्थालाई हस्तान्तरण गरेको छ । यो काम समान उद्देश्यले बनाइएका योजनामा दुई वा दुई संस्थाहरूका बीचमा सहकार्य हुनुपर्दछ भन्ने एउटा अनुपम उदाहरणका रूपमा प्रस्तुत भएको छ । यस कार्यमा समाजका सबै सदस्यहरूको अप्रतिम समर्पण-भाव देखिएको छ ।

'नेपालीहरू जहाँ गए पनि नेपालको गलत किसिमको राजनीति छोड्दैनन्' भनेर आरोप लाग्ने गर्छ तर एएनएचएस यस्तो संस्था हो जसमा रहेका पदाधिकारी वा सदस्य जो कोहीले पनि समाजलाई विभाजन गर्ने खालका राजनीतिक तर्क-वितर्क गर्ने संस्कृतिलाई भित्रन दिएका छैनन् । बरू आफ्नै समुदायका संस्थापकलाई अमेरिकाको मूल राजनीतिमा सहभागी बन्दा सहयोग गरेका उदाहरणहरू छन् ।

अमेरिका नेपाल सहयोगी समाजका हरेक स्वयम्सेवकहरू आफूले कसैलाई सहयोग गर्नु पर्दा अत्यन्त खुसी भएर 'म गर्छु' भन्ने भावनाले अघि बढेको देखिन्छ । नेपाल आमालाई पीडा भएको समयमा यस संस्थाका तर्फबाट भएका सहयोगको एक ज्वलन्त उदाहरणका रूपमा विसं २०७२ सालको महाभूकम्पको समयमा नेपालका पीडितहरूका लागि अमेरिकामा रहेका उदार मनहरूले गरेको अनुपम सहयोगसमेत लिई स्वयम् एएनएचएस प्रतिनिधि नै नेपाल गई राहत सहयोग उपलब्ध गराएको प्रसङ्गलाई लिन सकिन्छ । संस्थाका स्वयम्सेवकहरूले रकम मात्रै संकलन गर्नुभएन, उठेको रकम लिएर तत्काल नेपाल पुगी फिल्डमा नै खट्नुभयो । यो काम यो संस्थाको इतिहासमा सधैँ सुनौला अक्षरले लेखिनेछ । नेपालीहरूको संख्या अत्यन्त ठुलो भएका कारण सबै नेपालीहरूलाई अटाउन सकिने सामुदायिक केन्द्रको परिकल्पना गरेर रकम संकलनका लागि गरिएको सप्ताहव्यापी महापुराणमा समेत यो संस्थाका स्वयम्सेवकहरूको ठुलो साथ र सहयोग मिलेको थियो ।

सबैलाई समभावले हेर्ने अमेरिका नेपाल सहयोगी समाज यस क्षेत्रमा रहेको नेपालीहरूको सबैभन्दा पुरानो मन्दिर 'पशुपतिनाथ बुद्ध मन्दिर' बील्सभिल, मेरील्याण्डको ट्रष्टी बनिसकेको छ ।

अमेरिकामा रहेका नेपालीहरूको दुःख-सुखको साथी बनेको यस अमेरिका नेपाल सहयोगी समाजले नेपालबाट भर्खर अमेरिका आउनुभएका नेपालीहरूका लागि आवश्यकीय सहयोग र आवश्यक परेमा प्रसस्त सहयोग गरेका उदाहरणहरू छन् । यस संस्थाले भूगोलको देश यहाँ प्रवासमा बनाउन नसके पनि भावनाको देश बनाउँदै छ, यसका लागि निरन्तर सत्कर्ममा जुटिरहेको छ । संस्थामा रहेका ऊर्जाशील सदस्यहरूको सत्कर्मको परिणाम नै हुनुपर्छ, यथाशक्य सबै नेपालीहरूलाई समेट्ने गरी स्थापना गरिएको नेपाली अमेरिकन सामुदायिक केन्द्रसमेत मनाससमै स्थित छ । यस केन्द्रसित सहकार्य गर्न मन्दिर निर्माणको परियोजना पनि साथमा गर्ने निर्णय गरिसकेको यस समाजले पक्कै पनि भविष्यमा आफ्नो ऐतिहासिक गरिमालाई अझ फराकिलो पार्दै अघि बढ्नेछ ।

००

(लेखक भण्डारी अमेरिका नेपाल सहयोगी समाजका आजीवन सदस्य हुनुहुन्छ)

आदिम ईश्वर

बिकु लामा

मैले युगौदेखि
पूज्दै आएको मेरो ईश्वर
किन रक्तपात गरिरहन्छ मेरै आस्थामाथि
र हत्या गरिरहन्छ बारम्बार
फूलजस्तै मेरा भावनाहरूको ।

पत्ता लगाउनु छ
ईश्वरको नयाँ बासस्थान
लगाउन मन छ
एक फन्को पृथ्वीलाई
मन्दिर, मस्जिद, चर्च, गुम्बा वा कतै
त्यो आदिम ईश्वरलाई भेट्न
भौंतारिएको छु धेरैपटक म
आफ्नै हृदयको बली दिएर
धेरैपटक चढाएको छु
धूपजस्तै सल्काएर आफैँलाई
तर ईश्वर
मेरो सामु कहिल्यै प्रकट भएन ।

मौसम बदलिए जस्तै
किन बदलिन्छ होला
अवतारैपिच्छे ईश्वरको रूप
सत्ता फेरिए झैँ छिन-छिनमा
किन परिवर्तन भइरहन्छ ईश्वर पनि ?

आफ्नै साम्राज्य बनाउन
किन तल्लीन छ ऊ
मान्छेहरूमा करोडौं अस्थिपञ्जरको चुली लगाएर
चिहानको वीभत्स पहाड बनाइरहेछ
साँच्चै ईश्वर एक दिन
पुरिनेछ त्यही पहाड खसेर
पुरिनेछन् मान्छेहरूका सबै सबै भ्रमहरू पनि ।

किन उस्तै उस्तै लाग्छ
पत्थर र ईश्वर
जो कहिल्यै बुझ्दैन
हाम्रा मनका मूर्च्छनाहरू
जो आवाजविहीन भइरहन्छ सधैँ
हामी भक्ति, उपासना गरिरह्यौं कथित ईश्वरलाई
पर्खिरह्यौं एउटा सिङ्गो युग ।

अचानक आज फेरि
मेरै विरुद्धमा उभिएको छ ईश्वर
मेरा विश्वासका फूलपाती कुल्चेर
मंगल धुनकै विपक्षमा
किन क्रूर बनेर उभिएको छ
मेरो आदिम ईश्वर ?

००

(कवि लामा अमेरिका नेपाल सहयोगी समाजका शुभचिन्तक हुनुहुन्छ)

सुशील दीक्षित

जिउनै पर्छ

चिताएको हरेक रहर
पूरा हुनै पर्छ भन्ने के छ ?
मान्छेको जिन्दगी हो घर
भत्किनै हुन्न भन्ने के छ ?
जिउनै पर्छ भने जिन्दगी
हाँसेर पनि त जिउन सकिन्छ
पीडा हजार पाए तापनि
रुनु नै पर्छ भन्ने के छ ?
देखेका सारा कुराहरू यहाँ
झुटो पनि त हुनसक्छन्
कर्म गरेर पाएको विश्वास
सत्य नै हुन्छ भन्ने के छ ?

oo

(गजलकार दीक्षित अमेरिका नेपाल सहयोगी समाजका आजीवन सदस्य हुनुहुन्छ)

श्रेष्ठ समनश्री

निर्मल मुहान

यी नानीहरूको आँखामा हेर न भगवान भेटिन्छ ।
कति निश्छल छ मुहार शीतल मुस्कान भेटिन्छ ॥

तिमी छर्दै जाऊ बीज कोमल ती हात-पाउहरूमा ।
तिमीले चाहेको जस्तै भोलि सुन्दर बिहान भेटिन्छ ॥

यौटा शिक्षक त्यसरी रमाउँछ नानीहरूको माझमा ।
जसरी फसलहरूबीच नाचिरहेको किसान भेटिन्छ ॥

केही सिक्नुपर्छ जरुर हामीले यी नानीहरूबाट
प्रत्येक बोलीमा अमृतको निर्मल मुहान भेटिन्छ ॥

oo

(गजलकार श्रेष्ठ अमेरिका नेपाल सहयोगी समाजका आजीवन सदस्य हुनुहुन्छ)

कल्पना सुवेदी

बाँच्न जाने जिन्दगी

जिन्दगी बाँच्न जाने हाँस्ने
पिल बाचुञ्जेलसम्म
जिउन नजाने जिन्दगी
हिल बाँचुञ्जेलसम्म

घरबारको टाइटलमा
थपक्क आफ्नो नाउँ
मलाई भने मोर्ट्गेजको
बिल बाँचुञ्जेलसम्म

बाहिर ठिक्क पार्ने
देखावटी जाली साथीसँग
बचेरै हिँड्न जान्नु ठुलो
स्किल बाँचुञ्जेलसम्म

कोनमा भएको
आइसक्रिम जस्तै हो जिन्दगी
चाट्न चाहिन्न सुगर
रिफिल बाँचुञ्जेलसम्म

चाहेका सबै फूलहरू
कहाँ चढ्छन् र शिरमा
मिठो घाउ भई कोतर्छन्
दिल बाँचुञ्जेलसम्म

oo

(गजलकार सुवेदी अमेरिका नेपाल सहयोगी समाजका आजीवन सदस्य हुनुहुन्छ)

डायस्पोराको पहिलो नेपाली भाषा तथा संस्कृति विद्यालय

पुरुषोत्तम सुवेदी

नङ र मासु जसरी परस्पर छुट्टिएर रहन सक्दैनन्, त्यसरी नै एक परिस्कृत मानव जाति र भाषा एकअर्काबाट अलग भएर रहन सक्दैनन्। यी दुई एकअर्काका परिपूरक हुन् भन्नुमा केही अत्युक्ति नहोला। मानवीय सभ्यताको विकास-क्रममा विभिन्न जातिहरू अस्तित्वमा आएका छन्। यी जातिका आ-आफ्नै भाषा, कला, साहित्य र संस्कृति छन्। यस परिप्रेक्ष्यमा विकसित भाषाको अपनत्वले नै जातीय गौरवलाई कायम राखेको हुन्छ। अरू जातिका अगाडि "हामी नेपाली हौं" भनेर गौरवसाथ आफ्नो नेपाली अस्तित्वको पहिचान दिने सबभन्दा ठुलो आधार नै हाम्रो नेपाली भाषा हो। यसलाई हामीले कहिल्यै भुल्नु हुन्न। त्यसमा पनि नेपालबाहिर रहेका नेपालीहरूका लागि त आफ्नो पहिचान दिगो बनाइराख्नका निमित्त नेपाली भाषा अत्यन्तै जरुरी छ।

विदेशमा जन्मिएका बाबुनानीहरू त्यसै पनि वातावरण र माहोल नभएका कारण नेपाली भाषा त्यति बोल्न सक्दैनन्। त्यसमा पनि विभिन्न कठिनाइ र मजबुरीका कारण दुवै आमाबाबुको लामो समय घरबाहिर बित्ने हुँदा बच्चाबच्चीहरूको लामो समय डे केयर (दिनमा हेरविचार गर्ने ठाउँ) मा अथवा बेबी सीटरकोमा बित्छ जसले गर्दा आफ्नो भाषामा कुराकानी आदान-प्रदान गर्ने अभ्यास छुट्छ। कहिले-कहिले घरमा एक अभिभावक मात्र नेपाली भाषा बोल्ने हुँदा पनि भाषा लोप हुने धेरै सम्भावना हुन्छ। जहाँ एकभन्दा बढी भाषा बोलिन्छ, त्यहाँ कि त सबैमा प्रायःजसो भाषाको ज्ञान हुनुपर्छ होइन भने सबैले बुझ्ने भाषा नै बोल्नुपर्छ। यी यस्ता कुरा आजको हाम्रो भाषाको महत्व र समस्या पनि हुन्।

यी सबै माथिका कुरालाई ध्यानमा राखी अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) ले एक नेपाली विद्यालयको स्थापना हुनुपर्ने आवश्यकता ठहर गरी सेप्टेम्बर २००२ मा नेपाली भाषा तथा संस्कृति विद्यालय वासिङ्गटन डिसीमा स्थापना गऱ्यो।

इतिहास यसरी सुरू हुन्छ

नेपाली भाषा मृत्युको संघारमा भएको कुरा अनेसासको प्रकाशन 'अन्तर्दृष्टि' पत्रिकामा अनेसासका संस्थापक-अध्यक्ष होमनाथ सुवेदीको सम्पादकीयमा (सुवेदी, होमनाथ (सम्पा.). अन्तर्दृष्टि नोभेम्बर, २००२/२०५९ : ६) छापिएको थियो। त्यसमा भनिएको थियो– 'नेपाली साक्षरता नै नरहे के को लागि नेपाली साहित्य ? आज नेपाली भाषा र साहित्यको गला यसरी एकै ठाउँमा जोल्टिएको छ कि नेपाली भाषा शिक्षणलाई विश्वव्यापी रूपमा निरन्तरता नदिएमा चाँडै नै नेपाली साहित्य मृत-भाषा घोषित हुनेछ। आज नेपाली भाषाको पठन-पाठनको कुरा त परै जाओस्, एक-दुई शब्द मान्छेले सुन्न र बोल्न पनि छोडिसकेका छन्। यो क्रम बढ्दै जानुको मतलब हो हाम्रो जनसंख्या बढे पनि हाम्रो स्वाभिमान, हाम्रो अस्तित्व, हाम्रो आत्मसम्मान र हाम्रो रक्तको गौरव क्षीण हुँदै जानु, पतन हुँदै जानु हो, हीन र निकृष्ट हुँदै जानु हो, अन्तिममा नेपाली नै, भाषा र साहित्यको त कुरै छाडौं, हामी आफैँ, आफैँ मासिनु हो। यो संकटलाई नेपालको गद्दीमा बसेर गद्दीकै लागि लुछाचुँडी गर्ने सत्ताधारीहरूले यो संकटलाई समाधान गर्न पक्कै प्रतिद्वन्द्विता आँखा खोलेर गरिरहेका होलान्। यो कुरा त हामीलाई थाहा छैन तर प्रवासमा बसेर मातृभाषाप्रति चिन्तनशील व्यक्तिहरू भने हामीले न्युयोर्कका गल्लीहरूमा, टोकियोका टाकुरा-टाकुरामा, आसाम, सिक्किम र कालिम्पोङका युवकहरूमा, क्यानाडा, युके र अस्ट्रेलियाका साना-तिना भेटघाटहरूमा र वासिङ्गटन डिसीका पार्कका बार्बेक्यू ग्रीलहरूमा यो विषय तातिरहेको छ, पुत्ताइरहेको छ, व्यापक चर्चाको ज्वाला निक्लिरहेको छ तर..... हामीले गरेर केही हुन्न, हो देखेर चुप लागेर बस्न पनि त सकिन्न, सायद यही उकुसमुकुस्याइ नै त अस्तित्वको चिन्ह हो। यही नै हामी सबैको प्रेरणा हो र यसले दिएको सम्झौताविहीन दायित्व हो जसलाई जतिसक्दो पूरा न गरेसम्म आफैँलाई शान्ति मिल्दैन, मुक्ति मिल्दैन।''

सुवेदीको त्यसरी 'अन्तर्दृष्टि' सम्पादकीयमा दिएको चेत र त्यसबेलाका अनेसास केन्द्रीय अध्यक्ष पुरुषोत्तम सुवेदीको भाषा-शिक्षणको योजना मेल खायो। त्यसमा अरू धेरै सदस्यको पनि सहमति थियो। पुरुषोत्तम सुवेदीले विश्व नेपाली भाषा शिक्षणको अभियान र योजना बनाए जुन 'अन्तर्दृष्टि' मा (सुवेदी, होमनाथ (सम्पा.). 'अन्तर्दृष्टि' नोभेम्बर, २००२/२०५९ : १५, १६,१७) छापिएको थियो। उनले उक्त सन्देशमा पनि जोड दिएर यसलाई विश्वव्यापी बनाउन डिसीमा एउटा मोडेल स्कुलको स्थापना गरे। त्यसको सञ्चालनका लागि एउटा समिति गठन गरिएको थियो। त्यस स्कुलको उद्घाटन डिसीस्थित जर्ज मेसन युनिभर्सिटीको हलमा गरिएको थियो। यो मोडेल उपयोग गर्न र ठाउँ-ठाउँमा यस्तो नेपाली भाषा तथा संस्कृति विद्यालय खोल्ने कार्य सञ्जालमा फैलाउने काम भयो। अनेसासले नेपाली भाषाको शिक्षणलाई पनि डायस्पोरामा महत्वको दृष्टिले आँकिरहेको थियो।

अध्यक्ष पुरुषोत्तम सुवेदीद्वारा प्रस्तावित नेपालीहरूका लागि 'विश्वव्यापी नेपाली भाषा शिक्षण कार्यक्रम' को सुरुआत गर्नुको मुख्य उद्देश्य अमेरिका र अन्य देशका नेपाली समुदायमा रहेका स्थानीयस्तरमा कार्यरत संस्थाहरूसँग मिलेर आ-आफ्नो क्षेत्रमा नेपाली भाषा तथा संस्कृतिसम्बन्धी विद्यालयको स्थापना गरी सुसञ्चालनका लागि सक्षम बनाउने, नेपाली भाषालाई स्थानीयस्तरका स्कुलहरूमा अध्ययन गराइने

दोस्रो भाषाको रूपमा औपचारिक मान्यता दिलाउने एवम् विभिन्न विश्वविद्यालयमा नेपाली भाषा शिक्षण इकाइको स्थापना गर्न जोड दिने आदि रहेको थियो ।

पुरुषोत्तम सुवेदीको कार्य समितिले वासिङ्गटन डिसी महानगरीय क्षेत्रमा भएका सबै संघ-संस्थाका अध्यक्षहरूलाई सल्लाहकारमा राखेको थियो ।

अनेसासले ३ अगस्त २००२ मा जर्ज मेसन युनिभर्सिटी, फेयरफ्याक्समा एक बैठक गरी विद्यालय सञ्चालक समितिको गठन गऱ्यो जसले विद्यालयको स्थापना र सञ्चालनका लागि चाहिने पूर्वाधार तयार गऱ्यो । समितिले एक महिनाभित्र विद्यालय सञ्चालन गर्ने कार्यका लागि एउटा कार्ययोजना पनि तयार गऱ्यो । त्यसअनुसार-

१. पहिलो योजनाअनुसार समुदायको रुचि बुझ्न अनेसासको वेबसाइटमा अनलाइन फारम राखिएको थियो । त्यसमा अभिभावकको रुचि, पायक पर्ने ठाउँ, कति बेला र कुन दिन, दुवै अभिभावक नेपाली बोल्ने वा एकजना मात्र अथवा दुवै नबोल्ने इत्यादि प्रश्नहरू राखिएको थियो । त्यसपछि सञ्चालक समितिको बैठक बसी सर्वे फर्मका अनुसार ठाउँ, समय र कक्षाको निर्धारण गरियो ।
२. दोस्रो योजनाअनुसार पाठ्यक्रम समितिको गठन गरेर किन्डर गार्टेनदेखि नौ तहका कक्षाहरूका लागि नौ वर्षे पाठ्यक्रम तयार पारियो र विस्तृत दैनिक पाठ्यक्रम बनाउनका लागि शिक्षक समूहलाई जिम्मा लगाइयो ।
३. तेस्रो योजनाअनुसार स्कुलको आर्थिक कोष स्थापनाका लागि नेपाली समुदायसँग सहयोगका लागि अनुरोध गरियो र त्यसैबाट आएको रकमले शिक्षकहरूलाई तलब दिएर विद्यालयमा ल्याउने निर्णय भयो । यो "नेपाली भाषा तथा संस्कृति विद्यालय" ले पहिलो अनुदान एएनएका पूर्वअध्यक्ष डा. श्याम कार्कीको परिवारबाट स्थापित 'इन्दिरा फाउन्डेसन रोचेस्टर' बाट नृपध्वज कार्कीको स्मृतिमा ५०० डलर प्राप्त गऱ्यो ।

पहिलो विद्यालय सञ्चालक समितिमा पुरुषोत्तम सुवेदी, डा.अनुप पाहारी, होमनाथ सुवेदी, डिबी तामाङ, डा.गुणराज सुवेदी, क्याथी इस्ताइन, प्रेम संग्रौला, प्रज्ञा सिटौला, कल्पना सुवेदी, सुजन शाह, सरोज प्रजापति, प्रेम थापा, नोरा थापा, बीना गुरुङ, गीता प्रजापति, प्रतीक्षा शर्मा, गुनु उपाध्याय, कृष्णभाइ प्रधान, दया शाक्य, पुष्पमान जोशी र किरण सिटौला हुनुहुन्थ्यो ।

सोही वर्ष सेप्टेम्बर १५ मा नेपाली भाषा तथा संस्कृति विद्यालयको उद्घाटन अमेरिकाका लागि तत्कालीन नेपाली राजदूत जयप्रताप राणाद्वारा जर्ज मेसन युनिभर्सिटीमा भव्यताका साथ भएको थियो । प्रारम्भमा १९ जना विद्यार्थी र चारजना शिक्षक भएको यस नेपाली विद्यालयमा किन्डर गार्टेन, लेभल एक र नृत्य-कक्षा बालबालिकाहरूका लागि साथै १६ वर्षभन्दा माथिका लागि नेपाली बोलचालको कक्षा पनि राखिएको थियो । लेभल एक र लेभल दुईका नेपाली कक्षाका साथै बालबालिकाहरूका लागि नेपाली डान्स-कक्षा पनि खोलिएको थियो ।

यसरी नेपाली भाषा तथा संस्कृति विद्यालयले सफलताका साथ अध्ययन-अध्यापन कार्य सम्पन्न गरी समुदायलाई सुम्पेको थियो । यसरी एक सत्रको विद्यालय शिक्षा समाप्त गरेपछि पनि बालबालिकाहरूले वर्षभरि सिकेका नेपाली भाषा र संस्कृति अर्को शैक्षिक वर्ष सुरु नहुँदासम्म बिर्सिन नसकून् भन्ने उद्देश्यले तीन दिने समर क्याम्प पनि आयोजना गरिएको थियो । क्याम्पको पहिलो दिन चर्चित नेपाली सिनेमा "नुमाफुङ" देखाइएको थियो भने दोस्रो दिन हाजिरी-जवाफ प्रतियोगिता र तेस्रो दिन भानु जयन्तीको अवसरमा विभिन्न शैक्षिक कार्यक्रमको आयोजना गरिएको थियो ।

यो विद्यालय सञ्चालन गर्दाका तीता-मीठा अनुभवहरू र सामग्रीहरू नेपालबाहिरका विभिन्न समुदायहरूमा सार्न अनेसास निरन्तर रूपमा लागिरहेको थियो । जुलाई २००३ मा कोलोराडोको डेन्भर र बोल्डर सहरमा नेपाली भाषा तथा संस्कृति विद्यालय स्थापना गरी डिसीको नमुना सार्ने काममा संलग्न भएको थियो । यसै गरी अमेरिकाका अन्य सहर र नेपालबाहिर विश्वका विभिन्न देशमा भएका शाखाहरूमा पनि शीघ्र नेपाली भाषा तथा संस्कृति विद्यालय डिसीको नमुना पुऱ्याउन अनेसास कटिबद्ध भएर सर्वदा लागिरहेको थियो, लागिरहने छ । कोलोराडोको डेन्भर र बोल्डरमा नेपाली भाषा तथा संस्कृति विद्यालय स्थापना गरी डिसीको नमुना सार्ने कामको सफलताको पछाडि त्यहाँका स्थानीय रक्की माउन्टेन नेपाली समाज, अनेसास कोलोराडो च्याप्टर र नेपाली भाषा तथा साहित्यप्रेमीहरूको पाठ नै सक्रिय रहेको थियो । यसै प्रकारको सह-सम्बन्धको नमुना ठाउँ-ठाउँमा पनि सार्न सकेमा नेपाली जातीयताको गौरव र पहिचान नेपाली भाषालाई सर्वत्र जीवन्त राख्न हाम्रा भाषा तथा संस्कृति विद्यालयहरू उपयोगी हुनेछन् ।

यसका लागि नेपाली भाषा, साहित्य र संस्कृतिलाई अझ बढी जीवन्त राख्न अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको तर्फबाट अध्यक्ष पुरुषोत्तम सुवेदीद्वारा देहायका नौं बुँदाहरू उत्तरी अमेरिकाका सबै सामुदायिक संघ-संस्थाहरूलाई कार्यान्वयन गर्न कोलोराडोमा भएको एएनए कन्भेन्सनमा प्रस्ताव गरिएको थियो । त्यो यस्तो थियो-

''अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले नेपाली भाषा, साहित्य र संस्कृतिसम्बन्धी गतिविधिहरू सञ्चालन गर्नुका दुई मुख्य उद्देश्य छन्: १. नेपाली भाषा, साहित्य र संस्कृतिको अन्तर्राष्ट्रियस्तरमा प्रवर्धन गर्नु र २. आप्रवासी नेपालीहरूमा आफ्नो नेपाली पहिचानलाई अक्षुण्ण राख्नु । आज सिङ्गो उत्तरी अमेरिकामा बसोबास गर्ने नेपालीहरूको जमघटको यो क्षणमा म खास गरेर यस प्रवासमा नेपाली पहिचानलाई दिगो राख्न अनेसासले चलाएको अभियानमा सक्रिय साथ दिन यहाँहरू सबैमा हार्दिक आग्रह गर्न चाहन्छु । मलाई लाग्दछ, प्रवासमा आफ्नो पहिचानलाई जीवन्त र दिगो राख्नुपर्दछ भन्नेमा कसैको पनि दुई मत हुँदैन होला । तथापि यो अभियान कुन रूपमा गइरहेको छ र अनेसासले यसका लागि के हुनु पर्दछ भन्ने ठान्दछ भन्ने बारेमा केही कुराहरू यहाँहरू समक्ष राख्ने अनुमति चाहन्छु ।

संभवतः नेपालबाहिर रहेका नेपालीहरूको संख्यामा संयुक्त राज्य अमेरिका दोस्रो देश मानिन्छ । तर, हामीले संगठित भएर आफ्नो छुट्टै पहिचान बनाउन नसकेकोले अमेरिकी एवम् नेपाली नीति निर्माणमा वाञ्छित प्रभाव पार्न सकेका छैनौं । धेरै टाढाको कुरा नगरौं, हालै मात्र नेपालका लाखौं नेपालीहरूको रोजगारीमा प्रत्यक्ष प्रभाव पार्ने नेपाली उत्पादनलाई भन्सार सहुलियत दिनेसम्बन्धी विधेयक सिनेटर फाइन्सटाइनले रोकिदिँदा अमेरिकामा बसोबास गर्ने हामी नेपालीहरूले केही गर्न सकेनौं । हामी यो प्रवासमा आफ्नो बेग्लै पहिचानका साथ एक ठाउँमा उभिन सकेको भए कम्तीमा आफ्नो आवाज सम्बन्धित ठाउँसम्म

पुऱ्याउन सक्ने स्थितिमा हुने थियौँ। यही एउटा उदाहरण मात्रले हामीलाई आफ्नो पहिचान राखी एक हुनुपर्ने तथ्यको महत्वबोध गराउँदछ। यसैले अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज उत्तरी अमेरिकाका सबै सामुदायिक संघ-संस्थाहरूको यसतर्फ ध्यान आकर्षण गराउन चाहन्छु।

यस सन्दर्भमा मननयोग्य कुरा के छ भने नेपालमा जस्तै नेपालबाहिर रहेको नेपाली समुदायमा पनि नेपालका सबै जात-जातिहरूको प्रतिनिधित्व रहेको छ जसका आफ्नै छुट्टै भाषा र संस्कृति छन्। जसरी नेपालमा विभिन्न मातृभाषीहरूको प्रतिनिधित्व छ र जसरी नेपालमा विभिन्न मातृभाषीलाई नेपाली भाषाको माध्यमबाट एकताको सूत्रमा बाँधिएको छ, त्यसैगरी नेपाली भाषा र साहित्यको माध्यमबाट नेपालबाहिर रहेको नेपाली समुदायमा पनि हामीबीच एकता र आफन्तपनको अभिवृद्धि गर्न सकिन्छ। भारतमा बसोबास गर्ने नेपालीहरूको प्रवासी जीवनलाई नमुनाको रूपमा अनुशरण गर्न सकिन्छ। सबैलाई विदित भएकै कुरा हो, उनीहरू भानुभक्तलाई नेपाली जातीय एकीकरणको धरोहरका रूपमा मान्दछन् र यिनैको माध्यमबाट करोडौँको संख्यामा रहेका उनीहरू एकताबद्ध छन्। यसबाट पाठ सिकेर विशेषगरी उत्तरी अमेरिकामा अन्य मूलका मानिसहरूको तुलनामा अत्यन्त अल्पसंख्यामा रहेका हामीहरूले "एक नेपाली जाति एक नेपाली भाषा" को नारा लिई हाम्रा हर एक समुदायमा नेपाली पहिचानलाई जीवन्त र दिगो राख्न जुटौं" भन्ने अभियानलाई साथ दिई अघि बढेमा हामी सबैको आफ्नो हितको रक्षा हुने विश्वास मलाई छ।

यसका लागि नेपाली भाषा, साहित्य र संस्कृतिलाई अझ बढी जीवन्त राख्न अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको तर्फबाट देहायका नौ बुँदाहरू उत्तरी अमेरिकाका सबै सामुदायिक संघ-संस्थाहरूलाई कार्यान्वयन गर्न प्रस्ताव गर्दछु :

१. स्थानीयस्तरमा नेपाली समुदायमा नेपाली भाषा र संस्कृतिको संरक्षणको आवश्यक व्यवस्था गर्न अभिभावकलाई घरमा नेपाली भाषा बोल्न उत्प्रेरित गर्ने। सम्भव भएसम्म नेपालीका अन्य संस्थाहरूले संस्कृतिको शिक्षणको व्यवस्था गर्ने।
२. नेपालीहरू भेला भएका सभा-समारोहहरू एवम् वनभोजजस्ता कार्यक्रमहरूमा नेपाली भाषाबारे सञ्चालन गर्ने र नेपाली पोसाक लगाउन उत्प्रेरित गर्ने।
३. सबै संघ-संस्थाले आफ्नो वार्षिक अधिवेशनमा नेपाली भाषा-साहित्यका लागि एउटा मञ्च अनिवार्य रूपमा राख्ने र बढीभन्दा बढी सदस्यहरूलाई त्यस्ता कार्यक्रममा सहभागी हुन उत्प्रेरित गर्ने।
४. संस्थाहरूले प्रकाशित गर्ने मुखपत्रको कम्तीमा पनि आधा सामग्री नेपाली भाषामा प्रकाशित गर्ने।
५. सांस्कृतिक अथवा अन्य मनोरञ्जन कार्यक्रममा नेपालको लोक-संस्कृतिलाई प्राथमिकता दिने र नेपाली जातीय वेशभूषा र चाडपर्वमा देखाइने प्रचलनको प्रदर्शन गर्ने।
६. नेपाली नयाँ वर्ष, दसैँ, तिहार, बुद्ध-जयन्तीजस्ता नेपाली चाडपर्वहरू सामुदायिक कार्यक्रम राखी मनाउने।
७. प्रसिद्ध नेपाली साहित्यकारहरू भानुभक्त आचार्य, लक्ष्मीप्रसाद देवकोटा आदिको जयन्ती सामुदायिक कार्यक्रमहरूको आयोजना गरी मनाउने।
८. कम्तीमा पनि वर्षको एकपटक आफ्नो क्षेत्रका कंग्रेसम्यान वा सिनेटर (स्थानीय प्रतिनिधि) लाई बोलाएर नेपाली समुदायको विचार र आपसी चासोका प्रमुख सवाल (इस्यू) हरू बारे छलफल गर्ने र विभिन्न राज्यमा स्थानीयस्तरमा भएका यस्ता छलफल कार्यक्रमहरूको निष्कर्ष एकआपसमा आदान-प्रदान गर्ने। साथै, यस्ता छलफलसम्बन्धी समाचार एवम् विचारहरू मूलधारका सञ्चार माध्यमहरूमा प्रकाशन गर्ने।
९. वासिङ्गटन डिसी क्षेत्रमा एउटा नेपाली तथा नेपालका अन्य

एएनएचएस एकेडेमीको विद्यार्थी समूह

भाषामा लेखिएका साहित्यिक एवम् अनुसन्धानात्मक पुस्तकहरूको पुस्तकालय स्थापना गर्ने । प्रस्तुत पुस्तकालय स्थापना भएपछि यसको शाखाका रूपमा अन्य राज्यहरूमा पनि स्थानीय समुदायको सक्रियतामा नेपाली पुस्तकालयको स्थापना गर्ने ।

अब म अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका तर्फबाट यस दिशामा भए गरेका कामहरूबारे चर्चा गर्ने अनुमति चाहन्छु । अनेसासले नेपालीहरूका लागि विश्वव्यापी नेपाली भाषा-शिक्षण कार्यक्रमको सुरुआत गरेको थियो । यसको मुख्य उद्देश्य अमेरिका र अन्य देशका नेपाली समुदायमा रहेका स्थानीयस्तरमा कार्यरत संस्थाहरूसँग मिलेर आ-आफ्नो क्षेत्रमा नेपाली भाषा तथा संस्कृतिसम्बन्धी विद्यालयको स्थापना गरी सुसञ्चालनका लागि सक्षम बनाउने, नेपाली भाषालाई स्थानीयस्तरका स्कुलहरूमा अध्ययन गराइने दोस्रो भाषाका रूपमा औपचारिक मान्यता दिलाउने एवम् विभिन्न विश्वविद्यालयमा नेपाली भाषा शिक्षण इकाइको स्थापना गर्न जोड दिने आदि रहेका छन् । यस क्रममा वासिङ्गटन डिसीमा नेपाली भाषा तथा संस्कृति विद्यालयको स्थापना गरी एक वर्ष नेपाली भाषा र संस्कृतिसम्बन्धी कक्षाहरू सञ्चालन भइसकेका छन ।''

यहाँहरूलाई अवगतै छ, रोकी माउन्टेन फ्रेन्ड्स अफ नेपाल (आरएमएफएन) र अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका प्रतिनिधि ज्ञानेन्द्र गदालको सक्रियतामा कोलोराडोमा दुईवटा विद्यालयको स्थापना भयो । साथै, अस्ट्रेलियाको मेलबर्न सहरमा पनि 'नेप्लिज एसोसिएसन अफ भिक्टोरिया'सँग मिलेर नेपाली भाषा तथा संस्कृतिसम्बन्धी विद्यालयको सञ्चालन गरिएको थियो । विद्यालयको स्थापनाका लागि टेक्सास, न्युयोर्क र ओरेगन राज्यहरूमा रहेका नेपाली समुदायहरूबाट पनि अभिरुचि देखाइएको थियो ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज एवम् भाषा-साहित्यप्रेमी मित्रहरूको सक्रियतामा वासिङ्गटन डिसी क्षेत्रमा एउटा नेपाली तथा नेपालका अन्य भाषामा लेखिएका साहित्यिक एवम् अनुसन्धानात्मक पुस्तकहरूको एउटा पुस्तकालय स्थापना गर्नका लागि आवश्यक पहल गरिएको थियो । यसमा शाही नेपाली दूतावासबाट पनि सक्दो सहयोग हुने वचनबद्धता प्राप्त भएको थियो । राजदूतावासमार्फत नेपालमा साझा प्रकाशन एवम् प्रज्ञा प्रतिष्ठानलाई उनीहरूका प्रकाशनहरूको एक-एक प्रति सो पुस्तकालयका लागि उपलब्ध गराइदिन अनुरोध गरिसकिएको थियो ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले नियमित रूपमा प्रकाशन गर्ने साहित्यिक पत्रिका 'अन्तर्दृष्टि' को धेरै अंश नेपालीमा नै प्रकाशित हुने गर्दछ । अनेसासकै अनुरोधमा एएनए/एएनएसका मुखपत्रहरूमा पनि नेपाली भाषाका रचनाहरूले पर्याप्त स्थान प्राप्त गर्न सफल भएका थिए ।

००

(लेखक सुवेदी अमेरिका नेपाल सहयोगी समाजका आजीवन सदस्य तथा पूर्वसल्लाहकार हुनुहुन्छ)

अमेरिकामा रहेका भूटानीहरूको मानसिक स्वास्थ्य

हरि खनाल

सन् १९९० को दशकको सुरूमा हजारौं नेपालीभाषी लोत्साम्पा (दक्षिणमा बसोबास गर्ने भूटानी नागरिक) लाई लक्षित गरी भूटानको राज्यसत्ताद्वारा गरिएको गैरकानुनी गिरफ्तारी, कुटपिट, यौन शोषण, हत्यालगायतका अत्याचारहरूबाट बच्नको निम्ति उनीहरूले रातारात देश छोड्नुपरेको थियो । उनीहरूमध्ये धेरैका परिवार-सदस्यहरूलाई मानव अधिकार बहालीको शान्तिपूर्ण आन्दोलनमा संलग्न भएको वा सहयोग गरेको आशंकामा जथाभावी पक्राउ गरी देशद्रोहीको आरोपमा जेल चलान गरिएको थियो ।

आफ्ना बालबच्चा र बृद्ध-बृद्धासहित छिमेकी मुलुक भारत प्रवेश गरेका यी भूटानी नागरिकले त्यहाँ शरण पाएनन् । त्यसपछि उनीहरू आफ्नो अन्योलपूर्ण जीवन लिएर शरणको खोजी गर्दै नेपाल प्रवेश गर्न बाध्य भएका थिए । भाग्यवश, तत्कालीन नेपाल सरकारले उनीहरूलाई शरणार्थीका लागि संयुक्त राष्ट्र संघीय उच्च आयोगको निगरानीमा रहने व्यवस्थासहित शरणार्थीको रूपमा शरण प्रदान गऱ्यो । यद्यपि, राज्यविहीन अवस्थामा तेस्रो मुलुकमा शरणार्थीका रूपमा कष्टकर जीवन बिताउनु पर्दा उनीहरूको समग्र मानसिक स्वास्थ्यमा ठुलो विचलन आएको थियो ।

शरण प्राप्त गरेपछि पूर्वी नेपालमा स्थापित विभिन्न सातवटा शिविरहरूमा बस्दै आएका भूटानी नागरिकहरूलाई स्वदेश फिर्ता गर्ने सिलसिलामा नेपाल र भूटान सरकारबीच सन् १९९३ देखि सन् २००३ सम्म आइपुग्दा १५औं पटकसम्म द्विपक्षीय वार्ताहरू भएका थिए । तर, ती सबै वार्ताहरू असफल भएपछि शरणार्थीहरूले स्वदेश फर्कन पाउने सम्भावना अत्यन्तै न्यून बन्न पुग्यो र उनीहरूमा विद्यमान मानसिक तनाव झनै जटिल बन्न पुग्यो ।

इन्टरनेसनल जर्नल अफ मेन्टल हेल्थ सिस्टम (आइजेएमएचएस) ले मे २०१५ मा सार्वजनिक गरेको एक प्रतिवेदनअनुसार नेपालका शरणार्थी शिविरहरूमा रहेको बेला ३७.१% वयस्क भूटानीहरूमा डिप्रेसन (मानसिक चिन्ता) का अत्यधिक लक्षणहरू देखिएका थिए भने १२.५% मा साइकोसिस (मनोविकृति) का लक्षणहरू देखिएका थिए । त्यस्तै, १४५ जना यातना-पीडित भूटानी शरणार्थीमा पोस्ट-ट्रमाटिक स्ट्रेस डिसअर्डर (पिटिएसडी) अर्थात् आघातबाट तनावमा उत्पन्न विचलनका लक्षणहरू देखिएको पनि उक्त प्रतिवेदनमा उल्लेख छ ।

त्यसो त शरणार्थी शिविरहरूमा प्रत्येक वर्ष हुने गरेका आत्महत्याका घटनाहरूबाट पनि यातना पाउने वा नपाउने दुवै थरिका भूटानीहरूमा मनोवैज्ञानिक विचलन आएको थियो भन्ने कुरा सजिलै बुझ्न सकिन्छ । भूटानमा रहँदा उनीहरूमाथि भएको गैरकानुनी गिरफ्तारी, सुरक्षा-बलको कुटपिट तथा अत्याचार, दुर्घटना वा हिंसाको साक्षी, आफन्त वा प्रियजनको मृत्यु, सामाजिक, सांस्कृतिक एवम् धार्मिक स्वतन्त्रता र चल-अचल सम्पतिमाथिको हस्तक्षेपजस्ता कारणहरूले शरणार्थीहरूको मानसिक स्वास्थ्यमा ठुलै प्रभाव परेको थियो । त्यस्तै, नेपालका शिविरहरूमा रहँदा भोग्नुपरेको बेरोजगारी तथा गरिबीस्ता परिस्थितिहरूले उनीहरूमा थप मानसिक विचलन ल्याएको र त्यसैको नकारात्मक परिणामस्वरूप आत्महत्याका घटनाहरू हुने गरेको अनुमान गर्न सकिन्छ । यद्यपि, त्यसबेला कुनै स्वतन्त्र एवम् निष्पक्ष अनुसंधानहरू नभएकाले यिनै कारणहरूबाट ती सबै आत्महत्याका घटनाहरू घटेका थिए भनेर पुष्टि गर्ने बलिया आधारहरू भने छैनन् ।

करिब १५-१६ वर्षसम्म त्यसरी बसेर पनि स्वदेश फर्कन सक्ने कुनै सम्भावना नदेखिइरहेको अवस्थामा सन् २००७ मा आएर अमेरिकालगायत विभिन्न सातवटा मुलुकले तेस्रो देश पुनर्वासको कार्यक्रमअन्तर्गत भूटानी शरणार्थीहरूको निश्चित संख्यालाई आ-आफ्नो देशमा बसोबास गराउने विकल्प सार्वजनिक गरेका थिए । त्यसपछि सन् २००८ यता हालसम्ममा तेस्रो देश पुनर्वास कार्यक्रमअन्तर्गत अमेरिका आएका भूटानी शरणार्थीहरूको संख्या ९५ हजारभन्दा बढी पुगेको छ ।

अमेरिका पुनर्वासपछि पनि ठुलो संख्यामा भूटानी शरणार्थीहरूमा मानसिक एवम् व्यवहारिक स्वास्थ्य समस्याका कारण धेरैले बर्सेनी आत्महत्या गर्ने गरेको घटनाहरू प्रकाशमा आइरहेका छन् । सन् २००९ देखि सन् २०१२ को फेब्रुअरीसम्म भूटानीहरूले गरेका आत्महत्याको बारेमा सेन्टर फर डिजिज कन्ट्रोल (सिडिसी) ले गरेको अध्ययनअनुसार, अमेरिकीहरूको वार्षिक आत्महत्या र विश्वको वार्षिक आत्महत्याका घटनाहरूको तुलनामा भूटानी शरणार्थीहरूमा देखिएको आत्महत्याको दर अत्यधिक उच्च रहेको छ । सिडिसीका अनुसार, विश्वको वार्षिक आत्महत्याको दर प्रति १००,००० बराबर १६.०% र अमेरिकीहरूको वार्षिक आत्महत्याको दर प्रति १००,००० बराबर १२.४% रहेको छ भने भूटानी शरणार्थीहरूमा देखिएको आत्महत्याको दर प्रति १००,००० बराबर २१.५% रहेको छ । नेपालका शिविरहरूमा भएका वार्षिक आत्महत्याका घटनाहरूसँग तुलना गर्दा अमेरिका पुनर्वासपछि भएका आत्महत्याका घटनाहरूमा झन्डै एक प्रतिशतले वृद्धि भएको देखिन्छ । पुनर्वास हुनुपहिले नेपालमा रहँदा भूटानी शरणार्थीहरूको आत्महत्याको दर प्रति १००,००० बराबर २०.७% रहेको सिडिसीको प्रतिवेदनमा उल्लेख छ ।

सिडिसीद्वारा टेक्सास, एरिजोना, जर्जिया र न्युयोर्कमा पुनर्वासित भूटानीहरूमध्येबाट जम्मा ५७९ जनालाई सामेल गराइएको उक्त अध्ययनले अमेरिकामा बसोबास गर्ने भूटानीहरूको ठुलो जनसंख्यामा आत्महत्या र मानसिक स्वास्थ्य विकारका लक्षणहरू (जस्तै– चिन्ता र उदासीनता वा पिटिएसडी) र पुनर्वासपछिका कठिनाइहरू (उदाहरणका लागि, पारिवारिक कठिनाइ वा काम पाउनका लागि असमर्थता) जस्ता लक्षणहरू रहेको उल्लेख गरेको छ । सर्वस्वसहित आफ्नो देश गुमाउनु पर्दा भूटानी शरणार्थीहरूको मानसिक एवम् व्यवहारिक स्वास्थ्यमा जति धेरै विचलन आएको थियो, १७औं वर्षसम्म शरणार्थी शिविरमा रोग, भोक र अभावग्रस्त जीवन बिताउनु पर्दा त्यति नै धेरै मानसिक पीडाहरू थपिएका थिए । त्यस्तै, आफ्नो देश फिर्ता हुन नसकी पुनर्वास कार्यक्रमअन्तर्गत अमेरिकाजस्तो प्रतिस्पर्धात्मक मुलुकमा आएर सामना गर्नुपरेका अनेकन कठिनाइहरूबाट उत्पन्न तनावहरूका कारण पनि भूटानीहरूमा आत्महत्याका घटनाहरू हुने गरेको पाइन्छ ।

भाषाको समस्याका कारण पनि धेरै ठुलो संख्यामा अमेरिकामा रहेका भूटानीहरूले विभिन्न कठिन परिस्थितिहरूको सामना गर्नु परिरहेको छ । भाषाको समस्याले गर्दा उनीहरूको मानसिक स्वास्थ्यमा नकारात्मक असर पर्ने भएका कारण उनीहरू आत्महत्या गर्नेसम्मको कठोर निर्णयमा पुग्ने गरेको जानकारहरू बताउँछन् । अमेरिकी समुदायको तुलनामा भूटानी समाजमा मानसिक स्वास्थ्यसम्बन्धी साक्षरताको दर पनि अत्यन्तै न्यून छ । भूटानी समाजमा मानसिक स्वास्थ्यलाई कलंकको रूपमा हेर्ने सामाजिक परिपाटी अझै पनि कायम रहिरहेकाले धेरै मानिसहरू 'मानसिक बिरामी' का रूपमा चिनिन चाहँदैनन् । उनीहरू तत्कालै मानसिक स्वास्थ्य सेवाहरू लिन चाहँदैनन् जसका कारण आत्महत्याका घटनाहरूको दर बढी हुने गरेको पाइएको छ ।

सिडिसीले सार्वजनिक गरेको सर्वेक्षणपछि पनि अमेरिकामा रहेको भूटानी समुदायमा प्रत्येक वर्ष आत्महत्याका घटनाहरू हुने गरेका समाचारहरू प्रकाशमा आउने गरेका छन् । विभिन्न राज्यमा प्रत्येक वर्ष भएका यस्ता घटनाहरूको सिलसिलालाई हेर्दा भूटानी समुदायमा आत्महत्या गम्भीर चुनौतीका रूपमा रहेको पाइन्छ ।

उदाहरणका लागि, सन् २०१७ को जुन महिनामा टेक्सासनिवासी ४३ वर्षीय हरि अधिकारीले आफ्नै घरबाहिर झुन्डिएर आत्महत्या गरेका थिए भने २०१८ मा भर्मन्ट राज्यको बर्लिङ्टनिवासी ५२ वर्षीय हरि मैनालीले पनि पासो लगाएर आत्महत्या गरेका थिए । यस्तै, २१ फरवरी २०१९ मा बेपत्ता भएका ह्यारिसबर्ग, पेन्सिलभेनियानिवासी ४९ वर्षीय पदम रिजालले पनि आत्महत्या गरेको पुलिस अनुसन्धानमा खुल्न आएको थियो भने आफ्नै अपार्टमेन्टमा पासो लगाएर आत्महत्या गर्ने क्रममा उद्दार गरिएकी बफेलो, न्युयोर्कनिवासी गंगा पौड्यालको पनि उपचारका क्रममा मृत्यु भएको भूटान न्युज सर्भिस (बिएनएस) ले २ नोभेम्बर २०१५ मा समाचार प्रकाशन गरेको थियो ।

यस्तै, लुइभिल, केन्टकीनिवासी ४० वर्षीय रामबहादुर थापा बेपत्ता भएको दुई दिनपछि २ नोभेम्बर, २०१३ मा आफ्नो घरनजिकैको रूखमा पासो लगाएर आत्महत्या गरेको पनि बिएनएसले सोही समाचारमा जनाएको थियो । यहाँ प्रस्तुत उदाहरण त केवल प्रतिनिधि घटनाहरू मात्र हुन् । सन् २०१२ पछि भूटानी समुदायमा सयौं व्यक्तिले आत्महत्या गरेका छन् । यद्यपि, २०१२ पछि धेरै अनुसन्धान र अध्ययनहरू भए पनि त्यसको तथ्याङ्क नभएका कारण कति भूटानीहरूले आत्महत्या गरे भन्ने खुल्न सकेको छैन ।

अमेरिकी समुदायको तुलनामा भूटानी समाजमा मानसिक स्वास्थ्यसम्बन्धी साक्षरता न्युन रहेकाले मानसिक उपचारको खोजी नगर्ने भएका कारण आत्महत्याका घटनाहरू बढी हुने गरेको पाइन्छ । अमेरिकीहरूको तुलनामा उनीहरूको पारिवारिक, सांस्कृतिक एवम् सामाजिक सम्बन्धहरू बलियो भए पनि स्वास्थ्य संस्थाहरू, त्यसमा पनि खासगरी व्यवहारिक स्वास्थ्यको क्षेत्रमा संलग्न संस्थाहरू भाषिक, सामाजिक एवम् सांस्कृतिक रूपमा उपयुक्त सेवा प्रदान गर्न सक्षम नभएका कारण भूटानी समुदायमा आत्महत्याका घटनाहरू कम हुन नसकेको जानकारहरू बताउँछन् ।

बोस्टन कलेज स्कुल अफ सोसल वर्कद्वारा सञ्चालित बालबालिका तथा कठिनाइसम्बन्धी अनुसन्धान कार्यक्रमका सह–अन्वेषक एवम् स्टियरिङ कमिटी सदस्य भुवन गौतमका अनुसार, सामुदायिक स्वास्थ्य एवम् व्यवहारिक स्वास्थ्य क्षेत्र र रिसेटलमेन्ट एजेन्सीहरूले भूटानीहरूद्वारा सञ्चालित सामुदायिक संघ–संस्थाहरूमार्फत सेवा उपलब्ध गराउन सके मानसिक स्वास्थ्य समस्याहरूको सम्बोधन गर्न र आत्महत्याका घटनाहरू नियन्त्रण गर्न सकिने बताउँछन् । सह–अन्वेषक गौतमले हाललाई कोभिड–१९ का कारण भूटानीहरूद्वारा सञ्चालित कतिपय डे–केयर, सामुदायिक, सामाजिक, सांस्कृतिक एवम् धार्मिक संघ–संस्थाहरू सञ्चालनमा नरहेकाले मध्यस्थताका कार्यक्रमहरू गर्न सम्भव नभएको बताए । अहिलेको अवस्थामा सुधार आएपछि कुशलतामा आधारित व्यक्तिगत विकासका तालिमहरू दिएर आत्महत्याका घटनाहरूको रोकथाम र नियन्त्रणका निम्ति जनशक्ति तयार पार्न जरूरी रहेको पनि गौतम बताउँछन् ।

यस्तै, हाल पेन्सिलभेनियाको ह्यारिसबर्गनिवासी इजाजतप्राप्त सामाजिक कार्यकर्ता बन्धु अधिकारीले अहिलेसम्म आत्महत्या नियन्त्रण तथा रोकथामका लागि धेरै प्रयासहरू भए पनि खासै सुधार आउन नसकेको बताए । उनले अन्य निकायका व्यक्तिहरूभन्दा भूटानी समुदायभित्रैको जनशक्ति परिचालन गरी आत्महत्याको नियन्त्रण र रोकथामका कार्यक्रम सञ्चालन गर्न सके बढी प्रभावकारी हुने धारणा व्यक्त गरे ।

समग्रमा भन्नु पर्दा, अमेरिकामा स्थापित भूटानी समाजमा आत्महत्याको उच्च वृद्धिदरको रोकथाम र नियन्त्रणका लागि समाजमा विद्यमान मानसिक स्वास्थ्य स्थितिहरूको पहिचान गरी बेलैमा सम्बोधन गर्न अत्यन्तै जरूरी देखिन्छ । यसका लागि मानसिक रोग र उपलब्ध मानसिक स्वास्थ्य सेवाहरूको बारेमा समुदायमा चेतना वृद्धि गर्न आवश्यक देखिन्छ । खास गरी, भूटानी समुदायका विभिन्न सामाजिक संघ–संस्थामा कार्यरत अगुवा व्यक्ति तथा कार्यकर्ता, बुद्धिजीवी, स्वयम्सेवकहरूलगायत ठुलो संख्यामा समुदायका मानिसहरूलाई मानसिक स्वास्थ्यसम्बन्धी शिक्षा प्रदान गर्न र चुनौतीहरूलाई सम्बोधन गर्न विभिन्न तहमा प्रशिक्षणहरू सञ्चालन गर्नु उपयोगी देखिन्छ । समुदायका सदस्यहरूलाई साझा मानसिक स्वास्थ्य–विकारहरू पहिचान गर्न आवश्यक ज्ञान र सीपहरू प्रदान गर्नुका साथै मानसिक स्वास्थ्यसम्बन्धी प्राथमिक उपचारहरूको खोजी गर्ने परिपाटी बसाल्न सकेमा आत्महत्याका घटनाहरूमा निकै ठुलो गिरावट आउने निश्चित छ ।

००

(लेखक खनाल 'भूटनिज सोसाइटिज अफ वेस्टर्न म्यासाचुसेट्स' संस्थाको बोर्ड प्रमुख हुनुहुन्छ)

त्यो जहाज र मेरो समुद्री यात्रा

प्रकाश नेपाल

त्यो दिन सन् २००९ जुलाई २६ तारिख थियो । त्यस दिन त्यति बिघ्न खुसी हुनुपर्ने खासै कारण त केही थिएन तापनि म यसरी रमाइरहेको थिएँ मानौं कुनै बच्चाले जिन्दगीमा पहिलो चोटि खेलौना पाएको होस् । मेरा हरेक पल कल्पना र उत्सुकताले बितिरहेका थिए मानौं जुलाईको त्यो दिन मैले सोचेका सबै कुरा पुग्ने छन्, मानौं त्यो दिन आजै हो जुन दिन मैले मेरो बाबाको काखमा लुटपुटिएर निदाउनुअघि पटक-पटक भनेको सम्झन्छु- विदेशमा ठुला-ठुला पानीजहाज हुन्छन् र ठुला-ठुला समुद्रका बीचमा ती जहाजहरू गडगडाउँदै रात-दिन चलिरहेका हुन्छन् । ती कहालीलाग्दा समुद्रहरूको बीचमा महिनौं ती जहाजहरू कुदिरहन्छन्, कुदिरहन्छन एउटा गन्तव्यतिर । जहाजहरू यति विशाल हुन्छन् जहाँ बस्दा लाग्छ, हामी एउटा ठुलो सहरको बीचमा र आफूले कल्पना गरेको जिन्दगी रमाइरहेका छौं । हामीलाई त्यो दिन ठिक त्यस्तै भयो ।

हाम्रा आँखाअगाडि बडेमानको अजङ्ग पहाड जस्तै लाग्ने 'कार्निभल' नामको एउटा पानीजहाज खडा थियो । हाम्रो यात्राको दिन अनि गन्तव्य निश्चित थियो- क्यारेबियन मुलुक बहामा । अर्थात्, यसलाई सजिलो गरी भन्नुपर्दा हामी बहामातर्फ पानीजहाजमा जाँदै थियौं । त्यस जहाजको पूरा नाम कार्निभल सेन्सेसन थियो । यो अजङ्गको जहाजमा काम गर्ने कामदार मात्रै १९०० जना थिए जसमा हामीले भेटेका पाँचजना कामदार नेपाली पनि थिए । यो पानीजहाज त्यति ठुलो भए पनि पछि के कुरा थाहा लाग्यो भने यो त मझौला कोटीमा पो पर्दो रहेछ अर्थात् यसभन्दा बडेमानका पानीजहाजहरू हुँदा रहेछन् र जसमा एकपटकमा पाँचौं हजार यात्री एकैपटक यात्रा गर्न मिल्ने व्यवस्था हुँदो रहेछ । हामीले यात्रा गर्न लागेको त्यस दिन २,६४० जना यात्री र १,९०० जना कामदार गरी जम्मा ४,५४० जना थियौं ।

मलाई युरोप, अस्ट्रेलिया, अफ्रिका वा अन्य विकसित देशतिरको चलन त त्यति थाहा भएन तर अमेरिकामा भने मानिसहरू हरेक वर्ष आफूले काम गर्ने बेफुर्सदी जीवनबाट केही समय निकाली नयाँनयाँ स्थान घुमेर पनि विदा मनाउने गर्दछौं । विदालाई हामी अधिकांश नेपालीहरूले नेपाल जान मै खर्च गर्छौं भने अधिकाँश अमेरिकनहरू चाहिं समुद्र तटहरूमा वा जंगलमा क्याम्पिङ गर्न मिल्ने गरी अन्य ठाउँहरूमा घुम्ने तथा पानीजहाजमा सयर गर्न प्रयोग गर्छन् । हामीले पनि यसपटकको विदा नेपाल जाने नभएपछि पानीजहाजमा बिताउने निर्णय गरेका थियौं ।

आजकल सारा कुराहरू इन्टरनेटमार्फत सुपथ मूल्यमा पाउन सकिने भएकोले हामीले पनि इन्टरनेटबाटै पानीजहाज कार्निभलको टिकट खरिद गर्‍यौं, अत्यन्त सुपथ मूल्यमा । पछि जहाजमा केही घण्टा बिताएपछि महसुस भयो, हामीले टिकट किन्न खर्चेको रकम बराबर त हामीले दुई छाक रेस्टुरेन्टमा खाना खाइ नै सक्यौं । खाना यति स्तरीय थियो, मानौं हामी कुनै पाँचतारे होटलको रेस्टुरेन्टमा बसेर खाइरहेका छौं ।

पानीजहाजको यात्राका निम्ति टिकट किन्यौं हाम्रो १३ जनाको टोलीका लागि । हामी वासिङ्गटन डिसीको नजिक बस्छौं र त्यहाँसम्म त्यो जहाज आउँदैन । त्यो जहाज भेट्नका लागि हामीले करिब ७५० माइल अर्थात् १२०० किलोमिटर यात्रा गर्नुपर्ने थियो, फ्लोरिडा राज्यको ओर्ल्याण्डो भन्ने ठाउँसम्म । यति यात्रा तय गर्नका लागि लगातार १४ घण्टा गाडी चलाउनु पर्छ, करिब ८५ माइल (१३६ किमी) प्रतिघण्टाको गतिमा । गाडीको यो गति अमेरिकामा भएका द्रुतगतिका राजमार्गहरूका लागि अति सामान्य गति हो । एउटा मिनी बस भाडामा लिएर हामी जहाज चढ्ने ठाउँ फ्लोरिडाको ओर्ल्याण्डोस्थित 'पोर्ट क्यानाभरल' तिर हान्यिौं । यसरी लामो यात्रा गर्दा निकै पट्यार र थकाइ लाग्ने भएकाले नेपाली गीतहरू घन्काउँदै र रमाइलो गर्दै हामी पोर्ट क्यानाभरल पुग्यौं जहाँ हामीलाई बडेमाको पानीजहाजले कुरेर बसिरहेको थियो ।

हामीले त्यो दिन (जुलाई २६) का दिन दिउँसोको खाना जहाजभित्रै खाने निधो गरिसकेका थियौं । त्यसैअनुसार हामी जहाज चढने सुरसारमा लाग्यौं । जहाज चढ्ने ठाउँमा लामो लाइन थियो । यसै त यो देशमा एउटा राम्रो चलन के छ भने पर्खनुपर्ने ठाउँमा लाइनमा बस्नैपर्ने हुन्छ । लाइनमा नबस्नु र अगाडि मिचेर जानुको अर्थ सरासर नियम नमान्नु हो र नियम नमान्नेहरूलाई तुरुन्त कारबाही हुन्छ । त्यसैले होला, अरू नियम-कानुनको संस्कार यस्तो भैसकेको छ- यदि कोही कसैले नजानेरै भए पनि नियम मिच्यो भने सर्वसाधारण कै हेराइमा तपाई आत्मग्लानि भई लज्जित भई आफैं नै पुनः लाइनमै उभिन आइपुग्नुहुन्छ । तीसौं करोड जनसंख्या भएको यो देशमा कतै फोहोर देखिँदैन किनभने कसैले घरबाहिर अथवा जथाभावी फोहोर फयाँक्दैनन् । फोहोर फ्याँक्ने एउटा निश्चित ठाउँ हुन्छ र त्यहाँबाहेक मान्छेहरूले अन्य ठाउँमा फोहोर फ्याँक्दैनन् । अन्तमा तपाईं हामीले फ्याँकेको फोहोर बाहिर फाल्नुको सट्टा सबैले फोहोर फयाँक्ने भाँडा (डस्टबिन वा डस्ट कन्टेनर) मा फ्याँकेको खण्डमा काठमाडौं कति सफा देखिँदो हो ? काठमाडौंको फोहोरको समस्या यति विघ्न ठुलो लागे पनि हामी सबैले चाहेको खण्डमा यो समस्या नै नहुन सक्छ । खैर, कुरा गर्दा-गर्दै कता काठमाडौंको फोहोर समस्यातिर पो तानिन पुगेंछु ! हुन पनि हामी बर्सौं-वर्ष विदेशमा बसे पनि हाम्रो मन रात-दिन आफ्नो जन्मभूमिमै हुँदोरहेछ । अमेरिका आएको यति दशक बित्दा पनि मेरो सपनामा रात-दिन सधैं नेपाल देख्ने

गर्छु । सायद आफ्नो माटाको माया भनेको यही पो हो कि ?
अँ साँच्चै, अब फेरि फर्किउँ कार्निभलतिरै । जहाजमा चढ्नुअगाडि यो लाइन रहेछ अध्यागमन –इमिग्रेसन) सम्बन्धी । को–को जाँदैछन् भनेर यात्रुसम्बन्धी सबै सूचनामूलक जानकारी कम्प्युटरमा राख्ने प्रक्रिया पूर्ण भैसकेपछि हामीले जहाजमा चढ्ने अनुमति पायौं ।

जहाज त चढ्यौं तर मलाई भने यो जहाजको भित्री भागतर्फ कति ठुलो होला ? के के होला ? के साँच्चै बाबाले सानोमा भनेको फुटबल खेल्ने मैदान जस्तै र जत्रै होला त ? आदि–इत्यादि कौतुहलले खेदिरहेको थियो । दिउँसोको करिब एक बजिसकेको थियो । पेटमा मुसा दौडिन पनि सुरु भैसकेको थियो । त्यसैले सबै कुतुहलतालाई तत्कालका लागि बिर्सेर हामी सबै खाना खाने ठाउँमा लाग्यौं । खाना खाने ठाउँ दसौं तलामा रहेछ । जहाज चाहिँ १२ तले । हामी इलेभेटरबाट १०औं तलामा पुग्दा फेरि पनि लामो लाइन थियो । यो खाना खाने ठाउँमा सम्बन्धित व्यक्ति आफैंले मनलाग्दी खाना झिक्न मिल्ने गरी सजाइएको बफे–व्यवस्था थियो ।

जसले जति खाना सक्थ्यो, खाए हुन्थ्यो । सबै निःशुल्क । त्यहीँ खाना खाने क्रममा हामीले तीनजना नेपाली भाइहरू भेट्यौं । नेपाली भाइहरूसित एकछिनको कुराकानीपछि पो थाहा लाग्यो, त्यो जहाज कम्पनीले आइन्दा कुनै पनि नेपालीलाई कामदारका रूपमा नलिने भएको छ रे । कारण के रहेछ भने त्यो जहाजमा केही समय काम गरेपछि त्यो काम र स्थान नै छाडी भागेर अन्य अमेरिकी राज्यतिर घुस्दा रहेछन् जसले गर्दा जहाज कम्पनीको प्रशासनलाई निकै गाहारो भो रे । यसै पनि त हामीले देख्यौं नै, त्यो जहाजमा काम गर्ने अमेरिकन त विरलै थिए । साँच्चै भन्ने हो भने व्यवस्थापनमा बाहेक अरू अमेरिकन कामदार त थिएनन् नै भन्दा हुन्छ भने अधिकांश कामदार रुस र वरिपरिबाट अनि फिलिपिन्स, भियतनाम, थाइल्याण्ड, दक्षिण अमेरिका, बंगलादेश आदिजस्ता देशहरूबाट थिए । देशको गरिबी र बेरोजगारीजस्ता समस्याहरूबाट ग्रसित यी देशहरूबाट जहाजमा यसरी काम गर्न पाउनु पनि रामै लाग्यो ।

खाना खाइसकेपछि हामी आ–आफ्ना कोठा खोज्ने तर्खरमा लाग्यौं । अत्यन्तै सानदार र कुनै पनि पाँचतारे होटलहरूको सुविधाभन्दा कम थिएन । खानाको स्तर पनि त्यतिकै राम्रो । यी सबै कुराहरू देख्दा हामीलाई कस्तो लाग्यो भने हामीले तिरेको पैसाको पुरापूर सदुपयोग भएको छ, अझ भनौं, त्योभन्दा पनि बढी ।

केही बेर सुस्ताइ सकेपछि हामीले त्यस दिनका लागि के–के कार्यक्रम रहेछन् त भनेर कार्यक्रमको तालिका हेर्न थाल्यौं । त्यसरी तालिका हेर्दा के थाहा लाग्यो भने कार्यक्रम राती तीन बजेसम्म अविरल रूपमा हुँदा रहेछन । एकपछि अर्को– कतै जादु त कतै नाचगान, कतै छातीको रौं प्रतियोगिता त कतै योगा, जुवाघर (क्यासिनो) त २४ सै घण्टा । दिनहुँ हुने यस्ता कार्यक्रम हेरेर त हामी राती अबेर लखतरान भएर फर्कन्थ्यौं ।

कार्यक्रमहरूमा पानी चिप्लेँटी (वाटर राइड) त अति रमाइलो । हामी सानोमा खेल्ने चिप्लेँटीभन्दा त कति डरलाग्दो कति ! लामो र अग्लो सुरुङबाट चिप्लँदै आउनुपर्ने ! यो सुरुङमा सानोतिनो कमजोर मुटु हुनेहरू त नखेल्दै राम्रो । मलाई त यसै पनि अग्लो स्थान र पानी भनेपछि त्यति मन नपर्ने, त्यसमा पनि मेरो साथीको तीन बर्से छोराले 'खेल्नुस् न खेल्नुस्' भनेर हत्ते गऱ्यो र म पनि खेलें । हो त, एकपटक खेलेपछि भने त्यो त सामान्य नै लाग्दोरहेछ ।

अर्को दिनको घाम समुद्रमा उदायो । नुहाइ–धुवाइ गरिसकेपछि चियापानका लागि २४ घण्टे (जतिबेला पनि खुला रहने) रेस्टुराँमा गयौं । माथि तलामा बसेर चियापान (ब्रेकफास्ट) खाँदै गर्दा चराको एउटा बथान हाम्रो नजिकै आएर रेलिङमा बसेर खानाका टुक्राहरू र रहलपहल खोज्न थाल्यो । अनि त अरू पनि थुप्रै चरा त्यहाँ आइपुगे । झट्ट हेर्दा परेवा जस्तै देखिने ती चराहरू त्यस विशाल समुद्रमा कहाँबाट आए होलान् भन्ने कौतुहल जाग्यो । मैले चारैतिर हेरेँ– कतैतिर जमिन थिएन, चारैतिर टाढा–टाढासम्म केवल पानी र पानी मात्र । मैले खुट्याउन सकिन ती चराहरू त्यसरी कहाँबाट आए होलान् भनेर ।

यसरी रमाइलो गर्दै अनि समुद्रमा उदाउने र अस्ताउने सूर्य हेर्दा–हेर्दै हाम्रा चार रात र पाँच दिन बितेको पत्तै भएन । हाम्रो यात्रा पनि समाप्त भएको थियो, एउटा यात्रा जसको स्मृति सधैंका निम्ति हृदयमा अंकित हुन पुगेको थियो ।

हामी चढेको त्यो पानीजहाज पाँचौ दिन बिहानै फ्लोरिडाको पोर्ट क्यानाभरलमा सुस्ताउन आइपुग्यो । जहाज त्यसरी सुस्ताएपछि भने हामी अबको हाम्रो गन्तव्यतिर लाग्यौं । र, त्यो गन्तव्य थियो– हाम्रो आफ्नै दुनियाँ, जहाँ जीवनका दैनिक भागदौड र अनेकानेक भोगाइहरूले हामीलाई कुरिरहेका थिए ।

००

(लेखक नेपाल साहित्यकार तथा अमेरिका नेपाल सहयोगी समाजका आजीवन सदस्य हुनुहुन्छ)

सांस्कृतिक पहिचानमा बालबालिकाको सहभागिता

लेखनाथ भण्डारी

परदेशमा स्वदेशको सम्झना मेटाउने कमै अवसर र समय हुन्छ तर 'जति टाढा भयो त्यति माया गाढा' भने जस्तै कमै अवसर र समय लाग्छ । त्यस्तो समय र अवसरलाई बढीभन्दा बढी सदुपयोग गर्ने हामी सबैमा रहर हुन्छ । परम्परागत धर्म, परम्परा र संस्कृतिको हुट्हुटी मनमा लिएर दैनिकी चलाउनुपर्ने बाध्यताले पिरोलिरहेको हुन्छ ।

अमेरिकी नेपाली जीवनमा नेपाली संस्कृति र सम्झनाको तिर्सना मेटाउने केही सीमित अवसरहरू हुन्छन् । दसैँ-तिहार मुख्य चाडपर्वका रूपमा रहिआएकोमा अब क्रमशः छठ, होली, ल्होसार पनि सार्वजनिक जीवनमा थपिँदैछन् । त्यस्तै सामूहिक भेटघाट, साहित्यिक कार्यक्रम (कविता वाचन, पुस्तक विमोचन आदि) का अतिरिक्त वनभोज पनि उल्लेख्य छन् । सामान्यतया सांस्कृतिक परम्परामा महिलाहरूको रुचि र सहभागिता अलिक बढी हुने हाम्रो परम्पराले गर्दा नै हुनुपर्छ, तीज पर्व विशेष हुन्छ ।

अभिभावकहरूमा आफूहरूले मान्दै-मनाउँदै आएको संस्कृतिलाई प्रवासमा आफूपछिको पुस्ताले अपनाउँछन् नै भन्ने विश्वास कमै छ । तसर्थ, अभिभावकहरू आफ्ना बालबच्चाहरूलाई त्यस्ता सामाजिक-सांस्कृतिक परम्पराहरूमा कसरी सहभागी गराउन सकिन्छ भनेर सधैँ नै चिन्तित हुनु स्वाभाविक छ । आफ्ना बालबालिकाहरूले कम्तीमा पनि आफ्ना मौलिक चाडबाड र भाषाको ज्ञान राख्न सकून् भनेर व्यक्तिगत र सामाजिक प्रयासहरू पनि भइरहेकै छन् ।

सानो संख्यामा र धेरैतिर छरिएर रहेको अमेरिकी नेपाली समाजले एकीकृत भएर आफ्ना चाडबाडहरू मनाउन गाह्रो नै छ । उनीहरूलाई अमेरिकी समाजका पर्वहरूले छपक्कै छोपिसक्दा पनि हामीले त्यसलाई वास्ता गरिरहेका हुँदैनौं । दसैँ आउनु धेरै पहिले हामी अभिभावकहरू दसैँमा खसी-कुखुरा ताजा खानुपर्छ भनेर बाख्रा र कुखुरा फार्महरूमा जान्छौं । यस पंक्तिकारका दुई छोरीहरू खासगरी खसीको मासु नखाने मात्र होइन, त्यसको बासना पनि मन पराउँदैनन् । अर्कोतिर, नेपालमा दसैँ आउँदा हामी नयाँ नाना र खानाको जसरी पर्खाइमा हुन्छौं, त्यसरी यता आएपछि थ्याङ्क्स गिभिङ डेमा टर्की किन्न र पकाउन वा हलोविनमा 'हलोविन ड्रेस' किन्न भने आनाकानी नै गरिरहेका हुन्छौं ।

क्रिस्मस ट्री, क्रिस्मस क्याप र अन्य कतिपय स्थानीय पर्वहरूमा हुने पारिवारिक भेटघाट, खानपिन तथा उपहार आदान-प्रदान पनि हाम्रो प्राथमिकतामा पर्दैनन् । सकेसम्म हामी तिहारको सेलरोटी, फूलमाला आदि राखेर दिदी-भाइ, दाजु-बहिनीहरूमाझ आफ्ना बालबच्चाहरूलाई सहभागी गराउने प्रयास गरिरहेका हुन्छौं । तर, यस्ता हाम्रा मौलिक सांस्कृतिक गतिविधिहरू हामीले सामूहिक वा एकीकृत रूपमा गर्नका लागि अनुकूल समय पनि पाउँदैनौं भने यहाँ यस्ता अवसरमा बालबालिकाहरूका स्कुल विदा पनि हुन्नन् । हामीले यहाँ स्थानीय पर्वहरूमा बालबच्चाहरूका लागि अपेक्षित उत्सव मनाउन सक्दैनौं भने मौलिक पर्वहरूका लागि पनि उपयुक्त वातावरण र समय पाउँदैनौं ।

पंक्तिकारको एउटा स्मरणीय घटना यस सन्दर्भमा उदाहरण हुनसक्छ । केही वर्षपहिले दसैँको अवसरमा हामीले आफ्ना मान्यजनसँग पनि टीका-जमरा लगायौं । छोरीहरूलाई पनि लगाइदियौं । संयोगले त्यो दिन स्कुल विदाको दिन परेको थियो वा विदा नै लिएर वा स्कुल विदापछि पनि हुनसक्छ तर भोलिपल्ट छोरीको स्कुलबाट फोन आयो । फोनमा जानकारी गराइयो, 'तपाईंकी छोरी अभिलेखाको निधारमा रातो दाग छ । उनले दुखेको वा कतै ठोकिएको वा लडेको पनि केही भनेको छैन । उनलाई लिएर डाक्टरकहाँ जानुपर्छ, लिन आउनु ।' सुरुमा यो सुन्दा अलिक अलमल भयो वा चिन्ता लाग्यो नै तर तुरुन्तै अघिल्लो दिनको दसैँको टीकाको सम्झना भयो । राम्ररी नधोइएर त हुँदै हो तर हामीले प्रयोग गर्ने दसैँको टीकाको रङ्ग पनि कहिलेकाहीँ सजिलैसँग पखालिँदैन । छोरीलाई नै बोल्न दिएर मात्र उनीहरूले उनलाई स्कुलमा लिन आउन नपर्ने बताए ।

भाषा र संस्कृतिको पहिचान र संरक्षणका लागि हामीले विभिन्न समुदाय मिलेर नेपाली भाषा कक्षाहरू पनि सञ्चालन गर्दै आएका छौं । त्यस्ता कक्षाहरूका लागि हामीले उनीहरूलाई पढ्न-लेख्न र बोल्न सहयोग होस् भनेर नेपाली भाषाका विभिन्न बाल-साहित्यका कृतिहरू पनि ल्याएर पढाउने र सुनाउने गर्छौं । साझा प्रकाशनले विसं २०५९ मा तेस्रो संस्करण प्रकाशित गरेको 'सिरूकी बाख्री' एक चर्चित सचित्र बाल उपन्यास हो । विसं २०२९ मा पहिलोपटक प्रकाशित त्यस कृतिका लेखक शेष मानन्धर हुनुहुन्छ । एकातर्फ चित्रसहित जम्मा २२ पेजको यो बालकथामा किसु नामकी बालिकालाई उनकी आमाले सिरू नामकी एक बालिकाको प्यारो बाख्रो भएको कथा सुनाउँछिन् । तर, घरायसी विवाद र झगडाका कारण सिरूकी सौतेनी आमाले उक्त प्यारो बाख्रो एकदिन काटेर सबै मासु खान्छन् ।

यो कथा पढेर सुनाउँदा-सुनाउँदै हाम्री सानी छोरी अचानक रुन थालिन् । उनले खासमा देखेको, जानेको र भनेको त अमेरिकामा बिरालो र कुकुर मात्रै हुन् घरपालुवा जनावर । सात वर्षको उमेरमा नेपालमा जाँदा गाई, भैँसी र बाख्राहरू पनि देख्न पाएकी हुन् । बाख्राका स-साना पाठा काखमा बोकेर फोटो पनि खिँचाएको हो । तिनका नाम पनि राखेका हुन् । अझ, मिले त अमेरिका नै ल्याउने थिए । यहाँ वासिङ्गटन डिसीस्थित 'जू' अर्थात् चिडियाघर घुम्न जाँदा देखेका अन्य केही जङ्गली जनावरहरू उनीहरूका लागि खासै रुचि वा आकर्षण वा मायाका पात्र बनेनन् ।

सिरूलाई अर्थात् कथाको पात्रलाई पनि औधि मनपर्ने र एक अर्कालाई माया तथा सहयोग गर्ने बाख्रो अचानक काटेर मासु खानु यहाँ हुर्कंदै गरेका बच्चाहरूका लागि अनौठो र दुःखद् थियो। सानो नेपाली समाज, यहाँ विदेशको सामाजिक तथा कृषि व्यवस्थाको फरक तरिकाका कारण सामाजिक जीवनका घटना र चरित्रका बारेमा हाम्रा बालबालिकाहरूको जानकारी हुन सक्दैन ।

यसो त अमेरिकामा पनि मासुका परिवार खाँदै नखाने भने होइनन् तर यहाँ यस्ता प्रक्रियाहरू बालबालिकाहरूको सहज पहुँच वा जानकारीमा भने हुँदैनन् । उनीहरूले जानेको माछा, मासु आदि मांसजन्य पदार्थ हामीले फलफुल, तरकारी वा अन्य प्याकेटमा राखिएका खानेकुरा किनेजस्तै मात्र हो ।

'सिरूकी बाख्री' किन काटेको भनेर छोरीले झगडा नै गरेपछि हामीले उनलाई बुझाउन सक्ने कुनै सम्भावना थिएन । उनलाई त्यहाँ पढ्दा-पढ्दै काटेको भनिए छ तर 'काटेको चैं होइन, काट्छु भनेर गाली मात्र गरेको' भनेर सम्झाउन प्रयास गर्‍यौं । यसरी सम्झाएर पनि नभएपछि दोहोऱ्याएर पढ्न लगाइन् तर उनले नबुझ्ने भएकाले गाली गरेको भनेर मिलाएर पढेर सुनायौं । त्यो पनि आमा-बुबा दुवैजनाले पढेर मात्र उनलाई आश्वस्त पार्न सकियो । अहिले १३ वर्षको उमेरमा पुग्दा उनले यो कुरा आफैं बुझ्न सक्छिन् ।

परदेशी भूमिमा हामीले मौलिक संस्कृतिको तिर्सना मेट्ने अर्को पक्ष हो विभिन्न अवसरमा गर्ने सामूहिक नाचगान आदि । त्यस्ता पर्वहरूमा वा सार्वजनिक कार्यक्रमहरूमा पनि हामी विशेष गरेर बालबालिकाहरूलाई नै अघि सार्छौं । उनीहरूलाई विभिन्न गीत-नृत्य आदिमा सहभागी गराउँछौं । तर यस्ता गीत-नृत्यहरूमा बालबालिकाहरूको सहभागिता पनि कतिपय अवस्थामा अभिभावक वा दर्शक- स्रोताको रुचि र मनोरञ्जनका लागि मात्र हुने किसिमका पनि हुन्छन् । तसर्थ, पारिवारिक वा सार्वजनिक यस्ता सांस्कृतिक उत्सवहरूमा पनि हामीले बालबालिकाहरूको उमेर, चेतना र रुचि अथवा उनीहरूको ज्ञान-चेतनामा सहयोग पुऱ्याउने किसिमका छनोट गर्नु आवश्यक छ । परदेशमा हुर्कंदै गरेका बालबालिकाहरूलाई मौलिक र स्थानीय संस्कृतिको 'दोहोरो मार' मा नपार्नका लागि अभिभावक तथा र अन्य सबैले संगठित प्रयासहरू गर्नुपर्ने देखिन्छ ।

यसको अर्थ वा निष्कर्ष के पनि होइन भने हाम्रा बालबालिकाहरूलाई हाम्रा मौलिक 'सांस्कृतिक अवसर'मा सहभागी गराउनु हुँदैन । उनीहरूलाई दुवै सांस्कृतिक पर्वहरूको महत्व र मनोरञ्जन प्रदान गर्नका लागि ती पर्वहरू आउनुपहिले नै तिनका बारेमा जानकारी दिन सकिन्छ । दुवै पर्वहरूमा अनुकूल भएसम्म एकभन्दा बढी परिवारका सदस्यहरू सहभागी गराउन सके उनीहरूमा त्यसको सामाजिक महत्वको बोध हुन्छ । तर, विशेष गरी उनीहरूमा आ-आफ्ना मौलिक पहिचानयुक्त सांस्कृतिक पक्षको ज्ञान नभएसम्म स्थानीय संस्कृतिका अवसरहरूमा उनीहरूलाई आफ्ना स्कुलका साथी र शिक्षकहरूकै समूहमा खेल्न र रमाउन दिनुपर्छ । यसले उनीहरूमा आफूहरूलाई आफ्ना समूहभन्दा अलग्गिएको वा एक्लिएको महसुस हुँदैन । उनीहरूमा बहु-संस्कृतिको ज्ञान हुनुका साथै स्थानीय समाजमा घुलमिल हुन र रमाइलो अनुभव गर्न सहयोग गर्छ ।

त्यस्तै, अन्य सांस्कृतिक कार्यक्रमहरू विशेष गरेर गीत-नृत्य आदिमा पनि उनीहरूको उमेर, चेतना र रुचिअनुसार सहभागी गराउन प्रयास गर्‍यौं भने उनीहरूको वैयक्तिक विकाससँगै त्यसमा चासो बढ्न सक्छ । तर, तत्काल अभिभावक वा दर्शक-स्रोताहरूको रुचि र मनोरञ्जनका लागि मात्र उनीहरूलाई अघि सार्‍यौं भने उनीहरूको चेतना र वैयक्तिक विकाससँगै उनीहरूमा त्यसप्रतिको रुचि घट्दै जान्छ । त्यसैले उनीहरू सहभागी हुने गीत-नृत्य आदिका शब्द, अर्थ वा सन्देश आदिको उपयुक्त छनोटमा पनि ध्यान दिनु पर्छ ।

००

(लेखक भण्डारी पत्रकार तथा अमेरिका नेपाल शिक्षा सदनका अभिभावक हुनुहुन्छ)

आप्रवासनमा नेपाली सामाजिक संघ-संस्था र प्रविधि तथा पुँजीको स्थानान्तरण

मोहन निरौला

आप्रवासन अहिलेको युगमा एक किसिमले अपरिहार्यता जस्तै भएको छ । शिक्षा, सुविधा, अवसर, महत्वकांक्षाजस्ता विभिन्न कारणहरूबाट एक स्थानबाट अर्को ठाउँमा बसाइँ सर्ने क्रम सुरु भएसँगै विदेशमा पनि आप्रवासीहरूबाट सामाजिक संघ-संस्थाहरू खोल्ने क्रम सुरु भयो । यो क्रम निरन्तर रूपमा चलिरहेको छ । पहिलेको तुलनामा पछिल्ला दिनहरूमा ठाउँठाउँमा रहेका विभिन्न पेसागत समूहबाट समेत यस किसिमका संघ-संस्थाहरू खोलिएका छन् । यहाँ छलफल गर्न खोजिएको सन्दर्भ यिनीहरूको लक्षित स्थान, समूह वा वर्ग, प्राथमिकता र ओझेलमा परेका विषय अथवा यी संघ-संस्थाहरूले अन्य के विषयहरू प्राथमिकतामा पारेमा समाजले अझ धेरै लाभ लिन सक्छ भन्ने मात्र हो ।

संघ-संस्थाको स्थापना असल कार्यको थालनी

कुनै पनि संस्था खोलिनुलाई निरपेक्ष रूपमा सही वा गलत भन्नुभन्दा पनि असल कार्यको थालनीको रूपमा लिनुपर्दछ । खासगरी प्रवासमा रहँदा निश्चित उद्देश्य राखेर सामाजिक संघ-संस्था खोलिनु र उक्त संस्थाको उद्देश्यअनुरूप काम गर्नु वा गर्न प्रयास गर्नु राम्रो पहल हो । संस्थाको उद्देश्य, लक्षित समूह, त्यो कार्य गर्ने स्रोत-साधन र तत्परता कत्तिको छ भन्ने पक्षमा विचार पुऱ्याउन वाञ्छनीय देखिन्छ । कुनै संघ-संस्था स्थापना गर्न सजिलो हुन्छ तर त्यसलाई आवश्यक पर्ने साधन-स्रोत जुटाउन र त्यसलाई नियमित गर्न ठुलो परिश्रम र धैर्य आवश्यक पर्छ । यस्ता सामाजिक संघ-संस्थामा बसेर पनि सक्रिय र नेतृत्वदायी भूमिका खेल्ने साथीहरूले अत्यन्त ठुलो योगदान पुऱ्याउनुभएको छ ।

सामाजिक संघ-संस्थाको उद्देश्य र लक्ष्यित-समूह यक्कीन हुनुपर्दछ । अन्यथा स्रोत र साधनको दोहोरो खर्च हुने, अनावश्यक प्रतिस्पर्धा जन्मने र सीमित साधन छरिएर प्रभावकारितामा कमी हुनसक्छ । यसले दीर्घकालमा आम मानिसमा संस्थाहरूप्रति नै नकारात्मक भावना उत्पन्न गराउन सक्छ ।

अमेरिकामा नेपाली समुदायका संघ-संस्थाहरू

अमेरिकामा बसोबास गर्ने नेपालीहरूबीच सामाजिक संस्था थोरै-धेरै चासोको विषय बन्छ । यहाँ धेरै संस्थाहरू दर्ता भएका छन् र सञ्चालनमा पनि छन् । यीमध्ये बढी संघ-संस्था कागजमा सीमित छन् । धेरै सामाजिक संघ-संस्थाहरूले समाजलाई विभिन्न किसिमले प्रत्यक्ष-परोक्ष मद्दत पनि गरिरहेका छन् । यहाँ खासगरी मैले कुनै एक संस्थाको नाम नलिइकन समग्रमा संघ-संस्थाबाट भएका राम्रा कामहरूको चर्चा र केही सुझावहरू अघि सारेको छु ।

आपसी भेटघाट र निकटता- प्रारम्भमा नेपाली सामाजिक संस्था भेलाको माध्यमबाट सामाजिक निकटता कायम गर्ने र विभिन्न चाडपर्व वा सांस्कृतिक गतिविधि सञ्चालन गर्ने रूपमा आएका थिए तर नेपाली आप्रवासीको संख्या र विविधता बढेसँगै यसको उद्देश्य वा दायरा पनि फराकिलो हुँदै गइरहेको छ । पछिल्ला दिनहरूमा सामुदायिक, सामाजिक, सांस्कृतिक र धार्मिक गतिविधिका साथै साहित्य, योगाभ्यास, स्वास्थ्य सेवा, व्यावसायिक परामर्श, साझेदारी व्यवसाय आदिमा समेत महत्वपूर्ण गतिविधि भइरहेका छन् । वासिङ्गटन डिसी मेट्रो क्षेत्रमा मात्र ६-७ वटा नेपाली भाषा कक्षा सञ्चालनमा छन् । त्यसमध्ये पनि अमेरिका नेपाल सहयोगी समाजले सञ्चालन गरेको भाषा स्कुल र केही अत्यन्त लगनशील एवम् मिहिनेती साथीहरूको पहलमा तयार पारिएका पाठ्य-पुस्तक अत्यन्तै ठुलो नमुनाका रूपमा लिन सकिन्छ ।

अब यो दायरा बढेर मेरील्यान्ड राज्यमा नेपाल भाषा तथा सांस्कृतिक केन्द्र, उत्तर भर्जिनिया राज्यमा नेपाल अमेरिका सामुदायिक केन्द्र, मेरील्याण्ड राज्यको बाल्टीमोर सहरमा बाल्टीमोर एसोसिएसन या नेपाली मन्दिर, कोलोराडो नेपाली सामुदायिक केन्द्र कोलोराडो, रिजवुड नेपाली सोसाइटी न्युयोर्कजस्ता अलिक ठुलोस्तरका संस्था स्थापना गरी ठुला कार्ययोजनाहरू सञ्चालनको क्रममा छन् ।

आपत्-विपतमा सहयोग : प्रारम्भमा यस्ता संघ-संस्थाहरू आपसी भेटघाट, सहयोग र सामूहिक चाडपर्व मनाउनमा सीमित थिए । वास्तवमा यी संस्थाहरूले आपसी परिचय र सहयोग-सद्भाव बढाउन महत्वपूर्ण योगदान दिएका छन् । नेपालका जुनसुकै स्थानबाट बसाइँ सरिआएका भए पनि यी संघ-संस्थाभित्र निकटता र गहिरो मित्रताबाट अपनत्वको सम्बन्ध बढ्ने, कहीँ कसैलाई केही परेमा एकजुट हुन मद्दत गर्ने र मद्दत गर्न तयार हुने वातावरण सिर्जना भएको छ । पछिल्ला दिनहरूमा खासगरी कोभिड-१९ को महामारीको समयमा नेपाली संघ-संस्थाहरूले विभिन्न किसिमका योगाभ्यास, स्वास्थ्य परामर्श र शारीरिक अभ्यास सञ्चालन गरेर पनि स्थानीय नेपाली समुदायलाई अत्यास तथा अन्य मानसिक दबाब हुनबाट पनि जोगाएका छन् ।

चाडपर्वका रौनक : विगतमा सँगै बसेर चाडपर्व मनाउने त छँदै

थियो । नेपाली सामाजिक संघ–संस्थाहरूले पछिल्ला वर्षहरूमा यस्ता चाडपर्वहरूको व्यवस्थित व्यवस्थापन गरेर ठूलो परिवार भेला भएर चाड मनाए जत्तिकै गरी यहाँ पनि चाडपर्व मनाउने अवसर पनि जुटाएका छन् । खासगरी वासिङ्गटन डिसी क्षेत्रमा अमेरिका नेपाल सहयोगी समाजको आयोजनामा हुने तीज कार्यक्रम, अन्तर र्ष्ट्रिय नेपाली साहित्य समाजको भानु जयन्ती, डिसी नेपाली समाजले आयोजना गर्ने रक्षा–बन्धन तथा एनइसिसीले आयोजना गर्ने नयाँ बर्ष तथा तीज र पञ्चमीको पूजाजस्ता कार्यक्रमहरूलाई यसको उदाहरणका रूपमा लिन सकिन्छ ।

व्यावसायिक अथवा पेसागत सेवा : नेपाली नर्सहरूको संगठन सान (SANN) ले विगत केही वर्षदेखि नै स्वास्थ्य बिमा नभएका नेपाली समुदायहरूलाई निःशुल्क स्वास्थ्य परीक्षणको सेवा दिँदै आएको थियो। पछिल्ला दिनहरूमा नेपाली सामुदायिक केन्द्र, इनेप्लिज अनलाइन पत्रिका, नेपाली शिक्षा सांस्कृतिक केन्द्र आदि संस्थाहरूको समन्वयमा भावनात्मक विकास, आप्रवाससम्बन्धी कानुनी जानकारी, वित्त तथा आर्थिक गतिविधिसम्बन्धी जानकारी, साइबर सुरक्षासम्बन्धी जानकारी, विभिन्न रोगको रोकथाम र उपचारसम्बन्धी जानकारी दिने क्रम अझ बढेको छ । यसैगरी अमेरिकी नेपाली पत्रकारहरूको संस्था इन्जाले देश तथा विदेशमा रहेका पत्रकार हरूको वृत्ति–विकास र अन्य सामाजिक सेवाहरूमा विभिन्न किसिमका समन्वय तथा सहयोगका कार्यक्रमहरू पनि अघि बढाइरहेको छ । यस्ता गतिविधिहरूबाट धेरैजनाले सूचना र सेवा लिन पाएका छौं । यी सबै सेवाहरू सामाजिक संघ–संस्थाहरूका कारण नै सम्भव भएको हो ।

छुटेका पक्षहरू

यसरी नेपाली संघ–संस्थाले विभिन्न विषयमा धेरै गतिविधिहरू सञ्चालन गर्दै आइरहेका र यसको दायरालाई समेत फराकिलो गर्दै लगिरहेका भए पनि अझ केही विषय भने समेटिनबाट छुटेका छन्, त्यसमध्ये निम्न विषयहरू उल्लेखनीय ठानेको छु :

१. **नव आगन्तुकहरूलाई समन्वय, सहयोग र रोजगारमूलक तालिम**: भर्खरै अमेरिका बसाइँ सरेर आउने परिवारका निम्ति सबैभन्दा महत्वपूर्ण तर हालसम्म संघ–संस्थाका प्राथमिकतामा नपरेको एउटा विषय नवागन्तुकहरूलाई गर्नुपर्ने समन्वय र सहयोग हो । अमेरिका बसाइँ सरेर आउने व्यक्ति वा परिवार आफ्नै पारिवारिक वा व्यक्तिगत सम्बन्धका आधारमा अमेरिकाको कुनै राज्य वा सहरमा आइपुग्छ, अमेरिका नआइपुग्दासम्म उक्त व्यक्ति वा परिवार कुनै संस्थाको सम्पर्कमा पुग्न वा संघ–संस्था उक्त परिवारसम्म पुग्न सजिलो छैन तर यहाँ आइपुगेपछि भने सम्पर्क स्थापना गर्न सकिन्छ । त्यसले नवागन्तुकहरूलाई मानसिक रूपमा सहज महसुस मात्र नगराई समाजमा स्थापित हुनसमेत मद्दत गर्छ । त्यसमाथि पनि उचित राय–सल्लाह र रोजगार अभिमुखीकरण तालिमको व्यवस्था गर्न सके उक्त परिवारको बसाइँ–सराई अझ सहज हुनसक्छ ।

यसरी आउने व्यक्ति वा परिवारलाई प्रायोजक परिवारले आफ्नो अनुभव र सम्पर्कको आधारमा आफ्नो पेसा र सम्पर्कको कामका लागि लैजाँदा सीमितता हुन्छ । उदाहरणका लागि, कुनै सूचना–प्रविधि क्षेत्रमा काम गर्ने परिवारको घरमा आएको नवागन्तुकलाई सोहीअनुसारको व्यवसायमा परिचय गराउने सम्भावना रहन्छ भने कुनै स्टोर वा स्वास्थ्य क्षेत्रमा काम गर्ने परिवारमा आउने आगन्तुकलाई त्यस्तै किसिमको रोजगारमा परिचय गराउन सहज हुन्छ । यो अवस्थामा आगन्तुक

कविता

ठिङ्ग उभिरह्यो पीपलको बोट

राजबल्लभ कोइराला

पीपलको बोट
ठिङ्ग उभिरह्यो
कालान्तरमा जस्तै 'आज पनि'

हिजो अनि अस्ति
मान्छेहरू आए,
सुस्ताए, सुस्केराए, मुस्कुराए
कसैले पसिना पुछे
कसैले आँशु पुछे

पीपलको बोटले सब हेरिरह्यो
कहिलेकाहीँ पंखा दियो
पसिना सुकाइदियो
पातहरूका बीचबाट
घाम पनि दियो

गफ सुन्यो
निन्द्रा सुन्यो
रोदन सुन्यो
हाँसो सुन्यो
अनि
मान्छेका मौनता पनि

एकनास उभिरह्यो
दृश्य देख्यो, वस्तु देख्यो, भाव देख्यो,
एकाग्रता देख्यो, कल्पना देख्यो
अनि तिनका सपना पनि

धेरै आए, धेरै गए
अथक, तटस्थ, उहिल्यैबाट
हेरिरह्यो, उभिरह्यो

आज मुन्तिर कोही नहुँदा
सर्रर हल्लियो पीपल
खै, कुन्नि मैले बुझिनँ ॥

००

(कवि कोइराला अमेरिका नेपाल सहयोगी समाजका शुभचिन्तक हुनुहुन्छ)

परिवारको अनुभव, दक्षता र क्षमताभन्दा होस्ट परिवारको सम्पर्क बढी निर्णायक हुन्छ । संघ–संस्थामार्फत आगन्तुकहरूलाई समन्वय गर्न सके आगन्तुकको योग्यता, क्षमता र अनुभवको आधारमा रोजगारी खोज्नसमेत मद्दत गर्छ र नयाँ परिवारले आफ्नो दक्षताअनुसारको राम्रो रोजगारी पाउन सम्भव बनाउँछ ।

२. **नेपालमा सम्पर्क र प्रविधि तथा पुँजीको स्थानान्तरण** : एक्काइसौं शताब्दीको विकास आपसी सहयोग बेगर सम्भव छैन । विश्वका ठुला–ठुला अर्थतन्त्रले पनि वैदेशिक लगानी र प्रविधि कसरी भित्र्याउने भन्नेतर्फ जोड दिइरहेका छन् । त्यसमाथि पनि नेपालजस्तो विकास र प्रविधिका हिसाबले पछाडि परेको मुलुकका निमित्त अमेरिका र यस्तै विकसित मुलुकमा बसोबास गर्ने नेपाली समुदायले त्यहाँबाट ल्याउन सक्ने प्रविधि र पुँजीको महत्व धेरै ठुलो हुन्छ । तसर्थ, हाम्रा सामाजिक संघ–संस्थाका गतिविधिका दायरा अझ बढाएर यहाँ उपलब्ध हुनसक्ने र छरिएको स्रोतलाई एकत्रित गर्न तथा प्रविधिको स्थानान्तरण गरेर विदेशमा बसेको समुदाय र नेपालमा रहेको समुदाय दुवैले लाभ लिन सक्ने गरी मध्यस्थको भूमिका निर्वाह गर्नसमेत सुरु गर्नुपर्दछ । पछिल्लो समयमा विभिन्न व्यक्ति वा समूहले लगानीको पहल गर्ने कामको सुरुआत भएको पनि छ तर त्यो प्रयास उति प्रभावकारी देखिएको छैन र त्यस्ता समूहले सामुदायिक तथा पारस्परिक लाभलाई धेरै प्राथमिकतामा पार्न पनि सकिरहेका छैनन् ।

३. **लगानीसम्बन्धी सही सूचना र स्वतन्त्र पर्यवेक्षकको राय** : लगानीको सन्दर्भमा आयआर्जन र उचित मुनाफाको अपेक्षा राख्नु स्वाभाविक हो तर हरेक लगानीको अवसरभित्र जोखिम पनि रहन्छ । लगानीको प्रस्ताव गर्ने व्यक्ति वा संस्थाले सम्बन्धित लगानीकर्ताको आर्थिक क्षमता, जोखिम लिन सक्ने आर्थिक अवस्था र उक्त लगानीमा अन्तर्निहित जोखिममा र यसबाट लगानीमा पर्न सक्ने जोखिमबारे समेत स्पष्ट पार्न र उक्त विवरण अन्य स्वतन्त्र तेस्रो व्यक्ति अथवा संस्थाबाट समेत यक्कीन गराउने व्यवस्था गर्नुपर्दछ । यसरी लगानी गर्ने लगानीकर्ताले पनि केही कारणले उक्त लगानीले भने जति प्रतिफल नदिए पनि आफूलाई ठुलो आर्थिक क्षति र आफ्नो जीविकोपार्जनमा समेत असजिलो अवस्था हुनसक्ने स्थिति नहुने गरी मात्र लगानी गर्न तयार हुनुपर्छ । सामाजिक संघ–संस्थाहरूले लगानीसम्बन्धी सूचना, समन्वय र सुझावका निमित्त स्वतन्त्र निकायको भूमिका खेल्नुपर्दछ ।

माथि उल्लिखितबाहेक छलफलका अन्य धेरै विषयहरू पनि हुनसक्छन् । राम्रो कामको थालनीसँगै यसलाई नियमित बनाउनेतर्फ पनि जोड दिनुपर्छ । नेतृत्वमा जान होडबाजी हुनु धेरै सकारात्मक पक्ष हो तर नेतृत्वमा गैसकेपछि भइरहेका कामलाई परिमार्जनसहित निरन्तरता दिन र नयाँ कामहरूको पहल लिने सोच, दक्षता र तत्परता भएको व्यक्तिले मात्र नेतृत्वको दावी गर्नु राम्रो हुन्छ । तर, आफ्नो सीमित महत्वकांक्षा र केही व्यावसायिक लाभका निमित्त मात्र सामाजिक संघ–संस्थाको नेतृत्वमा बस्न मरिहत्ते गर्ने किसिमको प्रवृत्तिलाई भने क्रमशः निरुत्साहित गर्दै लैजानुपर्दछ ।

अन्तमा, केही अपवादहरू छाडेर नेपाली समुदायमा स्थापना भएका सामाजिक संघ–संस्थाहरूले स्थानीय तहमा आपसी सद्भाव र सहयोग बढाएका छन् । हाम्रो भाषा, संस्कृति, परम्परा र नेपाल सम्पर्क कायम राख्न र बढाउन समन्वयकारी भूमिका खेलिरहेका छन् । सुरुका दिनहरूमा नयाँ ठाउँ थोरै र छरिएर रहेका नेपालीबीच आपसी परिचय र सामूहिक चाडपर्व तथा वनभोजको आयोजना नै ठुलो र रमाइलो बन्दथ्यो । क्रमशः नेपाली समाजको संख्यात्मक तथा गुणात्मक वृद्धिसँगै हाम्रो क्षमता, दक्षता र पहुँच पनि फराकिलो भएको छ । अब हाम्रा संघ–संस्थाहरूको गुणात्मक पक्षमा पनि वृद्धि भएको छ । यिनले काम गर्न सक्ने दायरा पनि फराकिलो र समाज तथा देशलाई योगदान पुऱ्याउने किसिमको हुनुपर्दछ । तसर्थ, अब हाम्रा संघ–संस्थाहरूको उद्देश्य समस्त सदस्यहरूको गुणात्मक वृत्ति–विकास, नयाँ–नयाँ रोजगार तथा लगानीका सम्भावनाको खोजी र देश तथा विदेशमा पुँजी संकलन, व्यवस्थापन र पुँजी तथा प्रविधिको स्थानान्तरणसमेतको थालनी हुनुपर्दछ ।

हाम्रो सीमित स्रोत र साधनको उच्चतम लाभ लिन यसको दोहोरो प्रयोग (डुप्लिकेसन अफ एफर्ट्स) नहोस् र आफ्नो कार्यक्रमको दायरालाई अझ परिस्कृत र आजको मागअनुरूप परिमार्जन गर्दै जाऔं, आफ्नो पहुँच र विषयअनुसार प्रविधि तथा पुँजीको स्थानान्तरण गर्नेतर्फ पनि पहल गरौं । यसो गर्न सकेमा विश्व–बजारमा रहेको प्रविधि र पुँजीको पहुँच र लाभ हामी विदेशमा बस्नेबाहेक मातृभूमिमा समेत उपभोग गर्न सक्ने वातावरण बन्छ । यसबाट समग्र समुदाय तथा सिङ्गो देश नै लाभान्वित हुनसक्छ । यस कार्यमा हाम्रा सामाजिक संघ–संस्थाहरू भरपर्दो माध्यम र सम्वाहक बनेर समाजमा परिवर्तन र देश–विकासमा महत्वपूर्ण योगदान दिन सक्दछन ।

००

(लेखक निरौला अमेरिका नेपाल सहयोगी समाजका आजीवन सदस्य तथा सल्लाहकार हुनुहुन्छ)

कविता

तबला

सुदीपभद्र खनाल

जनको मनको शुभ भोर भयो
भनियो अदना जन छन् सबला
जब लाज गयो अगुवा सबको
अनि देश बन्यो अरूकै तबला
गणतन्त्र भयो अब के नहुने
भनियो अब को छ र छेक्न भला
जब बन्न गए भरियासरीको
अनि देश बन्यो अरूको तबला
अब राज गयो नृपको भनियो
इतिहास झुक्यो गति छैन नयाँ
हुलका हुलले नृप सुक्छ गला
अनि देश भयो अरूको तबला
सब उन्नत नायक छन् भनियो
कण–कङ्कण पूजन नै गरियो
जब ज्ञान भयो स्थिति स्थूल शिला
अनि देश भयो अरूको तबला
उठ हे जन हो उठ लौ भनियो
धनले मनले पनले जनियो
नर वानरको अगुवा छ कला
अनि देश भयो अरूको तबला

००

(कवि खनाल साहित्यकार तथा अमेरिका नेपाल सहयोगी समाजका आजीवन सदस्य हुनुहुन्छ)

अमेरिकामा कानुनी मान्यताप्राप्त विवाह

मोहन घिमिरे

विवाह एकजना पुरुष र एकजना स्त्रीबीचको कानुनी सम्बन्धको सिर्जना हो जसले श्रीमान् र श्रीमतीबीचमा एकअर्काप्रति कानुनी अधिकार एवम् कर्तव्यको सुरुआत गराउँछ । वैवाहिक सम्बन्ध स्थापित भै सकेपछि केवल कानुनी अधिकार मात्र होइन, दायित्व पनि वहन गर्नुपर्दछ । हरेक धर्म, संस्कृति, परम्परा, रीति-रिवाज र प्रथाअनुसार विवाह गर्ने शैली आ-आफ्नै प्रकारका भए पनि राज्यले कानुनी मान्यता नदिएसम्म कानुनी रूपमा विवाह मान्न मिल्दैन र कानुनी मान्यता प्राप्त नभएका विवाहले कानुनबमोजिम प्राप्त हुने सेवा-सुविधा पनि पाउन सक्दैन । सेवा-सुविधा लिनका लागि विवाहले कानुनी मान्यता पाउनुपर्छ । चाहे करको दायराभित्र आउन होस्, अध्यागमनअन्तर्गत प्राप्त हुने कानुनी सुविधा लिनका लागि होस् वा अन्य आर्थिक अधिकार प्राप्त गर्नका लागि होस्, विवाह वैधानिक हुनुपर्दछ । सामान्यतया विवाह भनेको दुई विपरीत लिङ्गीबीचमा हुने वैधानिक सम्बन्धलाई मानिन्छ तर आजभोलि एकै लिङ्गका मानिसहरूमा विवाह हुने गरेको र अमेरिकामा अमेरिकाको सर्वोच्च अदालतले समलिङ्गी विवाहलाई मान्यता दिएको अवस्था छ र विवाहलाई व्यक्तिको मौलिक अधिकारका रूपमा मान्यता दिएको छ । अमेरिकामा बहुविवाह अपराध मानिन्छ । विवाह भैसकेको व्यक्तिले अर्को विवाह गर्न सम्बन्ध-विच्छेद गरेको हुनुपर्दछ ।

विवाहका प्रकारहरू अनगिन्ती भए पनि हाल प्रचलनमा आएका विवाहहरू मुख्य दुई प्रकारमा विभाजन गर्न सकिन्छ :

१. **मागी विवाह** : दक्षिण एसियाली मुलुकहरूमा पारिवारिक संस्कार र मान्यताभित्र प्रचलनमा आएका विवाहहरू यो परिभाषाभित्र पर्दछन् । पारिवारिक सम्पर्कबाट विवाह हुने यो चलन अत्यन्तै पुरानो चलनका रूपमा लिइन्छ । तर अचेल यो चलन पनि अन्त्य हुँदै गएको देखिन्छ । कारण, सञ्चार-माध्यमको विकास, विश्वव्यापीकरण र बाबुआमाभन्दा छोराछोरीहरूले प्राप्त गरेको गुणस्तरीय शिक्षा नीतिले यो दिशातिर समाजलाई धकेलेको देखिन्छ ।

२. **प्रेम विवाह** : यो विवाहलाई आधुनिक विवाहका रूपमा लिन सकिन्छ । यो विवाह परम्परागत र पारिवारिक दायित्वभन्दा पृथक् रूपमा व्याख्या गर्न सकिन्छ । उमेर पुगेका केटा र केटीका बीचमा एकआपसमा आफ्नो योग्यता, क्षमता र सीपसँग परिचित विवाहको रूपमा यो विवाहलाई लिन सकिन्छ । यो केटा र केटीबीचमा आपसी सम्झौतामा आधारित विवाह हो । यो विवाहमा अभिभावकको जस र दायित्व कम हुन्छ । विशेष गरेर पश्चिमा मुलुकहरूमा यो विवाहले सामाजिक र कानुनी मान्यता पाएको छ ।

नेपालको कानुनमा विवाहले मान्यता पाउन तीनवटा कानुनी प्रक्रियाहरूको व्यवस्था छ :

१. स्थानीय निकायसम्बन्धी ऐनअनुसार स्थानीय वडा कार्यालयमा विवाह दर्ता गर्नु,
२. सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको कार्यालयमा विवाह प्रमाणित गर्नु गराउनु,
३. सम्बन्धित जिल्ला अदालतमा श्रीमान् र श्रीमतीबीचको नाता कायम गर्नु,

तर, अमेरिकाको कानुनअनुसार विवाह वैध गर्न सजिलो भने छैन । हरेक राज्यको पारिवारिक कानुन फरक छ । अमेरिकामा दुईवटा कानुन आकर्षित हुन्छन् तर विवाहको कानुन फरक-फरक भए पनि अमेरिकाको संविधानको एक-अर्को राज्यमा पूर्ण विश्वास र मान्यताको धारा, संयुक्त विवाह र सम्बन्ध-विच्छेद ऐनअनुसार सबै राज्यले एक-अर्कामा एक-अर्को राज्यले गरेका काम कारवाहीहरूले वैधानिक मान्यता पाउँछन् । र, (क) **कमन ल विवाह** : यस्तो विवाहलाई थोरै राज्यहरूले मात्र मान्यता दिएका छन् । कोलोराडो, आयोवा, कनसास, मोन्टाना, न्यू ह्याम्सर, ओक्लाहोमा, रोड आइल्याण्ड, साउथ क्यारोलाइना, टेक्सास, यूटाह र वासिङ्गटन डिसीमा यो विवाहले मान्यता पाउँछ । यो विवाहले

मान्यता पाउन केही मौलिक आधारहरू तोकिएका हुन्छन् । दुवै पक्षको वास्तविक विवाह गर्ने मनशाय हुनुपर्दछ, सँगै बसेको हुनुपर्दछ, बसेको कुरा सार्वजनिक रूपमा पुष्टि गर्नु पर्दछ, दुवैजनाको संयुक्त बैंक खाता हुनुपर्दछ, संयुक्त रूपमा घर भाडा लिएको हुनुपर्दछ । सार्वजनिक रूपमा औपचारिक श्रीमान्–श्रीमती भएको प्रमाणले पुष्टि हुन सके मात्र यो विवाहले मान्यता पाउँछ । विवाह प्रमाण भए मात्र इच्छा–पत्रबाहेकको सम्पत्तिमा पनि हकवालाका रूपमा दावी गर्न सक्छ ।

(ख) **विवाहको दोस्रो प्रावधान, अर्थात्, राज्यको कानुनले मान्यता दिएको विवाह** : माथि उल्लिखित राज्यहरूबाहेक अमेरिकाका अरू राज्यहरूले आफ्नो कानुनअनुसार भएका विवाहहरूलाई मात्र मान्यता दिन्छन् । यो विवाह प्रमाणित गर्न केही कानुनी प्रक्रियाहरू पुऱ्याउनु पर्दछ । राज्यका कानुन फरक भए पनि केही प्रक्रिया उस्तै छन् । विवाह प्रमाणित गर्ने राज्यमा कानुनले तोकेको अवधिभरि बसोबास गरेको, अर्को विवाह नगरेको अर्थात एकल रहेको, परिचय खुल्ने कागजात भएको ब्यहोर सहितको निवेदन सम्बन्धित विवाहका लागि तोकिएको अदालतसमक्ष विवाह प्रमाण–पत्रका लागि निवेदन पेस गर्नुपर्दछ । अदालतसमक्ष पेस भएका सबै वस्तुनिष्ठ प्रमाण र विवाहको मनशाय पुष्टि भएपछि अदालतले विवाहको प्रमाण–पत्र प्रमाणित गर्नेछ । विवाह उत्सवको आयोजना हुनेछ । केही राज्यहरूले पुजारी र पादरीले गरेको विवाह उत्सवलाई पनि विवाहको मान्यता दिने गरेका छन् ।

आजभोलि अमेरिकामा कानुनको वास्तविकता नबुझी अध्यागमन मान्यता पाउन र आफ्नो कानुनी बसोबास बनाउन धेरै महिलाहरूले अमेरिकी नागरिकसँग सहवास गरी बच्चा जन्माएको र बच्चा जन्माएपछि आफूले कानुनी मान्यता पाउने र अमेरिकी नागरिक हुने प्रलोभनमा आफ्नो जिन्दगी बर्बाद पारेका उदाहरणहरू हाम्रो समाजमा धेरै देखिएका छन् । अमेरिकन नागरिकसँग सहवास गरी बच्चा जन्माएको भरमा अमेरिकी नागरिक हुने व्यवस्था अमेरिकी कानुनमा छैन । केवल जन्मेको बच्चा मात्र जन्मको आधारमा अमेरिकी नागरिक हुन पाउँछ र बाबुआमाको बच्चासँग नाता मात्र कायम हुन्छ । बाबुआमासँग नाता कायम हुनु भनेको बाबुआमा अमेरिकी नागरिक हुनु होइन । अमेरिकामा बच्चा जन्माएको कारणले अमेरिकी होइँदैन र अमेरिकी नागरिक हुने कानुनी व्यवस्थासमेत छैन । धेरै महिला र पुरुषमा यो भ्रम रहेको देखिन्छ ।

बच्चा जन्मिएपछि बाबुआमाको कर्तव्य सुरु हुन्छ र बच्चा १८ वर्ष नपुगेसम्म उसलाई सहयोग र समर्थन गर्नुपर्ने कानुनी बन्धनमा मात्र परिन्छ तर कानुनी बन्ने आधार बच्चा जन्माएको कारणले हुँदैन । बच्चाले आफू १८ वर्ष पूरा भएपछि मात्र आफ्ना बाबुआमालाई अमेरिकामा स्थायी बसोबासको प्रक्रिया अगाडि बढाउन सक्छ तर यसमा पनि कानुनबमोजिम गैर–कानुनी बसाईं (ओभर स्टे) को सजाय मिनाहा भएपछि मात्र स्थायी बसोबासको प्रक्रिया अगाडि बढाउन सकिन्छ । गैर–कानुनी बसाईंको सजाय माफी नभएका उदाहरणहरू पनि धेरै देख्न सकिन्छ । विवाहसम्बन्धी कानुन र अध्यागमन कानुन फरक भएको हुँदा विवाहसम्बन्धी कानुनलाई आधार मानी अध्यागमनसम्बन्धी सोच राख्नु परिणाममुखी नहुन सक्छ । अध्यागमन कानुनबाट मात्र बसोबास गर्ने कानुनी आधार बन्न सक्छ ।

००

(लेखक घिमिरे अमेरिका नेपाल सहयोग समाजका शुभचिन्तक हुनुहुन्छ)

कविता

अनु पाण्डे

परदेशी माटो, नेपाली मन

– अनु पाण्डे

जन्मभूमि छोडेको नि सात–आठ वर्ष भयो
सम्झिएर आउँदा आज धर्धर मन रोयो ।
परदेशी माटोको दलदलमा फँसेपछि आउन पाको छैन
हे जन्मभूमि ! तिमीलाई मैले बिर्सिएको चाँहि छैन ।

दिनरात सम्झनामा हुन्छौ तिमी साथमा
दिन गनेर बसेको छु फर्किने आशमा ।
पशुपति र स्वयम्भूको दर्शन गर्न मन छ
जन्मभूमि आएपछि यो मन त्यसै रम्छ ।

न त भाषा मिल्छ यहाँ न त संस्कार मिल्छ
चाडपर्व आउँदाखेरि यो मन कति रुन्छ ।
जुन दिनदेखि घर–परिवार देशै छोडी आएँ
त्यस दिनदेखि लाग्छ मलाई सबै चिज गुमाएँ ।

बाबाआमाको आशीर्वाद र माया पनि इन्टरनेटको भर
नातागोता इष्टमित्र छैनन् वरपर ।
न त खुसी साट्न पाएँ न त दुःख बाँड्न
पिरै–पिरले यो प्राण धानेको छु धन्न–धन्न ।

००

(कवि पाण्डे अमेरिका नेपाल सहयोगी समाजका आजीवन सदस्य हुनुहुन्छ)

सपना र खुसी

विमला निरौला

दिवस बेडमा पल्टिरहेका छन् । उनको मन विगतको कुनै कुनामा ठोक्किइरहेको छ । दिवसको मन घरि खुसीको लहरसँगै फुरुङ्ग भएर उड्छ, घरि ती अभाव र पीडाको सम्झनाले मुटु चस्किन्छ अनि बालपन र किशोर अवस्थाका कुराले मन रमाउँछ भने परिवारको यादले बेला-बेलामा नयन गिला बन्दैछन् । दिवस आफ्नो विगत खोतल्दै हुन्छन् ।

अछामको गाउँमा जन्मेर हुर्कंदै गर्दा भारतीय सेनामा कार्यरत बुबा कर्त्तव्यपालनको सिलसिलामा अङ्ग-भङ्ग भएर घर बस्न थाल्नुभयो । त्यसपछि त, दुई दिदीहरूपछिको आफू अनि आफूभन्दा मुनि बहिनी र कान्छो भाइ गरेर पाँच सन्तान, शारीरिक रूपले अशक्त श्रीमान् र बृद्ध सासु-ससुराको जिम्मेवारी आमाको काँधमा थियो । छोरीलाई पढाउन मन भएर पनि सामाजिक परिस्थितिले गर्दा आमा चुपचाप थिइन् तर दिवसको पढाइको चिन्ता थियो । नजिकै स्कुल थिएन । सदरमुकाम जानुपर्ने बाध्यता थियो । छोरालाई जसरी पनि पढाउनु पर्छ भनेर आमा आफूले बच्चैदेखि चिनेको महेन्द्रनगरस्थित शम्शेर राजासाहेबको घरमा पुगिन् । रानीसाहेबलाई बिन्ती बिसाएर छोरा दिवसलाई पढ्नका लागि त्यहाँ राखिदिन व्यवस्था मिलाइन् । दिवसले घरको काम सघाएवापत राजासाहेबले स्कुल भर्ना गरिदिने कुरो भयो ।

राजासाहेबका तीन छोराहरूबीच थपिएका दिवसले घरको सम्पूर्ण घर-धन्दा सकेर स्कुल जानु र गृहकार्य राम्रो गर्नु नियमित कर्म हुन थाल्यो । दिवस राजासाहेबका छोराहरूको पनि प्रिय साथी बने अनि राजासाहेब र रानीसाहेबको पनि मन जित्न उनलाई समय लागेन । दिवस लगनशील र इमान्दार पनि उत्तिकै थिए जसले गर्दा उनलाई साथीहरू, शिक्षक र चिनेजानेका सबैजनाले मन पराउन थाले । पढाइ र अतिरिक्त क्रियाकलापमा पनि सधैं अग्रस्थानमा रहने दिवसको बोली, वचन र स्वभाव पनि त्यत्तिकै प्रशंसनीय थियो ।

परिवारको खुसी नै सर्वस्व ठान्ने दिवस आफ्ना बुबाको स्वास्थ्य, घर-परिवारको अवस्था र आमाको त्याग सबैलाई मनभित्र राखेर अहोरात्र गरेको मिहिनेतबाट एसएलसी राम्रो अंक ल्याई उत्तीर्ण भए । यसले दिवसको मात्र हैन, आमाबुबासँगै घरपरिवार र सिंगो गाउँलाई नै हर्षित बनायो । दिदीहरू कम उमेरमै विवाह गरेर गैसकेकाले उनीहरूप्रति केही गर्न नसके पनि भाइ र बहिनीलाई भने पढ़ाउने र असल मान्छे बनाउने दिवसलाई ठुलो रहर थियो ।

एसएलसी सकिनासाथ बुबाआमाले पल्लो गाउँकी युवती झुमासँग उनको लगनगाँठो कसीदिए । दिवस झुमालाई आमाबुबाको सेवामा घरमै छाडेर उच्च शिक्षा र उज्वल भविष्यको सपना बोकेर जिन्दगीको खुसी खोज्न काठमाडौं छिरे । उनले जिल्लाकै माननीयको घरमा काम गर्दै पढ्ने मौका पाए ।

गाउँ छाडेर राजधानी सहरमा बसेको भए पनि दिवस अक्सर गाउँको माया र गाउँको सम्झनामा टोलाइरहन्थे । अध्ययनबाहेक पनि आफूलाई व्यस्त राख्न उनले बिस्तारै पत्रिका बेच्ने हकरको काम गर्न थाले । क्रमशः उनले छापाखानामा पनि काम पाए । उनको लक्ष्य पढाइलाई जसरी पनि अगाडि बढाउने थियो । यसका लागि आफूले निरन्तर गरेको परिश्रमले दिवसलाई अझ तिखार्दै लगेको थियो । फलतः आइए तहको परीक्षा पनि उनले उत्तिकै उत्कृष्ट अंक ल्याएर उत्तीर्ण गरे ।

दिवसको क्षमता, मिहिनेत र इमान्दारी देखेर माननीयले त्यसको फायदा लिने विचार गरे । त्यसका लागि उनले पटक-पटक एसएलसी फेल भएकी आफ्नी छोरी कवितालाई कागजी विवाह गरेर अमेरिकासम्म पुऱ्याइदिने र त्यसो गर्न मन्जुर भएमा जिल्लामा आउने सहिदको सन्तान पढाउन विदेश पठाउने कोटा दिवसलाई मिलाइदिने सर्त राखे । अमेरिका पुगेपछि छोरीलाई त्यहीँ रहेका आफ्ना भाइ-बुहारीको जिम्मामा छोड्ने प्रस्ताव पनि माननीयले राखे ।

यस्तो प्रस्तावसँगै दिवसको मनमा आँधी-हुरी चल्यो । उनलाई आमाबुबा, झुमा र नानीहरू छाडेर, कसैसँग कागजी विवाह गर्ने र विदेश जाने कुरा कल्पनामै थिएन । उनले के गर्ने र के भन्ने केही सोच्न सकेनन् बरु हाम फाल्दै आमाबुबा र प्रेयसीसँग सल्लाह गर्छु भनेर गाउँ पुगे । आमाबुबालाई आफ्नो बुढ्यौलीभन्दा पनि बुहारी, नातिनी र छोराको भविष्यको चिन्ता थियो । उनीहरूले आफ्नो कारणले छोरा-बुहारी र नानीहरूको उज्वल भविष्यमा रोकावट नहुने निर्णय सुनाए । उता जीवन-संगिनी भने घरको परिस्थिति, बा-आमाको उपचार, भाइबहिनीको पढाइ र जन्मिसकेकी सानी छोरी अनि आफ्नो भारी जीउ देखाउँदै सबैको भविष्यका लागि पनि यो अवसर नगुमाउन हठ गर्न थालिन् । यसरी दिवसले प्रेयसीको त्याग र करकापलाई जित्न सकेनन् । अन्ततोगत्वा निरस र शून्य हुँदै उनले कवितासँग कागजी विवाह गरे र उनीसँगै रित्तो मन लिएर सपनाको देश अमेरिकाका लागि उडे, मीठा सपना र खुसीको खोजीमा ।

परदेश र परदेशी जीवन सुन्दा र कल्पनामा जति सुन्दर लाग्छ भोगाइमा त्यति नै कठिन हुने रहेछ । खुसी बटुल्न परदेश पुगेका दिवस र कविता एक अपार्टमेन्टमा बस्ने काका-काकीको अवस्था देखेर क्षणभर पनि त्यहाँ बस्न रुचाएनन् । तर, अर्को उपाय पनि केही थिएन । कागजमा श्रीमान्-श्रीमती बनेका भए पनि दाजु-बैनी जस्तै सम्बन्ध राख्ने हुनाले

कविता

मानुषी

पारिजात

तिमी जति गर्न सक्छौ
त्यति म पनि गर्न सक्छु
तिमी जत्तिकै पाखुरी बजार्न सक्छु
पसिना बगाउन सक्छु
तिम्रा सबै अनुभूतिहरू
मेरा पनि अनुभूति
तर इतिहासले आज
कहाँ ल्याएर पछाऱ्यो कुन्नि मलाई
तिमी त मभन्दा कोसौं अघि गइसकेछौ ।

तिमी र म एउटै होइनौं
एक-अर्काका पूरक मात्र हौं
त्यसैले तिमी मेरा थुप्रै अनुभूतिहरूका भागिदार हुन सक्दैनौ
म तिम्रो मृतदेहसँग जिउँदै मर्न सक्छु
म तिमीहरूको सामूहिक बलात्कार खपेर बाँच्न पनि सक्छु
तिमीलाई त यसो कहिल्यै भएन,
तिमीले रजस्वलाको कष्टप्रद क्षण भोगेका छैनौ
तिमीलाई आफ्नो अस्मिताको जोखिम उठाउनु पर्दैन
तिमीलाई गर्भधारणको अतिशय पट्यारलाग्दो अवधि थाहा छैन
तिमीलाई प्रसवकालको सीमातीत कष्ट भोग्नुपर्दैन

हो, म तिमीबिना आमा बन्न सक्तिनँ
तर मैले तिमीलाई बाबु बन्ने श्रेय दिएकी छु
तथापि तिमी त्यो नैसर्गिक मातृत्व बुझ्दैनौ
त्यो मेरो, नितान्त मेरो, अनुभूति हो

तिमीलाई स्वास्नीमान्छेले बलात्कार गऱ्यो ?
तिमीलाई स्वास्नीमान्छेले कलंकको टीका लगाइदियो ?
तिमीलाई स्वास्नीमान्छेले बेच्यो ?
तिमी निरूत्तर छौ यस प्रश्नको अघि,
आजको सत्तारूढ तिमी

शताब्दी-शताब्दीअघि
झगडालु, ईर्ष्यालु वनमानुष तिमीलाई
माया र सह-अस्तित्वको अँगालोमा बाँधी
आफ्नो ओढारको छानुमुनि भित्र्याएकी थिएँ
जसरी आज तिमी
दाइजोको लावा-लस्करसँग घुम्टोभित्र लुकाई
पशुलाई जस्तै रूवाउँदै भित्र्याउने गर्छौं ।

त्यसैले तिमी यति विमुख न हौ
यति निर्दयी नबन,
यति बैगुनी न हौ,
तिमी मेरो उत्पीडन बुझ्दैनौ
म तिम्रो उत्पीडन बुझ्छु
आऊ आज हामी उत्पीडनहरू साटासाट गरौं
हामी मानसिकताले एकाकार हौं
हामी एक-अर्का बिना बाँच्न सक्ने प्राणी होइनौं
म तिम्रो हात दह्रो गरी समाउँछु
तिमी मलाई तिमी पुगेको ठाउँसम्मै पुऱ्याऊ
त्यहाँ, जहाँ तिमीलाई मैले
सभ्यताको आदिकालमा पुऱ्याइसकेकी थिएँ ।

००

(नेपाली वाङमयकी बहुचर्चित हस्ती एवम् 'शिरिषको फूल' उपन्यासका लागि मदन पुरस्कार विजेता स्व.पारिजातको यो कविता कालजयी सिर्जना मानिन्छ)

कविता लिभिङ रुमको सोफामा सुत्न थालिन् भने दिवस भान्छाको एक कुनामा राती-राती मात्र एयरबेड राखेर सुत्ने अनि दिउँसो निकाल्ने गरेर काम चलाउन थाले ।

इन्डियन रेस्टुरेन्टमा काम गर्ने कविताको काकाले दिवसलाई पनि त्यस्तै अर्को रेस्टुरेन्टमा थोरै तलब पाउने गरी डिस-वासर (भाँडा माझ्ने) काम खोजिदिए । पढेर कस्तो ठुलो व्यक्ति बन्ने सपना बोकेर हिँडेको मान्छे परदेशमा अरूको जुठा भाँडा माझ्दा दिवसलाई एक किसिमले निकै दुःख लाग्यो तर बल्ल-बल्ल भेटिएको काम र थोरै नै भए पनि डलरको आम्दानी अनि उता नेपालघरमा समेत गर्न सकिने सहयोग सम्झिएर चिन्ता र हर्षले उनको मन ढाकेर आएको थियो । कविताले पनि कुनै भारतीयको घरमा ओछ्यान पर्ने गरी थलिएकी बुढी आमा रेखदेख गर्ने नगदी काम पाइन् । माननीयकी छोरी अनि आफ्नो घरमा नोकर-चाकर राखेर सोखले बसेकी कवितालाई ओछ्यान परेकी, दिशा-पिसाबसमेत सफा गर्नुपर्ने बृद्धा बिरामीको रेखदेख गर्ने काम अमिलो भएकै हो । तर, त्यै काम पनि छाडेमा झन् गुजारा गर्ने मुस्किल भैसकेकोले कविता त्यसलाई स्विकार्न बाध्य थिइन् ।

दिवस बिस्तारै फेरि कलेज जान थाल्छन् । कलेजपछिको सबैजसो समय काममा बित्छ । विद्यार्थी सहुलियतभन्दा विभिन्न तरिकाबाट धेरै काम गर्नु र सक्दो कमाउनु छ दिवसलाई । आफ्नो पढाइ, घरभाडा र अरू खर्चका साथै घरमा बुबाको उपचार, भाइबहिनी र छोराछोरीको पढाइ-खर्चका लागि पनि धेरै कमाउनु छ । मुस्किलले तीन घण्टा मात्र सुत्नु दिवसको दैनिकी बनिसकेको छ । कागजमा दिवसकी पत्नी बनेकी कविताले पनि कहिले बच्चा हेर्ने, कहिले सब-वेमा, कहिले ग्यास स्टेसनमा त कहिले भारतीय खाद्य स्टोरमा गर्दै कामस्थान फेरी रहन्थिन् । नयाँ ठाउँ, भाषाको कठिनाइ र धेरै कुरा नबुझिने कारणले पनि कति ठाउँबाट सानो-सानो कुरामा नै पनि उनलाई कामबाट निकालीदिन्थे र उनी अर्को कामको खोजीमा हुन्थिन् । उनलाई लामो समय कुनै एकै स्थानमा मात्र बसेर काम गर्न प्रायः जुरेन नै । यी दुईले दाजु-बहिनी भैँ गुजारा गर्दै खुसीको प्रतीक्षा गरी नै रहे ।

दिवसले कम्प्युटरसम्बन्धी अध्ययन गरेका थिए । उनको पढाइ सकियो र अंक पनि राम्रो ल्याएको हुनाले तुरुन्तै राम्रो तलब र सुविधा भएको काम पनि पाए । दिवसले काम गरेको कम्पनीले उनको सीप, मिहिनेत

र इमान्दारी देखेर चाँडै नै स्थायी आवासीय पत्र (ग्रीन कार्ड) फाइल गरिदियो । उनको योग्यता र क्षमताका कारण छोटो समयमै दुवैजनाले ग्रीन कार्ड पनि पाए । अब भने उनलाई आफूले प्रतीक्षा गरेको दिन नजिकिँदै गएको लाग्न थालेको थियो । दुवैको खुसीले आकाश ढाकेर आयो । कविताले पनि ब्युटी पार्लरको ट्रेनिङ गरेर आफ्नै पार्लर खोलिन् । ग्रीन कार्ड प्राप्त गरेपछि उनीहरूले सल्लाह गरेरै सम्बन्ध-विच्छेदको प्रक्रिया पूरा गरे । र, कविताको दिवससँगै काम गर्ने साथी पारससँग विवाह भयो । कविताले जीवनमा बल्ल परिवर्तन र खुसी महसुस गरिन् ।

दिवस पनि आफ्नी हृदयकी रानी र छोराछोरी अमेरिका झिकाएर जिन्दगीमा खुसी ल्याउन आतुर थिए । आवश्यक कागजी प्रक्रिया पूरा गरेर छ वर्षको प्रतीक्षापछि दिवस नेपाल-घर पुगे । आफ्नो गाउँको घर, पूज्य आमाबुबा, आफ्नी प्राण-पियारी, आफ्नो मुटुका टुक्राहरू, अनि भाइ-बहिनी र सबै आफन्त देखेर दिवसको हर्षको सीमा नै थिएन ।

आमाबुबा र भाइ-बहिनीलाई गाउँमै छाडेर दिवस झुमा र छोराछोरी लिएर कर्मथलो अमेरिका फर्कन्छन् । दिवसको दक्षताअनुसारको काम र सुविधाजनक बसोबास त छँदै थियो, अब छोराछोरी पनि पढ्दै र हुर्कँदै छन् । झुमा पनि आफू सुहाउँदो काम गर्दैछिन् । परदेशमा दिवसको नाम, दाम र कामका साथै समुदायभित्र परिचय पनि बनिसकेको छ । दिवसलाई अब कुनै पीर वा चिन्ता त छैन तर परदेशीको कमजोरी भन्नु नै गाउँघर, देश र परिवारको यादमा जल्नु रहेछ । दिवस पनि बा, आमा र अरू परिवारको चिन्तामा परिरहन्थे । आफ्नो गाउँमा स्कुल नभएर आफू अरूको घरमा बसेर पढेको तीतो पलको सम्झनाले दिवसलाई नमीठो हुन्थ्यो र मनमा आफ्नो गाउँ-ठाउँमा धेरै कामहरू गर्ने परिकल्पना गर्थे ।

दिवस र झुमा अमेरिकी समाजमा हुर्किएका आफ्ना सन्तानहरूलाई त्यहाँकै परिवेश र संस्कारले जितेको महसुस गर्छन् । दिन र रातहरू बग्दै जाँदा बिस्तारै उमेरले पनि नेट्यो काट्न थालेछ । उता जन्म दिने आमा-बा पनि परलोकवासी हुनुभयो । दिवस र झुमा एक्ला बन्दै गैरहेका थिए । उनीहरूको दाम्पत्य भने एक नमुना जोडी थियो- पलभर नछुट्टिने र एउटाको कुरा अर्कोले कत्ति पनि नकाट्ने, पूर्ण साथ, सहयोग, विश्वास, समर्पणले भरिपूर्ण माया र सम्बन्धको । दिवसको हरेक कुरामा झुमा आँखा चिम्लिएर साथ दिइरहेकी हुन्छिन् । झुमाको हर चाहना दिवसले पूरा गर्थे । वर्षौं-वर्ष हाँसी-हाँसी बाँच्ने र सँगै मर्ने अनि जुनी-जुनी कैयौं जुनी साथ-साथ जीवन काट्ने कल्पना गरिरहन्थ्यो यो प्रेमिल जोडी, अनि एकअर्काको मुस्कान नै आफ्नो विजय र अस्तित्व ठानेर रमाउँथ्यो ।

खुसीले पनि जिन्दगीलाई जिस्काउने रहेछ । पाहुना झैं आउने र जाने गरिरहने रहेछ । दिवसलाई आफू सुगर र ब्लड-प्रेसर रोगबाट ग्रसित भए पनि झुमा भने निकै स्वास्थ्य छिन् भन्ने थियो । तर, हाड-छालाको शरीरको कुनै भर नहुने रहेछ । एक दिन एक्कासी झुमा बेहोस भएर ढलिन् । झुमासँगै दिवसलाई आफ्नो सारा संसार ढलेको अनुभव भयो । क्यान्सरले भित्रै सिध्याएर खोक्रो पारेको रहेछ, झुमाको शरीर उठन सकेन । अमेरिकाको आधुनिक प्रविधि र पैसा अनि आफ्नै छोरी र ज्वाईं नै डाक्टर भएर पनि झुमालाई दुई महिनाभन्दा बढी टिकाउन सकेनन् । छयालीस वर्षको अधुरो उमेर र अधुरा सपनासँगै झुमा परदेशको आँगनीमा अस्ताइन् । अस्ताउनुअघि दिवसलाई झुमाले अर्को कुनै सही मान्छे भित्र्याएर आफ्नो जीवन अगाडि बढाउन र बाँकी रहेका सपना पूरा गर्न अनुरोध पनि गरेकी थिइन् ।

संसारमा एक्लै आएको र एक्लै जाने नियति नै रहेछ । झुमा एक्लै गइन् भने दिवस पनि नितान्त एक्लो बनेका थिए । अब दिवसको जीवनको घाम अस्ताएको थियो, रात औंसीले ढाकेको थियो र जीवनको आँधीसँग एक्लै जुझ्नुपर्ने बाध्यता थियो । छोराछोरी, साथीभाइ र आफन्तको ढाडसले सम्हालिन खोज्दा-खोज्दै पनि पल-पल धर्मराए (बज्जारिएको) झैं महसुस हुन्थ्यो । तर, जे जसो भए पनि सहेर बाँच्नैपर्ने यथार्थ पनि जीवनको अर्को पाटो रहेछ । दिवस बाँचिने क्रममा थिए । परिवार र शुभचिन्तकहरूले उनको दोस्रो विवाहका लागि प्रयास पनि गरेका हुन् तर दिवसको मन दोस्रो विवाहका लागि तयार हुन सकेन ।

दिवस आफ्नो छुटेको खुसी खोज्न आफूसँग भएको सीप, शिक्षा र जीवनभरिको कमाइ झोलामा कोचेर र जताततै शून्यता बोकेर फेरि अर्को यात्रामा निस्किए । यो यात्रा नेपालस्थित उनको आफ्नै गाउँको थियो- झोलाभित्रभन्दा पनि मन-मुटुमा थुपारेका योजनाहरू, झुमासँग देखेका एक भारी साझा सपनाहरू बोकेर । बचपनको अभाव हटाउने साधन केही बचत त उनले गरेका थिए तर त्यसमा खुसी हुने आमा-बा र झुमा भने उनको साथमा थिएनन्, मात्र दिवसले झुमासँगै देखेका गाउँका धेरै सपनाहरू थिए । उनले तिनै सपनामा अबको खुसी भेट्ने अठोट बनाए ।

गाउँमा धेरै कुराको कमी थियो । तीमध्ये उनले झुमाको इच्छाअनुसार दुर्गम गाउँमा अस्पताल बनाउने निर्णय गरे र त्यस काममा जुटे । अस्पताल बनाउने काम पूरा गरेर छोराछोरीलाई गाउँमा आउन खबर गरे । बाबाको चिन्ता गरिरहेका छोराछोरी बाबाको खुसीमा सरिक हुन गाउँ पुगे । गाउँ र अस्पताल दुलही झैं सिंगारिएको थियो । छोरी-ज्वाईं र छोरा-बुहारी, नातिनातिना र आफन्त सबै जम्मा भएर दिवस र गाउँको खुसीमा सामेल भएका थिए ।

पहिले अस्पतालको शुभारम्भ गर्ने कार्यक्रम थियो । छोरीको हातले रिबन काटेपछि फूलमाला, खादा र अबिरले ढाकिएका दिवसको बोल्ने पालो थियो । उनले आफू र झुमाले सुरुदेखि देखेको सपना पूरा भएको बताएर आफू अब गाउँकै स्कुल र कलेजमा पढाउँदै बस्ने इच्छा व्यक्त गरे । उपस्थित सारा मानिसहरू भाव-विह्वल हुन्छन् र खुसीका अश्रु बर्साऊँदै तालीको गडगडाहटले समर्थन गर्छन् ।

झुमाको सम्झनाले बोल्दा-बोल्दै दिवसलाई मुटुमा भक्कानो परेर आउँछ । उनले नयनको भेल रोक्न सक्दैनन् । शरीर धर्मर-धर्मर भइरहन्छ । उनलाई चक्कर लाग्छ र थुचुक्क बस्छन् । छोरीले हतार-हतार त्यही अस्पतालको बेडमा सुताउँछिन् । यसरी अस्पताल शैय्याको पनि उद्घाटन स्वयम् दिवस सुतेर हुन्छ । छोराछोरी र ज्वाईंले दिवस कमजोर भएको निष्कर्ष निकाल्छन् र अस्पतालको बेडमा नै आराम गर्न सल्लाह दिन्छन् ।

दिवस अस्पतालको बेडमा आरामका लागि एक्लै छन् तर उनको मनभरि झुमा घुमिरहेकी छिन् । दिवस भने संसार घुमेर झुमासँग देखेका सपना अस्पतालमा आउने बिरामी, स्कुल-कलेजका विद्यार्थी र गाउँका असहायहरूका आँखामा नियाल्दैछन्, खुसी भेट्ने अपेक्षामा ।

००

(लेखक निरौला अनेसासका सचिव र अमेरिका नेपाल सहयोगी समाज आजीवन सदस्य हुनुहुन्छ)

अमेरिका नेपाल सहयोगी समाजले आफ्नो स्थापनाको बाह्र वर्ष पूरा गरेको उपलक्ष्यमा समाजको इतिहास र विविध गतिविधि समेटेर
'अमेरिका नेपाल सहयोगी समाज स्मारिका २०२१'
प्रकाशन गर्न लागेको सुखद उपलक्ष्यमा हार्दिक शुभकामना ।
साथै, नेपाली नयाँ वर्ष विक्रम सम्बत २०७८ को अवसरमा सबै
नेपालीजनको उत्तरोत्तर प्रगति र सुस्वास्थ्यको
हार्दिक मंगलमय शुभकामना ।

आइ. टि. सम्बन्धी अध्ययनका लागि सम्पर्कमुहोस्
PEOPLE N TECH
Learn IT & Earn
80k to 200k/yr
www.peoplentech.com 1-855-JOB-PIIT

घर जग्गा खरिद बिक्री गर्नुपरेमा
SPRING HILL REAL ESTATE
Basu Satyal
Realtor® CDPE, CFS, ASR
Cell: 571-334-2878
Direct Fax: 703-991-0673
Office: 703-891-4520
Office Fax: 703-442-8135
realtorbasu@gmail.com
www.dcmetrohomesale.com
1577 Spring Hill Rd., Suite 300B
Vienna, VA 22182
www.springhillres.com

स्वादिलो नेपाली खानाको लागि सम्पर्कमुहोस्
Masala
URBAN TANDOOR
Our restaurants (Masala Indian Cuisine and Urban Tandoor) specialize in authentic Indian and Nepali cuisines.
We provide catering service that feature authentic Nepali delicacies for events of all occasions and sizes. Mention this ad and get a 10% discount in your orders.
Call for more details: (617) 309-0857 (703) 962-9699 Contact: Gaurab Tiwari

TASTE OF SPICE
Fine Indian Cuisine
Taste of Spice
Fine Indian & Nepalese Cuisine
Mausam Shrestha
9819 Jefferson Davis Hwy
Fredericksburg VA, 22407
540-993-4698
Cell:540-294-4614
mausamusa@yahoo.com
http://tasteofspiceusa.com

विमा गर्नुपरेमा सम्पर्कमुहोस्
HEALTH INSURANCE
Open Enrollment & Renewal Nov.1st-Dec.15th
Individual Health Insurance & Stand-Alone Dental and Vision Plan
(Including Obamacare)
KAISER PERMANENTE
Cigna
vsp
CareFirst
Anthem
Humana
aetna
Arjun Dahal
Office 703-531-1461, Cell 703-965-0991, Fax 703-532-0857
www.ominsuranceusa.com

अमेरिका नेपाल सहयोगी समाजका आजीवन र सक्रिय सदस्यहरू

आजीवन सदस्यहरू

अर्जुनप्रसाद दाहाल/राधा दाहाल घिमिरे
फल्स चर्च

अर्जुन सिग्देल/आरती सिग्देल
हर्नडन

अनिलभक्त खरेल/पवित्रा मैनाली खरेल
ब्रिस्टो

अनुप काफ्ले/विनीता न्यौपाने
मनासस



अनुप पाहारी/लिली केसी
मनासस

अरुण भट्टराई/बिन्ध्या न्यौपाने
गेन्सभिल

अशोक तिवारी/कमला तिवारी
हेमार्केट

इन्द्र श्रेष्ठ/उत्तरा श्रेष्ठ
मनासस

ईश्वरजङ्ग तामाङ/हिमलाकुमारी तामाङ
मनासस

ईश्वरी पौडेल/पुष्पाकुमारी पौडेल
मनासस

उत्तम अधिकारी/उर्मिला अधिकारी
गेन्सभिल

उत्तम गौतम/सुनीता सुवेदी
मनासस

कवीन्द्र सिटौला/रञ्जीता सिटौला
अल्डी

कबीर बोहरा/जुनु बोहरा
मनासस

कमल थापा/बीना थापा
उडब्रिज

कमलप्रसाद अधिकारी/प्रतिभा भण्डारी अधिकारी
मनासस

कमल पोखरेल/बिमला अधिकारी पोखरेल
उडब्रिज

कमल भट्टराई/मञ्जु भट्टराई
गेन्सभिल

कमल भुसाल/देवी न्यौपाने
फेयरफ्याक्स

काशी खड्का/सुजाता क्षेत्री खड्का
मनासस

काशीराम भण्डारी/सुनीता बस्याल भण्डारी
हेमार्केट

किशोर ढुंगाना/कमला ढुंगाना
उडब्रिज

केदारप्रसाद तिम्सिना/गीता तिम्सिना
मनासस

कृष्णबहादुर बैदवार/कल्पना बैदवार
मनासस

कृष्ण सुवेदी/अनिता ज्ञवाली सुवेदी

खगेन्द्र श्रेष्ठ/गीता श्रेष्ठ
गेन्सभिल

खडानन्द रिजाल/प्रेमकुमारी घिमिरे रिजाल
मनासस

खिलेन्द्र न्यौपाने/शान्ति न्यौपाने
ग्याथेसबर्ग

खेमराज घिमिरे/प्रतीक्षा घिमिरे
मनासस

गणेश तामाङ गोले/जानुका गोले थोप्रा
मनासस

गणेश पाठक/अनु पाण्डे
मनासस

गुणराज लुइँटेल/सीता खरेल लुइँटेल
स्टर्लिङ

गोपाल रेग्मी/शान्ति रेग्मी
मनासस

गोपाल पाण्डेय/दुर्गा पाण्डेय
रोनक

गोविन्द मैनाली/मन्दिरा मैनाली
गेन्सभिल

गोविन्द सुवेदी/सुशीला सुवेदी
गार्नर, नर्थक्यारोलाइना

गोपीचन्द्र कट्टेल/पुण्यप्रभा पोखरेल
उडब्रिज

चन्द्र बिष्ट/सम्झना बिष्ट
च्यान्टिली

जगन्नाथ पौडेल/कृष्णकुमारी शर्मा
मनासस

जगन्नाथ शर्मा/लक्ष्मी शर्मा
मनासस

जयदेव गौतम/मञ्जु थापा
हेमार्केट

जीत कार्की/मनीषा कुँवर
मनासस

ठाकुर पुडासैनी/सावित्रा पुडासैनी
मनासस

डिल्लीराम कँडेल/रञ्जता कँडेल
मनासस

तारा न्यौपाने/पुष्पाकला घिमिरे
हेमार्केट

तारा पोखरेल/दीपा पोखरेल
ह्यारिसबर्ग

तिलक खरेल/कमला खरेल
हेमार्केट

तोयानाथ पौडेल/कमलादेवी अधिकारी
हर्नडन

दिनेश अधिकारी/कामना पन्थी अधिकारी
फेयरफ्याक्स

दीपक पौडेल/मञ्जु नेपाल पौडेल
मनासस

दीपेशचन्द्र बराल/संगीता तिवारी
मनासस

दिल श्रेष्ठ/जानका श्रेष्ठ

देवेन्द्र अधिकारी/तनुजा पोखरेल अधिकारी
मनासस

ध्रुव बराल/कल्पना लामिछाने बराल
मनासस

धीरेन्द्र श्रेष्ठ/निर्मला श्रेष्ठ
मनासस

नगेन्द्र थापा/राधिका थापा
मनासस

नरेश उप्रेती/नीरा उप्रेती
हेमार्केट

नारायणी पाण्डेय
उडब्रिज

निर्मल शर्मा/नीलिमा शर्मा
मनासस

निशेष भट्टराई/कृति भट्टराई
एशबर्न

नेपाल थापा/अनीता थापा
गेन्सभिल

नेत्रप्रसाद ढुंगाना/उर्मिला तिम्सिना
मनासस

पदमराज रेग्मी/रोजिना पराजुली
मनासस

परशुराम भण्डारी/यशोदा भण्डारी
हर्नडन

परीक्षित ज्ञवाली/नीतु अधिकारी
मनासस

प्रकाश आचार्य/कल्पना आचार्य
अल्डी

प्रकाश नेपाल/शोभा गौतम
फल्सचर्च

प्रकाश सुवेदी/राधा भण्डारी
गेन्सभिल

प्रकाश ज्ञवाली/लक्ष्मी गौतम ज्ञवाली
हेमार्केट

प्रवीण अधिकारी/शारदा भण्डारी
मनासस

प्रवीण ढुंगाना/सम्झना ढुंगाना
मनासस

पिताम्बर भट्टराई/लक्ष्मीदेवी भट्टराई
गेन्सभिल

पुरुषोत्तम सुवेदी/कल्पना सुवेदी
फेयरफ्याक्स

प्रेम पौडेल/रत्ना अधिकारी
मनासस

प्रेमराम सार्की/राधिका धामी
मनासस

प्रेम संग्रौला/मञ्जु संग्रौला
मक्लीन

ब्रजेश पोखरेल/गरिमा पोखरेल
फेयरफ्याक्स

बाबुराम गिरी/भूमिसरा गिरी
गेन्सभिल

बाबुराम शर्मा/विष्णु शर्मा
सेन्टरभिल

बालप्रसाद न्यौपाने/शान्ता न्यौपाने
मनासस

बासु सत्याल/कल्पना सत्याल
फेयरफ्याक्स

बिजयराज ओझा/जानुकी बस्नेत ओझा
मनासस

विजय रेग्मी/सुषमा रेग्मी
मनासस

बिदुरप्रसाद लम्साल/भगवती अर्याल
मनासस

बीरेन्द्र खरेल/प्रमिला खरेल
ह्यारिसनबर्ग

विवश अर्याल/लक्ष्मी देवकोटा
सेन्टरभिल

विष्णु खरेल/रनमाया खरेल
मनासस

विष्णु न्यौपाने/रिमकला भुसाल न्यौपाने
मनासस

विष्णु घिमिरे/दीपा घिमिरे
क्रफ्टन (मेरील्याण्ड)

विशेष पौडेल/बरमन्का सापकोटा पौडेल
मनासस

बुद्धिनाथ पोखरेल/सुशीला न्यौपाने पोखरेल
गेन्सभिल

बोध अधिकारी/विजया अधिकारी
मनासस

भगवती भट्टराई/प्रसन्नकुमार भट्टराई
उडब्रिज

भक्त भट्ट/सजना भट्ट
मनासस

भरतकुमार ओली/लीला दाहाल ओली
मनासस

भीम रेग्मी/लक्ष्मी रेग्मी
च्यान्टिली

भीम रेग्मी/सीता रेग्मी
मनासस

भूपाल पौडेल/ममता चौहान पौडेल
मनासस

भुवन न्यौपाने/विद्यालक्ष्मी घिमिरे
मनासस

मकर रायमाझी/विष्णु रायमाझी
जर्मन टाउन, मेरिल्याण्ड

मधु अर्याल/माया आचार्य अर्याल
मनासस

मधुसूदन पन्थी/मीना पन्थी
हेमार्केट

मनोज काफ्ले/प्रतीक्षा काफ्ले
न्यू ह्याम्पसर

माधव उपाध्याय/सरीता उपाध्याय
मनासस

माधव गौतम/सपना थापा गौतम
मनासस

मीनदत्त ढुंगाना/अजिता कोइराला
मनासस

मुकेशकुमार/गीताकुमारी केसी
उडब्रिज

मुकुन्द वाग्ले/रमा सिग्देल
मनासस

मुक्त पौडेल/सावित्री घिमिरे
गेन्सभिल

मुक्ति दवाडी/अम्बिका दवाडी
एनान्डेल

मुक्तिनाथ पन्त/वसन्ता पन्त
च्यान्टिली

मोहन कार्की/सुनीता कटुवाल कार्की
शार्लोटभिल

मोहन बस्ताकोटी/सरला बस्ताकोटी
फेयरफ्याक्स

मोहन निरौला/बिमला निरौला
फेयरफ्याक्स

मौसम श्रेष्ठ/सम्झना श्रेष्ठ
गेन्सभिल

यज्ञ चापागाईं/रीता पराजुली चापागाईं
मनासस

योगराज क्षेत्री/एञ्जिला क्षेत्री
मनासस

रघु सुवेदी/बबिता पराजुली सुवेदी
उडब्रिज

रञ्जय उपाध्याय/सरीता ढकाल
फेयरफ्याक्स

रमेश खतिवडा/इम्बा खतिवडा
मनासस

रमेश ढकाल/दीपा न्यौपाने ढकाल
मनासस

रबीन जोशी/मनीता जोशी
मनासस

राज गौतम/बन्दना वाग्ले
एशबर्न

राजन घिमिरे/पूर्ण घिमिरे
स्प्रिङफिल्ड

राजीव कर्माचार्य/डा. कोमल कर्माचार्य
फेयरफ्याक्स

राजीव मैनाली/सुनन्दा मैनाली
ब्रिस्टो

राजु कार्की/नीलम निरौला
उडब्रिज

राजु लामा/संगीता लामा
उडब्रिज

राधिका कँडेल
मनासस

राम मिश्र/उर्मिला अर्याल मिश्र
क्लिफ्टन

रामकृष्ण दाहाल/उर्मिला दाहाल
मनासस

रामचन्द्र अधिकारी/तारादेवी फुँयाल
एनान्डेल

रामप्रसाद शर्मा भट्टराई/सम्झना सिग्देल
मनासस

रामबहादुर खत्री क्षेत्री/विष्णुकुमारी केसी
सेन्टरभिल

रामभक्त अधिकारी/पूजा अधिकारी
मनासस

रामशरण हुमागाईं/ज्ञानी हुमागाईं
मनासस

ऋषभ खरेल/गीताकुमारी खरेल
मनासस

ऋषि नेपाल/सरस्वती नेपाल
मनासस

ऋषिराम पौडेल/दुर्गा शर्मा
मनासस

रुद्र ढुंगेल/बिमला अधिकारी ढुंगेल
हर्नडन

रोम ज्ञवाली/सरीता ज्ञवाली
मनासस

लक्ष्मण पौडेल/शकु बास्तोला
मनासस

लक्षुमण भण्डारी/रेजिना भण्डारी
पोटोम्याक

लेखनाथ अधिकारी/अनुराधा शर्मा अधिकारी
फ्रेडरिक्सबर्ग

सन्तोष प्रसाई/रेखा सिटौला
गेन्सभिल

सन्तोष शर्मा सुवेदी/समीक्षा अर्याल
फेयरफ्याक्स

सन्तोष श्रेष्ठ/रोजिना श्रेष्ठ
मनासस

सन्नी उप्रेती/प्रतिभा उप्रेती
मनासस

सनम पौडेल/बिन्दु पाठक पौडेल

समीर सापकोटा/सिर्जना पुडासैनी सापकोटा
मनासस

सागर कँडेल/सीता कँडेल
गेन्सभिल



स्व. सुकदेव शाह/विजया शाह
अलेक्जेन्ड्रिया

सुदीपभद्र खनाल/सिर्जना खनाल
हर्नडन

सुधीरराज गौतम/मञ्जु गौतम
गेन्सभिल

सुन्दर थापा/सन्ध्या थापा
मनासस

सुनील अधिकारी/आरती पोखरेल
वासिङ्गटन डिसी

सुनील खरेल/ज्योत्स्ना खरेल
हेमार्केट

सुनीता श्रेष्ठ
मनासस

सुनीता खत्री/दिलीप नेपाल
लिजबर्ग

सुमनराज तिम्सिना/रीतु खेरा तिम्सिना
बर्क

सूर्य पौडेल/धना पँगेनी
एनान्डेल

सुरेन्द्र पराजुली/सुभद्रा पराजुली
फेयरफ्याक्स



सुवासचन्द्र पन्त/सुमित्रा पन्त
मनासस

सुशीलमणि दीक्षित/सुष्मा दीक्षित
गेन्सभिल

शिखर बराल/प्रतिभा पुडासैनी बराल
मनासस

शिवप्रसाद तिम्सिना/सावित्रा नेपाल
गेन्सभिल

शिवराज जमरकट्टेल/सुनीता जमरकट्टेल

शिव लामिछाने/पार्वती लामिछाने
मनासस

शिवहरि आचार्य/शोभा अर्याल
गेन्सभिल

शिशिर खरेल/कमला कँडेल खरेल
मनासस

शिशिरकुमार तिमिल्सिना/इन्दु तिमिल्सिना
गेन्सभिल

श्रीधर कँडेल/सरीता कँडेल
फेयरफ्याक्स

हरिप्रसाद शर्मा/राधा पौडेल
सेन्टरभिल

हरिराम भण्डारी/नर्मदा भण्डारी
मनासस

हुमबहादुर आले/शुभ शाक्य
मनासस

हेमन्त अधिकारी/माया अधिकारी
मनासस

ज्ञानप्रसाद अधिकारी/जमुना अधिकारी
मनासस

अच्युत खनिया/प्रतिभा पौडेल
मनासस

ईश्वरभक्त वाग्ले/सरीता वाग्ले
हर्नडन

उद्धव प्याकुरेल/सुनीता प्याकुरेल

उमेश अधिकारी/गृष्मा अधिकारी
मनासस

किरण थापा/मञ्जु थापा

कुमार प्रसाई/ममिता मिश्र
ब्रिस्टो

केशवराज कोइराला
मनासस

जीवन तिवारी/हिमाली मल्ल
मनासस

ठाकुरप्रसाद अर्याल/बसन्ती भण्डारी अर्याल
च्यान्टिली



दीपेन खरेल/दीपा खरेल
हर्नडन

नारायण अधिकारी/मेनुका अधिकारी
उडब्रिज

नारायण गौतम/लता ज्ञवाली गौतम
फेयरफ्याक्स

नारायण पौडेल/विजयाश्री पौडेल
फेयरफ्याक्स

निरञ्जन ज्ञवाली/सपना अधिकारी
हेमार्केट

निशान्त शाही/ऋचा राणा
मनासस

प्रकाश भण्डारी/निशा न्यौपाने

प्रदीप नेपाल/बिमला नेपाल
मनासस

प्रमोद भट्ट/बिमला भट्ट
हेमार्केट

वासुदेव कुँवर/मञ्जु कार्की कुँवर
मनासस

विनोद भुजेल
मनासस

विराटबाबु मल्ल/रेक्सोना प्रधान मल्ल
फेयरफ्याक्स

विवश लोहनी/सावित्री न्यौपाने लोहनी

भाइराजा बस्नेत/शोभा बस्नेत
मनासस

भीम चालिसे/कमला केसी
मनासस

मन थापा/भुपनारायण घर्ती मगर
मनासस

महेन्द्र कँडेल/बसना गौतम
फेयरफ्याक्स

महेन्द्र खड्का/निलु गौतम
मनासस

महेन्द्रराज सुवेदी/रञ्जना पराजुली सुवेदी
फेयरफ्याक्स

मातृका बिमली/माया बिमली
मनासस

मेघनाथ पुडासैनी/कमला पुडासैनी
हर्नडन

यदुनाथ पौडेल/पुष्पादेवी पौडेल
मनासस

यमनाथ खतिवडा/हेमा खतिवडा
मनासस

युवराज गिरी/मीना गिरी
मनासस

रविविनोद शर्मा/सुष्मा शर्मा
सेन्टरभिल

राजेश प्रधान/सुष्मा प्रधान
मनासस

रेश्मा मल्ल
मनासस

लक्ष्मण सापकोटा/दीपा सापकोटा
मनासस

सुष्मा पन्त
मनासस

सिर्जना उप्रेती
एल्डी

शंकर पाण्डे/यशोदा पाण्डे
उडब्रिज

शिवप्रसाद आचार्य
मनासस

शैलेन्द्रकुमार पाण्डे/शारदा पौडेल पाण्डे
च्यान्टिली

हिमालय पोखरेल/रञ्जीता सुवेदी
मनासस

हेमराज घिमिरे/मृणालिनी घिमिरे
गेन्सभिल

हेमराज दाहाल/युनिषा दाहाल
मनासस

हेलिकोन सिटौला
एल्डी

क्षितिज न्यौपाने
हेमार्केट

अमेरिका नेपाल सहयोगी समाजले आफ्नो स्थापनाको बाह्र वर्ष पूरा गरेको उपलक्ष्यमा समाजको इतिहास र विविध गतिविधि समेटेर
"अमेरिका नेपाल सहयोगी समाज स्मारिका २०२१"
प्रकाशन गर्न लागेको सुखद उपलक्ष्यमा हार्दिक शुभकामना ।
साथै, नेपाली नयाँ वर्ष विक्रम सम्बत २०७८ को अवसरमा सबै
नेपालीजनको उत्तरोत्तर प्रगति र सुस्वास्थ्यको
हार्दिक मंगलमय शुभकामना ।

Society
STim Photography

ANHS ACADE
America Nepal Helping Society

America Nepal Helping
STim Photography